# रिब्दीकोट गाँउपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## खस्यौली, पाल्पा, लुम्बिनी प्रदेश

# आवधिक विकास योजना



## आर्थिक वर्ष

## २०८१/०८२ - २०८५/०८६

# विषयसूची


आभार १
समृद्धिका लागि पाँच मुख्य आधारहरू २
गाउँपालिका समृद्धिका लागि पाँच ओटा गौरवका आयोजनाहरू ७
गाउँपालिकाका मुख्य ५७ ओटा आयोजनाहरू ७
सङ्क्षेपीकृत शब्दहरूको विस्तृतरूप १०


## परिच्छेद एक


१.१ गाउँपालिकाको संक्षिप्त परिचय १२
१.२ योजनाको पृष्ठभूमि १३
१.३.१ गाउँपालिका विकासको उपलब्धि १३
(क) आर्थिक विकास क्षेत्र १३
(ख) सामाजिक विकास क्षेत्र १४
(ग) भौतिक पूर्वाधार विकास क्षेत्र १४
(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन विकास क्षेत्र १५
(ङ) संस्थागत तथा सुशासन विकास क्षेत्र १६
१.४ आवधिक योजना तर्जुमाको औचित्य र आवश्यकता १७
१.५ आवधिक योजना तर्जुमाको उद्देश्य १७
१.६ आवधिक योजना तर्जुमाका आधार १८
१.७ आवधिक योजनाका निर्देशक सिद्धान्त १९
१.८ पन्ध्रौं पञ्चवर्षीय योजनासँगको सम्बन्ध १९
१.९ लुम्बिनी प्रदेशको प्रथम पञ्चवर्षीय योजनासँगको सम्बन्ध १९
१.१० सङ्घ, प्रदेश र स्थानीय तहको आवधिक योजनाबिचको अन्तरसम्बन्ध २०
१.११ दीर्घकालीन सोंच, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमबिचको अन्तरसम्बन्ध २०
१.१२ दिगो विकास लक्ष्यहरूको स्थानीयकरण २०
१.१३ अध्ययन विधि २२
१.१४ सबल, कमजोर, अवसर र चुनौती विश्लेषण २३


## परिच्छेद दुइ


गाउँपालिकाको समस्टिगत दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति २५
२.१ पृष्ठभूमि २५
२.२ दीर्घकालीन सोंचको मार्ग चित्र २५
२.३ दीर्घकालीन सोंच २७
२.४ गाउँपालिका लक्ष्य २७
२.५ गाउँपालिका उद्देश्य २७
२.६ गाउँपालिका रणनीति २७
२.७ गाउँपालिका कार्यनीति २७
२.८ समष्टिगत आर्थिक लक्ष्य र खाका २८

२.९ दोश्रो आवधिक बिकाश योजना योजनाका परिमाणात्मक लक्ष्य, गन्तव्य, उपलब्धि र सूचक ३०
२.१० गाउँपालिका समृद्धिका मुख्य र सहयोगी क्षेत्रहरू ३६


## परिच्छेद तीन

समष्टिगत आर्थिक नीति ३७
३.१बचत ३७
३.२ सार्वजनिक खच ३८
३.३. राजस्व ४०
३.४ वैदेशिक सहायता परिचालन ४१
३.५ आन्तरिक ऋण ४२


## परिच्छेद चार ४५

आर्थिक विकास क्षेत्र ४५
४.१ कृषि विकास ४५
४.२ पशुपंक्षी विकास ४७
४.३ खाद्य सुरक्षा तथा पोषण ५०
४.४ भूमि व्यवस्थापन ५१
४.५ पर्यटन तथा संस्कृति ५३
४.६ सहकारी तथा वित्तीय संस्था ५५
४.७ उद्योग, वाणिज्य, आपूर्ति, खानी तथा खनिज सम्पदा ५७


## परिच्छेद पाँच सामाजिक विकास क्षेत्र ६०

५.१ शिक्षा ६०
५.२ स्वास्थ्य तथा पोषण ६२
५.३ लैङ्गिक समानता तथा महिला सशक्तीकरण ६४
५.४ बालबालिका तथा किशोरकिशोरी ६६
५.५ युवा विकास ६८
५.६ खेलकुद विकास ७०
५.७ ज्येष्ठ नागरिक ७१
५.८ फरक क्षमता भएका (अपाङ्गता व्यक्ति) ७३
५.९ सामाजिक - समावेशीकरण तथा सामाजिक न्याय ७५
५.१० सामाजिक सुरक्षा तथा संरक्षण ७६
५.११ जनसङ्ख्या तथा बसाइँसराइ ७८


## परिच्छेद छ भौतिक पूर्वाधार विकास क्षेत्र ८१

६.१ सडक, यातायात तथा पूर्वाधार ८१
६.२ खानेपानी तथा सरसफाइ ८४
६.३ सिँचाइ ८६
६.४ विद्युत तथा वैकल्पिक ऊर्जा ८८
६.५ सञ्चार तथा सूचना ९०
६.६ ग्रामीण विकास ९१

परिच्छेद सात वन, वातावरण तथा विपद् व्यवस्थापन विकास क्षेत्र
७.१ वन तथा जडीबुटी र जैविक विविधता ९३
१. पृष्ठभूमि ९३
७.२ जलाधार तथा भू-संरक्षण ९५
७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन ९७
७.४ जलवायु परिवर्तन ९८
७.५ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन १००
परिच्छेद आठ : संस्थागत तथा सुशासन विकास क्षेत्र १०३
८.१ प्रशासकीय सुशासन १०३
१. पृष्ठभूमि १०३
८.२ स्थानीय न्यायिक समिति १०४
८.३ भ्रष्टाचार नियन्त्रण १०६
८.४ सुशासन, पारदर्शिता तथा सूचनाको हक १०८
८.५ शान्ति सुव्यवस्था तथा सुरक्षा ११०
८.६ मानव अधिकार तथा मानव बेचबिखन १११
८.७ स्थानीय तह शासन प्रणाली ११४
८.९ नेतृत्व निर्माण ११६
परिच्छेद नौ ११९
अन्तरसम्बन्धित विषय ११९
९.१ गरिबी निवारण ११९
९.२ श्रम तथा रोजगार १२१
९.३ अध्ययन, अनुसन्धान तथा परामर्श सेवा १२२
९.४ सार्वजनिक-निजी साझेदारी (सानिसा) १२४


९.४ सार्वजनिक-निजी साझेदारी (सानिसा) १२४


९.५ गैरसरकारी सङ्घ-संस्था तथा स्वयंसेवक परिचालन १३०
९.६ उद्यमशीलता तथा सिप विकास १३१

परिच्छेद दश : योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन १३४
१०.१ योजना तर्जुमा तथा तथ्याङ्कीय व्यवस्थापन १३४
१०.२ अनुगमन तथा मूल्याङ्कन १३६
१०.३ योजना बैङ्क १३८
परिच्छेद एघार विषयगत क्षेत्रको तर्कबद्ध ढाँचा
११.१ आर्थिक विकास क्षेत्रको तर्कबद्ध ढाँचा १४०
११.२ सामाजिक विकास क्षेत्रको तर्कबद्ध ढाँचा १४४
११.३ भौतिक पूर्वाधार विकास क्षेत्रको तर्कबद्ध ढाँचा १४८
११.४ वन, वातावरण र विपद् व्यवस्थापन विकास क्षेत्रको तर्कबद्ध ढाँचा १५२
११.५ संस्थागत तथा सुशासन विकास क्षेत्रको तर्कबद्ध ढाँचा १५४

# आभार

नेपालमा योजनाबद्ध विकासको इतिहास छ दशक लामो रहेको छ । नेपालको संविधान २०७२, पन्ध्रौं पञ्चवर्षीय योजना, लुम्बिनी प्रदेशको  दोश्रो आवधिक बिकाश योजना  योजना, दिगो विकासका लक्ष्यहरू रगाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानेर रिब्दिकोट गाउँपालिकाको दोश्रो आवधिक  विकास योजना (आ.व. २०८१/८२ - २०८५/८६) तयार गरिएको छ ।योजनाको भाग एकमा गाउँपालिका प्रोफाइल तथा भाग दुईमा नीति र विस्तृत योजना/कार्यक्रम समावेश गरिएको छ । समग्र गाउँपालिका र विषयगत क्षेत्रहरू आर्थिक, सामाजिक,भौतिक पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत तथा सुशासन, अन्तरसम्बन्धित रयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन विकासका उप-क्षेत्रको दीर्घकालीन सोंच,लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिसहित योजना तयार गरिएको छ ।

गाउँपालिकाको दीर्घकालीन सोंच **"गुणस्तरीय आर्थिक,सामाजिक,भौतिक पूर्वाधार बिकासको माध्यमबाट समृद्ध रिब्दिकोट"** को लक्ष्यलाईहासिल गर्न उपलब्ध स्रोत, साधनको सही सदुपयोग गर्नुपर्ने छ । गाउँपालिकाले वार्षिक नीति तथायोजना तयार गर्दा आवधिक योजनामा प्रस्ताव गरिएका विषयगत क्षेत्रका नीति तथा योजना/कार्यक्रमलाई समावेश गरी अगाडि बढ्ने छ । विकासका साझेदार निकाय, सङ्घ-संस्था र निजी क्षेत्रले समेत योजनालाई वार्षिक कार्यक्रममा समावेश गर्दै लैजानुपर्ने हुन्छ ।समृद्ध गाउँपालिकाको आधार तय गर्न लक्ष्यलाई तीन चरणमा विभाजन गरिएको छ । पहिलोचरण समृद्धिको आधार निर्माणको  महत्वपूर्ण चरण हुने छ । दोस्रो चरण गरिबी निवारण गर्दै दिगोविकासका लक्ष्य हासिल गर्ने तथा मध्यम आयस्तर भएको गाउँपालिकामा स्तरोन्नति हुने छ । यसचरणमा एकओटा पञ्चवर्षीय योजना कार्यान्वयनमा आउने छ । तेस्रो चरण समृद्धिको दिगोपना हासिलगर्ने चरण हुने छ । यस चरणमा दीर्घकालीन सोंच अवधिका बाँकी तीन पञ्चवर्षीय योजनाकार्यान्वयनमा आउने छन् । दीर्घकालीन सोंच अवधिको अन्त्यसम्ममा उत्पादनमा पूर्ण आत्मनिर्भर,निर्यात प्रवर्द्धन, सामाजिक न्याय र समृद्ध हुने छ । साथै, गरिबी मुक्त गाउँपालिका र आर्थिकअसमानता न्यूनीकरण गर्दै समाजवादतर्फ उन्मुख हुने छ । यो आवधिक योजना समग्र विकासकोलागि कोसेढुङ्गा साबित हुने विश्वास मैले लिएको छु ।

योजना जनसहभागितामूलक पद्धति अपनाई तयार गरिएको छ । योजना तयार गर्ने जस्तो  महत्वपूर्ण कार्यको जिम्मेवार दिने गाउँपालिकालाई आभार व्यक्त गर्दछु । योजना तयारीका क्रममा सल्लाह, सुझाव, पृष्ठपोषण र सहयोग गर्नुहुने जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि,कर्मचारी, शिक्षक, नागरिक समाज, सङ्घ-संस्था, व्यापारी, उद्योगी, समाजसेवी र पत्रकारलाई आभारव्यक्त गर्दछु । योजना तयार गर्न मसँगै सहकार्य र सल्लाह दिनुहुने नेपाल सरकारका पुर्व मुख्य सचिब सोमलाल ्बेदी ज्यु, नेपाल सरकारका पुर्व  सचिब  कृष्णहरि बास्कोटा ज्यु ,समाजशास्त्री हिम्मतसिंह लेकाली, स्वास्थ्य तथा पोषण विज्ञ सुरज ब.सारू, संस्थागत विज्ञ कृष्णप्रसाद पौडेल, भाषाविज्ञ तुलसा पौडेल र सहयोग गर्ने संस्थाका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद व्यक्त गर्दछु ।

## समृद्धिका लागि पाँच मुख्य आधारहरू

नीतिगत रूपमा गाउँपालिका समृद्धिका लागि कृषि, पशुपंक्षी, पर्यटन, सहकारी र पूर्वाधार पहिचान गरिएको छ।

**कृषि** : तरकारी र फलफूल (सुन्तला, खुर्सानी र कागती) मा पाँच वर्षमा व्यावसायिक र आत्मनिर्भरभई निर्यात भएको हुने छ। सबै वडामाा तरकारीमा विशेष गरी खुर्सानीलाई मुख्य जोड दिइएको छ। रासायनिक मलको सट्टा प्राङ्गारिक मल प्रयोग गरी अर्गानिक उत्पादनमा जोड दिइने छ। उत्पादनका लागि चाहिने आवश्यक बीउ-बिजन र मलखादमा अनुदान दिइने छ। उत्पादनमा आधारित प्रोसेसिङ्ग उद्योग, ग्रेडिङ्ग, प्याकेजिङ्ग र बजारीकरणको कार्यमा किसानलाई अनुदान दिइने छ। वैदेशिक रोजगारीमा जाने र आएका युवालाई व्यावसायिक उद्यम र उद्यमशीलतामा लगाइने छ। कोल्डस्टोर निर्माण र सञ्चालन साझेदारीमार्फत गरिने छ। कृषि बिमामा अनुदान दिइने छ। प्रत्येक वडामाा हाटबजार सञ्चालन, व्यवस्थापन र सङ्कलन केन्द्र निर्माण भई सेवा सुचारू हुने छन्। कृषिलाई प्रविधि, पर्यटन र गरिबी निवारणसँग जोडी व्यावसायीकरण र आधुनिकीकरण गरिने छ।

**पशुपंक्षी** : बाखापालनलाई मिसन आयोजनाका रूपमा सबै वडाबाट सर्वसम्मत स्वीकार गरिएको छ। गाउँपालिकाले बाखा ब्राण्डका रूपमा अगाडि बढ्ने दीर्घकालीन सोंच र लक्ष्य लिएको छ। योजनाको तेस्रो वर्षमा मासुमा आत्मनिर्भर भई चौथो वर्षबाट वार्षिक करिब ४२ हजार ओटा खसी-बोका निर्यात गर्ने लक्ष्य रहेको छ। आय-आर्जन र व्यावसायीकरणका लागि बिउ पूँजीको रूपमा १० हजार ओटा खरी बाखा (पाठी) वितरण गरिने छ। गाउँपालिका स्तरीय बाखा विकास फार्म स्थापना गरी नेपालकै नमुना बनाइने छ। आधुनिक खोर निर्माण, डाले र भुई घाँसको बिउ, नर्सरी र बिरूवामा अनुदान, नश्ल सुधारका लागि उन्नत जातका बोका वितरण, पशुपंक्षी बिमा, पशु बधशाला, मासुको लागि कोल्ड स्टोर निर्माण, भ्रमण र तालिममा जोड दिइने छ।

**पर्यटन** : प्रचुर सम्भावना भएर पनि अपेक्षित विकास हुन नसकेको परिप्रेक्ष्यमा पर्यटनलाई गाउँपालिकाको समृद्धिको महत्वपूर्ण आधारका रूपमा लिइएको छ। यसका निम्ति पर्यटकीय गन्तव्यको विकास, विविधीकरण र प्रवर्द्धन गरिने छ। मुख्य पर्यटकीय स्थलका पूर्वाधार निर्माण, सौन्दर्यीकरण, प्रचार-प्रसार, मुख्य पर्यटकीय स्थललाई जोड्ने पर्यटकीय सडक, पर्यटक सूचना केन्द्र, पर्यटन विकास समिति गठन, विभिन्न वडामाा होम स्टे सञ्चालन, एक ओटा स्तरीय रिसोर्ट र पदमार्ग निर्माणमा जोड दिइने छ। आगामी, पाँच वर्षमा गाउँपालिकामा आउने आन्तरिक र बाह्य पर्यटकको सङ्ख्या १ लाख पुर्‍याइने लक्ष्य रहेको छ।

**सहकारी** : शत प्रतिशत नागरिकलाई सहकारीको मालामा जोडिने छ। स्थानीयले उत्पादन गरेका वस्तुलाई सहकारीमार्फत खरिद-विक्री वितरणको व्यवस्थालाई कोसेली घरमार्फत संस्थागत गरिने छ। सामूहिक रूपमा एक सहकारी एक उत्पादन कार्यक्रम प्रवर्द्धन गरिने छ। सहकारी क्षेत्रको कुल लगानी मध्ये ५० प्रतिशत पूँजी उत्पादनमूलक क्षेत्रमा लगानी गरिने छ।

**पूर्वाधार :** गाउँपालिका केन्द्रबाट वडा केन्द्र जोड्ने सडकको स्तरोन्नति र कालोपत्रे गरिने छ। गुल्मी बुटवल सडक गाउँपालिकाका वडा ४ हुँदै जानाले आर्थिक विकासमा महत्वपूर्ण टेवा पुग्ने छ। सदरमुकाम तानसेनदेखि गाउँपालिकाका सबै वडामाा सर्वयाम सवारी साधन सञ्चालनमा आई सेवा लिएका हुने छन्। पाँच वर्षमा १ सय कि.मि. कालोपत्रे र २ सय २५ कि.मि. सडक ग्राभेल गरिने छ।

**समृद्धिका लागि सात सहयोगी क्षेत्रहरू :** नीतिगतरूपमा गाउँपालिका समृद्धिका लागि प्राकृतिक सम्पदा, वन-जडीबुटी, उद्यमशीलता, सुशासन, आमूल परिवर्तन र अग्रगामी छलाङ, आत्मनिर्भर गाउँपालिका, अनेकतामा एकता रिब्दिकोटको मौलिकता र पोषणमैत्री गाउँपालिका पहिचान गरिएको छ।

**प्राकृतिक सम्पदा, वन–जडीबुटी :** प्रकृतिले गाउँपालिकालाई जिल्लाकै उत्कृष्ट बनाएको छ। प्राकृतिक स्रोत-साधनको सही प्रयोग गरेर सर्वसम्पन्न गाउँपालिका बनाउनु योजनाको लक्ष्य रहेको छ। टिम्मुर र काफल विभिन्न वडामाा प्रशस्त मात्रामा पाइने भएकाले यसको समुचित प्रयोग गर्दा गाउँपालिकाको आर्थिक समृद्धि हुन जाने छ।

**उद्यमशीलता :** युवाहरूलाई शैक्षिक र गैरशैक्षिक उद्यमशील शिक्षाको व्यवस्था र युवा लक्षित उद्यम व्यवसाय र कार्यक्रम सञ्चालन गरिने छ।

**सुशासन :** सुशासन प्रवर्द्धनका लागि हेलो गाउँपालिका अध्यक्ष कार्यक्रम, जनतासँग जनप्रतिनिधि रेडियो कार्यक्रम सञ्चालन गरिने छ। कार्य प्रणालीमा पारदर्शिता, जवाफदेहिता सुदृढ गर्दै भ्रष्टाचार विरूद्ध शून्य सहनशीलता नीति अख्तियार गरिने छ। विद्युतीय शासन प्रणालीलाई प्रभावकारी बनाइने छ। पाँच वर्षमा सुशासनयुक्त गाउँपालिका बनाइने छ।

**आमूल परिवर्तन र अग्रगामी छलाङ् :** समाजको आमूल परिवर्तनका लागि मिसन आयोजनाका रूपमा बाखापालनलाई अगाडि बढाइने छ। गाउँपालिकाले शिक्षा र स्वास्थ्यलाई निःशुल्क गर्दै लैजाने छ। छोरी र बुहारीप्रति शिक्षामा लगानी गरिने छ। आर्थिकरूपमा महिला सशक्तीकरण र सिपमूलक शिक्षामा लगानी वृद्धि हुने छ। सबै युवा स्वरोजगार र उद्यमशीलता भएका हुने छन्।

**आत्मनिर्भर गाउँपालिका :** कृषि र कृषिजन्य वस्तुलाई प्रविधिमैत्री, व्यावसायीकरण, विकास र सुदृढीकरण गर्दै लगिने छ। पशुपंक्षीलाई प्रविधिमैत्री, घाँसमा आधारित, व्यावसायीकरण, आधुनिकीकरण र वैज्ञानिक पद्धतिबाट पालन गरिने छ। पर्यटन पूर्वाधार निर्माण र प्रवर्द्धन गरिने छ। प्राकृतिक स्रोतको समुचित पयोग र सहकारीको पूँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरिने।

**अनेकतामा एकता रिब्दिकोटको मौलिकता :** गाउँपालिकामा अधिक मात्रामा दलित र जनजाति समुदायको बसोबास रहेको छ । दलित र गैरदलित समुदायबिच अन्तरघुलनशील कार्यक्रमले एकताको भाव पैदा गर्न सहयोग पुग्ने छ । शुद्ध समाजवादी नीतिले धनी र गरिबबिचको सन्तुलन कम गर्दछ । गाउँपालिकामा भएका भाषा, कला, संस्कृतिको संरक्षण र प्रवर्द्धन गरिने छ । प्राङ्गारिक तरकारी खेतीलाई प्रवर्द्धन गरिने छ । विभिन्न जातजातिको बहु- सांस्कृतिक ग्राम, स्थापना र सञ्चालन गरिने छ ।

**पोषणमैत्री गाउँपालिका :** बालबालिका, आमा, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता व्यक्ति, पशुपंक्षी, कृषिजन्य वस्तु र माटाको पोषणलाई अभियानका रूपमा सुधार गर्दै लगिने छ । सबै वस्तुहरू सुपोषित भएका हुने छन् । पोषणमैत्री गाउँपालिका विकास भई घोषणा उन्मुख हुने छ ।आवधिक योजनालाई बाह्र ओटा परिच्छेदमा विभाजन गरिएको छ । सबै परिच्छेदमा भएका उप-क्षेत्रका मुख्य-मुख्य योजनालाई छोटकरीमा उल्लेख गरिएको छ । जसअनुसार

**परिच्छेद एकमा** गाउँपालिकाको संक्षिप्त परिचय, योजनाको पृष्ठभूमि, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन,वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत तथा सुशासन विकासको क्षेत्रमा भएका मुख्य-मुख्यउपलब्धि र समस्यालाई संक्षेपमा उल्लेख गरिएको छ । योजना बनाउनुको औचित्य, उद्देश्य, आधार,निर्देशक सिद्धान्त, विभिन्न योजनाहरूसँग सम्बन्ध, दिगो विकास लक्ष्यहरूको स्थानीयकरण, अध्ययनविधि, सबल, कमजोर, अवसर र चुनौतीलाई समावेश गरिएको छ ।

**परिच्छेद दुईमा** गाउँपालिकाको समष्टिगत दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति, आर्थिक लक्ष्य र खाका, परिमाणात्मक लक्ष्य र सूचकलाई समावेश गरिएको छ ।

**परिच्छेद तीनमा** समष्टिगत आर्थिक नीतिः सार्वजनिक खर्च, राजस्व, वैदेशिक सहायता परिचालन, आन्तरिक ऋण जस्ता विषयमा दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तयार गरिएको छ ।

**परिच्छेद चारमा** आर्थिक विकासः कृषि, पशुपंक्षी, खाद्य सुरक्षा तथा पोषण, भूमि व्यवस्था, पर्यटन तथा संस्कृति, सहकारी तथा वित्तीय संस्था र उद्योग तथा खनिज रहेका छन् । बाख्रापालनलाई मिसन आयोजना र बाख्रा विकास फार्म सञ्चालन गरिने छ । भूमि बैङ्क स्थापना, जग्गाको चक्लाबन्दी, पर्यटन पूर्वाधार निर्माण, प्रवर्द्धन र प्रचार-प्रसार गरिने छ । सबै नागरिकलाई सहकारीको मालामा समावेश गर्दै लगिने छ । व्यावसायिक कृषि प्रणालीको विकासबाट रोजगारी र स्वरोजगार अभिवृद्धि, फलफूल (सुन्तला र कागती) को व्यावसायिक खेती र खाद्य तथा पोषण सुरक्षा गर्ने गाउँपालिकाको लक्ष्य रहेको छ ।

**परिच्छेद पाँचमा** सामाजिक विकासः शिक्षा, स्वास्थ्य तथा पोषण, लैङ्गिक समानता तथा महिला सशक्तीकरण, बालबालिका तथा किशोरकिशोरी, युवा, खेलकुद विकास, ज्येष्ठ नागरिक तथा अपाङ्गता, सामाजिक समावेशीकरण तथा सामाजिक न्याय, सामाजिक सुरक्षा तथा संरक्षण, जनसङ्ख्या तथा बसाइँसराइ उपक्षेत्रका रूपमा रहेका छन् । जनप्रतिनिधि, कर्मचारी र राजनीतिकर्मीलगायतका छोराछोरीलाई सामुदायिक विद्यालयमा अध्ययन गराउन अभियान चलाइने छ । प्रत्येक विद्यालयमा खेलमैदान, विज्ञान प्रयोगशाला, ई- लाइब्रेरी, पुस्तकालय, अनलाइन शिक्षा

प्रणाली, भौतिक पूर्वाधार, शुद्ध खानेपानी, छात्रालाई निःशुल्क स्यानेटरी प्याडको व्यवस्था गरिने छ। स्वास्थ्य तथा पोषण क्षेत्रमा आमनागरिकलाई स्वस्थ राख्न, गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न पोषण शिक्षा र सन्तुलित आहारसम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिने छ। सबै नवजात शिशुलाई आवश्यक खोप लगाउन खोप अभियान सञ्चालन गरी पूर्ण खोपयुक्त गाउँपालिकाको दिगोपना सुनिश्चित गरिने छ। गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र कडा रोग लागेका नागरिकलाई लक्षित स्वास्थ्य सेवा प्रदान गरिने छ। १० शैयाको आधारभूत अस्पताल निर्माण सम्पन्न भई सञ्चालनमा आउने छ। ८ ओटा एम्बुलेन्स, एक ओटा शव बाहन र आवश्यक स्वास्थ्य परीक्षणसम्बन्धी उपकरणको व्यवस्था गरिने छ। प्रत्येक वडामाा वर्थिङ्ग सेन्टर स्थापना गरिने छ। स्वास्थ्य बिमा कार्यक्रमलाई अभियानका रूपमा प्रभावकारी बनाइने छ। वि.सं. २०८४ सम्ममा गाउँपालिकालाई संस्थागत प्रसूतिको रूपमा घोषणा गरिने छ। करिब ५४.६ प्रतिशत महिलाको जनसङ्ख्या रहेकाले महिला विकास र सशक्तीकरणका लागि लैङ्गिक उत्तरदायी बजेटको अवधारणालाई कार्यान्वयन गरिने छ।

**बालबालिका** : बालमैत्री स्थानीय शासनमार्फत बालअधिकार, बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता प्रवर्द्धन गरी बालअधिकारको पक्षमा नीतिगत तथा कानुनी प्रावधान राखी बालअधिकारको समग्र पक्षलाई वकालत गरिने छ। गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वाधारहरू बालमैत्री बनाई वि.सं. २०८४ सम्ममा बालमैत्री स्थानीय शासनका रूपमा घोषणा गरिने छ।

**युवा विकास :** रोजगारीका लागि विदेश पलायन हुने युवा र फर्केकालाई रोक्न आय- आर्जनको लागि बाखापालन, तरकारी खेती, सुन्तला र कागतीलाई प्राथमिकतामा राखी व्यावसायीकरण गर्दै अनुदान उपलब्ध गराइने छ।

**परिच्छेद छ** मा भौतिक पूर्वाधार विकासः सडक तथा यातायात, विद्युत् तथा वैकल्पिक ऊर्जा, सञ्चार तथा सूचना, खानेपानी तथा सरसफाइ, सिँचाइ र ग्रामीण विकास उपक्षेत्रका रूपमा रहेका छन्। गाउँपालिका केन्द्रबाट नौ ओटै वडा केन्द्रसम्म सडकको स्तरोन्नति र कालोपत्रे गरिने छ। रणनीतिक महत्व सडक निर्माण गर्न प्रदेश तथा सङ्घीय सरकारसँग आवश्यक रकम माग गरिने छ। एकीकृत प्रशासकीय भवन लगायत अन्य आवश्यक भवनहरू निर्माण गरिने छ। खानेपानी तथा सरसफाइतर्फ आमनागरिकलाई गुणस्तरयुक्त शुद्ध पिउने पानी, एक घर, एक धारा उपलब्ध र पूर्ण सरसफाइलाई अभियानको रूपमा सञ्चालन गरिने छ। औद्योगिक ग्राम, उद्योग, कलकारखाना र विकास निर्माणका कार्य गर्नुभन्दा पहिला डिपिआर निर्माण, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन र विवादरहित बनाई सञ्चालन गरिने छ। गाउँपालिकाभित्र रहेका सबै जातजातिको भाषा, संस्कृति संरक्षणका लागि सङ्ग्रहालय निर्माण र पूर्वाधार निर्माणमा जोड दिइने छ।

**परिच्छेद सातमा** वन, वातावरण तथा विपद् व्यवस्थापनः वन तथा जडीबुटी र जैविक विविधता, वातावरण तथा फोहोरमैला व्यवस्थापन, जलवायु परिवर्तन, जलाधार तथा भू-संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन उपक्षेत्रका रूपमा रहेका छन्। उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकुल दिगो रूपमा उपयोग गरिने छ। फोहोरमैला व्यवस्थापनको लागि एक निश्चित स्थानमा स्यानिटरी ल्यान्डफिल्ड साइट निर्माण गरिने छ। जडीबुटीमा टिम्मुरको व्यावसायिक खेती गरिने छ। वातावरण सफा, पहिरो नियन्त्रण, आगलागी नियन्त्रण, दमकल खरिद र विपद् व्यवस्थापन जस्ता कार्यक्रम सञ्चालन गरिने छ।

**परिच्छेद आठमा** संस्थागत तथा सुशासन विकासः प्रशासकीय सुशासन, स्थानीय न्यायिक समिति, भ्रष्टाचार नियन्त्रण, सुशासन, पारदर्शिता तथा सूचनाको हक, शान्ति सुव्यवस्था तथा सुरक्षा, मानव अधिकार तथा मानव बेचबिखन, स्थानीय तह शासन प्रणाली, निर्वाचन प्रणाली, नेतृत्व निर्माण उपक्षेत्रका रूपमा रहेका छन् । गाउँपालिकाभित्र शान्ति सुरक्षा, अमनचैन कायम गरिने छ । सार्वजनिक जमिनको संरक्षण, मठ-मन्दिर, बजार क्षेत्रमा होहल्ला हुन नदिन मापदण्डअनुसार कार्य गरिने छ । जथाभावी फोहोर गर्न नदिने कार्यमा गाउँपालिका सजग हुने छ । स्थानीय शान्ति सुरक्षाको लागि नगर प्रहरी नियुक्त गरिने छ । स्थानीय सञ्चार माध्यममार्फत् गाउँपालिकाले गरेका काम आम-जनतामा पुऱ्याउन रेडियो कार्यक्रम सञ्चालन गरिने छ । सुशासन प्रवर्द्धन गर्न सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित अन्तर्क्रिया र गोष्ठी गरिने छ ।

**परिच्छेद नौमा** अन्तरसम्बन्धित विषयः गरिबी निवारण, श्रम तथा रोजगार, अध्ययन, अनुसन्धान तथा परामर्श सेवा, सार्वजनिक-निजी साझेदारी (सानिसा), गैर-सरकारी सङ्घ-संस्था तथा स्वयंसेवक परिचालन र उद्यमशीलता तथा सिप विकास उपक्षेत्रका रूपमा रहेका छन् । सबै प्रकारका तथ्याङ्क र अभिलेख नियमित अध्यावधिक गरी राखिने छ । प्रोफाइल, कृषि, पशुपंक्षी, महिला, बालबालिका, युवा, शिक्षा, स्वास्थ आदिको प्राथमिक तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरिने छ । अध्ययन, अनुसन्धान र परामर्शतर्फ वस्तुगत विवरण (प्रोफाइल), मध्यकालीन खर्च संरचना, भू-उपयोग योजना, सडक यातायात गुरुयोजना, पर्यटन गुरुयोजना, वातावरण व्यवस्थापन योजना, बालमैत्री स्थानीय शासन योजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण योजना, भौतिक पूर्वाधार विकास योजना, फोहोरमैलाको ल्यान्डफिल्ड साइड अध्ययन, वन तथा जैविक विविधता संरक्षण योजना, मानव विकास योजना, पोषणमैत्री योजना, कृषि तथा पशुपंक्षी रणनीति योजना, आन्तरिक राजस्व सुधार कार्य योजना, खानी तथा खनिज सम्भाव्यता अध्ययन, ठुला योजनाको सम्भाव्यता अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन र विस्तृत परियोजना प्रतिवेदन तयार गरी गाउँपालिका स्तरीय योजना बैङ्क स्थापना गरिने छ ।

**परिच्छेद दशमा** योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनः योजना तर्जुमा तथा तथ्याङ्कीय व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र योजना बैङ्क उपक्षेत्रका रूपमा रहेका छन् । योजना कार्यान्वयनमा निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्रको प्रस्ताव गरिएको छ । योजनाले आर्थिक, सामाजिक असमानता घटाउँदै दिगो विकासको लक्ष्य प्राप्तिसँगै गाउँपालिकालाई समाजवाद उन्मुख गाउँपालिकाका रूपमा स्थापित गर्ने लक्ष्य राखिएको छ । योजना कार्यान्वयन पक्ष कमजोर रहनुका विभिन्न कारक तत्व हरूमध्ये अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी रूपमा व्यवहारमा नल्याइनु एक प्रमुख कारकको रूपमा रहेको पाइएको छ ।

**परिच्छेद एघारमा** क्षेत्रगत विकास योजनाका तर्कबद्ध ढाँचाः समग्र विकासका लागि आर्थिक, सामाजिक, भौतिक, वन, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत तथा सुशासन विकास अवस्थाको बारेमा विस्तृत अध्ययन गरी योजना तर्जुमा गरिएको छ । गाउँपालिकाको वर्तमान अवस्थाको आधारमा विषयगत योजनालाई तर्कबद्ध ढाँचामा प्रस्तुत गरिएको छ ।

**परिच्छेद बाह्रमा** क्षेत्रगत विकास योजना: वडा स्तर र विषयगत समितिसँग छलफलबाट आएका साना-मझौला तथा ठुला रणनीतिक महत्वकाका सबै योजनालाई समावेश गरिएको छ । गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रम बनाउँदै गर्दा आवधिक योजनाले निर्दिष्ट गरेकादीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र प्रस्तावित योजनालाई गाउँसभामा प्रस्ताव गर्ने संस्कारको विकास हुने छ । प्रस्ताव गरिएका योजनाको कार्यान्वयनका लागि सङ्घ, प्रदेश

सरकार, विकास साझेदार निकाय, सार्वजनिक निजी साझेदारी र स्थानीय उपभोक्ता समितिको प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहभागी हुने अपेक्षा लिएका छौं । योजनाको बजेट अनुमानित भएकाले यसलाई कार्यान्वयन गर्दा विवादरहित, मागमा आधारित, स्थलगत सम्भाव्यता अध्ययन, अध्ययन, अनुसन्धान, गुरुयोजना, तथ्याङ्क अध्यावधिक साथै ठुला तथा रणनीतिक महत्वकाका आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरिने छ ।

## गाउँपालिका समृद्धिका लागि पाँच ओटा गौरवका आयोजनाहरू

रूपान्तरणकारी ठुला तथा रणनीतिक महत्वकाका आयोजना गाउँपालिकाले आफ्नै लगानीमा गर्न नसक्ने भएकाले सङ्घीय र प्रदेश सरकारले समेत लगानी गर्नुपर्ने हुन्छ । त्यस्तै, विकास साझेदार निकाय, निजी क्षेत्र र जनसहभागितामार्फत् योजनालाई कार्यान्वयन गरिने छ ।

- बाखापालनलाई मिसन आयोजनाका रूपमा सबै वडाबाट सर्वसम्मत स्विकार गरिएको छ । एक स्थानीय तह एक उत्पादनमा गाउँपालिका बाखा ब्राण्डका रूपमा अगाडि बढ्ने दीर्घकालीन सोंच र लक्ष्य रहेको छ ।
- गाउँपालिका केन्द्रदेखि वडा केन्द्रसम्म जोड्ने सडक स्तरउन्नति र कालोपत्रे आयोजना
- पर्यटकीय स्थलहरूको पूर्वाधार निर्माण र प्रवर्द्धन आयोजना
- एक वडा एक नमुना विद्यालय आयोजना
- १० शैयाको आधारभूत अस्पताल निर्माण तथा सञ्चालन

## गाउँपालिकाका मुख्य ५७ ओटा आयोजनाहरू

गाउँपालिकाको आफ्नै बजेट र अन्य क्षेत्रबाट स्रोत जुटाई कार्यान्वयन गर्नको लागि मुख्य ५७ ओटा योजना/कार्यक्रमलाई छनोट गरिएको छ । यी आयोजना गाउँपालिकाले आफ्नै लगानीमा गर्न नसक्ने भएकाले सङ्घीय र प्रदेश सरकारले समेत लगानी गर्नुपर्ने हुन्छ । त्यस्तै विकास साझेदार निकाय, सार्वजनिक निजी साझेदारी क्षेत्र, उपभोक्ता समिति र जनसहभागितामार्फत योजनालाई कार्यान्वयन गरिने छ ।

- तरकारी र फलफूल (सुन्तला ,खुर्सानी र कागती) खेती व्यावसायीकरण कार्यक्रम,
- कोल्डस्टोर निर्माण तथा सञ्चालन,
- घाँस मिसन कार्यक्रम,
- गाउँपालिका स्तरीय एक ओटा पशुबधशाला निर्माण,
- कृषि तथा पशुपंक्षी बिमा कार्यक्रम,
- ८ओटै वडामाा सुपथ मूल्यका पसल सञ्चालन,
- एक व्यक्ति एक बैङ्क खाता र एक व्यक्ति एक सहकारी सदस्य अभियान,
- चक्लाबन्दी कार्यक्रम,

- गाउँपालिका अध्यक्ष नमुना बाखा कार्यक्रम ६ नं. वडामाा सञ्चालन,
- उद्यमशीलता तथा सिप विकास कार्यक्रम,
- पर्यटकीय वस्तुहरू उत्पादन र कोसेली घर प्रवर्द्धन कार्यक्रम,
- खाद्य गोदाम घर एकओटा निर्माण र सञ्चालन,
- स्थानीय रैथाने बालीनालीको बिउ बैङ्क निर्माण,
- गरिब नागरिकलाई रासन कार्डको व्यवस्था,
- गरिब दलित, जनजाति र महिलालाई स्वास्थ्य बिमा निःशुल्क गर्ने
- उत्पादनमा आधारित अनुदान कार्यक्रम,
- भू-उपभोग योजना तयार र कार्यान्वयन,
- भूमि बैङ्क स्थापना,
- शैक्षिक संस्थामा भौतिक पूर्वाधार निर्माण,
- एक वडा एक नमुना बालविकास कार्यक्रम,
- वैकल्पिक शिक्षण सिकाइ (अनलाइन माध्यम) प्रवर्द्धन कार्यक्रम,
- गरिब, दलित, जनजाति र महिला (बुहारी) लाई स्नातकसम्म निःशुल्क शिक्षा,
- सबै विद्यालयलाई धुलोमुक्त बनाउने,
- स्वास्थ्य चौकीलाई पाँच शैयाको आधारभूत अस्पतालमा स्तरोन्नति कार्यक्रम,
- ८ ओटा एम्बुलेन्स सञ्चालन,
- पोषणमैत्री गाउँपालिका बनाउने कार्यक्रम,
- नो होम डेलिभरी (संस्थागत प्रसूति) अभियान कार्यक्रम,
- महामारीजन्य रोगको रोकथाम र नियन्त्रणका लागि चेतनामूलक कार्यक्रम,
- आधारभूत स्वास्थ्य सेवा सबै नागरिकमा पुऱ्याउने कार्यक्रम,
- सबै नागरिकमा स्वास्थ्य बिमा कार्यक्रम,
- अक्सिजन प्लान्ट निर्माण,
- बालमैत्री गाउँपालिका बनाउने कार्यक्रम,
- खेलमैदानलाई स्तरोन्नति तथा निर्माण सम्पन्न,
- उद्यम सञ्चालनका लागि युवालाई प्रोत्साहन कार्यक्रम,
- वडा स्तरका सडकको स्तरोन्नति कार्यक्रम,
- प्रदेश तथा केन्द्रका सडकलाई कालोपत्रे गर्नका लागि समन्वय र सहयोग,
- सडक यातायात गुरुयोजना निर्माण,
- अतिथि गृह भवन निर्माण,
- सिँचाइका लागि सम्भाव्यता अध्ययन र कार्यान्वयन,
- एक घर एक धारा निर्माण सम्पन्न,
- पूर्ण सरसफाइ उन्मुख घोषणा कार्यक्रम,
- वैकल्पिक ऊर्जा प्रवर्द्धन कार्यक्रम,
- ठुला आयोजनाहरूको प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन,

- वन डढेलो नियन्त्रण कार्यक्रम,
- सामुदायिक वन तथा खाली क्षेत्रमा जडीबुटी (टिम्मुर र  काफल) र ओखर प्रवर्द्धन कार्यक्रम,
- जलवायु अनुकुलन कार्ययोजना निर्माण तथा कार्यान्वयन,
- ल्यान्डफिल साइट निर्माण र फोहोर व्यवस्थापनका लागि एक ओटा साधन,
- गाउँपालिका वस्तुगत विवरण (प्रोफाइल) निर्माण,
- न्यायिक समिति र मेलमिलापकर्ता छनोट गरी क्षमता अभिवृद्धि कार्यक्रम,
- सुशासन प्रवर्द्धन कार्यक्रम,
- आवधिक योजना कार्यान्वयनका लागि सङ्घ, प्रदेश, विकास साझेदार निकाय र निजी क्षेत्रसँग समन्वय र मूल्याङ्कन कार्यक्रम,
- गाउँपालिकाले निर्माण गर्नुपर्ने ऐन, नियम, कानुन र कार्यविधि तयार र कार्यान्वयन गर्ने,
- एकओटा वडालाई स्मार्ट बनाउने,
- आन्तरिक राजस्व वृद्धि गर्न कर प्रणालीलाई आधुनिकीकरण कार्यक्रम,
- जनप्रतिनिधि र कर्मचारीलाई नेतृत्व निर्माण र सकारात्मक सोंचसम्बन्धी तालिम,
- स्थानीय रक्सी (कोदाबाट बनेको) लाई ब्रान्डिङ र बजारीकरण आयोजना,
- स्थानीय ढुङ्गालाई कालीगढमार्फत तयार गर्ने उद्योगलाई अनुदान दिई घर निर्माण र सार्वजनिक भवनमा प्रयोग गर्न प्रोत्साहन कार्यक्रम ।

## सङ्क्षेपीकृत शब्दहरूको विस्तृतरूप

*आ.व. : आर्थिक वर्ष*
*आ.वि. : आधारभूत विद्यालय*
*आ.वि.यो. : आवधिक विकास योजना*
*आ.स्वा.के. : आयुर्वेद स्वास्थ्य केन्द्र*
*इ.सं. : इस्वी संवत्*
*कि.मि. : किलो मिटर*
*कृ.ज्ञा.के. : कृषि ज्ञान केन्द्र*
*कृ.ग. : कृत्रिम गर्भाधान*
*के.त.वि. : केन्द्रीय तथ्याङ्क विभाग*
*खा.पा.यो. : खानेपानी योजना*
*गा.पा. : गाउँपालिका*
*गै.स.सं. : गैर-सरकारी संस्था*
*जि.प्र.का. : जिल्ला प्रशासन कार्यालय*
*जि.प्र.का. : जिल्ला प्रहरी कार्यालय*
*जि.स.स. : जिल्ला समन्वय समिति*
*डि.व.का. : डिभिजन वन कार्यालय*
*न.पा. : नगरपालिका*
*ने.वि.प्रा. : नेपाल विद्युत प्राधिकरण*
*म.वि.शा. : महिला विकास शाखा*
*मा.वि. : माध्यमिक विद्यालय*
*मे.ट. : मेट्रिक टन*
*रा.खे.प. : राष्ट्रिय खेलकुद परिषद्*
*रा.प.र.यो. : राष्ट्रिय पर्यटन रणनीतिक योजना*
*रा.यो.आ. : राष्ट्रिय योजना आयोग*
*रू. : रूपैयाँ*
*ल.उ.वि.का. : लघु उद्यम विकास कार्यक्रम*
*लै.मू. : लैङ्गिक मूलप्रवाहीकरण*
*लै.स.सा.स. : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण*
*वि.सं. : विक्रम संवत*
*स.मा.सा.प्र.म. : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय*
*सा.व.उ.स. : सामुदायिक वन उपभोक्ता समूह*
*सा.नि.सा. : सार्वजनिक निजी साझेदारी*
*स्या.उ.वा.री. : स्थानीय उत्पादन वातावरण रीतिरिवाज*
*स्वा.का. : स्वास्थ्य कार्यालय*
*हे. : हेक्टर*
*AIDS : Acquired Immune Deficiency Syndrome*
*ANC : Ante Natal Checkup*
*ATM : Automated teller Machine*
*C to C : Child to Child*
*CCTV : Closed Circuit Television*

*CBOs : Community Based Organizations*
*CFLG : Child Friendly Local Governance*
*CPR : Contraceptive Prevalence Rate*
*DPR : Detail Project Report*
*EFLG : Environment Friendly Local Governance*
*EIA : Environmental Impact Assessment*
*EMIS : Education Management Information System*
*FCHV : Female Community Health Volunteer*
*HIV : Human Immunodeficiency Virus*
*IEE : Initial Environmental Examination*
*INGOs : International Non-governmental Organizations*
*IPM : Integrated Pest Management*
*MoFAGA : Ministry of Federal Affairs and General Administration*
*NGOs : Non-governmental Organizations*
*OFMP : Operational Forest Management Plan*
*PPR : Pestedes Petits Ruminants*
*PNC : Post Natal Checkup*
*PRMDP : Periodic Rural Municipality Development Plan*
*RM : Rural Municipality*
*SIP : School Improvement Plan*
*SMS : Short Message Service*
*SWOT : Strength Weakness Opportunity Threat*
*TMIS : Teacher Management Information System*
*WWW : Word Wide Web*

# परिच्छेद एक
# परिचय

## १.१ गाउँपालिकाको संक्षिप्त परिचय

स्वच्छ ,सुन्दर, मनोरम,एत्तिहासिक,कला धर्म ,संस्कृतिले भरिपूर्ण धार्मिक तथा पर्यटकिय स्थल रिब्दिकोट गाउँपालिकाको प्रमुख गहना तथा जिल्लाकै प्रमुख धार्मिक तथा पर्यटकियस्थलको रुपमा परिचित छन्। वि स १५८९ मा तत्कालिन पाल्पाका राजा मनिमुकुंदा सेन प्रथम द्वारा निर्मित करिब ५०० वर्ष पुरानो एसियाकै सबैभन्दा ठुलो सुनौलो त्रिसुलले सु सज्जित चोक सहितको भैरब्स्थान मन्दिरभित्र महाकाल भैरबको गुफा रहेको छ। साथै मनिमुकुंदा सेनाको राज गद्दी अझै सम्म देख्न सकिन्छा। पाल्पाका ईस्टदेवका रुपमा बटुकनाथ कृतमुखा भैराबका चार हात ,तिन नेत्र र अनुहार भयङ्कर कालो रुपमा रहेको र सिरमा सुशोजिता उक्त कालो नागले लामो जिब्रो फिरफिर चलाई आज पनि सजिवाताको संकेत दिई रहेको बुजिंचा। नाथ सम्प्रदायका योगिद्वारा दैनिक रुपमा पुजा गरिने भैरवस्थान मन्दिरमा दुई तरिकाबाट नृत्य र नैमित्याका पुजा हुने गर्दछ।

भक्तबाट भाकल स्वरूप एक पाथी वा एक मानाको एउटै बिशेष रोटि बनाई भैरवस्थान मन्दिरमा चडाउने प्रचलन रहेको छ। ऋषिको तपोभूमि रिब्दिकोट ,सिद्धको तपोभूमि ठिमुरेकोट ,बिहार गर्ने कोट बिहरिकोट गरि तिन कोटले सजिएको रिब्दिकोट सेन बंशीय राजा मध्ये मनिमुकुंदा सेना प्रथमको दरबारमा रहेको पुराङ्कोटमा आज पनि दरबारको भग्नावशेष ,इट्टा ,पुराना कुदेको ढुंगा आदि पुरानकोटको डाँडामा पाइन्छ। तत्कालिन अवस्थामा यी राजाका सैनिकले ब्याम र तालिम गर्ने कोत्र डाँडाको टुडिखेल मैदान हाल ब्यक्तिगत जग्गाका रुपमा दर्ता भएको छ र यी राजाले रिडीमा स्नान गरि जल ल्याई चढाएर शिव आराधना गर्ने गरेको शिव गुफा दिपको जंगलमा चा र त्यहा आजसम्म पनि बैशाख महिनामा स्थानिय वासीले शिव आराधना गरि पानि माग्ने चलन छ। पुरानकोटमा राजै आफ्नो दैनिकी चलाउन शिव आराधनाबाट एक कुवा निर्माण गरेका थिए रे सोहि समेमा राजकुमारीको एक युवक संग विवाहा गरि दिन लाग्दा वर मन नपरेकोले त्यहा उपस्थित विबहा मन्दपका सम्पूर्ण जन्ती पक्ष र घरबेटी पक्षलाई झुक्काई कुवामा हाम फाली आत्महत्या गरेकी थिइन। सोहि दिनदेखि उनको सम्झनामा हेका वर्ष स्थानीयले बैशाख महिनामा त्यो ठाउँमा रुद्री समेतको पुजा गरि ''देउ देउ महादेब पानि देउ येत्तिले पुगेन अझ थपि देउ पुरानाकोट मैया रानी पानि बर्साई देउ'' भनी बोलका साथ् जंगलका हरिया स्याउला भांची हल्लाउदै पुरानाकोट र सिलाङ्गथोक हुँदै भैरवस्थान मन्दिरसम्म पुग्ने प्रथा आजसम्म कायम छ। सो पुजाकै दिन या एक हप्ता भित्र प्राय : पानि परेकै हुन्छ। यसरी पाल्पाली राजाको राजदरबार पुरानाकोट हुँदै तानसेन सरेको र अर्को सेन राजाको दरबार तिनाउ गाउँपालिकाको नुवाकोटमा हुँदै मकवानपुरदेखि पुर्वसम्म फैलिएको र पछि एकिकरणमा परेको इतिहास छ। एतिहाशिक पुरातात्विक हिसाबले महत्वपुर्ण साथै तराईमा रमणिय दृश्य देखिने ,वनभोजका कार्यक्रम गर्न अत्यन्त उपयुक्त ,भुरे राजाले सेनालाई तालिम दिने स्थानका रुपमा रिङ्ग डाँडा परिचित छ। हरेक वर्ष कोजाग्रत पुर्णिमाको दिन सराय नाच हुने गर्दछ ।

## १.२ योजनाको पृष्ठभूमि

प्रस्तुत योजना गाउँपालिका स्थापना भएपछि तयार गरिएको दोश्रो पञ्चवर्षीय आवधिक योजना हो । योजनाको अवधि आर्थिक वर्ष २०८१/८२–२०८५/८६ सम्मको हुने छ । सामान्यतया अघिल्लो आवधिक योजनाको प्रगति समीक्षा समावेश गरी चालु आवधिक योजना तयार गर्ने प्रचलन रहेको छ। यो योजना प्रथम भएकाले वार्षिक विकास योजनालाई समीक्षा गरिएको छ।
नेपालको संविधान, २०७२ को धारा ५६ मा सङ्घ, प्रदेश र स्थानीय तह हुने व्यवस्था छ । संविधानको भाग १७ मा स्थानीय तहको कार्यपालिकासम्बन्धी व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद ६ अनुरूप योजना तर्जुमा तथा कार्यान्वयनको दफा २४ को उपदफा (१) बमोजिम गाउँपालिकाबाट आवधिक विकास योजना बनाइ लागु गर्नुपर्ने उल्लेख छ । दोश्रो आवधिक बिकाश योजना विकास योजना तयार गर्दा विकास साझेदार निकाय र सरोकारवालाहरूको सक्रिय सहभागितामा दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र क्षेत्रगत विकासका योजना तर्जुमा गरिएको छ ।जनप्रतिनिधिमार्फत विकास प्रक्रियालाई जवाफदेहिता, पारदर्शिता र सहभागिताको सुनिश्चित गर्न, सार्वजनिक खर्च व्यवस्थापनलाई सुदृढ गर्ने र समग्रमा सुशासन अभिवृद्धि गर्ने जस्ता विषयहरूलाई समेत आवधिक योजनाले समेटेको छ। गाउँपालिकामा बसोबास गर्ने बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषता र विविधताबिचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता तथा सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै, वर्गीय, जातीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी रसहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक र समृद्ध गाउँपालिका निर्माणमा योजना केन्द्रित रहेको छ। दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनको अधिकांश जिम्मेवारी स्थानीय तहमा रहेको छ । दिगो विकासका लक्ष्यहरू स्थानीयकरण विभिन्न दृष्टिकोणले महत्वप’’र्ण छ । राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमुना), २०७५, साथै गाउँपालिकाले आवधिक विकास योजना निर्माणको लागि तयार गरेको कार्यसूचीअनुसार आवधिक विकास योजना तर्जुमा गरिएको छ।

## १.३ गाउँपालिका विकासको समीक्षा

आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत तथा सुशासन विकासको क्षेत्रमा भएका मुख्य-मुख्य उपलब्धि र समस्यालाई सङ्क्षेपमा समीक्षा गरिएको छ।

### १.३.१ गाउँपालिका विकासको उपलब्धि

आर्थिक विकास, सामाजिक विका, भौतिक पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन विकास र संस्थागत तथा सुशासन विकासलाई यसमा सङ्क्षेपमा॰काश पारिएको छ।

### (क) आर्थिक विकास क्षेत्र

आर्थिक विकासको लागि गाउँपालिकाले कृषि, पशुपंक्षी, पर्यटन र सहकारी विकासमा जोड दिएको छ। तरकारी र फलफूल भण्डारणका लागि १ ओटा कोल्डस्टोर निर्माणाधीन अवस्थामा रहेका छन् । बाखा, तरकारी, फलफूल, अन्य आयआर्जन लगायत साना तथा मझौला कृषि फार्महरू सञ्चालनमा आएका छन् । सहकारीमार्फत बचत तथा ऋण परिचालन हुँदै आएको छ। गाउँपालिकाको पहल र प्रदेश सरकारको सहयोगमा ६ नं. वडामाा स्मार्ट कृषि केन्द्र संचालनमा रहेको छ । पर्यटन क्षेत्रका डि पी आर तयार भइरहेका छन् साथै गाऊन्पालिकाको सडक गुरुयोजना तयार हुँदै छ ।

बेरोजगार युवाहरुलाई लक्षित गरी सिपमुलक तालिम प्रदान गरिदै आएको छ ,ब्युटिसियन तालिम ,मुडा बुन्ने तालिमहरु संचालनमा आई सम्पन्न भएका छन्। कृषकहरुलाई क्षमता बिकासका निम्ति बि भिन्न तालिमहरु प्रदान गरिदै आएको छ। आर्थिक विकासका लागि दीर्घकालीन नीति तय गरेको छ। उपलब्ध स्रोतहरूको वितरण समन्यायिक हुँदै गएको छ। गरिबीको दरक्रमशः घट्दै गएको छ।

### (ख) सामाजिक विकास क्षेत्र

ज्येष्ठ नागरिक तथा अपाङ्गका लागि परिचय पत्र वितरण र स्वास्थ्य शिविर सञ्चालन हुँदै आएको छ । एकै खालको शैक्षिक क्यालेन्डर, परीक्षा प्रणाली र पोसाकको सुरुवात भएको छ । गाउँपालिकामा विद्यालय भर्नादर र साक्षरता क्रमशः बढ्दै गएको छ। गाउँपालिकाभित्र प्राविधिक शिक्षालयहरूको स्थापना गर्ने आवस्यकता देखा परेको छ। गाउँपालिकाका अधिकांश बिधालयहरुमा कम्प्युटर ,लाइब्रेरी जस्ता सुबिधा भएता पनि प्रभावकारिता न्युन देखिएको छ। छात्राबास ,भवन जस्ता भौतिक र बिधालय अनुसारका मौलिक आवस्यकताका अलावा शिक्षामा गुणस्तर वृद्धि ,प्राबिधिक शिक्षा ,शिक्षक क्षमता अभिवृद्धि कार्यक्रम,अभिवाबकमा जनचेतना वृद्धि जस्ता कार्यमा पालिकाले काम गर्नुपर्ने देखिएको छ । भौगोलिक स्तिथिलाई मध्यनजर गर्दा एम्बुलेन्स सेवा पर्याप्त देखिएको छैन र १२ महिना संचाल्लन हुने अवस्थामा पनि नभएको देखिएको छ। वडा १,७ मा स्वास्थ्य चौकीको स्थरिय भवन नहुदा सेवा प्रभाबहिना हुन पुगेको छ। ज्यस्ट ,अपाङ्गता भएका नागरिकहरुलाई सबै वडामाा घर दैलो सेवा प्रदान गरिदै आएको छ। वार्ड ३ मा १० सैयाको अस्पताल प्रस्तावित भइ डि पी आर सम्पन्न रहेको अवस्थामा छ। धेरै जसो वार्डहरुमा नेपाल सरकारद्वारा बितरण हुने गरेका औसधि पर्याप्त मात्रामा नपुग्ने गरेको देखिएको छ ,धेरै जसो उपलब्ध हुने गरेका औसधि म्याद नागे अवस्थामा आउने गरेको पाईएको छ।

### (ग) भौतिक पूर्वाधार विकास क्षेत्र

गाँउपालिकाभित्रका सवै वडा जोड्ने चक्रपथ आवस्यकता रहेको ।पालिका बासीहरुलाई यातायात सहज रुपमा नरहेको । सडक संजाललाई प्रभावकारी बनाउनका निम्ति ढलान गरिएका पुलहरुको आवस्यकता। यातायात क्षेत्रमा फेक - साल्भ्kंडी सडक खण्ड पूर्ण गर्न सकिएको खण्डमा रिब्दिकोट बिकासको कोशेढुंगा साबित गर्न सकिने । वार्ड ४ मा भैरबस्थान मन्दिर आसपास उचित र ब्यबस्थित बस स्टप ,मन्दिर क्षेत्रका निम्ति २०० गाडी कम्तिमा अट्ने पार्किंग स्थलको आवस्यकता । यातायात क्षेत्रमा सुलभ दर निर्धारण तथा कार्यनयनको आवसयाकता रहेको।

५७.१ प्रतिशत पालिकाबासीको घरमा पाइपबाट खाने पानीको पहुँच रहेको । ३८.९ प्रतिशत पालिकाबासीको घर बाहिर पाइपबाट खानेपानीको पहुँच रहेको २.९५प्रतिशत पालिकाबासील मुहान धाएर पानीको व्यबस्था गरिरहेको । हालको वार्ड ५ मा साबिक ७ गरगारेमा ७ घर खानेपानीको चरम अभाबमा रहेको पाईएको छ। पालिकाको मुख्य खानेपानीको आधार लिफ्टिंग परियोजनाहरु नै हुन् भने ,०७२ को भुकम्प पश्चाता मुलहरु सुक्ने ,मूल फुट्ने स्वरोतले क्षेत्र परिवर्तन गर्ने समस्या देखा परेको छ। खाने पानिको सुद्धता मापन भएता पनि ट्रिटमेण्ट नभएको पाईएको छ ,हाल धेरै परियोजनाहरुमा सुद्धिकरणका निम्ति ब्लिचिंग गर्ने गरेको पाईएको छ।

### (घ) वन, वातावरण तथा विपद् व्यवस्थापन विकास क्षेत्र

पर्यावरणमा प्रतिकुल असर नपर्ने गरी विकास निर्माण सञ्चालन गरिएको छ । सन्तुलित र वातावरणमैत्री विकासको सुरुवात भएको छ । समष्टिगत रूपमा हेर्दा गाउँपालिकाको वन व्यवस्थापन प्रणाली संरक्षणमुखी छ । प्रशस्त मात्रामा सल्लो र उत्तिस रहेको छ । यसले स्थानीय जनताको अर्थोपार्जनमा अपेक्षित योगदान दिन सकिरहेको छैन । तसर्थ, आगामी वर्षहरूमा वन व्यवस्थापनले संरक्षण र अर्थोपार्जन दुबैलाई समन्वायिक हिसाबले अगाडि बढाई गाउँपालिकाको समृद्धिमा सघाउन आवश्यक देखिन्छ । वातावरण संरक्षणकोलागि स्थानीय अनुकुलन योजना तर्जुमा गर्ने र प्राथमिकताका साथ कार्यान्वयन गर्ने पद्धतिको विकास गर्न आवश्यक रहेको छ । आयआर्जन वृद्धिका लागि टिमुर,अलैची, तेजपत्ता, अम्रिस लगायतका करिब ५० हजार बिरूवा सामुदायिक वन समूहमार्फत रोपण भएको छ ।

### (ङ) संस्थागत तथा सुशासन विकास क्षेत्र

कानुन निर्माणमा गाउँपालिका अग्र स्थानमा रहेको छ । सहकारी ऐन, २०७४ प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५, शिक्षा ऐन २०७५, कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५, स्थानीय वन ऐन २०७६ सहित जम्मा ४१ ओटा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरू निर्माण गरी राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा आएको छ । विद्युतीय सुशासन तर्फः विद्युतीय हाजिरी, सिसी क्यामरा जडान, इमेल, इन्टरनेट, वेभसाइट निर्माण र नागरिक बडापत्र सञ्चालनमा आएका छन् ।

### १.३.२ गाउँपालिका विकासको समस्या

आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत तथा सुशासन विकासको क्षेत्रमादेखिएका मुख्य-मुख्य समस्यालाई संक्षेपमा उल्लेख गरिएको छ । अध्ययनका क्रममा प्राप्त गरेका तथ्याङ्क, स्थलगत अवलोकन, गाउँपालिका तथा वडा स्तरीय गोष्ठी, दीर्घकालीन सोंच र वस्तुस्थितिका आधारमा विषयगत समस्यालाई विश्लेषण गरिएको छ । समस्यालाई विषयगत क्षेत्रको दृष्टिकोणबाट पहिचान गरिएको छ ।

### (क) आर्थिक विकास क्षेत्र

पर्याप्त सिँचाइ सुविधाको समस्या साथै आकासे पानीमा मात्र भर पर्नु, कृषि र पशुपंक्षी उपज प्रसोधन केन्द्रको अभाव रहनु, स्थानीय युवामा बढ्दो विदेश पलाईनका कारण दक्ष जनशक्तिको अभाव हुँदै जानु, स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गरी आर्थिक विकासका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन नहुनु, सहकारी संस्थाहरूलाई व्यवस्थापन गर्नका लागि छुट्टै शाखा नहुनु, रोजगारी सृजना गर्ने उद्योग, कलकारखाना लगायत अन्य अवसरको लागि योजनाबद्ध प्रयास नहुनु, सिप विकास तालिम, लघु उद्यम तथा आय- आर्जनका कार्यक्रम सञ्चालनतिर ध्यान नपुग्नु, कृषि र पशुपंक्षीमा व्यावसायीकरण नहुनु, स्थानीय उत्पादित वस्तुहरूको बजारीकरण नहुनु, वडामाा बैङ्क पर्याप्त नहुनु, चक्लाबन्दी नहुनु, उपभोक्ता समितिको मनोमानीमा विकास बजेट दुरूपयोग हुनु, स्थानीय उत्पादित वस्तु भन्दा आयातित वस्तुको अधिक उपयोग गर्नु र फाँट खेती नहुनु आर्थिक विकासका मुख्य समस्याहरू हुन् ।

### (ख) सामाजिक विकास क्षेत्र

सामुदायिक विद्यालयको गुणस्तरीयता र भौतिक अवस्था कमजोर रहनु, वडामाा रहेका स्वास्थ्य संस्थामा दक्ष जनशक्ति, औषधी र स्वास्थ्य उपकरणको अभाव रहनु, पर्याप्त दाहसंस्कार स्थल नहुनु, भएका दाहसंस्कार स्थलमा पनि आवश्यक पूर्वाधारको कमी हुनु, बालअधिकारसम्बन्धी ज्ञान र

अवसरको कमी हुनु, लक्षित वर्गका व्यक्तिहरू सामाजिक र आर्थिक पहुँचमा कमी हुनु, युवाहरू मादकपदार्थको लतमा पर्नु, महिला, बालबालिका र किशोरकिशोरीमा पोषण अवस्था साथै गुणस्तरीय जीवन कमजोर हुनु, ज्येष्ठ नागरिक, एकल महिला, पुरुष र फरक क्षमता भएका व्यक्तिहरूको सामाजिक सुरक्षा कमजोर हुनु र एकल महिलाका लागि आय-आर्जनका क्रियाकलाप पर्याप्त सञ्चालन नहुनु सामाजिक विकासका समस्याहरू हुन् ।

## (ग) भौतिक पूर्वाधार विकास क्षेत्र

सडक यातायात गुरुयोजना बन्न नसक्नु, खानेपानीको आपूर्ति नियमित र पर्याप्त हुन नसक्नु, विद्यालयहरूमा पर्याप्त शैक्षिक पूर्वाधार नहुनु, बहुउद्देश्यीय सिँचाइ आयोजना निर्माण हुन नसक्नु, फोहोरमैला व्यवस्थापनको लागि गाउँपालिका केन्द्रमा स्यानिटरी ल्यान्डफिल साइट नहुनु, भूउपयोग योजना नहुनु, पूर्वाधार विकासमा प्रमुख सरोकारवाला निकायहरूबिच समन्वय नहुनु, एउटै निर्माण फर्मबाट धेरै निर्माण कार्य हुनु, विषयगत शाखाहरूको आफ्नो भवन नहुनु, विगतमा निर्माण भएका भौतिक पूर्वाधार अपाङ्गमैत्री नहुनु सार्वजनिक सम्पत्तिको संरक्षण नहुनु, दीर्घकालीन सोंच, सम्भाव्यता र प्राथमिकताको आधारमा आयोजना योजनाबद्ध रूपमा सञ्चालन नहुनु र सामाजिक विकासमा भन्दा भौतिक पूर्वाधारमा जोड् दिनु भौतिक पूर्वाधार विकासमा देखिएका समस्याहरू हुन् ।

## घ) वन, वातावरण तथा विपद् व्यवस्थापन विकास क्षेत्र

सामुदायिक वन उपभोक्ता समूह निष्कृय हुनु, व्यापक रूपमा आगलागी हुनु, खुला क्षेत्रहरू अतिक्रमण हुनु, सामुदायिक वनको संरक्षण र सुरक्षामा चुनौती हुनु, खेतीमा विषादीको बढ्दो प्रयोग हुनु, सुरक्षित एवम् व्यवस्थित बस्ती विकास नहुनु, सार्वजनिक शौचालय निर्माण नहुनु, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा जनचेतनाको कमी हुनु, पर्याप्त वन क्षेत्र नभएको र भएका वनलाई समेत आम्दानीको स्रोतमा रूपान्तरण नहुनु, वातावरण संरक्षण गर्न र वृक्षारोपणमा स्थानीयको चासो नहुनु, जलाधार क्षेत्र र तटबन्ध जस्ता  महत्वपुर्ण कार्यहरू नहुनु र जलवायु परिवर्तनले स्थानीय उत्पादनमा प्रतिकुल प्रभाव पार्नु वन, वातावरण तथा विपद् व्यवस्थापन विकासमादेखिएका समस्याहरू हुन् ।

## (ङ) संस्थागत तथा सुशासन विकास क्षेत्र

गाउँपालिका र वडा कार्यालयमा आवश्यक जनशक्ति र बजेटको अभाव हुनु, योजनावद्ध विकासको थालनी हुन नसक्नु, सरोकारवाला निकायबिच विकासका कार्यमा समन्वय कमी हुनु, निर्माणाधीन आयोजनाहरूको नियमितअनुगमन र मूल्याङ्कन नहुनु, नागरिक बडापत्रबारे सेवाग्राही अनभिज्ञ हुनु, योजनाको सार्वजनिक लेखापरीक्षण कागजी रूपमा मात्र सम्पन्न हुनु, योजना तर्जुमामा कमजोर तथ्याङ्क प्रणाली हुनु, राजस्व सङ्कलनका क्षेत्रहरू न्यून हुनु र विद्युतीय शासनको पूर्ण अभ्यास नहुँदा सार्वजनिक काममा अपेक्षित नतिजा प्रभावकारी नहुनु संस्थागत तथा सुशासन विकसमा आएका समस्याहरू हुन ।

## १.४ आवधिक योजना तर्जुमाको औचित्य र आवश्यकता

नेपालमा योजनाबद्ध विकासको सुरुवात (वि.सं. २०१३) पहिलो पञ्चवर्षीय योजनाबाट भएको हो । हालसम्म १४ ओटा आवधिक योजनाहरू कार्यान्वयन भएका छन् । यिनै आवधिक योजनालाई अनुसरण गर्दै गाउँपालिकाको समष्टिगत आर्थिक, सामाजिक, भौतिक, वन, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत तथा सुशासन विकास योजना तयार गरिएको छ । गाउँपालिकामा जनप्रतिनिधि आएपछि प्रतिबद्धता पूरा गर्न, विकासका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनालाई कार्यान्वयन गर्न नीतिगत मार्गसहितको आवधिक गाउँपालिका विकास योजनाको आवश्यकता रहेको छ । योजनाबद्ध विकास गर्न, व्यक्ति, समुदाय र वडा तहबाट गाउँसभामा आएका योजनालाई आवधिक विकास योजनामा आन्तरिकीरण गरी एकद्वार प्रणालीबाट गाउँपालिकाको समग्र विकास गर्न, टाठाबाठाबाट आफ्ना खल्तीका योजनाको अन्त्य गरी समतामूलक र सन्तुलित विकास गर्न, सबै विषयगत क्षेत्रहरूको पारदर्शी र दिगो विकास गर्नमा मद्दत पुग्दछ ।

आवधिक विकास योजनाबाट गाउँपालिकाको वास्तविकता थाहा हुन्छ, कहाँ, कुन क्षेत्रमा के कस्ता समस्या तथा मुद्दाहरू छन् । के गर्ने ? कसले गर्ने ? कहिले गर्ने ? के का लागि गर्ने ? कहाँ गर्ने ? कति साधन र स्रोतमा गर्ने ? जस्ता प्रश्नहरूको सम्बोधनका लागि के कस्ता रणनीति, कार्यनीति, कार्यक्रम तथा योजना कार्यान्वयन गर्नुपर्दछ । सोको खाका तथा त्यस्ता खाकाहरू

कार्यान्वयनमा लगानी कति आवश्यकता हुन्छ भन्ने जानकारी प्राप्त हुन्छ । स्थानीयबासीलाई विकासको यथार्थता वुझाउन सजिलो हुन्छ । समस्या सम्बोधन गर्न, वार्षिक योजना बनाउन सजिलो हुन्छ । सङ्घ र प्रदेश सरकार तथा विषयगत निकाय लगायत दातृनिकायहरूमा बजेट माग गर्न सजिलो हुन्छ ।

गाउँपालिकाको भौगोलिक अवस्थालाई ध्यान दिई विकासमा सन्तुलन ल्याउन, विकासका महत्वप”र्ण पक्षहरूको सम्बन्धमा अध्ययन एवम् विश्लेषण गर्न योजनाले पथ प्रदर्शन गर्ने छ । सुशासन र विकासप्रति जनप्रतिनिधिलाई जिम्मेवार बनाउन, कर्मचारी, नागरिक संस्थाबिचको अन्तरसम्बन्धलाई परस्पर सहयोगी, विश्वासिलो र सहकार्यमा एकजुट हुन, विभिन्न उमेर समूहलाई विशेष योजनाका साथ विदेश जान वा पलाईन हुनबाट रोक्दै उत्पादनमूलक क्षेत्रमा योजनाबद्धरूपमा परिचालन गर्न सकेमा आर्थिक, सामाजिक विकासमा चाँडै फड्को मार्न सक्ने सुवर्ण अवसर रहने छ । गाउँपालिकाको समग्र एकीकृत दिगो विकासको पूर्वाधार निर्माणको माध्यमद्वारा समग्र विकास, पर्यटन, सुशासन र समृद्धिको आकाङ्क्षा पूरा गर्न योजना तर्जुमा कार्यलाई एउटा अवसरको रूपमा लिइएको छ ।

## १.५ आवधिक योजना तर्जुमाको उद्देश्य

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको कानुनी व्यवस्थाअनुरूप नतिजामा आधारित आवधिक गाउँपालिका विकास योजनामा समावेश हुनुपर्ने विषयवस्तुहरू स्पष्ट गरी योजना तयार गर्नु ।
- सङ्घ र प्रदेशको दीर्घकालीन सोंच र आवधिक योजना एवम् विषयगत योजनाहरूबिच तालमेल, समन्वय र कार्यगत एकीकरण गर्न मद्दत पु¥याउनु ।
- गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक, वातावरण र संस्थागत विकास जस्ता विषयगत क्षेत्रहरूको दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम, नतिजा, स्रोत

पहिचान, लागत बजेट निर्धारण र सरोकारवालाहरूको अभिमत समेटी पाँच वर्षे सहभागितामूलक योजना तथा लगानी कार्यक्रम तर्जुमा गर्नु ।

- गाउँपालिका स्थित साधन स्रोतको वर्तमान स्थिति, मुख्य समस्या, विषयगत एवम् क्षेत्रगत सवाल र सम्भावनाहरूको विश्लेषण गर्नु ।
- वस्तुस्थिति विश्लेषणबाटदेखिएका विकासका मुद्दाहरू, समस्या तथा सम्भावनाहरूलाई समृद्धिमा रूपान्तरण, अवरोधको पहिचान, समाधानको किटान र स्रोत साधनलाई मार्ग निर्देश गर्नु ।
- राजनीतिक दललगायत सबै सरोकारवालाहरूलाई सहभागी गराइ संवाद, सहकार्य र सहमतिको माध्यमबाट विकासमैत्री वातावरणको निर्माण र विकाससम्बन्धी सोंचमा समझदारी कायम गरी विकासको नयाँ लहर पैदा गर्नु ।

## १.६ आवधिक योजना तर्जुमाका आधार

आवधिक योजनाको उद्देश्य गाउँपालिकाको आर्थिक, सामाजिक क्षेत्रको विकास गरी जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनु रहेको छ । योजना कार्यान्वयनबाट गाउँपालिकाको आर्थिक, सामाजिक र वातावरणीय पक्षमा समेत सुधार गर्नु रहेको छ । योजना तर्जुमा गर्दा संविधानमा रहेका विभिन्न प्रावधान एवम् सङ्घ, प्रदेश र गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरण र संस्थागत पक्षसँग सम्बन्धित विभिन्न ऐन, नियम र नीतिमा ध्यान दिइएको छ । योजना र बजेट तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, वैदेशिक सहायताको परिचालन र राजस्वको परिचालन आदि विषयलाई समेत ध्यान दिई योजना तर्जुमा गरिएको छ । योजना तर्जुमाका आधार देहाय बमोजिम रहेका छन् ।

- नेपालको संविधान २०७२,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४,
- वातावरण संरक्षण ऐन २०७६,
- राष्ट्रिय भूमि नीति २०७५,
- भू-उपयोग नीति २०७२,
- वातावरण संरक्षण नियमावली २०७७,
- वातावरण मैत्री स्थानीय शासन प्रारूप २०७०,
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८,
- कृषि विकास रणनीति सन् (२०१५–२०३५),
- पन्धौं पञ्चवर्षीय योजना (आ.व. २०७६/०७७ - २०८०/८१),
- विद्यमान सङ्घ तथा प्रादेशिक नीति,
- लुम्बिनी प्रदेशको आवधिक योजना (आ.व. २०७६/७७ - २०८०/८१),
- दिगो विकास लक्ष्य सन् (२०१६–२०३०),
- केन्द्र र प्रादेशिक सरकारका मार्गनिर्देशन,
- स्थानीय तहको निर्वाचनमा सहभागी दलका घोषणापत्र,
- गाउँपालिका हाल सम्मका वार्षिक नीति तथा कार्यक्रमहरू ।

## १.७ आवधिक योजनाका निर्देशक सिद्धान्त

नेपालको संविधान २०७२ भाग १ धारा १४ मा "नेपालको अर्थतन्त्र समाजवाद उन्मुख हुने छ" भन्ने उल्लेख भएकाले गाउँपालिकाको आर्थिक विकासको नमुना पनि समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्नु हुने छ ।उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गरिने छ । नेपालको संविधान भाग ४ राज्यका निर्देशक सिद्धान्तसम्बन्धी धारा ५१ (घ) (१) अनुसार तीन खम्बे अर्थनीति अनुसरण गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहभागितामा गाउँपालिकाको अर्थतन्त्र सुदृढ गरिने छ ।

संविधानको भाग ४ धारा ५१ (घ) (२) अनुसार अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गर्दै गाउँपालिकाको समृद्धि हाँसिल गरिने छ । संविधानको भाग ४ धारा ५१ (घ) (३) अनुसार सहकारी क्षेत्रको प्रवर्द्धन गर्दै यसलाई गाउँपालिकाको आर्थिक विकासमा परिचालन गरिने छ । सङ्घीय र प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिकाको विकास निर्माण कार्यलाई अगाडि बढाइने छ ।स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ, विद्युत, सञ्चार र यातायात जस्ता सेवाहरूमा सबै व्यक्तिको सहज पहुँच पुऱ्याउन विभिन्न सरकार निजी क्षेत्र र समुदायसँग सहकार्य गरिने छ । आर्थिक-सामाजिक रूपले पछाडि परेका दलित, जनजाति, गरिब, एकल महिला, फरक क्षमता भएका र सीमान्तीय वर्गको सेवामा पहुँच वृद्धि गर्न, अवरोध पुऱ्याउने कारक तत्वहरु पत्ता लगाई सोको सम्बोधन गरी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिने छ । अन्तर्राष्ट्रिय प्रतिवद्धताअनुसार दिगो विकास लक्ष्य (वि.सं. २०१६-२०३०) प्राप्त गर्नेतर्फ रणनीति, कार्यनीति र कार्यक्रमहरू तय गरिने छ । समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोंचलाई यर्थाथमा बदल्ने कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

## १.८ पन्ध्रौं पञ्चवर्षीय योजनासँगको सम्बन्ध

पन्ध्रौं राष्ट्रिय योजनाका मुख्यतया तीनओटा उद्देश्यहरूः (१) सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिबृद्धि, उच्च, दिगो र समावेशी आर्थिक बृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु, (२) गुणस्तरीय स्वास्थ्य तथा सन्तुलित वातावरण, सामाजिक न्याय र गुणस्तरीय एवम् जबाफदेही सार्वजनिक सेवा कायम गरी सङ्घीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई मर्यादित र परिष्कृत जीवनयापनको अनुभूति गराउनु, (३) सामाजिक र आर्थिक रूपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्ने रहेका छन् । यी राष्ट्रिय उद्देश्यहरू समग्र देशका लागि तयार गरिएका हुनाले गाउँपालिकाको दोश्रो आवधिक बिकाश योजना योजनाले उक्त उद्देश्यहरू प्राप्त गर्न सघाउने र गाउँपालिकाका आवश्यकतालाई पनि सम्वोधन गर्दै समृद्धिको मार्ग तय गर्ने गरी आफ्ना दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रमहरू तय गरिएको छ ।

## १.९ लुम्बिनी प्रदेशको प्रथम पञ्चवर्षीय योजनासँगको सम्बन्ध

लुम्बिनी प्रदेशको प्रथम पन्चवर्षीय योजनाको मुख्य उद्देश्य सामाजिक न्यायमा आधारित रही अवसरको सिर्जना, उत्पादन वृद्धि, रोजगारी प्रवर्द्धन र गरिवी निवारण गर्नु रहेको छ । प्रदेशको उद्देश्य समग्र प्रदेशको लागि तयार गरिएको हुनाले गाउँपालिकाको दोश्रो आवधिक बिकाश योजना योजनाले उक्तउद्देश्य प्राप्त गर्न सघाउने र पालिकाका आवश्यकतालाई पनि सम्वोधन गर्दै समृद्धिको मार्ग तय गर्ने गरी आफ्ना दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रमहरू तय गरिएको छ ।

### १.१० सङ्घ, प्रदेश र स्थानीय तहको आवधिक योजनाबिचको अन्तरसम्बन्ध

नेपालको संविधान र कानुनमा व्यवस्था भएबमोजिम गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषयगत क्षेत्रलाई समेट्ने गरी आर्थिक, सामाजिक विकासका लागि आवधिक योजना तर्जुमा गरिएको छ । आर्थिक, सामाजिक लगायत विभिन्न विषयगत क्षेत्रहरूको स्थानीय स्तरका योजनालगायतका विषय समेटेर गाउँपालिकाको आवधिक योजना तर्जुमा गरिएको छ । योजना तर्जुमा गर्दा राष्ट्रिय योजना आयोगले तयार गरेको पन्ध्रौं पञ्चवर्षीय योजना र लुम्बिनी प्रदेशको प्रथम पञ्चवर्षीय योजनासँग अन्तरसम्बन्ध रहेको छ । जसलाई तल दिइएको चित्र नं. १ बाट स्पष्ट गरिएको छ :

### १.११ दीर्घकालीन सोंच, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमबिचको अन्तरसम्बन्ध

दीर्घकालीन सोंचअनुरूप आवधिक योजना, आवधिक योजनाअनुरूप मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र मध्यमकालीन खर्च संरचनाअनुरूप वार्षिक विकास कार्यक्रम तर्जुमा गर्नु आवश्यक हुन्छ । वार्षिक विकास कार्यक्रमले बजेट कार्यान्वयनबाट प्रतिफल हासिल गर्न तथा मध्यमकालीन खर्च संरचना र आवधिक योजनाको नतिजा हासिल गर्न सहयोग पुग्दछ । यसका लागि आवधिक योजना र मध्यमकालीन खर्च संरचनाले स्रोतको सुनिश्चितता र प्राथमिकता प्रदान गर्दछ ।

### १.१२ दिगो विकास लक्ष्यहरूको स्थानीयकरण

दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनको प्रमुख कार्यभार स्थानीय तहमा रहेको छ । दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण विभिन्न दृष्टिकोणले  महत्वप’’र्ण छ । पहिलो, सार्वजनिक सेवाहरू जसले दिगो विकासका लक्ष्यहरूको सामाजिक पक्षहरूमा मुख्य स्थान राख्दछन् तिनीहरू स्थानीय तहको जिम्मेवारीअन्तर्गत पर्दछन् । यस्ता सेवाहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य उपचार, पिउने पानीको आपूर्ति र सरसफाइ, कृषि, आधारभूत पूर्वाधारहरू र सामाजिक सुरक्षा जस्ता सेवाहरू पर्दछन् । दोस्रो, स्थानीय सरकारलाई संविधानद्वारा दिइएको राजस्वको तोकिएको अंशको अनिवार्य स्थानान्तरण र अरू स्रोतहरूको परिचालनको अधिकार हुने भएकाले स्थानीय सरकारसँग दिगो विकासका लक्ष्यहरूमा लगानी गर्न स्रोत साधनहरूको व्यवस्था हुने छ ।

तेस्रो, भौगोलिक रूपमा विकासको उपलब्धिहरूको असमान अवस्थालाई दृष्टिगत गर्दा दिगो विकासका लक्ष्यहरू कार्यान्वयन स्थानीय तहमा गरिन्छ । तबमात्र स्थानीय जनताको सक्रिय सहभागिता र प्रभावकारी सेवा प्रवाह सुनिश्चित हुन सक्दछ । चौंथो, कसैलाई पनि पछि पारिएको छैन भन्ने दिगो विकास लक्ष्यको मूल मन्त्रलाई दृष्टिगत गर्दै विकासका अवसरहरूमा समता सुनिश्चित गर्न गरिबी र अभावग्रस्त वडामाा लक्षित कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ । यस्तो काम राम्ररी तब सम्पादन गर्न सकिन्छ जब स्थानीय रूपमै सूचनाहरू उपलब्ध हुन्छन् र समकक्षी अनुगमन पनि गरिन्छ ।  यसर्थ, दिगो विकास लक्ष्यहरूको प्राप्तिका लागि स्थानीय तहको महत्वपुर्ण भूमिका रहेको छ । यसका लागि दिगो विकास लक्ष्यलाई आवधिक योजनामा स्थानीयकरण गरिएको छ ।

### १.१२.१ दिगो विकास लक्ष्यका सूचकहरू

नतिजामूलक अनुगमन तथा मूल्याङ्कनको प्रमुख आधार दिगो विकास लक्ष्यका सूचकहरू हुन् । आवधिक योजना र यसको नतिजा खाका, वार्षिक कार्यक्रम तथा बजेट र आयोजनाका दस्तावेज तथा सोंच तालिकामा विभिन्न तहका सूचकहरू समावेश गरिएका हुन्छन् । साथै ती सूचकलाई समय, समयमा मापन तथा प्रतिवेदनका लागि सूचनाका स्रोतहरू विकास गरिनुपर्दछ । नेपालले अन्तर्राष्ट्रिय रूपमा प्रतिबद्धता जाहेर गरेको दिगो विकास लक्ष्यलगायतका विभिन्न दस्तावेजहरूमा रहेका सूचकहरूको स्थिति सम्बन्धमा पनि नियमित सूचना लिने, प्रतिवेदन तयार गर्ने र ती सूचकहरू हासिल गर्न आवश्यक नीति, कार्यक्रम र स्रोत परिचालनका सम्बन्धमा पनि सुझाव दिइराख्नुपर्दछ । यसबाट ती सूचकहरू हासिल गर्न अनुकुल नीतिगत वातावरण तयार हुन जान्छ ।

संयुक्त राष्ट्रसंघबाट जारी भएको दिगो विकास लक्ष्य सन् २०३० सम्मका लक्षित विकासका लक्ष्य अन्तर्गत १७ ओटा लक्ष्य १६९ परिमाणात्मक लक्ष्य र २३४ ओटा विश्वव्यापी सूचक रहेका छन् । राष्ट्रिय योजना आयोगद्वारा दिगो विकास लक्ष्यअन्तर्गतका परिमाणात्मक लक्ष्यहरूको मापनका लागि विश्वव्यापी सूचकहरूले मात्र नपुग्नेदेखि नेपालको सन्दर्भलाई समेट्न सक्ने केही सूचकहरू थप गरिएका छन् । दिगो विकास लक्ष्यका सूचकहरू सन् २०१६ को स्थिति र सन् २०१९, २०२२, २०२५ र २०३० का लक्ष्यहरू समावेश गरी तयार गरिएको सूचकहरूको सूची आयोगबाट २०१७ डिसेम्बरमा प्रकाशित Sustainable Development Goals Status and Roadmap २०१६-२०३० नामक प्रतिवेदनमा समावेश गरिएको छ । साथै, उक्त प्रतिवेदनमा ती सूचकको नियमित अनुगमनका लागि सूचनाका स्रोतहरू, सूचनाको खण्डीकरणका तहहरू, प्रतिवेदन गर्नुपर्ने समय र जिम्मेवार निकायहरूसम्बन्धी व्यवस्था समावेश गरिएको छ ।

### १.१२.२ दिगो विकास लक्ष्यहरू

- **गरिबीको अन्त्य:** सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने ।
- **शून्य भोकमरी:** भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने ।
- **शारोग्यता तथा कल्याण:** स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको कल्याणको प्रवर्द्धन गर्ने ।
- **गुणस्तरीय शिक्षा:** सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने ।
- **सफा पानी तथा सरसफाइ:** सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने ।
- **खर्चले धान्नसक्ने स्वच्छ उर्जा:** सबैका लागि खर्चले धान्नसक्ने, भरपर्दो, दिगो तथा आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने ।
- **मर्यादित काम तथा आर्थिक वृद्धि:** सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने ।
- **उद्योग, नवीन खोज र पूर्वाधार:** बलियो पूर्वाधार निर्माण गर्ने, औद्योगिकीकरणलाई दिगो बनाउने तथा नवीन खोजलाई प्रोत्साहन गर्ने ।
- **न्यून असमानता:** देशभित्रै वा देशहरूबिच रहेको असमानतालाई न्यून गर्ने ।
- **दिगो सहर र समुदायहरू:** सहरहरूलाई समावेशी, सुरक्षित, सबल र दिगो बनाउने ।
- **जिम्मेवारपूर्ण उपभोग तथा उत्पादन:** दिगो उपभोग तथा उत्पादनको ढाँचा सुनिश्चित गर्ने ।

- **जलवायुसम्बन्धी कारवाहीः** जलवायु परिवर्तन तथा यसका प्रभावविरूद्ध लड्न तत्काल कारवाही थाल्ने
- **जलमुनिको जीवनः** समुद्र, महासागर र समुद्री स्रोतहरूको संरक्षण तथा दिगो प्रयोग गर्ने ।
- **जमिनमाथि जीवनः** वनको दिगो व्यवस्थापन गर्ने, मरूभूमिकरण विरूद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने ।
- **शान्ति, न्याय र सशक्त संस्थाहरूः** न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने ।
- **विश्वव्यापी साझेदारीः** दिगो विकासका लागि विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने ।

### १.१३ अध्ययन विधि

आवधिक विकास योजना तर्जुमाको लागि बृहत् जनसहभागिता, जनप्रतिनिधि, सरोकारवाला निकायसँगको छलफल र अन्तरक्रिया, स्थलगत अध्ययन, अवलोकन, लक्षित समूह छलफल, विभिन्न स्रोतबाट सङ्कलित सूचना, जानकारी एवम् तथ्याङ्कलाई विश्लेषण र नक्साङ्कन गरी योजना तयार गरिएको छ । विकासका हरेक चरणमा जनताको समान पहुँच र सहभागिता तथा समतामूलक प्रक्रियाबाट योजना तयार गरिएको छ ।

- कार्यको तयारी,
- पूर्व अध्ययनहरूको पुनरावलोकन,
- पूर्व कार्यशाला गोष्ठी,
- वडास्तरीय योजना तर्जुमा कार्यशाला गोष्ठी,
- प्राथमिक र द्वितीय तथ्याङ्क सङ्कलन,
- सबल, दुर्बल, अवसर र चुनौती विश्लेषण,
- स्थलगत अवलोकन, अध्ययन, अनुसन्धान, छलफल, अन्तरक्रिया, अन्तर्वार्ता र गोष्ठी,
- वस्तुस्थिति विश्लेषण गरी प्राथमिक र द्वितीय स्रोत (प्रोफाइल) तयारी,
- विषयगत क्षेत्रका कार्यशाला गोष्ठी,
- दीर्घकालीन सोंचसहितको योजना तर्जुमा कार्यशाला गोष्ठी,
- कार्यपालिकामा अन्तिम प्रस्तुतीकरण,
- दोश्रो आवधिक बिकाश योजना  गाउँपालिका विकास योजना अन्तिम तयारी

### १.१४ सबल, कमजोर, अवसर र चुनौती विश्लेषण

गाउँपालिकास्तरका समस्या, चुनौती, अवसर र सबल पक्षको समष्टिगत एवम् विषय/ क्षेत्रगत रूपमा पहिचान र विश्लेषण गरिएको छ। त्यही विश्लेषणको आधारमा आवश्यकता तथा प्राथमिकता सम्बोधन गरी रणनीति तय गरिएको छ । योजना निर्माणका दौरानमा वडा भेला तथा अन्तरक्रियाद्वारा स्थानीय तथा जनप्रतिनिधिहरूको साक्षात्कारका आधारमा सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीको बारेमा विश्लेषण गरिएको छ :

| सबल | कमजोर |
|---|---|
| • राजनीतिक स्थायित्व, गाउँपालिकामा स्पष्ट बहुमतको सरकार हुनु,<br>• पूर्वाधारमा सडक सञ्जाल बलियो हुनु,<br>• लिफ्टिङ्ग खानेपानी पूर्णरूपमा सफल हुनु,<br>• रिब्दिकोट मन्दिर, शिवधाम गुफा ,शिवभाटी गुफा ,मधुवनी सिद्धबाबा ,छुन्फांग ,रिशिंग ,रिब्दिकोटको कोट ,बेतन गुफा ,मौसमी टावर ,भवानी मन्दिर ,भवानी गुफा ,सन्सार्कोट लेक ,मणिमुकुन्द पार्क ,धुस्धुङ्ग,बेसार भन्ज्यांग,सतानाचुली ,साठिहाते झरना ,सिरुपाते भगवती मालिका हुनु,<br>• सहकारीमा अधिकांश जनताको पहुँच हुनु,<br>• खरका छाना विस्थापित भई जनता आवास निर्माण हुनु,<br>• गाउँपालिकाले आफ्नो पहिचानसहितको चिन्ह (लोगो) तयार गरी कार्यान्वयन हुनु,<br>• सबै घरधुरीमा विद्युतको पहुँच हुनु,<br>• कृषकलाई सहुलियत कर्जा उपलब्ध हुनु,<br>• शैक्षिक गुणस्तरका लागि अङ्ग्रेजी माध्यममा पठनपाठन सुरुवात हुनु,<br>• सुशासन प्रवर्द्धन गर्न हेलो मालारानी रेडियो कार्यक्रम प्रसारण हुनु,<br>• सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र जनताको बिचमा जनप्रतिनिधि जस्ता कार्यक्रम सञ्चालन हुनु ।<br>• गाउँपालिका सञ्चालनसम्बन्धी आधारभूत कानुन पारित भई कार्यान्वयन हुनु । | • गाउँपालिकाको संस्थागत क्षमता कमजोर हुनु,<br>• संविधानअनुसार तर्जुमा गर्नु पर्ने ऐन र कानुन आवश्यकता अनुसार हुन नसक्नु,<br>• गाउँपालिका, वडा र विषयगत शाखा सञ्चालन र कार्य सम्पादनका लागि आवश्यक भौतिक पूर्वाधार साथै, संस्थागत संरचना नहुनु,<br>• सिँचाइमा आकासे पानीको मात्र भर पर्नु,<br>• कृषि र पशुपंक्षीमा आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरण नहुनु,<br>• रसायन रहित खाद्यान्न र पशुपंक्षीजन्य उत्पादनमा स्वस्थ, गुणस्तरीय र पर्याप्त पोषकतत्व नहुनु,<br>• वैज्ञानिक भूमि र चक्लाबन्दी नहुनु,<br>• पर्यटकीय स्थलहरूको प्रचार-प्रसार नहुनु,<br>• वडामाा पर्याप्त बैङ्क नहुनु,<br>• उद्योग कलकारखाना नहुनु,<br>• विकास निर्माणका कार्य गर्न गाउँपालिकामा नदी तथा खोलाजन्य पदार्थ नहुनु,<br>• गाउँपालिका स्तरमा रुटका यातायातका साधन उपलब्ध नहुनु,<br>• गाउँपालिकामा भएका विकासको प्रचार-प्रसारमा कमी हुनु । |

| अवसर | चुनौती |
|---|---|
| • स्थानीय सरकार भएकाले कानुन तर्जुमा र कार्यक्रम कार्यान्वयन गर्न अवसर हुनु,<br>• राजनीतिक स्थायित्व कायम हुनु, गाउँपालिकामा रहेका सबै राजनीतिक दल समृद्धिको लागि एकताबद्ध हुनु,<br>• कृषि र पशुपंक्षी उत्पादन र उत्पादकत्व वृद्धिका प्रशस्त सम्भावना रहनु,<br>• गाउँपालिकाको सबै वडामाा बाखाको प्रचुर सम्भावना हुनु,<br>• रणनीतिक महत्वका  गुल्मी बुटवल सडकगाउँपालिका भएर जानु,<br>• गाउँपालिकाभित्र एक ओटा स्नातक तहसम्मको शैक्षिक संस्था हुनु,<br>• आन्तरिक पर्यटन प्रवर्द्धनका लागि पर्यटकीय स्थलहरूमा पुग्ने सडक तथा यातायातको पहुँच हुनु,<br>• १० शैयाको आधारभूत अस्पताल प्रक्रियामा अवस्थामा हुनु । | • राजस्वको दायरा बढाउन, आर्थिक स्रोतको वृद्धि तथा परिचालन गर्नु,<br>• जनप्रतिनिधिसँग उच्च जनअपेक्षा हुनु,<br>• सार्वजनिक प्रशासनलाई वैज्ञानिक, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्नु,<br>• कृषि र पशुपंक्षीजन्य उत्पादनलाई भण्डारण तथा बजारीकरणको व्यवस्थापन गर्नु,<br>• दाइजो र बालविवाह जस्ता कुरीतिप्रथा जीवितै हुनु,<br>• महिला र बालबालिकामा स्वास्थ्य तथा कुपोषणको अवस्था कमजोर हुनु,<br>• वन क्षेत्रमा अत्यधिक डढेलो लाग्नु,<br>• छरिएको बस्ती हुनु । |

# परिच्छेद दुई
# गाउँपालिकाको समस्टिगत दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

## २.१ पृष्ठभूमि

सङ्घीय शासन प्रणालीअनुरूप सङ्घीय र प्रदेश सरकारले अवलम्बन गरेका समष्टिगत आर्थिक नीति र दीर्घकालीन सोंचसँग हुने गरी दोश्रो आवधिक बिकाश योजना योजना तर्जुमा गरिएको छ । गाउँपालिकाको आवधिक विकास योजना आ.व.२०७८/७९-२०८२/८३ मा अपेक्षित विकासको लक्ष्य हासिल गर्नका लागि दीर्घकालीन सोंच निर्धारण गर्नुपर्ने हुन्छ । दीर्घकालीन सोंच सामान्यतः आवधिक योजना अवधि भित्रमा प्राप्त हुने अवस्थामात्र नभई दुई/तीन दशक अवधिसम्मको आदर्श कल्पनाका रूपमा निर्धारण गरिएको हुन्छ । दोश्रो आवधिक बिकाश योजना विकास योजनाले लिएको दीर्घकालीन सोंच र समयको परिवर्तनसँगै विकासका नयाँ सिद्धान्त, सम्भावना र समस्याहरूलाई समेत सम्बोधन गर्नका लागि पन्ध्रौ पञ्चवर्षीय योजनाको दीर्घकालीन सोंच समृद्ध नेपाल, सुखी नेपाली समेतलाई ध्यानमा राखिएको छ ।

दीर्घकालीन सोंच निर्धारण गर्दा जनप्रतिनिधि, राजनीतिक दललगायत सरोकारवालाहरूको आम सहमतिका आधारमा तयार गरिएको छ । यसमा सङ्घीय गणतन्त्रात्मक शासन व्यवस्थाले निर्दिष्ट गरेको विकासको मार्ग र निर्वाचनका बेला राजनीतिक दलहरूले जनताका बिचमा गरेको प्रतिबद्धता अन्तर्निहित रहेका छ । नागरिकको समृद्धि र समुन्नतिका अपेक्षा तथा जनप्रतिनिधिका प्रतिबद्धता पूरा गर्न विकासका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना कार्यान्वयन गर्ने नीतिगत मार्ग चित्रसहितको दीर्घकालीन सोंच रहेको छ । पहिलो पाँच वर्षभित्रमा विकासका लागि आधार तय गर्ने, वि.सं. २०९०सम्ममा सम्पूर्ण नागरिकको गरिबी निवारण गर्दै दिगो विकासका लक्ष्य हासिल गर्ने तथा मध्यम आयस्तर भएको गाउँपालिकामा स्तरोन्नति गर्ने र वि.सं. २१०५सम्ममा समृद्ध गाउँपालिकाको अवस्थामा पुऱ्याउन २५ वर्ष अवधिको दीर्घकालीन सोंच तयार गरिएको छ ।

## २.२ दीर्घकालीन सोंचको मार्ग चित्र

गाउँपालिका विकासको मार्ग चित्र कृषि, पर्यटन र सहकारीमार्फत समृद्धि हुने रहेको छ । विकासमा वडा स्तरीय सन्तुलन, दिगो प्राकृतिक स्रोत र साधनको संरक्षण, सम्बर्द्धन र उपयोग गर्दै समावेशी तथा समान अवसरको सिर्जना गर्नु पर्नेछ । स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको परिचालनबाट तीव्र विकास गर्दै स्थानीय जनतालाई आत्मनिर्भर बनाई समृद्ध गाउँपालिका निर्माण गर्ने मार्गचित्र निर्धारण गरिएको छ । बाखापालन र पर्यटन क्षेत्रको प्रचुर सम्भावना रहेको छ । बाखा ब्रान्ड र पर्यटकीय स्थलहरूको पूर्वाधारमा प्रवर्द्धन गर्दै आर्थिक समृद्धि गर्ने सोंच आवधिक योजनाले लिएको छ । कृषि, पशुपंक्षी र पर्यटन क्षेत्रबाट आर्थिक लाभ लिई सबै नागरिकलाइ स्वरोजगार र आत्मनिर्भर बनाइ आवधिक योजनाको अन्तिमसम्ममा एक घर एक फार्मको माध्यमबाट बेरोजगार मुक्त गाउँपालिका साथै, दीर्घकालीन सोंचको अन्तिमसम्ममा गरिबी मुक्त गाउँपालिका घोषणा गर्ने सोंच लिइएको छ ।

संविधानले शिक्षा, स्वास्थ्य तथा पोषण, रोजगारी, आवास, खाद्य सुरक्षा, सामाजिक सुरक्षालगायत आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय अधिकारहरूलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । महिला, दलित, जनजाति, सीमान्तकृत लगायतका पछाडि परेका वर्ग तथा समुदायलाई स्थानीय तहका संरचनामा सहभागी गराउने समावेशी व्यवस्था, खाद्य अधिकार र

खाद्य सम्प्रभुताको व्यवस्था, जनतालाई सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, स्वच्छ वातावरणको हक, शोषण र विभेदबाट मुक्ति, शिक्षा, स्वास्थ्य, खाद्य, आवास, रोजगारी, सामाजिक न्याय, सामाजिक सुरक्षा जस्ता विषयहरूलाई प्रत्याभूत गर्न समाजवाद उन्मुख दिगो विकास निर्माणमा दीर्घकालीन सोंच केन्द्रित रहेको छ ।

गाउँपालिकामा बहुविशेषतायुक्त मानिसको बसोबास रहेको छ । यिनै विशेषतालाई ध्यान दिँदै विकासको प्रारूपमा विविधता ल्याउनु आवश्यक छ । सङ्घ र प्रदेशबाट आर्थिक लाभ लिने गरी विकासलाई अगाडि बढाउन आवश्यक रहेको छ । दिगो उत्पादन र उत्पादकत्व बढाउने गरी आवधिक योजना कार्यान्वयन गर्दै आर्थिक समृद्धितर्फ उन्मुख हुने छ ।

विकाससम्बन्धी नीति स्थानीय जनताको आवश्यकतामा आधारित रहने छन् । सबैलाई समान अवसर, समान अधिकार र सामाजिक न्यायको प्रत्याभूति गरिने छ । लोकतान्त्रिक गणतन्त्रात्मक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख विकास निर्माणमा सार्वजनिक, निजी र साझेदारी (सानिसा) क्षेत्रको महत्वपुर्ण भूमिका रहने छ । विकासका कार्य पूरा गर्नका लागि सार्वजनिक, निजी र साझेदारी साथै, सहकारीको लगानीलाई प्रोत्साहित गर्दै गाउँपालिकाको विकास गरिने छ । दीर्घकालीन सोंचअन्तर्गत समृद्ध गाउँपालिकाको आधार तय गर्न लक्ष्यहरूलाई तीन चरणमा विभाजन गरिएको छ ।

पहिलो चरण समृद्धिको आधार निर्माणको महत्वपुर्ण चरण हुने छ । यस चरणमा दिगो विकासका लागि आर्थिक, सामाजिक र भौतिक पूर्वाधार तयार गर्नुपर्ने हुन्छ । कृषि, पशुपंक्षी, पर्यटन, सडक, खानेपानी तथा सरसफाइ र सिँचाइका क्षेत्रमा दिगो विकासको लागि ठुलो लगानी गर्नुपर्ने आवश्यकता छ । आवधिक योजनाभित्र गुणस्तरीय पूर्वाधार निर्माण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नमा गाउँपालिकाको प्रमुख भूमिका रहने छ । विद्यमान शिक्षा प्रणालीलाई सुधार गरी समान पहुँचसहितको गुणस्तरीय शिक्षा प्रणाली अवलम्बन गरिने छ । आवधिक योजनाले समृद्धि र दिगो उत्पादनको आधारशीला तय गर्ने छ ।

दोस्रो चरणमा नागरिकको गरिबी निवारण गर्दै दिगो विकासका लक्ष्य हासिल गर्ने तथा मध्यम आयस्तर भएको गाउँपालिकामा स्तरोन्नति हुने छ । दोश्रो आवधिक बिकाश योजना योजनापश्चात् एक ओटा पञ्चवर्षीय योजना कार्यान्वयनमा आउने छ । प्रथम योजनाले निर्माण गरेका विकासका आधारको जगमा कृषि र पशुपंक्षीको उत्पादन साथ, पर्यटनमा वृद्धि गर्दै गरिबी निवारण गरिने छ । यस क्रममा उत्पादनको वृद्धिसँगै प्राप्त उपलब्धिलाई संस्थागत गरिने छ । यस अवधिको (वि.सं. २०९०) अन्त्यसम्ममा मध्यम आय भएको गाउँपालिकाको रूपमा रूपान्तरित भई स्तरोन्नति हुने छ ।

तेस्रो चरणमा समृद्धिको दिगोपना हासिल गर्ने चरण हुने छ । यस चरणमा दीर्घकालीन सोंच अवधिका बाँकी तीन पञ्चवर्षीय योजना कार्यान्वयनमा आउने छन् । दीर्घकालीन सोंच अवधिको अन्त्यसम्ममा दिगो उत्पादन, पूर्ण आत्मनिर्भर, निर्यात प्रवर्द्धन, सामाजिक न्याय र समृद्ध हुने छ । साथै, गरिब मुक्त गाउँपालिका र आर्थिक असमानता न्यूनीकरण गर्दै वि.सं. २१०५ सम्ममा गाउँपालिका समाजवादतर्फ उन्मुख हुने छ ।

## २.३ दीर्घकालीन सोंच

कृषि, पर्यटन र सहकारीः समृद्ध रिब्दिकोट ।

## २.४ गाउँपालिका लक्ष्य

(१) कृषि र पशुपंक्षीको व्यावसायिक उत्पादनबाट आत्मनिर्भर हुने ।

## २.५ गाउँपालिका उद्देश्य

- कृषि र पशुपंक्षीको व्यावसायिक उत्पादन, बजारीकरण, रोजगारी अभिवृद्धि, आर्थिक वृद्धि र गरिबी निवारण गर्दै आमनागरिकको जीवनस्तरमा सुधार गर्नु ।
- शिक्षा, स्वास्थ्य तथा पोषण र सामाजिक सुरक्षामा गुणस्तरीय सुधार गर्दै समतामूलक समाजको विकास गर्नु ।
- भौतिक पूर्वाधारका संरचना दिगो निर्माण गर्नु ।
- जलवायु अनुकुलन गर्दै वन, वातावरण र जडीबुटीको संरक्षणका लागि अभियानका रूपमा वृक्षारोपण गर्नु ।
- सङ्घ, प्रदेश, विकास साझेदारनिकाय र गाउँपालिकाबिचमा समन्वय र सहकार्य गरी सन्तुलित दिगो विकासमा परिमाणात्मक र गुणात्मक सुधार गर्नु ।

## २.६ गाउँपालिका रणनीति

- कृषिको दिगो उत्पादन र उत्पादकत्व वृद्धि गरी आत्मनिर्भर हुने ।
- बाखापालनलाई मिसन आयोजनाका रूपमा कार्यान्वयन गर्ने ।
- गुणस्तरीय, सुलभ शिक्षा र स्वास्थ्य तथा पोषणमा पहुँच पुऱ्याउने ।
- दिगो पूर्वाधार विकास गर्ने ।
- जलवायु परिवर्तन, विपद् व्यवस्थापन, दिगो विकास र वातावरणमैत्री भौतिक पूर्वाधारमा जोड दिने ।
- गाउँपालिका, वडा, विषयगत शाखा, उपभोक्ता समिति र मानवस्रोतको संस्थागत क्षमता र सुशासन अभिवृद्धि गर्दै सहभागितामूलक योजना तर्जुमा कार्यान्वयन र नतिजामुखी अनुगमन-मूल्याङ्कनमा विशेष जोड दिने ।
- सङ्घ, प्रदेश र विकास साझेदार निकायहरूलाई आवधिक योजनाले तय गरेका योजनामा लगानी गर्न पहल गर्ने ।

## २.७ गाउँपालिका कार्यनीति

- कृषि क्षेत्रको व्यावसायीकरणका माध्यमबाट दिगो उत्पादन र उत्पादकत्व वृद्धि गरिने छ ।
- प्राङ्गारिक तरकारी खेतीको विकास गरी मूल्य अभिवृद्धि श्रृङ्खलामा आबद्ध गरिने छ ।
- फलफूलमा (सुन्तला र कागतीखेती) लाई व्यावसायिक गरिने छ ।
- बाखा मिसन आयोजनालाई व्यावसायीकरण गर्दै लगिनेछ ।
- पर्यटन क्षेत्रका पूर्वाधारको दिगो विकास गरी प्रचार-प्रसार गरिने छ ।
- सबै नागरिकलाई सहकारीमा जोडिने छ ।
- स्थानीय स्रोत, साधन, सिप र श्रममा आधारित उद्योगहरूलाई प्रोत्साहन गर्दै युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिने छ ।

- शिक्षा, स्वास्थ्य तथा पोषण र सामाजिक सुरक्षामा पहुँच र गुणस्तरीयता वृद्धि गरिने छ ।
- गाउँपालिकामा रहेका मुख्य सडकको चौडाई ६ मिटर कायम गरिने छ ।
- सबै वडाका सडकको दिगो विकास, विस्तार र स्तरवृद्धि गरी पाँच वर्षमा १ सय कि. मि. सडक कालोपत्रे गरिने छ ।
- शुद्ध खानेपानी व्यवस्थाका लागि एक घर, एक धाराको अभियान कार्यान्वयन गरिने छ ।
- वृक्षारोपणलाई अभियानका रूपमा कार्यान्वयन गरिने छ ।
- भौतिक पूर्वाधार निर्माण गर्दा दिगो वातावरणीय सन्तुलन कायम गरिने छ ।
- स्थानीय शासनलाई जनमुखी, उत्तरदायी र पारदर्शी बनाउनका लागि सामाजिक जवाफदेहिता, विधि तथा प्रक्रियाको पालना र नतिजामुखी अनुगमनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।
- पाँच वर्षको अवधिमा एक ओटा वडालाई स्मार्ट वडा बनाइने छ ।
- अनुदान वितरण प्रणालीलाई उत्पादनशील र पारदर्शी रूपमा उपयोग गर्न अनुदान कार्यविधि तयार गरी कार्यान्वयन गरिने छ ।
- आवधिक योजना कार्यान्वयनका लागि विकासका साझेदार निकायहरूसँग नियमित गोष्ठी गरिने छ ।
- वि.सं. २०८५ सम्ममा काठको पोल मुक्त, खरको छानो मुक्त, संस्थागत प्रसूति, पूर्णसरसफाइ उन्मुख, पोषणमैत्री र बालमैत्री गाउँपालिका घोषणा गरिने छ ।
- वैकल्पिक सिकाई प्रणाली (अनलाईन माध्यम) लाई प्रवर्द्धन र कार्यान्वयन गरिने छ ।
- सबै विषयगत क्षेत्रहरूको वस्तुस्थिति विवरण (प्रोफाइल), सडक गुरुयोजना, पर्यटन गुरुयोजना, भू-उपयोग योजना, ८ ओटा साना बजार विकास योजना तयार, सम्भाव्यता अध्ययन, अध्ययन-अनुसन्धान, विस्तृत परियोजना प्रतिवेदन तयारी कार्यहरू आवधिक योजनाको पहिलो वर्षमा कार्यान्वयन गरिने छ ।

## २.८ समष्टिगत आर्थिक लक्ष्य र खाका

### २.८.१ आर्थिक वृद्धिदर

गाउँपालिका नीतिगत स्थायित्वको दिशामा अगाडि बढेसँगै विकास तथा आयोजनाको सुशासनमा उल्लेख्य रूपमा सुधार भई निर्माणाधीन अधिकांश योजना र कार्यक्रम सम्पन्न भएका हुने छन् । कृषि र पशुपंक्षी उत्पादनमा उल्लेख्य वृद्धि भई अर्थतन्त्रका समग्र क्षेत्रमा कृषि र पशुपंक्षीको खपत तथा उपयोगमा वृद्धि र प्रभावकारी कार्यान्वयन भएको हुने छ । उल्लिखित प्रयासहरूबाट कृषि, पशुपंक्षी, सेवा र उद्यमशीलता क्षेत्रको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि भई आर्थिक वृद्धि हुने अनुमान गरिएको छ । आर्थिक विकास हासिल गर्न लगानी र उत्पादनमा वृद्धि, श्रमशक्तिको उत्पादनशील उपयोग, कृषि, पशुपंक्षी, प्राकृतिक सम्पदा, जडीबुटी लगायतका प्राकृतिक स्रोत-साधनको दिगो परिचालन गरिने छ । गाउँपालिकाको शासन प्रणाली प्रभावकारी कार्यान्वयनबाट आर्थिक विकासमा गतिशीलता आउनुका साथै, कोसेली घर, निजी, सहकारी र साझेदारी क्षेत्रको सहकार्यबाट आर्थिक विकास तीब्रगतिमा हुने छ । आर्थिक वृद्धिका लागि कृषि, पशुपंक्षी, पर्यटन प्रवर्द्धन, सहकारी, वन तथा जडीबुटी, स्थानीय उत्पादनमा आधारित साना तथा घरेलु उद्योग,

पूर्वाधार, शिक्षा र स्वास्थ्य प्रमुख क्षेत्र हुन् । यी, क्षेत्रमा भएको लगानीको कारण अर्थतन्त्रका अन्य क्षेत्रमा समेत सकारात्मक प्रभाव पर्न गई दिगो आर्थिक विकासको लक्ष्य पूरा हुने छ ।

### २.८.२ लगानीको आवश्यकता र स्रोत

स्थानीय तहको निर्वाचन भएपश्चात् गाउँपालिका विकास, स्थायित्व र समृद्धिको दिशातर्फ अघि बढेअनुरूप सुशासन कायम भएको छ । कार्यक्रम निर्धारित समय र लागतमा सम्पन्न भएका छन् । विवादरहित, लक्षित पूँजीगत खर्च उपलब्धि हासिल हुने वातावरणको सिर्जना हुन सक्ने अपेक्षा गरिएको छ । विगत २ आ.व.मा कृषि, पशुपक्षी, सहकारी, फलफूल, पूर्वाधार र साना सिँचाइ क्षेत्रका कार्यक्रमहरू केही सम्पन्न भएका छन् । स्थानीय तहको अधिकार क्षेत्रबमोजिम सार्वजनिक खर्चमा उल्लेख्य वृद्धि भएको छ । सार्वजनिक खर्चको लागत कटौती तथा उत्पादनमा अभिवृद्धि भई पूँजीको उत्पादकत्वमा वृद्धि हुने अनुमान गरिएको छ । यसका लागि कृषि, पशुपंक्षी, सहकारी, फलफूल, साना तथा मझौला घरेलु उद्योग, सेवा क्षेत्र तथा विद्युतीय शासनको अवलम्बनसहित आर्थिक विकासका

लागि व्यावसायीकरण, यान्त्रिकीकरण र आधुनिकीकरण गर्नु आवश्यक रहेको छ । नोटः लगानीको आवश्यकता र स्रोतः गाउँपालिकामा तथ्याङ्क नभएकाले प्रस्तुत गर्न सकिएन ।

### २.८.३ सार्वजनिक स्रोत व्यवस्था

सार्वजनिक सेवा प्रवाह र तीव्र विकासको लक्ष्य तथा दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा अग्रसर हुन गाउँपालिकाको लगानी तथा खर्चको  महत्वपूर्ण भूमिका हुन्छ । घर परिवार, निजी, सहकारी तथा साझेदारी क्षेत्रको लगानी आकर्षण गरी आवधिक योजनाको निर्धारित लक्ष्य हासिल गर्नसमेत सार्वजनिक खर्चको आवश्यकता पर्दछ ।

नोटः सार्वजनिक स्रोत व्यवस्थाः गाउँपालिकामा तथ्याङ्क नभएकाले प्रस्तुत गर्न सकिएन ।

### २.८.४ अन्तर सरकारी वित्त

वित्तीय सङ्घीयता संविधान, कानुन बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहले कार्य जिम्मेवारी पूरा गर्न र आवश्यक स्रोत परिचालनसहितको अधिकार प्रयोगका लागि आवश्यक हुन्छ । संविधानको धारा ५७ बमोजिम राज्यशक्तिको प्रयोग र अनुसूची ५, ६, ७, ८ र ९ बमोजिमका एकल र साझा अधिकार प्रदान गरी तीन तहलाई कार्य जिम्मेवारी तोकेको छ । यी, जिम्मेवारी पूरा गर्न कराधिकारबाहेक प्रदेश र स्थानीय तहलाई सङ्घीय सञ्चित कोषबाट र स्थानीय तहलाई प्रदेश सञ्चित कोषबाट राजस्व बाँडफाँडसहित वित्तीय सामानीकरण, सशर्त, समपूरक र विशेष अनुदानबाट वित्तीय हस्तान्तरणमार्फत् स्रोत उपलब्ध गराउनुपर्ने व्यवस्था संविधानको धारा ६० ले व्यवस्था गरेको छ । तीन तहका सरकारले घाटा बजेट प्रस्तुत गर्न पाउने भएकाले वित्त व्यवस्थापनका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था रहेको छ । पारदर्शी र न्यायपूर्ण वित्तीय हस्तान्तरण गर्दै वित्तीय संस्थागत गर्ने, सन्तुलित र समन्यायिक ढङ्गमा प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास गर्दै समृद्धिको आधार सिर्जना गर्ने गरी अन्तर सरकारी वित्त व्यवस्थापन गर्नमा योजना केन्द्रित रहेको छ ।

### २.८.५ स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधार

नेपालको संविधान, २०७२ कार्यान्वयनलाई प्रमुख आधार लिँदै आवधिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न स्थानीय स्रोत साधनको आँकलन गरिएको छ । दिगो उत्पादन, विकास र समृद्धिको आधार निर्माण गर्न, सार्वजनिक, निजी र सहकारी क्षेत्रबिचको सहकार्य तथा परिपूरक भूमिका निर्वाह गर्न, एवम् सङ्घ, प्रदेश र स्थानीय तहबिचको सहमति र सहकार्यबाट अर्थतन्त्रमा उल्लेखनीय परिवर्तन ल्याउने गरी वार्षिक राजस्वको अनुमान गरिएको छ । योजनाले निर्धारण गरेका रूपान्तरणका संवाहक क्षेत्रमा आवश्यक स्रोत साधनको बाँडफाँड गरिएको छ । समुदाय स्तरका कार्यक्रम वडा तहबाट नै सम्पन्न गर्नेगरी स्रोतको आँकलन तथा बाँडफाँड गरिएको छ । निर्वाचनपछि विकास निर्माणलाई पूर्णता दिन, आधारभूत पूर्वाधार निर्माण तथा प्रवर्द्धन गर्न, दिगो विकास लक्ष्य हासिल गर्नको लागि स्रोत बाँडफाँड गरी योजना तयार गरिएको छ ।

आवधिक योजनाले लिएको समृद्धिको लक्ष्य हासिल गर्न सार्वजनिक लगानीलाई कृषि तथा पशुपंक्षी, पर्यटन, सहकारी, वन तथा जडीबुटी, साना घरेलु उद्योग, उद्यमशीलता, दिगो पूर्वाधार निर्माण, अध्ययन, अनुसन्धान, परामर्श र सहजीकरणमा लगानी केन्द्रित गरिएको छ । उपभोक्ताको सहकार्यमा रोजगारी सिर्जना हुने छ । सार्वजनिक निजी साझेदारीमार्फत योजनालाई प्राथमिकता गरिएको छ । उत्पादन क्षेत्रको व्यावसायीकरण, प्रविधिमैत्री साथै, आधुनिकीकरण, बाख्रापालन, फलफूल (सुन्तला, खुर्सानी  र कागती) उत्पादन, पर्यटन पूर्वाधार क्षेत्रमा लक्षित हुने अनुमान गरिएको छ । कृषि तथा पशुपंक्षी उत्पादनमूलक क्षेत्र, साना तथा मझौला घरेलु उद्योग र ग्रामीण विकासमा सहकारी तथा सामुदायिक क्षेत्र उपभोक्ता परिचालित हुने छ । विकास निर्माणका कार्यमा ५० प्रतिशत मानव पूँजी प्रयोग र सोको उच्चतम उपयोगले उत्पादकत्व अभिवृद्धि, उच्च रोजगारी आधारनिर्माण र समृद्धिको अनुभूति हुने अपेक्षा गरिएको छ । ५० प्रतिशत पूर्वाधार कार्य यान्त्रिकबाट गरिने छ । स्वरोजगार, पर्यावरण संरक्षण, आन्तरिक पर्यटनमा वृद्धि न्यायपूर्ण समाज निर्माण र सुखको अनुभूति हुने अपेक्षा गरिएको छ । सुशासन, सङ्घीय लोकतान्त्रीक गणतन्त्रात्मक एकतालाई थप सुदृढ बनाउने गरी सार्वजनिक, निजी तथा सहकारी र सामुदायिक क्षेत्रलाई परिचालनको आधार बनाइने छ ।

### २.९  दोश्रो आवधिक बिकाश योजना  योजनाका परिमाणात्मक लक्ष्य, गन्तव्य, उपलब्धि र सूचक

आवधिक योजनाले पाँच वर्षमा हासिल गर्न विकासका लक्ष्यहरूको सूचक तय गरेको छ । यी सूचकहरू पन्ध्रौं पञ्च वर्षीय योजना, लुम्बिनी प्रदेशको  दोश्रो आवधिक बिकाश योजना  योजना, दिगो विकास लक्ष्य र गाउँपालिकाको यथार्थ अवस्थालाई आधार मानी निर्धारण गरिएको छ । लक्ष्य र सूचकहरूले गाउँपालिकामा वार्षिक रूपमा विकासको अवस्था हासिल गर्न पनि सहयोग पुग्ने छ ।

**तालिका नं. १ : आवधिक योजनाका परिमाणात्मक लक्ष्यहरू**

| क्र.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०८१/८२ को यथार्थ | आ.व. २०८५/८६ को लक्ष्य | पुस्टयाइँका स्रोत |
|---|---|---|---|---|---|
| **क.** | **आर्थिक विकास क्षेत्र** | | | | |
| १ | कृषि बिमा | प्रतिशत | १ | २५ | गाउंपालिका, कृषि शाखा |
| २ | पशुपंक्षी बिमा | प्रतिशत | २ | ५० | गाउंपालिका, पशुसेवा शाखा |
| ३ | बाखा सङ्ख्या | सङ्ख्या | २१७७५ | ५०००० | गाउँपालिका, कृषि र पशुसेवा शाखा |
| ४ | बाखा फाम | सङ्ख्या | १९ | २०० | गाउँपालिका, कृषि र पशुसेवा शाखा |
| ५ | कृषि तथा पशुपंक्षी फार्म | सङ्ख्या | १५४ | ३०० | गाउँपालिका, कृषि र पशुसेवा शाखा |
| ६ | कृषि तथा पशुपंक्षी समूह | सङ्ख्या | ५ | ५० | गाउँपालिका, कृषि र पशुसेवा शाखा |
| ७ | नश्ल सुधारको लागि बोका वितरण | सङ्ख्या | ४० | १०० | गाउँपालिका, कृषि र पशुसेवा शाखा |
| ८ | नश्ल सुधारका लागि राँगा वितरण | सङ्ख्या | २१ | १०० | गाउँपालिका, कृषि र पशुसेवा शाखा |
| ९ | कोल्ड स्टोर ( निर्माणाधीन) | सङ्ख्या | १ | ३ | गाउँपालिका, कृषि शाखा |
| १० | कृषि हाटबजार | सङ्ख्या | ० | ८ | गाउँपालिका, कृषि शाखा |
| ११ | पशुपंक्षी हाटबजार | सङ्ख्या | ० | ८ | गाउँपालिका, कृषि शाखा |
| १२ | बैङ्कको शाखा (क र ख वर्ग) | सङ्ख्या | २ | ३ | गाउँपालिका, कृषि शाखा |
| १३ | आन्तरिक तथा बाह्य पर्यटक आगमन | सङ्ख्या | ५०००० | १००००० | गाउँपालिका |
| १४ | पर्यटकीय स्थल, मठ मन्दिर, पूर्वाधारको संरक्षण, प्रवर्द्धन र विकास | प्रतिशत | ५० | १०० | गाउँपालिका |
| १५ | होमस्टे (सामुदायिक र निजी | सङ्ख्या | ० | ४ | गाउँपालिका, प्राविधिक शाखा |
| १६ | पर्यटन पदमाग | सङ्ख्या | ० | ५ | गाउँपालिका |
| १७ | खानी तथा खनिज सम्पदा क्षेत्रको सम्भाव्यता अध्ययन | सङ्ख्या | ० | ३ | गाउँपालिका |
| १८ | खानी उत्खनन् | सङ्ख्या | ० | १ | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | औद्योगिक ग्रामको स्थापना | सङ्ख्या | ० | १ | गाउँपालिका |
| | **सामाजिक विकास क्षेत्र** | | | | |
| २० | ३० मिनेटको दुरीमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने परिवार | प्रतिशत | – | ७५ | गाउँपालिका, स्वास्थ्य शाखा |
| २१ | स्वास्थ्य बिमामा आबद्ध घरपरिवार | प्रतिशत | – | | गाउँपालिका, स्वास्थ्य शाखा |
| २२ | स्वास्थ्य बिमा गर्ने कार्यकता | सङ्ख्या | – | | गाउँपालिका, स्वास्थ्य शाखा |
| २३ | ० देखि २३ महिनाको वृद्धि अनुगमनमा दर्ता भएक | प्रतिशत | ६७.५ | ९० | गाउँपालिका, स्वास्थ्य शाखा |
| २४ | १२ देखि २३ महिनाको वृद्धि अनुगमनमा दर्ता भएका | प्रतिशत | ५३.९ | १०० | गाउँपालिका, स्वास्थ्य शाखा |
| २५ | १ घण्टाभित्र स्तनपान सुरु गरेको बच्चा | प्रतिशत | ४५.८ | ९० | गाउँपालिका, स्वास्थ्य शाखा |
| २६ | जम्मा प्रसूतिको कम तौल भएको जीवित बच्चा | प्रतिशत | ० .७६ | ० | गाउँपालिका, स्वास्थ्य शाखा |
| २७ | प्रोटोकलअनुसार पहिलो ANC चेकजाँच गन | प्रतिशत | ४६.८ | १०० | गाउँपालिका, स्वास्थ्य शाखा |
| २८ | कम्तीमा एक पटक ANC जाँच गन | प्रतिशत | ६०.४ | १०० | गाउँपालिका, स्वास्थ्य शाखा |
| २९ | प्रोटोकल अनुसार तीन पटक PNC जाँच गन | प्रतिशत | ० .७४ | ८० | गाउँपालिका, स्वास्थ्य शाखा |
| ३० | प्रोटोकल अनुसार चार पटक गर्भजाँच र स्वास्थ्य संस्थामा सुत्केरी गराउन | प्रतिशत | ३३.७ | १०० | गाउँपालिका, स्वास्थ्य शाखा |
| ३१ | गर्भवती समयमा १८० आइरन फोलिकएसिड लिन | प्रतिशत | ३० | १०० | गाउँपालिका, स्वास्थ्य शाखा |
| ३२ | ANC वापतको प्रोत्साहन भत्ता लिन | प्रतिशत | ९८ | १०० | गाउँपालिका, स्वास्थ्य शाखा |
| ३३ | सुत्केरी भत्ता लिन | प्रतिशत | १०० | १०० | गाउँपालिका, स्वास्थ्य शाखा |
| ३४ | दक्ष प्रसूतिकर्मीबाट जन्मने बच्चा | प्रतिशत | १९.५ | १०० | गाउँपालिका, स्वास्थ्य शाखा |
| ३५ | संस्थागत प्रसूति | प्रतिशत | १९.५ | १०० | गाउँपालिका, स्वास्थ्य शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६ | टेलीमेडिसिन परामर्श सेवा | सङ्ख्य | – | ८ | गाउँपालिका, स्वास्थ्य शाखा |
| ३७ | आधारभूत स्वास्थ्य केन्द्र स्तरोन्नती गरी स्वास्थ्य चौकी बनाउन | सङ्ख्य | – | ३ | गाउँपालिका, स्वास्थ्य शाखा |
| ३८ | खोपकेन्द | सङ्ख्य | १६ | १६ | गाउँपालिका, स्वास्थ्य शाखा |
| ३९ | गाउँघर क्लिनिक | सङ्ख्य | १० | १० | गाउँपालिका, स्वास्थ्य शाखा |
| ४० | आयुर्वेद औषधालय | सङ्ख्य | १ | ३ | गाउँपालिका, स्वास्थ्य शाखा |
| ४१ | घरधुरी | सङ्ख्य | ४४०२ | | राष्ट्रिय जनगणना |
| ४२ | गाउँपालिकको जम्मा जनसङ्ख्या | जना | १५,४७३ | | राष्ट्रिय जनगणना |
| ४३ | जनघनत्व (जना प्रति वर्ग. कि. मि.) | जना | १२४ | | राष्ट्रिय जनगणना |
| ४४ | प्रति परिवार औसत सदस्य सङ्ख्या | जना | ३.५१ | | राष्ट्रिय जनगणना |
| ४५ | वार्षिक औसत जनसङ्ख्या वृद्धिदर | प्रतिशत | ३.९ | | राष्ट्रिय जनगणना |
| ४६ | सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा आबद्ध जनसङ्ख्या | प्रतिशत | – | १५ | गाउँपालिका, स्वास्थ्य शाखा |
| ४७ | महिला सहकारी संस्था | सङ्ख्या | – | ८ | गाउँपालिका, महिला तथा बालबालिका शाखा |
| ४८ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द | वडा | – | ८ | गाउँपालिका, महिला तथा बालबालिका शाखा |
| ४९ | अपाङ्गमैत्री भौतिक संरचना निर्माण | प्रतिशत | – | ५० | गाउँपालिका, महिला तथा बालबालिका शाखा |
| ५० | वडा स्तरीय बालसञ्जाल | सङ्ख्या | – | ८ | गाउँपालिका, महिला तथा बालबालिका शाखा |
| ५१ | बालमैत्री वडा निर्माण | वडा सङ्ख्या | – | ८ | गाउँपालिका, महिला तथा बालबालिका शाखा |
| ५२ | बालबालिकाको जन्मदता | प्रतिशत | २०.९ | १०० | राष्ट्रिय जनगणना |
| ५३ | ५ वर्ष मुनिका | प्रतिशत | २०.९ | १०० | राष्ट्रिय जनगणना |

| | | | | | |
|---|---|---|---|---|---|
| | बालबालिकाको जन्मदता | | | | |
| ५४ | सडक बालबालिकाविहीन वडा | सङ्ख्य | ८ | ८ | गाउँपालिका, महिला तथा बालबालिका शाखा |
| ५५ | खेलमैदान स्तरोन्नति | सङ्ख्य | ८ | ८ | गाउँपालिका, महिला तथा बालबालिका शाखा |
| ५६ | वहुजातीय सांस्कृतिक सङ्ग्राहलयको स्थापना | सङ्ख्य | ० | २ | गाउँपालिका, महिला तथा बालबालिका शाखा |
| ५७ | गैससका कार्यक्रम गाउँपालिकाको योजना प्रणालीमा आबद्धता | सङ्ख्य | ४ | ८ | गाउँपालिका, महिला तथा बालबालिका शाखा |
| | **भौतिक पूर्वाधार विकास क्षेत्र** | | | | |
| ५८ | ३० मिनेटसम्मको दुरिमा यातायात पहुँच भएको परिवार | प्रतिशत | १०० | १०० | वार्ड स्तर छलफल |
| ५९ | पक्की पुल | सङ्ख्य | ९ | १५ | वार्ड स्तर छलफल |
| ६० | झोलुङ्गे पुल | सङ्ख्य | ९ | १५ | वार्ड स्तर छलफल |
| ६१ | काठको पुल | सङ्ख्य | | ० | वार्ड स्तर छलफल |
| ६२ | कल्भट | सङ्ख्य | | १०० | वार्ड स्तर छलफल |
| ६३ | सर्वयाम सडकसँग आबद्ध वडा | सङ्ख्य | ८ | ८ | गाउँपालिका, प्राविधिक शाखा |
| ६४ | वडालाई स्मार्ट वडाका रूपमा विकास गन | सङ्ख्य | | १ | गाउँपालिका, प्राविधिक शाखा |
| ६५ | ट्राफिक पोस्ट स्थापना | सङ्ख्य | १ | ३ | गाउँपालिका, प्राविधिक शाखा |
| ११५ | ट्राफिक सङ्केत | सङ्ख्य | | ५ | गाउँपालिका, प्राविधिक शाखा |
| ६६ | जेब्रा कसिङ्ग | सङ्ख्य | | ५ | गाउँपालिका, प्राविधिक शाखा |
| ६७ | मोड सुधार | सङ्ख्य | | ५ | गाउँपालिका, प्राविधिक शाखा |
| ६८ | बसपार्क निर्माण | सङ्ख्य | ० | २ | गाउँपालिका, प्राविधिक शाखा |
| ६९ | पर्याप्त खानेपानी सुविधा पुगेको घरधुरी | प्रतिशत | ९५.६ | १०० | राष्ट्रिय जनगणना |
| ७० | निजी धाराबाट खानेपानी पुगेको घरधुरी | प्रतिशत | ५७.१ | १०० | राष्ट्रिय जनगणना |

| | | | | | |
|---|---|---|---|---|---|
| ७१ | पूर्ण सरसफाइ उन्मुख घरधुर | प्रतिशत | ५६ | १०० | राष्ट्रिय जनगणना |
| ७२ | विद्युत्मा पहुँच प्राप्त घरधुरी | प्रतिशत | १०० | १०० | राष्ट्रिय जनगणना |
| ७३ | सुधारिएको चुलो जडित घरधुरी | प्रतिशत | ३।२ | १५ | राष्ट्रिय जनगणना |
| ७४ | सोलार बत्ती जडान घरपरिवार | प्रतिशत | ५।२ | १० | राष्ट्रिय जनगणना |
| ७५ | गोबरग्याँस जडित घरधुरी | प्रतिशत | ०।२ | ५ | राष्ट्रिय जनगणना |
| ७६ | खरको छाना भएको घरधुरी | प्रतिशत | ० | ० | राष्ट्रिय जनगणना |
| ७७ | आरसिसि भएका व्यक्तिगत घरधुरी | प्रतिशत | ८।५ | २० | राष्ट्रिय जनगणना |
| ७८ | विभिन्न आयोजनाका डिपि आर तयारी र कार्यान्वयन | सङ्ख्य | २० | १०० | गाउँपालिका, प्राविधिक शाखा |
| ७९ | वर्षभरी सिँचाइ हने खेतीयोग्य जमिन | हेक्टर | ८२ | १६४ | गाउँपालिका, प्राविधिक शाखा |
| ८० | नियमित मर्मत तथा पुर्नस्थापना सिँचाइ योजना | सङ्ख्य | २ | ७ | गाउँपालिका, प्राविधिक शाखा |
| ८१ | पहिरो रोकथाम तथा नियन्त्रण | सङ्ख्य | ५ | २५ | गाउँपालिका, प्राविधिक शाखा |
| | **संस्थागत तथा सुशासन विकास क्षेत्र** | | | | |
| ८२ | गाउँसभामा महिलाको प्रतिनिधित्व | सङ्ख्या | ३३ | ५० | गाउँपालिका, योजना शाख |
| ८३ | वडा अध्यक्षमा निर्वाचित महिला सदस्य | सङ्ख्या | ० | ३ | गाउँपालिका, योजना शाख |
| ८४ | गाउँसभामा दलित महिलाको प्रतिनिधित्व | सङ्ख्या | | १५ | गाउँपालिका, योजना शाख |
| ८५ | ि डियो प्रयोग गर्ने घरधुरी | प्रतिशत | ६३ | १०० | गाउँपालिका |
| ८६ | टेलिभिजन प्रयोग गर्ने घरधुरी | प्रतिशत | ५१.८ | १०० | गाउँपालिका |
| ८७ | मोबाइलमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ८४.१ | १०० | गाउँपालिका |
| ८८ | इन्टरनेट प्रयोगकता | प्रतिशत | ३२ | १०० | गाउँपालिका |
| ८९ | सूचना माग गर्ने | सङ्ख्या | _ | १०० | गाउँपालिका |
| ९० | सार्वजनिक सुनुवाई गर्ने | सङ्ख्या | _ | ८ | गाउँपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | वड | | | | |
| ९१ | योजनाको अनुगमन तथा मूल्याङ्कन | प्रतिशत | १०० | १०० | गाउँपालिका, योजना शाख |
| ९२ | अध्ययन, अनुसन्धान तथा परामर्श सेवा | सङ्ख्य | २ | २० | गाउँपालिका, योजना शाख |
| ९३ | बजार अनुगमन | पटक | २ | ५ | गाउँपालिका |
| | **अन्तसम्बन्धित विकास क्षेत्र** | | | | |
| ९४ | प्रहरी चौकी स्थापना र भवन निर्माण | सङ्ख्या | १ | ३ | गाउँपालिका |
| ९५ | उद्यमशील सिपयुक्त जनशक्ति उत्पादन | सङ्ख्या | १७१ | ५००० | गाउँपालिका |
| ९६ | मानव अधिकार उलङ्घनका घटना | सङ्ख्या | २ | ० | गाउँपालिका, योजना शाख |
| ९७ | शान्ति सुरक्षाका लागि प्रतिव्यक्ति प्रहरी | जनता र प्रहरी | १२०० | ६०० | गाउँपालिका, योजना शाख |
| ९८ | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नागरिक | प्रतिशत | | १०० | जिल्ला प्रशासन कार्यालय |
| ९९ | दर्ता भएका लैङ्गिक हिंसा लगायत अपराध अनुसन्धानको अनुपात | सङ्ख्या | २ | ० | गाउँपालिका, योजना शाख |
| १०० | गाउँपालिकाको कुल खर्चमा बेरूजुको अनुपात | | – | ० | गाउँपालिका, योजना शाख |
| १०१ | साना होटल तथा रेस्टुरेन्ट | सङ्ख्या | ५० | १०० | गाउँपालिका, योजना शाख |
| १०२ | थोक तथा खुद्रा व्यापार | सङ्ख्या | ३५० | ५०० | गाउँपालिका, योजना शाख |

### २.१० गाउँपालिका समृद्धिका मुख्य र सहयोगी क्षेत्रहरू

**(क) समृद्धका लागि पाँच मुख्य आधारहरू:** नीतिगत रूपमा गाउँपालिका समृद्धिका लागि कृषि, पशुपंक्षी, पर्यटन, सहकारी र पूर्वाधार पहिचान गरिएको छ ।

**(ख) समृद्धिका लागि सात सहयोगी क्षेत्रहरू:** नीतिगत रूपमा गाउँपालिका समृद्धिका लागि प्राकृतिक सम्पदाः वन तथा जडीबुटी, उद्यमशीलता, सुशासन, आमूल परिवर्तन र अग्रगामी छलाङ्ग, आत्मनिर्भर गाउँपालिका, अनेकतामा एकता मौलिकता र पोषणमैत्री गाउँपालिका पहिचान गरिएको छ ।

# परिच्छेद तीन
## समष्टिगत आर्थिक नीति

### ३.१बचत

### १. पृष्ठभूमि

बचत नै आम्दानी हो । तीव्र आर्थिक वृद्धि र समृद्धिका लागि आवश्यक लगानी जुटाउन बचत परिचालनको महत्वपुर्ण भूमिका रहने गर्दछ । नेपालको संविधानमा परिलक्षित आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील राष्ट्रिय अर्थतन्त्र निर्माण गर्दै समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्र विकास गर्ने आर्थिक उद्देश्य हासिल गर्न आन्तरिक स्रोत र बचत परिचालन गरी पूँजी निर्माण गर्नुपर्ने हुन्छ । तर गाउँपालिका जनताको आयस्रोत कम भएका कारण बचत गर्ने क्षमतामा अपेक्षाकृत वृद्धि हुन सकेको छैन ।

### २. समस्या

उत्पादनमा आधारित भन्दा आयातित वस्तुहरूको अधिक उपयोग गर्दा आम्दानी भन्दा खर्च अधिक हुने गरेको छ । नागरिकमा आत्मनिर्भरता, उद्यमशीलता र जोखिम लिनसक्ने क्षमता र इच्छाशक्तिको कमी र गाउँपालिकाको पूँजीगत खर्च बढ्न नसक्दा लगानी अपेक्षित नहुनु समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

नागरिकमा बचतको महत्व तथा बचत गर्ने बानीको विकास गर्नु, आयातित वस्तुलाई कम गरी उत्पादनमुखी क्षेत्रमा रूपान्तरण गर्नु, विप्रेषण आयलाई उत्पादनशील क्षेत्रमा रूपान्तरण गर्नु र उपभोगलाई व्यवस्थापन गर्नु चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

बचत परिचालनमार्फत आत्मनिर्भर हुने ।

### ४.२ लक्ष्य

बचत परिचालनमार्फत आम्दानीमा वृद्धि गर्ने ।

### ४.३ उद्देश्य

जनताको बचत गर्ने क्षमतामा अभिवृद्धि गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● स्वरोजगारमा वृद्धि गरी बचत गर्ने क्षमताको विकास गर्ने । | ● राजस्व प्रणालीमा सुधार गरिने छ ।<br>● बचत तथा परिचालन नीति र कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।<br>● सार्वजनिक तथा घरपरिवारको फजुल खर्चलाई निरूत्साहित गरी उत्पादनशील क्षेत्रमा लगानी गर्न जनचेतना अभिवृद्धि गरिने छ । |
| ● सहकारी, लघुवित्त र बैङ्कमार्फत बचत गरी लगानी र आम्दानीमा वृद्धि गर्ने । | ● सबै प्रकारका सहकारीमार्फत नागरिकको बचत गर्ने वानीमा विकास गरिने छ ।<br>● नीजी लगानीकर्तालाई आर्थिक, सामाजिक र भौतिक पूर्वाधार लगायत अन्य क्षेत्रमा समेत लगानी गर्न वातावरण तयार गरिनेछ ।<br>● बैङ्किङ्ग क्षेत्रलाई सबै वडामाा विस्तार गरी जनताको वित्तीय पहुँचमा वृद्धि गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

सहकारी संस्था र समूहहरूले बचत परिचालन गरी राष्ट्रिय आयमा थप टेवा पुगेको हुने छ ।

## ३.२ सार्वजनिक खर्च

### १. पृष्ठभूमि

उपलब्ध स्रोत र साधनको उचित तथा प्रभावकारी सदुपयोग गरी समृद्ध विकासको आधार निर्माण गर्न सार्वजनिक खर्चको प्रभावकारी परिचालन हुन आवश्यक हुन्छ । गाउँपालिकाबासीको बढ्दो आवश्यकता र अपेक्षालाई उपलब्ध स्रोत र साधनको सीमाभित्र रही सम्बोधन गर्नुपर्ने अवस्था छ । संविधानले प्रत्याभूत गरेका मौलिक हक कार्यान्वयन गर्न बनेका कानुनले सिर्जना गरेका आर्थिक दायित्वहरूको कार्यान्वयन गर्नुपर्ने छ । गाउँपालिकाले आफ्नो खर्च बमोजिम सार्वजनिक स्रोतको सन्तुलित र न्यायोचित विनियोजन गरी कार्यान्वयन गर्नुपर्ने छ । समग्र सार्वजनिक खर्च प्रणालीलाई पारदर्शी, जवाफदेही र नतिजामूलक बनाउन गाउँपालिका र वडा तहमा सार्वजनिक खर्चको उपयोग गर्ने क्षमता अभिवृद्धि र संस्थागत संरचना विकास गर्नु अपरिहार्य रहेको छ । सार्वजनिक खर्चको प्रभावकारिता र दिगोपना साथै, गुणस्तरीय पूँजीगत खर्च कार्यान्वयनमा आवधिक योजना केन्द्रित रहने छ ।

### २. समस्या

बढ्दो जनआकाङ्क्षा पूरा गर्न गाउँपालिकाको न्यून आर्थिक अवस्थाको कारणले समस्या सिर्जना हुनु, स्थानीय सरकार स्थापनाको शिशु अवस्था भएकाले योजना तर्जुमाका लागि आवश्यक पर्ने तथ्याङ्क पर्याप्तता नहुँनु, आर्थिक अवस्थाका परिसूचकहरू जस्तै, कुल राजस्व आम्दानी, बचत तथा लगानी आदि विश्लेषण गर्न कठिन रहनु, सङ्घीय र प्रदेश सरकारबाट तर्जुमा हुनुपर्ने संविधान अनुकूलका कतिपय नीति, कानुन तर्जुमा तथा परिमार्जन हुन बाँकी रहनु, गाउँपालिकामा विकास निर्माणको कार्य जनअपेक्षा अनुसार अगाडि बढ्ाउन कठिन हुनु, दक्ष जनशक्ति विशेष गरी प्राविधिक जनशक्तिको कमीले योजना व्यवस्थापन र विकास निर्माणलाई प्रभावकारी बनाउन नसकिनु यस क्षेत्रका समस्या रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

नागरिकको आधारभूत आवश्यकताका रूपमा रहेका शिक्षा, स्वास्थ्य, रोजगारी, न्यायमा पहुँच, वातावरणीय स्वच्छताको परिपूर्ति गर्नु, सीमित राजस्व सङ्कलनमा आफ्नै संरचना नहुनु, भएका संरचना पनि एकीकृत तथा प्रविधिमैत्री बनाउनु, उत्पादनशील रोजगारी सिर्जना गर्नु, दिगो र लाभकारी प्रतिफल आउने परियोजना विस्तार गर्नु, साथै, दक्ष, विषय विज्ञ, तथा उत्प्रेरित जनशक्तिको व्यवस्था गरी गाउँपालिकाको प्रशासनिक तथा विकास कार्यका लागि आवश्यक मानव स्रोतको परिचालन गर्नु चुनौती रहेका छन् ।

### ३.२ अवसर

लामो समयदेखिको राजनीतिक सङ्क्रमणको अन्त्य हुनु, तीनै तहका सरकार सहकार्य र समन्वय गर्दै 'समृद्ध नेपाल, सुखी नेपाली' बनाउने राष्ट्रिय सङ्कल्पप्रति प्रतिबद्ध रहनु, सरकार स्थापनापश्चात् चार आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन हुनु, गाउँपालिका विकास निर्माण, लगानी अभिवृद्धि, सुशासन प्रवर्द्धनमा प्रतिस्पर्धात्मक वातावरण रहनु, योजना छनोट, बजेट विनियोजन क्षमतामा सुधार हुँदै जानु र गाउँपालिकाले आन्तरिक राजस्व परिचालनमा वृद्धि गर्न निजी क्षेत्रहरूसँग समन्वयकारी भूमिका विस्तार गर्दै जानु यस क्षेत्रका अवसर रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

सार्वजनिक खर्चमा मितव्ययी गाउँपालिका ।

### ४.२.लक्ष्य

सार्वजनिक पूँजीलाई पारदर्शी र न्यायोचित वितरण गरी दिगो उत्पादनमा वृद्धि गर्ने ।

### ४.३.उद्देश्य

सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेही, जनमुखी र दिगो उत्पादनमुखी बनाउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • कृषि, पशुपंक्षी र पूर्वाधार लगायत दिगो उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने । | • अनुदान वितरण प्रणालीलाई उत्पादनशील र पारदर्शी रूपमा उपयोग गर्न कार्यविधि तयार गरिने छ ।<br>• कृषि, पशुपक्षीं, खानेपानी, सिँचाइ, लगायत शिक्षा, स्वास्थ्य र दिगो उत्पादनमूलक क्षेत्रमा सार्वजनिक खर्चलाई बढी केन्द्रित गरिने छ ।<br>• योजनाहरूमा सुधार गरी क्रमागत योजनाहरू निर्धारित समयमै सम्पन्न गरिने छ ।<br>• एकद्वार प्रणालीमार्फत अनुदान वितरण गर्ने नीति लिइने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| • स्रोत-साधनलाई पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन गर्न विषयगत शाखा र सरोकारवाला निकायको क्षमता अभिवृद्धि गर्ने । | • गैरसरकारी सङ्घ-संस्था तथा निजी क्षेत्रहरूलाई आवधिक योजनाले लक्षित गरेअनुरूपका योजनाहरूमा कार्यान्वयन गर्न प्रोत्साहन गरिने छ ।<br>• सार्वजनिक भुक्तानी सेवालाई पूर्णरूपमा विद्युतीय प्रणालीमा आधारित बनाइने छ ।<br>• आर्थिक वर्षको सुरुवातदेखि नै पूँजीगत खर्च गर्ने प्रणालीको विकास गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

पूँजीगत खर्चमा उल्लेख्य मात्रमा सुधार भएको हुने छ । बजेट प्रणाली पारदर्शी, आवधिक योजनाले निर्धारण गरेका योजना, वैज्ञानिक र सूचना प्रणालीमा आधारित भएका हुने छन् । साथै, योजनाहरू तोकिएको गुणस्तर, परिमाण, लागत र समयमा सम्पन्न भएका हुने छन् । गाउँपालिका र किसानका बिचमा साझेदारी कार्यक्रम सञ्चालन भएको हुने छ ।

## ३.३. राजस्व

### १. पृष्ठभूमि

संविधानको भाग ५ धारा ६० मा राजस्वलाई सङ्घ, प्रदेश र स्थानीय तहबिच स्रोतको न्यायोचित बाँडफाँड गर्न विभिन्न व्यवस्था गरिएको छ । वित्तीय सङ्घीयताको विविध आयामहरूमध्ये सङ्घ, प्रदेश र स्थानीय तहको खर्च तथा राजस्वलाई संविधानको अनुसूचीमा प्रष्ट व्यवस्था गरिएको छ । गाउँपालिकाको विकासका लागि सार्वजनिक विकास खर्च र प्रशासनिक खर्चको समेत आवश्यकता पूरा गर्न सङ्घ र प्रदेशमाथिको निर्भरता कम गर्न आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी गर्नुपर्ने हुन्छ । आन्तरिक स्रोतको  महत्वपुर्ण हिस्सा जस्तैः मालपोत, भूमिकर, व्यावसायिक कर, सेवा शुल्क, कृषि, पशुपक्षी, हाटबजार, कवाडी दस्तुर, पार्किङ शुल्क मुख्य पर्दछन् ।

### २. समस्या

गाउँपालिकामा करको दायरा सोचेअनुरूप विस्तार हुन नसक्नु, राजस्व सङ्कलन गर्न कमजोर संस्थागत क्षमता हुनु, राजस्व सम्बन्धमा कानुनी दस्तावेजहरू समयमै बन्न नसक्नु, कर तिर्ने बानीको विकास गर्नु र कर चुहावट नियन्त्रण गर्नु आदि यस क्षेत्रका समस्या रहेका छन् ।

### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

राजस्व सङ्कलनका लागि कानुनी व्यवस्थाका सम्बन्धमा जानकारी र चेतनाको अभिवृद्धि गर्नु, छरिएर रहेका राजस्व सङ्कलन गर्ने संयन्त्रबाट आशातित कर सङ्कलन गर्नु, कर तथा गैरकर राजस्वको प्रभावकारी परिचालन गर्ने र गाउँपालिकाको कर सङ्कलन प्रणालीलाई विद्युतीय माध्यमको प्रयोग गरी कर तिर्नुपर्ने सबै नागरिकलाई करको दायरामा ल्याउनु यस क्षेत्रका चुनौती रहेका छन् ।

### ३.२ अवसर
लामो समयदेखिको राजनीतिक सङ्क्रमण अन्त्य हुनु, विगतमा केन्द्रीकृत रहेको अधिकार विकेन्द्रित भई स्थानीय तहसम्म पुग्नु, तीनै तहका सरकारबाट समन्वय र सहकार्यमा राजनीतिक प्रणालीको सुदृढीकरण गर्दै आर्थिक विकास गर्ने अवसर प्राप्त हुनु, साथै संवैधानिक अधिकार सूचीमा रहेका अधिकारहरूको कार्यान्वयनतर्फ सार्वजनिक संयन्त्र अग्रसर हुँदै जानु र सार्वजनिक वित्तको परिचालनमा सबै पक्षको सक्रिय सहभागिता बढ्दै जानु यस क्षेत्रका अवसर रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति
### ४.१ दीर्घकालीन सोंच
आन्तरिक राजस्वको परिचालनबाट दिगो आर्थिक विकास ।
### ४.२ लक्ष्य
सार्वजनिक आन्तरिक खर्च राजस्वबाट गर्ने ।
### ४.३ उद्देश्य
आन्तरिक राजस्व सङ्कलनमा वृद्धि गर्नु ।
### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • राजस्वको दायरा बढाई चुहावट नियन्त्रण र जनचेतना अभिवृद्धि गर्ने । | • राजस्वको आधार फराकिलो बनाउन सबै प्रकारका आर्थिक कारोबारलाई अद्यावधिक गरिने छ ।<br>• सबै प्रकारका करसम्बन्धी विवरणहरू विद्युतीय प्रणालीमार्फत् गरिने छ ।<br>• उत्कृष्ट करदातालाई वार्षिक रूपमा प्रोत्साहन र सम्मान गरिने छ<br>• सरोकारवालाहरूसँगको सहकार्यमा राजस्वसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।<br>• राजस्व सङ्कलन र परिचालन क्षमता अभिवृद्धि गर्न निजी क्षेत्रसँग सहकार्य गरिने छ । |

## ५. अपेक्षित उपलब्धि
आन्तरिक राजस्वमा वृद्धि भएको हुने छ । कर प्रणालीको आधुनिकिकरण भएको हुने छ । राजस्वको दायरा फराकिलो भइ राजस्व सङ्कलन बढेको हुने र गाउँपालिकाको खर्चमा राजस्वको हिस्सा बढेको हुने छ ।

## ३.४ वैदेशिक सहायता परिचालन
### १. पृष्ठभूमि
संविधानको धारा ५९ उपधारा (६) मा वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारमा निहित छ । त्यस्तो सहायता वा ऋण लिँदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनुपर्ने व्यवस्था छ । सरकारले स्थानीय तहबाट कार्यान्वयन हुने योजना वा कार्यक्रमका लागि वैदेशिक अनुदान वा सहयोग लिन सक्छ । स्थानीय तहले नेपाल सरकारको पूर्वस्वीकृति बिना कुनैपनि किसिमको वैदेशिक अनुदान वा सहयोग लिन, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन नसक्ने व्यवस्था अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १२ मा उल्लेख छ । गाउँपालिकाले हालसम्म सङ्घीय सरकारसँग वैदेशिक सहायता माग गरेको छैन ।

## २. समस्या

आयोजना व्यवस्थापन तथा अनुगमन प्रणाली सबल नहुनु, सङ्घीय र प्रदेश सरकारले समयमै कानुन नबनाउनु स्थानीय तहका प्रमुख समस्या रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

वैदेशिक सहायता प्रदान गर्न विकासका साझेदार निकायहरूलाई गाउँपालिकाको प्राथमिकता क्षेत्रमा आर्कर्षित गर्नु चुनौतीका रूपमा रहेको छ ।

### ३.२ अवसर

सङ्घीय शासन प्रणालीअनुसार वैदेशिक सहयोगको प्रभावकारी उपयोग गर्नसक्ने र जनताका आकाङ्क्षालाई सम्बोधन गर्न वैदेशिक सहायता अवसरका रूपमा रहेको छ ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

गाउँपालिकाको प्राथमिकता क्षेत्रमा लगानी ।

### ४.२ लक्ष्य

वैदेशिक सहायताको प्रभावकारी परिचालनमार्फत गाउँपालिकाको क्षमता अभिवृद्धि गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने ।

### ४.३ उद्देश्य

आर्थिक क्षेत्रको विकासमा प्रतिफल दिने आयोजनाको लागि वैदेशिक सहयोग लिनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● वैदेशिक सहायतालाई आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरण विकास, रोजगारी सृजना र उत्पादनशील क्षेत्रमा परिचालन गर्ने । | ● अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ-संस्थामार्फत परिचालन हुने सहायतालाई कार्यविधि बनाई पारदर्शी र जवाफदेही बनाइने छ<br>● वैदेशिक सहायताको प्रभावकारी उपयोगबाट गाउँपालिकाको पूँजी निर्माण गरिने छ ।<br>● सङ्घ र प्रदेशको कानुनको ढाँचाभित्र रही वैदेशिक सहायता माग गरिने छ ।<br>● गाउँपालिकामा भएका सम्भावित गौरवका आयोजनाहरूको सूची तयार गरिने छ ।<br>● वैदेशिक सहायतालाई लगानी मैत्री र प्रभावकारी ढङ्गले सदुपयोग गरिने छ ।<br>● आयोजना बैङ्कमा समावेश भएका योजनाहरू कार्यान्वयन गरिने छ । |

## ५. अपेक्षित उपलब्धि

आवधिक योजनामार्फत छनौट भएका योजनाहरूलाई वैदेशिक सहायता लिनका लागि पहल गरिने छ । सङ्घीय सरकारसँग वैदेशिक सहयोगको लागि ऋण माग गर्न आवश्यक पहल भएको हुने छ ।

### ३.५ आन्तरिक ऋण

#### १. पृष्ठभूमि

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को सीमाभित्र रही गाउँपालिकाबाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आय वृद्धि तथा पूँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सक्नेछ । त्यस्तो ऋण स्थानीय आवश्यकता र प्राथमिकताका क्षेत्रमा परिचालन गर्नु आवश्यक हुन्छ । ऋणको अवधि अधिकतम पच्चिस वर्षसम्म हुने व्यवस्था छ । नेपाल सरकारबाट प्राप्त भएको ऋण वा सङ्घीय सरकार जमानी भै लिएको ऋण सम्बन्धित गाउँपालिकाले निर्धारित समयमा चुक्ता नगरेमा गाउँपालिकालाई उपलब्ध गराउने अनुदानबाट कट्टा गरी सो रकम प्राप्त गर्ने वा ऋण भुक्तानी गर्ने कानुनी प्रावधान रहेको छ । गाउँपालिकाले हालसम्म यस्तो प्रकारको ऋण लिएको छैन

#### २. समस्या

स्थानीय सरकारको कार्य जिम्मेवारीमा सङ्घ र प्रदेश सरकारले समयमा कानुन तर्जुमा नगर्नु समस्याका रूपमा रहेको छ ।

#### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी प्रभावकारी रूपमा सञ्चालन गर्न र अनुदान वितरण प्रणाली चुनौतीपूर्ण रहेको छ ।

#### ३.२ अवसर

सङ्घीय संरचनाअनुरूप स्थानीय सरकारको वित्तीय क्षमता र कार्य जिम्मेवारीलाई आधार मानी सङ्घीय र प्रदेश सरकारबाट अनुदान हस्तान्तरण गर्नु, स्थानीय आवश्यकता र प्राथमिकतामा रही आयोजना तथा कार्यक्रम प्रस्ताव गरी कार्यान्वयनका लागि अनुदान प्राप्त गर्नु, विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न सहयोग हुने किसिमले सङ्घ तथा प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्नु अवसरका रूपमा प्राप्त रहेको छ ।

#### ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

#### २.१ दीर्घकालीन सोंच

उत्पादनशील आयोजनाहरूमा आन्तरिक ऋण परिचालन ।

#### ४.२ लक्ष्य

आर्थिक, सामाजिक र दिगो उत्पादनका लागि ऋण परिचालन गर्ने ।

#### ४.२ उद्देश्य

रोजगारी सिर्जना र उत्पादनमा सहयोग पुऱ्याउने गरी आन्तरिक ऋणको व्यवस्थापन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • अत्यावश्यक र बहुउद्देश्यीय योजनाको लागि आन्तरिक ऋण लिने | • आन्तरिक ऋण परिचालनमा जोखिम न्यूनीकरण हुने गरी स्रोत पहिचान तथा व्यवस्थापन गरिने छ ।<br>• आर्थिक सम्भावना, क्षमता र उच्च प्रतिफलको आधारमा आन्तरिक ऋण परिचाल गरिने छ ।<br>• आन्तरिक ऋण सङ्घीय र प्रदेशको नीतिबमोजिम परिचालन गरिने छ ।<br>• आन्तरिक ऋण व्यवस्थापनसम्बन्धी मध्यकालीन तथा दीर्घकालीन रणनीति र कार्यविधि निर्माण गरिने छ । |

## ५. अपेक्षित उपलब्धि

पूँजी निर्माण तथा उत्पादनशील क्षेत्रमा सार्वजनिक ऋणको परिचालन भई आर्थिक वृद्धिमा योगदान पुगेको हुने छ ।

# परिच्छेद चार
# आर्थिक विकास क्षेत्र

## ४.१ कृषि विकास

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ४ को धारा ५१ (ङ) मा कृषि र भूमिसुधारसम्बन्धी व्यवस्था गरेको छ । गाउँपालिकामा कृषि मुख्य आर्थिक क्षेत्रको रूपमा रहेको छ । विकासको प्रारम्भिक चरणमा रहेको गाउँपालिका आर्थिक रूपमा कृषिमा निर्भर रहेको छ । कृषि विकासको लागि गाउँपालिकाले स्थापनाकालदेखि नै प्राथमिकता दिँदै आएको छ । यहाँको मुख्य खाद्यान्न बालीमा मकै, गहुँ रहेको छ । तरकारीमा मुख्य आलु रहेको छ । फलफूलमा सुन्तला, कागती र केरा रहेका छन् । नगदे बालीमा अदुवा, खुर्सानी र बेसार रहेको छ ।

### २. समस्या

सिँचाइको प्रमुख समस्या रहनु, कृषकमा वितरण गरिएका सामान सही सदुपयोग नहुनु, समयमै कृषकमाझ सूचना जानकारी नपुग्नु, कार्यान्वयन प्रक्रिया झन्झटिलो हुनु, मागमा आधारित योजना उपलब्ध नहुनु, जग्गा बाँझो राख्ने प्रवृत्ति बढ्दै जाँदा खेतीयोग्य जमिन घट्दै जानु, उत्पादनमा ह्रास आउनु, कृषि पेसालाई सम्मानित पेसा र लगानीमैत्री बनाउन नसक्दा युवावर्ग कृषि पेसामा आकर्षित नभई विदेश पलाईन हुनु, कृषि उत्पादनको मूल्य बढी हिस्सा बिचौलियाको हातमा जानु र किसानले उचित मूल्य नपाउनु, प्रविधि विकास तथा यान्त्रिकीकरण र व्यावसायीकरण हुन नसक्नु, आवश्यकता अनुसार गुणस्तरीय अन्न भण्डारको व्यवस्था हुन नसक्नु र वन्यजन्तुबाट हुने हानी नोक्सानी जस्तैः बाँदर, बनेल, मृग, खरायो, दुम्सी र भालु लगायतका वन्यजन्तुको क्षतिले कृषकमा निराशा आउनु यस क्षेत्रका समस्या रहेका छन् ।

### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

सबै वडामाा कृषि प्राविधिकको उपलब्धता सुनिश्चित गर्नु, परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई आधुनिकीकरण र व्यावसायीकरण गर्नु, सिँचाइ सुविधा वर्षैभरि उपलव्ध गराउनु, युवाहरूलाई कृषि पेसामा आकर्षित गर्नु, खानपिन र आहारविहारमा परिवर्तन ल्याउनु, कृषि बिमालाई प्रभावकारी बनाउनु, कृषि पेसालाई प्रतिस्पर्धी, व्यावसायिक, नाफामूलक र सम्मानित पेसाको रूपमा स्थापित गर्नु, पर्याप्त बजेट उपलब्ध गराउनु र कृषि विकासको लागि तीन तहको सरकारबिच समन्वय कायम राख्नु यस क्षेत्रका चुनौती रहेका छन् ।

#### ३.२ अवसर

गाउँपालिकाले कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राख्नु, चार ओटा कोल्डस्टोर निर्माणाधीन अवस्थामा हुनु, स्थानीय कृषि वस्तुहरू कोसेली घरमार्फत विक्रीवितरण हुनु, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन हुनु, सुन्तला, कागती, तरकारी, अदुवा र बेसार जस्ता उच्च मूल्य पर्ने कृषि उपज उत्पादनमा केन्द्रित हुनु, कृषि विकास बैङ्कसँग युवा स्वरोजगार कार्यक्रमका लागि कृषि ऋण सम्झौता गरी कार्यान्वयनमा आउनु र प्राङ्गारिक कृषि प्रणालीप्रति चासो बढ्दै जानु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

कृषिलाई आधुनिकीकरण एवम् व्यावसायीकरण ।

### ४.२ लक्ष्य

तरकारी र फलफूल (सुन्तला र कागती) मा आत्मनिर्भर भई निर्यात गर्ने ।

### ४.३ उद्देश्य

- कृषिजन्य वस्तुहरूको दिगो उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर हुनु ।
- तरकारी र फलफूलको उत्पादन गरी उत्पादित वस्तुको मूल्य अभिवृद्धि शृङ्खलाको आधारमा बजारीकरण गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न प्रोत्साहन गर्ने । | ● कृषकमैत्री ऐन, नियम र कार्यविधीहरू तर्जुमा गरिने छ ।<br>● माटो परीक्षण गरी माटो सुहाँउदो खेती गरिने छ ।<br>● कृषि सामाग्री (विशेष गरी मल, बिउ, सिँचाइ आदि) कृषि उपजका उचित मूल्य (कृषकलाई कम्तीमा लागत मूल्यमा २० देखि २५ प्रतिशत मुनाफाको सुनिश्चित) र बजारमा पहुँचको व्यवस्था गरिने छ ।<br>● विश्वव्यापी जलवायु परिवर्तनलाई कृषिमा अनुकुलन गर्दै कृषि जैविक विविधता र स्थानीय जातका खाद्यान्न बालीको संरक्षण र सम्वर्द्धन गरिने छ ।<br>● एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरिने छ ।<br>● कृषिसम्बन्धी नयाँ प्रविधिहरू कृषकको पहुँचमा पुऱ्याउने र प्रयोगको लागि अभिमुखिकरण कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिने छ ।<br>● कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गरिने छ ।<br>● कृषिसम्बन्धी नयाँ प्रविधिहरू कृषकको पहुँचमा पुऱ्याउने र प्रयोगको लागि अभिमुखिकरण कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिने छ ।<br>● उत्पादनको आधारमा कृषकलाई अनुदान सहयोग दिने व्यवस्था गरिने छ ।<br>● उत्पादित वस्तुलाई बजार व्यवस्था गरिने छ । साथै, भ्यालुएड गरी विक्रीवितरण गर्नेलाई प्रोत्साहन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ● कृषि क्षेत्रमा विकास साझेदार निकाय, निजी, समूह र सहकारी क्षेत्रको लगानी अभिवृद्धि र अनुदानको व्यवस्था गर्ने । | ● स्थानीयस्तरमा उपलब्ध हुने रैथाने प्रजातिका बिउहरूलाई बिउ बैङ्क निर्माण गरी संरक्षण र प्रवर्द्धन गरिने छ ।<br>● कृषक परिचयपत्र वितरण गरिने छ ।<br>● सरकारी, निजी र सहकारीबीचको सम्बन्धलाई कार्यगत साझेदारीमा विकास गरिने छ ।<br>● सहकारीलाई विभिन्न उत्पादनमूलक क्षेत्रमा करिब ५० प्रतिशत लगानी लगाउन आवश्यक पहल र वातावरण निर्माण गरिने छ ।<br>● खेतीयोग्य जमिन बाँझो राख्ने कृषकको गाउँपालिकाले भाडा /आफ्नो स्वामित्वमा लिई आफै वा इच्छुक कृषकलाई व्यावसायिक प्रयोजनका लागि उपलब्ध गराइने छ ।<br>● वार्षिक २० मुरी धान, १० मुरी मकै, ५ मुरी जौँ र ५ मुरी कोदो उत्पादन गर्ने कृषकलाई रू. २ लाख अनुदान उपलब्ध गराइने छ ।<br>● कृषि बिमा कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिने छ ।<br>● कृषिसम्बन्धी तथ्याङ्कहरू नियमित रूपमा अध्यावधिक तथा प्रकाशन गरिने छ । |
| ● तरकारी र फलफूललाइ | ● अकबरे खुर्सानी खेतीलाई नमुना कार्यक्रमको रूपमा सञ्चालन गरिने छ ।<br>● कोल्डस्टोर निर्माण सम्पन्न र सञ्चालन गरिने छ ।<br>● भ्रमण पद्धति अनुरूप (खाद्यान्न, तरकारी र फलफूल फार्म) क्षेत्रमा वार्षिक रूपमा व्यावसायिक कृषकलाई भ्रमण गराइने छ ।<br>● आगामी पाँच वर्ष भित्र फलफूलमा (सुन्तला र कागती) र तरकारीमा आत्मनिर्भरताका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>● जग्गाको चक्लावन्दीलाई अभियानको रूपमा सञ्चालन गरिने छ ।<br>● सहकारी र समूहमार्फत सामूहिक तरकारी र कागती खेती प्रणालीलाई प्रोत्साहन गरी अनुदानको व्यवस्था गरिने छ ।<br>● कृषकले उत्पादन गरेका वस्तुको उचित बजार प्रर्वधन नहुन्जेल पालिकाले नै खरिद गरी बिक्रीवितरणको व्यवस्था गरिने छ ।<br>● तरकारी र फलफूल उत्पादनको आधारमा अनुदान उपलब्ध गराइनेछ ।<br>● रासायनिक मल तथा विषादीको प्रयोगलाई निरूत्साहित गर्दै प्राङ्गारिक तरकारी उत्पादनलाई प्रोत्साहन गरिने छ । |

## ५. अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यसम्ममा कृषि क्षेत्रबाट बहुसङ्ख्यक युवाहरू व्यावसायिक भएका हुने छन् । तरकारी र फलफूल व्यावसायिक उत्पादन भएको हुने छ । उत्पादित वस्तुलाई कोल्डस्टोरमा राखेका हुने छन् ।

## ४.२ पशुपंक्षी विकास

### १. पृष्ठभूमि

पशुपंक्षी पालन व्यवसाय गाउँपालिकाको अभिन्न अङ्ग भएर रहेको छ । कृषिमा आधारित पशुपंक्षी पालन व्यवसायले बाँझो जग्गा जोत्न, मलले उत्पादन बढाउन र त्यसबाट प्राप्त दूध, दही, घ्यू, मासु, अण्डा प्राप्त गरी आफ्नो जीवन धान्न ठुलो सहायता पुगेको छ । सबै वडामाा बाखापालनको प्रचुर सम्भावना रहेको छ । एक स्थानीय तह एक उत्पादन कार्यक्रमअन्तर्गत बाखापालन कार्यक्रम प्रदेश सरकारबाट सञ्चालनमा आएको छ । बाखापालन कार्यक्रमलाई ८ ओटै वडामाा मिसनका रूपमा कार्यान्वयन गर्न आवधिक योजनाले दीर्घकालीन सोंच लिएको छ । डाले घाँस इपिल-इपिल र भुंइ घाँस जै, मकै चरी, टियोसेन्ट्रि, नेपियर सबै गरेर ५ सय के.जी. बिउ वितरण भएको छ ।

### २. समस्या

समयमै भ्याक्सिन उपलब्ध नहुनु, उपचारात्मक विधि भन्दा धामी-झाँक्रीमा विश्वास गर्नु, पर्याप्त औषधी नहुनु, परम्परागत पशुपालन पद्धति हुनु, पशु शाखा एकओटा मात्र हुनु, भेटनरी ल्याबको सुविधा नहुनु, वडा तहमा पशुउपचार केन्द्र नहुनु, पशुपालन पेसालाई सम्मानित पेसा बनाउन नसक्दा युवा वर्ग पशुपालन पेसामा आकर्षित नभई विदेश पलाईन हुनु, स्थानीय पशुपंक्षीको उत्पादकत्व कम हुनु तथा उन्नत नश्लका पशुपंक्षीहरू नहुनु, कृषकले उत्पादन लागतअनुसारको मूल्य नपाउनु र बजारीकरणमा बिचौलियाहरू हावी हुनु, नयाँ-नयाँ तथा पटक पटक देखिने जुनोटिक एवम् महामारीजन्य रोगहरूको प्रकोप देखिनु, वन्यजन्तुको आक्रमण, उन्नत घाँस खेतीको अभाव, बिमा, सुलभ ऋण जस्ता सेवामा कृषकहरूको पहुँच नपुग्नु, जलवायु परिवर्तनले पारेको नकारात्मक प्रभाव र पशुपंक्षीजन्य उत्पादनलाई मूल्य शृङ्खलासँग जोड्न नसक्दा बजारीकरणमा समस्या देखिनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

गाउँपालिकामा अधिकांश कृषक निर्वाहमुखी हुनु, पशुपंक्षी पालन व्यवसाय साना स्तरका रहनु, गाउँपालिका लगायत वडामाा भेटेनरी ल्याब नहुनु, वास्तविक कृषक भन्दा झोले, राजनीति पहुँच र कागजी कृषक हावी हुनु, क्षमता अभिवृद्धि, व्यावसायीकरण एवम् पशुपंक्षी पालन क्षेत्रमा युवाहरूको आकर्षण कम हुँदै जानु, गुणस्तरीय नश्ल उत्पादन, सामग्री, दाना, घाँस र औषधीलगायतका सामग्रीको समयानुकुल आपूर्ति बढाउनु, वर्षेनी युवा जनशक्तिको विदेश पलाईनले गर्दा श्रम अभावलाई सम्बोधन गर्नु, पशुपंक्षी बिमा व्यवस्थालाई प्रभावकारी वनाउनु, सार्वजनिक र सहकारी क्षेत्रको लगानी वृद्धि गर्नु, कृषि ऋणको सहज उपलब्धता सुनिश्चित गर्नु, पशुपंक्षी पेसालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

#### ३.२ अवसर

पशुपंक्षीजन्य उत्पादनको माग तीव्र गतिमा वढनु, सहकारीमार्फत पशुपंक्षीसम्बन्धी कार्यक्रमहरू सञ्चालनमा आउनु, गाउँपालिकाले कृषि विकास बैङ्कसँग स्वरोजगार कार्यक्रमका लागि सम्झौता गरी सहुलियत दरमा मुख्यमन्त्री ग्रामीण रोजगार कार्यक्रम र हेफरमार्फत पशुपालन कार्यक्रम सञ्चालनमा आउनु, निजी क्षेत्र यसतर्फ आकर्षित हुँदै जानु, विदेशबाट फर्किएका युवाहरू सिप, ज्ञान, पूँजी र उन्नत प्रविधिसहित पशुपंक्षी क्षेत्रमा आकर्षित हुँदै जानु, मासु तथा दुग्धजन्य वस्तुहरूको उपभोगमा वृद्धि हुँदै बढ्दै जानु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

## ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ●गाउँपालिकालाई बाखा ब्रान्डका रूपमा राष्ट्रिय स्तरमा पहिचान बनाउने । | ●बाखापालनलाई मिसन आयोजनाका रूपमा सञ्चालन गरिने छ ।<br>●बाखा विकास फार्म स्थापना गरिने छ ।<br>●कृषकलाई पूर्वाधार विकास, खोर निर्माण तथा खर्क सुधारमा अनुदान सहयोग गरिने छ ।<br>●बाखामा नश्ल सुधार गरी उत्पादकत्व वृद्धि गरिने छ ।<br>●बाखा पोषण प्याकेज कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिने छ ।<br>●उत्पादनका आधारमा मासुमा प्रति केजी रू. ५० अनुदान साथै पशु सुत्केरी भत्ताको व्यवस्था गरिने छ ।<br>●गाउँपालिका अध्यक्ष स्मार्ट बाखापालन कार्यक्रम ६ नं. वडामाा सञ्चालन गरिने छ<br>●ओटै वडामाा सफा स्वच्छ मासुपशल तथा पशुवधशाला स्थापना र सञ्चालन गर्न अनुदानको व्यवस्था गरिने छ । |
| ●पशुपंक्षीजन्य उत्पादनमा वृद्धि गरी व्यावसायीकरणर विविधीकरणको माध्यमबाट निर्यात प्रवर्द्धन गर्ने । | ●स्थानीय रैथाने जातका गाई, भैँसी, भेँडा, बाखा, कुखुरा आदिको संरक्षण, प्रवर्द्धन र व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने छ ।<br>●साना डेरी उद्योग प्रवर्द्धन र चिलिङ् भ्याटमा ५० प्रतिशत अनुदान सहयोग गरिने छ ।<br>●प्रति लिटर दूधमा रू. ५ अनुदानको व्यवस्था कार्यविधि बनाईगरिने छ ।<br>●गाई, भैँसी, गोरु, भेँडा, बाखा र बङ्गुरमा पञ्जीकरणको सुरुवात गरिने छ ।<br>●पशुपंक्षी स्वस्थ भएमा मानिस स्वस्थ हुन्छ भन्ने कुरालाई ध्यान दिँदै पशुपंक्षीजन्य उत्पादनलाई स्वस्थ र गुणस्तरीयताका लागि डाइक्लोफेनाक लगायत एन्टिबायोटिक बढी प्रयोगलाई निरूत्साहित गरिने छ । |
| ●उत्पादन लागत घटाउन घाँस खेती र बिमालाई प्राथमिकता दिने । | ●पशुपंक्षी बिमालाई सबै कृषकको घर-घरमा पुऱ्याइने छ ।<br>●पशुपंक्षीबाट मानिसमा सर्न सक्ने जुनोटिक रोगबारे जनचेतना अभिवृद्धि गरिने छ<br>●भुइँ घाँस र डाले घाँस उत्पादन गरी पशुपंक्षीजन्य उत्पादनको लागत घटाइने छ<br>●गाउँपालिका स्तरीय एक ओटा डाँले र भुई घाँसेवाली स्रोत केन्द्र स्थापना गरिने छ ।<br>●पशुपंक्षीसम्बन्धी तथ्याङ्कहरू नियमित रूपमा सङ्कलन तथा प्रकाशन गरिने छ । |

## ४.३ खाद्य सुरक्षा तथा पोषण

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ३ धारा ३६ को दफा (१) ले खाद्यसम्बन्धी हक साथै प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हकको व्यवस्था गरेको छ। दिगो विकास लक्ष्यमा भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा पोषणको अवस्था सुधार गर्ने तथा दिगो कृषि प्रणालीको प्रवर्द्धन गर्ने रहेको छ। खाद्य असुरक्षा र न्यून पोषणको समस्याले बालबालिकाको शारीरिक, मानसिक तथा संवेगात्मक विकासमा वाधा पुगी गाउँपालिकाको समग्र विकासमा प्रतिकुल प्रभाव पर्ने देखिन्छ।

गाउँपालिकामा खाद्य पोषणको अवस्था कमजोर रहेको देखिन्छ। बहुसङ्ख्यक नागरिकले खाद्यान्न आयात गरी उपभोग गरेका छन्। पोषण सुरक्षाको अभावका कारण शिशु तथा बालमृत्युदर केही मात्रामा रहेको छ। गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रममा खाद्य सुरक्षा तथा पोषणलाई कम प्राथमिकता दिएको छ। बहुक्षेत्रीय पोषण योजना (दोस्रो) अनुरूप गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन भएको छ। त्यस्तै, ८ ओटै वडामाा पनि वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन भएको छ। सुआहारा दोस्रो र लुम्बिनी सामाजिक विकास केन्द्रले हजार दिनका आमा र बच्चामा पोषण सुधारका लागि विगत पाँच वर्षदेखि कार्यक्रम सञ्चालन गर्दै आएको छ।

### २. समस्या

भूमिको न्यून उत्पादकत्व र उत्पादित वस्तुको पनि अन्य क्षेत्रमा प्रयोग हुनु, बालबालिका, महिला र ज्येष्ठ नागरिकको लागि आवश्यक पोषणको उचित व्यवस्था गर्न नसक्नु, स्वास्थ्य, सरसफाइ तथा खाने व्यवहारसम्बन्धी जनचेतनाको कमीले खाद्य सुरक्षा र पोषणको क्षेत्रमा जटिलता बढ्दै जानु, कोदो, जौ, फापर, भटमास जस्ता स्थानीय पोषिलो रैथाने बालीको उत्पादन तथा उपभोगमा कमी आउनु यस क्षेत्रका समस्या रहेका छन्।

### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

स्थानीय रैथाने र पोषणयुक्त जातका खाद्यान्न बालीनालीको बजारीकरण नहुनु, जङ्गली जनावरका कारणले जमिन बाँझो हुँदै जानु, खाद्य सुरक्षाका दृष्टिले जोखिममा रहेको गाउँपालिका खाद्यवस्तुमा आत्मनिर्भर बनाउनु, स्वस्थकर एवम् पोषणयुक्त खाना र व्यवहार परिवर्तन गर्नु, अनियन्त्रित रूपमा बढेको जीवनाशक विषादी तथा एन्टिबायोटिकको प्रयोग घटाई खाद्य गुणस्तरमा सुधार गर्नु, खाद्य तथा पोषण असुरक्षित समुदाय र घरधुरीहरू तथा कुपोषित बालबालिकाको पहिचान गर्नु, जैविक विषादी, प्राङ्गारिक मलको प्रयोग गरी अर्गानिक उत्पादनमा वृद्धि गर्नु र खाद्यान्नको सन्तुलित उपभोग (आहार-विहार) प्रति सचेतना बढाउनु यस क्षेत्रका चुनौती रहेका छन्।

#### ३.२ अवसर

नेपालको संविधानमा खाद्य सम्प्रभुतालाई मौलिक हकको रूपमा स्थापित गरिनु र सोको कार्यान्वयनका लागि ऐनको व्यवस्था समेत हुनुले प्रत्येक नागरिकको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न ठुलो अवसर रहनु, दिगो विकास लक्ष्यले भोकमरी अन्त्य गर्ने उद्देश्य लिनु, कृषि विकास रणनीतिमा खाद्य तथा पोषण सुरक्षाका कार्यक्रमलाई महत्व दिनु, बहुक्षेत्रीय पोषण योजना (

दोस्रो) लागु हुनु र गाउँपालिका तथा वडामाा खाद्य सुरक्षा तथा पोषण समिति गठन हुनु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

पोषणयुक्त खाद्य सुरक्षामा नागरिकको खाद्य अधिकारको सुनिश्चितता ।

### ४.२ लक्ष्य

दिगो रूपमा पोषणयुक्त खाद्यवस्तु उत्पादन गरी खाद्य तथा पोषण सुरक्षा हासिल गर्ने ।

### ४.३ उद्देश्य

- कृषि र पशुपंक्षीजन्य वस्तुको पोषणमैत्री उत्पादनमा वृद्धिगरी खाद्य तथा पोषणमा सुधार ल्याउनु ।
- गाउँपालिकामा आधारभूत खाद्य उपलब्धता सुनिश्चित गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ●रैथान खाद्यबाली तथा पशुपंक्षीको संरक्षण र प्रवर्द्धन गर्दै नागरिकमा खानपानको बानी व्यवहारमा परिवर्तन ल्याउने | ●खाद्य तथा पोषण सुरक्षा ऐन, नियम, कार्यविधि र कार्ययोजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।<br>●खाद्य सुरक्षाका लागि स्थानीय रैथाने खाद्यबालीको उत्पादनमा वृद्धि गरिने छ ।<br>●गाउँपालिकामा उत्पादन हुने खाद्यपदार्थलाई उपयोगमा विशेष जोड दिइनेछ ।<br>●गाउँपालिका स्तरीय एक ओटा खाद्य गोदाम घर स्थापना साथै, स्थानीको उत्पादनलाई खरिदविक्री गरिने छ । |
| ●मातृशिशु, बालबालिकाका, किशोर किशोरी र ज्येष्ठ नागरिकको पोषणमा सुधार ल्याउने । | ●पोषणसम्बन्धी व्यवहारमा सुधार र पोषण-लक्षित वा पोषणप्रति संवेदनशील सेवाहरूको उच्चतम प्रयोग गरी मातृशिशु पोषणको स्थितिमा सुधार गरिने छ ।<br>●गरिब परिचयपत्रका आधारमा खाद्यान्नको रासन कार्ड वितरण गरिने छ ।<br>●खाद्यान्न उत्पादनमा जलवायु परिवर्तनले पारेको प्रभाव अध्ययन गरी गाउँपालिकामा मौसम अनुकुलन हुने किसिमका बालीनालीको खेती गरिने छ ।<br>●समुदायमा व्यवहार परिवर्तन, पोषण र खाद्य सुरक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । |

## ५. अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यसम्ममा आधारभूत खाद्य सुरक्षाको स्थितिमा सुधार भएको हुने छ । स्थानीय रैथाने जातका बालीको प्रर्वद्धन र उपयोग भएको हुने छ ।

## ४.४ भूमि व्यवस्थापन

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ४ धारा ५१ को (ङ) मा कृषि र भूमिसुधारसम्बन्धी व्यवस्था गरेको छ । भूमिहिन दलितको हकलाई मौलिक हकको रूपमा राखेको छ ।

भूमिमाथि सबैको न्यायिक पहुँच, भू-स्वामित्वको सुरक्षामा प्रभावकारिता अभिवृद्धि गर्दै सुशासन कायम राख्नु गाउँपालिकाको प्रमुख दायित्व हुन आउँछ । कृषिमा आश्रित परिवारको न्यून आय-आर्जन जस्ता समस्यालाई एकीकृत रूपमा समाधान गर्न आवश्यक छ । आवधिक योजनाको भावनाअनुरूप वैज्ञानिक भूमिसुधार, भूमि बैङ्क र भू-उपयोग योजना लागु गर्न आवश्यक रहेको छ

### २. समस्या

भूमिको चक्लाबन्दी नहुनु, वर्षेनी बाँझो जमिनको क्षेत्रफल बढ्दै जानु, भूमिसम्बन्धी समस्या समाधान प्रभावकारी नहुनु, भूमि बाँझै राख्ने तथा खण्डीकरण गर्ने प्रवृत्ति बढ्दै जानु, भूमिको उपयोग र क्षमता अनुसारको भू-उपयोग सूचना प्रणालीको विकास हुन नसक्नु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

भूमि बैङ्क कार्यान्वयन गर्नु, व्यवस्थित एवम् एकीकृत बस्ती विकास गर्नु, सीमित भूमिको दिगो व्यवस्थापन गर्नु, बाँझो तथा उपयोग नभएको जमिन प्रयोगमा ल्याउनु, चक्लाबन्दीमा आधारित खेती प्रणालीको विकास गर्नु, सूचना प्रविधियुक्त आधुनिक प्रविधिको प्रयोग गरी स्तरीय र भरपर्दो नाप नक्सा, तथ्याङ्क तथा भू-सूचना तयार गर्नु, भू-उपयोग नीति कार्यान्वयनका लागि आवश्यक कानुनी र साङ्गठनिक संरचना तयार गरी सेवाको गुणस्तर अभिवृद्धि गर्नु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

#### ३.२ अवसर

भूमि व्यवस्थापन गाउँपालिकामा प्राथमिकताको विषय हुनु, व्यवस्थित बसोबास गराउने प्रयास हुनु, जग्गाको चक्लाबन्दीप्रति कृषकको आकर्षण वृद्धि हुँदै जानु, सुकुम्बासी समस्या समाधान एवम् अव्यवस्थित बसोबासलाई व्यवस्थित तुल्याउनु, प्राकृतिक सम्पदाहरूको संरक्षण र विकासमा स्थानीयको चासो र चेतना उत्साहप्रदरूपमा बढ्नु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

### ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

#### ४.१ दीर्घकालीन सोंच

उत्पादनमुखी र दिगो भूमि व्यवस्थाको उपयोग ।

#### ४.२ लक्ष्य

भूमिको दिगो र वैज्ञानिक व्यवस्थापनमार्फत समृद्ध बनाउने ।

#### ४.३ उद्देश्य

- भू-उपयोग योजना तयार गरी भूमिको वैज्ञानिक व्यवस्थापन गर्नु ।
- सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा संवर्द्धन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● कृषि जमिनलाई बाँझो राख्ने तथा भूमिको खण्डीकरण गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्ने नीति लिई चक्लाबन्दी कार्यक्रम अभियानको रूपमा सञ्चालन गर्ने । | ● भू-उपयोग योजना तयार गरिने छ ।<br>● भूमिहीन सुकुम्बासी वस्तीको लगत सङ्कलन गरी अवस्था पहिचानपश्चात लालपुर्जाको व्यवस्था गरिने छ ।<br>● सरकारी जग्गा प्रयोगसम्बन्धी नीतिगत व्यवस्था गरिने छ ।<br>● भूमि बैंङ्क स्थापना गरिने छ ।<br>● सरकारी, खुला क्षेत्र, सार्वजनिक एवम् गुठी जग्गाहरूको प्रोफाइल तयार गरी अवैधानिक कव्जा जग्गा हटाई संरक्षण गरिने छ ।<br>● गरिबः महिला, दलित, जनजाति, सीमान्तकृत वर्ग, सहिद परिवार, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका नाममा जग्गा खरिद गर्दा र विक्री गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुरमा ५० प्रतिशत छुट दिइने छ । |

### ५. अपेक्षित उपलब्धि

भू-उपयोग नीति कार्यान्वयनमा आएको हुने छ । सबै वडाको भूमि अभिलेख विद्युतीय सूचना प्रणालीमा आबद्ध भएको हुने छ । भूमि बैङ्क स्थापना भएको हुने छ । सहकारीमा आधारित करार खेती प्रणाली हुने र अव्यवस्थित बस्तीको व्यवस्थापन हुने छ । महिलाका नाममा जग्गा दर्ता करिब ५० प्रतिशतले बढेको हुने छ । सबै वडाहरूमा खुला पार्क बनेका हुने छन् । भू-उपयोग योजना निर्माण भई कार्यान्वयनमा आएको हुने छ ।

### ४.५ पर्यटन तथा संस्कृति

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ को भाग ४ धारा ५१ मा उपधारा ७ ले स्थानीय तहलाई प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पुरातात्विक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवम् प्रचार-प्रसारमार्फत अर्थतन्त्रको  महत्वपुर्ण आधारका रूपमा पर्यावरण अनुकुल पर्यटन व्यवसाय प्रवर्द्धन गर्ने तथा पर्यटन व्यवसायको लाभ वितरणमा स्थानीय समुदायलाई प्राथमिकता दिने उल्लेख गरेको छ ।

भैरवस्थान मन्दिर पालिकाको प्रमुख पर्यटकिय गन्तब्य हो भने शिवधाम गुफा ,शिवभाटी गुफा ,मधुवनी सिद्धबाबा ,छुन्फांग ,रिशिंग ,रिब्दिकोटको कोट ,बेतन गुफा ,मौसमी टावर ,भवानी मन्दिर ,भवानी गुफा ,सन्सार्कोट लेक ,मणिमुकुन्द पार्क ,धुस्धुङ्ग,बेसार भन्ज्यांग,सतानाचुली ,साठिहाते झरना ,सिरुपाते भगवती मालिका मन्दिर ,बादडाडा चिल्ड्रेन पार्क यी विभिन्न पर्यटकीय स्थलहरूको पूर्वाधार विकास गर्दै लैजान सकिएमा पर्यटकहरूको बसाइमा वृद्धि भई गाउँपालिकाको आर्थिक क्षेत्रमा वृद्धि हुने छ ।

**संस्कृतिहरूः** यहाँका मानिसहरूले साउने सङ्क्रान्ति, जनैपूर्णिमा, कृष्णजन्माष्टमी, हरितालिका तिज, बडा दशैं, तिहार, माघेसङ्क्रान्ति, महाशिवरात्री र रामनवमी जस्ता मुख्य पर्वहरू मनाउने गर्दछन् । गाउँपालिकाको आवधिक योजनामा पर्यटन विषयलाई दीर्घकालीन सोंचमा समावेश गरी प्राथमिकतामा राखिएको छ ।

## २. समस्या

गाउँपालिकामा पर्यटकीय होटल नहुनु, पर्यटकीय सेवा तथा गन्तव्यको विविधीकरण नहुनु, बाह्रै महिना सञ्चालन हुने सडक तथा यातायातको भरपर्दो व्यवस्था नहुनु र भएका ऐतिहासिक, धार्मिक मठ-मन्दिरहरूको प्रचार-प्रसार नहुनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

पर्यटकहरूको पूर्ण अभिलेख राख्नु, पर्यटकीय स्थलहरूमा सूचना, सञ्चार तथा प्रविधिको विकास गर्नु, पर्यटन क्षेत्रका साझेदारसँग प्रभावकारी समन्वय गरी पर्यटन पूर्वाधार विकासमा पर्याप्त लगानी बढाउनु, पर्यटनका लागि आवश्यक पर्ने स्थानीय वस्तु तथा सेवाको उत्पादन गर्नु, पर्यटकीय उपजहरूको बारेमा राष्ट्रिय स्तरमा प्रचार- प्रसार गर्नु र पर्यटन क्षेत्रको दिगो विकास तथा व्यवस्थापन गर्नु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

भैरवस्थान मन्दिर पालिकाको प्रमुख पर्यटकिय गन्तब्य हो भने शिवधाम गुफा ,शिवभाटी गुफा ,मधुवनी सिद्धबाबा ,छुन्फांग ,रिशिंग ,रिब्दिकोटको कोट ,बेतन गुफा ,मौसमी टावर ,भवानी मन्दिर ,भवानी गुफा ,सन्सार्कोट लेक ,मणिमुकुन्द पार्क ,धुस्धुङ्ग,बेसार भन्ज्यांग,सतानाचुली ,साठिहाते झरना ,सिरुपाते भगवती मालिका मन्दिर ,बादडाडा चिल्ड्रेन पार्क आदि हुनु, गाउँपालिकाले पर्यटन क्षेत्रलाई समृद्धिको मुख्य संवाहक मान्नु, गाउँपालिकाको सहजीकरण तथा समन्वयमा होमस्टे सञ्चालन हुनु, समुदायको पर्यटन क्षेत्रमा चासो र लगानी वृद्धि हुँदै जानु र कोसेली घरको निर्माण हुनु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

पर्यटन प्रवर्द्धनका लागि पूर्वाधारको विकास ।

### ४.२ लक्ष्य

(१) पर्यटनको विकासबाट आय-आर्जनमा वृद्धि गर्ने ।

(२) आन्तरिक र वाह्य गरी वार्षिक १ लाख पर्यटक भित्राउने।

### ४.३ उद्देश्य

(१)पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन गर्नु ।

(२) रिब्दिकोटमा  पर्यटकको सङ्ख्यामा वृद्धि गर्नु ।

## ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● गाउँपालिकामा भएका पर्यटकीय स्थलहरूको एक वडा एक विशिष्ट पहिचान गरी प्रवर्द्धनात्मक कार्यक्रम गर्ने । | ● गाउँपालिकाका जनशक्तिलाई आन्तरिक पर्यटनतर्फ आकर्षित गर्न (अध्यक्षसँग भ्रमण) वार्षिक बिदासहितको प्रोत्साहन कार्यक्रम लागु गरिने छ ।<br>● ४ नं. वडामाा होमस्टे सञ्चालन गरिने छ ।<br>● विभिन्न जातजातिहरूको सांस्कृतिक सङ्ग्रहालय स्थापना गरिने छ ।<br>● पर्यटन गुरुयोजना तयार गरिने छ ।<br>● रिब्दिकोटलाई चिनाउने उत्पादित वस्तुको कोसेली घर स्थापना गरिने छ ।<br>● देश विदेशमा समेत गाउँपालिकाका पर्यटकीय क्षेत्रहरूलाई चिनाउन भिडियो डकुमेन्ट्री तयार गरी प्रचार-प्रसार गरिने छ ।<br>● गाउँपालिकामा भएका मुख्य मुख्य पर्यटकीय स्थलहरूलाई एकआपसमा जोड्ने गरी एउटै पर्यटकीय सडक निर्माण गरिने छ । |
| ● पर्यटन प्रवर्द्धन र विकास गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गर्ने । | ● गाउँपालिकाका पर्यटकीय मुख्य सम्पदा स्थलहरूको विकास एवम् प्रवर्द्धन गर्नका लागि निजी क्षेत्र, सरकारी-निजी, साझेदारी र सहकारी क्षेत्रको भूमिका वृद्धि गरी रोजगारीका अवसरहरूको सिर्जना गरिने छ ।<br>● गाउँपालिका स्तरीय स्थानीय कला संस्कृति झल्कने र स्थानीयखानाका परिकार बनाउने एक ओटा स्तरीय रिसोर्ट स्थापनागर्न निजी क्षेत्रलाई अनुदानको व्यवस्था गरिने छ ।<br>● गाउँपालिका र वडा स्तरीय पर्यटन विकास समिति गठन गरिने छ ।<br>● गाउँपालिकामा बढी भन्दा बढी पर्यटक भित्राउने वि.सं. २०८५ लाई पर्यटन भ्रमण वर्ष घोषणा गरिने छ । |

## ५. अपेक्षित उपलब्धि

पर्यटन सूचना केन्द्र स्थापना भई पर्यटकहरूको तथ्याङ्क व्यवस्थित भएको हुने छ । पर्यटन पूर्वाधार, होटल, रिसोर्ट, होमस्टे, पदमार्ग, पर्यटकीय स्थललाई जोड्ने सडकको विकास भएको हुने छ । मुख्य पर्यटकीय स्थलहरूको देश विदेशमा व्यापक प्रचार-प्रसार भएको हुने छ । आन्तरिक र बाह्य पर्यटन आवागमन सङ्ख्यामा उल्लेख्य वृद्धि भएको हुने छ ।

## ४.६ सहकारी तथा वित्तीय संस्था

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ मा सरकार, सहकारी र निजी क्षेत्रको माध्यमबाट अर्थतन्त्रको विकास गर्ने परिकल्पना गरेको छ ।गाउँपालिकाले बनाएको सहकारी ऐन कार्यान्वयनको प्रक्रियामा रहेको छ । सहकारी संस्थाको दर्ता, नवीकरणदेखि नियमन गर्ने र अनुगमन तथा मूल्याङ्कन जस्ता कार्यहरू गाउँपालिकाबाट हुन

थालेका छन् । ६ ओटा कृषि सहकारी छन् । । १ नं. वडामाा शाखारहित बैङ्क रहेका छन् । आवधिकयोजनाले सहकारीलाई दीर्घकालीन सोंचमा प्राथमिकतामा राखेको छ । आगामी दिनमा सबै जनतालाई सहकारीको मालामा समावेश गर्न आवधिक योजनामा उल्लेख गरिएको छ ।

### २. समस्या

गाउँपालिकामा सहकारीको शाखा नहुनु, सहकारी हेर्ने कर्मचारीको व्यवस्था नहुनु, सहकारी विकासको लागि गत तीन आर्थिक वर्षमा कार्यक्रम सञ्चालन नहुनु, अधिकतम सहकारी संस्था बचत तथा ऋण परिचालनमा केन्द्रित हुनु, भएका सहकारीमा राजनीतिकरण हुनु, सहकारी संस्थामा विधिको अज्ञानता वा पर्याप्त प्रशिक्षणको कमीले अनुशासन तथा सुशासनको अवस्था सन्तोषजनक नहुनु, सहकारी क्षेत्रको पूँजी उत्पादनशील क्षेत्रमा लगानी तथा परिचालन हुन नसक्नु, गाउँपालिकामा प्रशिक्षण, नियमन, सूचना प्रणालीको संरचना स्थापना नहुनु, सहकारीको पूजी, निक्षेप र लगानीको तथ्याङ्क तथा विवरणमा पालिका जानकार हुन नसक्नु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

वित्तीय सुशासन कायम गर्नु, बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको प्रभावकारी नियमन गर्नु, महिलाहरूलाई सहकारी तथा वित्तीय पहुँचमा पुऱ्याउनु, सहकारीसम्बन्धी गाउँपालिकामा नीतिगत, कानुनी एवम् संस्थागत संरचना निर्माण गर्नु, उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि उत्पादनशील एवम् व्यावसायिक क्षेत्रमा सहकारीको योगदान अभिवृद्धि गर्नु, सहकारी संस्थाहरूमा संस्थागत एवम् वित्तीय अनुशासन बढाउनु, सहकारी संस्था सञ्चालन एवम् व्यवस्थापनका लागि क्षमता र दक्षता वृद्धि गर्नु र गाउँपालिकामा नियमनकारी निकायको संरचना स्थापना गरी प्रभावकारी नियमन गर्नु आदि यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

#### ३.२ अवसर

सहकारीलाई गाउँपालिकाको अर्थतन्त्रको एक बलियो आधारको रूपमा लिइनु, कृषि उत्पादनका मूल्य शृङ्खलामा सहकारी संस्थाहरूलाई आबद्ध गर्दै लैजाने सम्भावना रहनु, सहकारीमा महिला तथा विपन्न वर्गको पहुँच स्थापित हुने खालका कार्यक्रमहरू सञ्चालन हुनु, स्थानीय सरकारले सहकारी क्षेत्रलाई प्राथमिकतामा राख्नु, सहकारी क्षेत्रसँग रहेको पूँजी उत्पादनको क्षेत्रमा परिचालन गर्न सकिने सम्भावना रहनु, निजी क्षेत्र र सहकारी क्षेत्रबिच सहकार्य वृद्धि हुँदै जानु, सहकारी सञ्चालकहरू उत्पादनको क्षेत्रमा लगानी गर्न थप उत्सुक हुनु, सहकारीमार्फत कोसेली घर सञ्चालनमा आउनु, नागरिकलाई आवश्यक पर्ने ऋण सहजै उपलब्ध हुनु र व्यवसाय सुरु गर्दा बजेट सहजरूपमा उपलब्ध हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

सहकारीमार्फत सामाजिक र आर्थिक विकास ।

### ४.२ लक्ष्य

बचत परिचालन गरी उत्पादनमार्फत गरिबी निवारणमा सहयोग पुऱ्याउने ।

### ४.३ उद्देश्य

- एक व्यक्ति एक बचत सङ्कलनमार्फत वित्तीय पहुँचमा अभिवृद्धि गर्नु ।
- सबै नागरिकहरूको एक व्यक्ति एक बैङ्क खाता अनिवार्य सञ्चालन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • सहकारीलाई गाउँपालिकाको अर्थतन्त्रको एक प्रमुख स्तम्भका रूपमा स्थापित गर्ने । | • सहकारी संस्था सञ्चालन तथा व्यवस्थापनको लागि संस्थागत विकास, लेखासम्बन्धी तालिम वार्षिक रूपमा सञ्चालन गरिने छ ।<br>• सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि गुरुयोजना र रणनीतिक योजना तर्जुमा गरिने छ ।<br>• कृषि सहकारीको उत्पादनलाई बजारीकरणमा सघाउ पुऱ्याउन ८ ओटै वडामाा सुपथ मूल्यका सहकारी पसलको स्थापना गरिने छ ।<br>• सहकारीका बचतकर्ताहरूको बचतको सुरक्षाको प्रत्याभूति गर्न बचत सुरक्षण (बिमा) को व्यवस्था गरिने छ ।<br>• सहकारीमार्फत रोजगारी सिर्जना तथा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिने छ । |
| • सहकारीको पूँजीलाई दिगो उत्पादनमूलक क्षेत्रमा लगानी अभिवृद्धि गर्ने | • सहकारी संस्थालाई कृषि, पशुपंक्षी, पर्यटन, उद्योग जस्ता प्रत्यक्ष उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिने छ ।<br>• महिलाहरूबाट सञ्चालन भएका सहकारीलाई आय-आर्जन तथा सिपमूलक कार्यमा प्रवर्द्धन गर्न बिउपूँजी उपलब्ध गराइनेछ ।<br>• सहकारी प्रशिक्षण, नियम तथा सूचना प्रणालीको स्थापना गरी कार्यान्वयन गरिने छ ।<br>• सहकारी खेती, उद्योग, सेवा र व्यवसायको विकास तथा प्रवर्द्धनका लागि पूर्वाधारको विकास गरिने छ । |

## ५. अपेक्षित उपलब्धि

सबै वडाहरूमा वित्तीय संस्थाहरूको पहुँच पुगेको हुने छ । स्वरोजगार एवम् रोजगार सिर्जना हुने छ । एक सहकारी एक उत्पादन कार्यक्रम प्रवर्द्धन हुने छ । सहकारी क्षेत्रको कुल लगानीमध्ये करिब ७० प्रतिशत उत्पादनमूलक क्षेत्रमा लगानी भएको हुने छ ।

## ४.७ उद्योग, वाणिज्य, आपूर्ति, खानी तथा खनिज सम्पदा

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ४ को धारा ५१ (घ) मा उद्योग र वाणिज्यसम्बन्धी नीतिको स्पष्ट व्यवस्था गरेको छ । गाउँपालिकामा साना तथा मझौला घरेलु उद्योग जस्तैः कृषि र पशुपंक्षीको विकास र विस्तारका लागि वातावरण सिर्जना गर्नु आवश्यक छ । कृषि तथा पशुपंक्षी, नगदे बालीमा अदुवा र वेसारको प्रशोधन कार्य हुन आवश्यक छ ।

### २. समस्या

#### (क) उद्योग

उद्यमशील सोंचको विकास हुन नसक्नु, लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पूँजी, सिप, कच्चा पदार्थ र प्रविधिको संयोजन गर्न निजी क्षेत्रले नसक्नु, स्थानीय कच्चा पदार्थको कम उपयोग हुनु समस्याका रूपमा रहेका छन् । कृषि क्षेत्रलाई यान्त्रीकरण, तथा व्यावसायीकरण गर्न नसक्दा यसको उत्पादन तथा उत्पादकत्व न्यून भई कृषिजन्य आयात वृद्धि हुनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

#### (ख) वाणिज्य

अत्यावश्यक वस्तु तथा सेवा गुणस्तरीय एवम् सहजरूपमा उपलब्ध हुन नसक्नु, खाद्यमा हुने मिसावट, ठगी, कालोबजारी, कार्टेलिङग् र सिण्डिकेट जस्ता विकृतिका कारण बजारमा कृत्रिम अभाव सिर्जना हुनु, बजार अनुगमन प्रभावकारी हुन नसक्नु, संस्थागत क्षमता कमजोर हुनु, सबै वडामाा उत्पादन हुने अतिरिक्त खाद्यवस्तुको सङ्कलन र उचित व्यवस्थापन एवम् भण्डारण गरी अभाव भएका समुदायमा सहजै वितरण गर्ने सरल र छिटो तथा भरपर्दो संरचना नहुनु यस क्षेत्रका समस्या रहेका छन् ।

#### (ग) आपूर्ति

गाउँपालिकामा उपभोग्य वस्तु तथा सेवाको आपूर्तिलाई उचित व्यवस्थापनसम्बन्धी कुनै नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था नहुनु, यहाँका जनताका लागि आवश्यक पर्ने अत्यावश्यक वस्तुहरू जस्तैः खाद्य पदार्थ, औषधि, इन्धन, निर्माण सामग्री तथा सेवाहरू, स्वास्थ्य, सञ्चार, विद्युत, यातायात, खानेपानी, पाठ्यसामग्री आदिको उपलब्धताको अवस्थाको बारेमा गाउँपालिकामा पर्याप्त र विश्वसनीय सूचना तथा तथ्याङ्कहरू समेत उपलब्ध नहुनु, साना बजार सञ्चालन, व्यवस्थापन हुन नसक्नु र स्रोत साधनको अभाव हुनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

#### (घ) खानी तथा खनिज सम्पदा

खानी तथा खनिज उद्योगमा अध्ययन, अनुसन्धान नहुनु, गाउँपालिकामा नीति, कानुन, योजना तथा संस्थागत संरचना नहुनु, अन्वेषण तथा उत्खननका लागि आवश्यक विशेषज्ञ, ज्ञान, सिप, उपकरणहरूको अपर्याप्तता हुनु र अन्वेषण कार्य महँगो हुँदा बजेटको अपर्याप्तता हुनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

औद्योगिक ग्राम पूर्वाधारको विकास गर्नु, निर्यात हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ्ग र प्याकेजिङ्गसम्बन्धी क्षमता अभिवृद्धि गर्नु, आत्मनिर्भर हुन सक्ने कृषिजन्य उत्पादनका

साथै, विलासिताका वस्तुहरूको आयात निरूत्साहित गर्नु र आयात हुने वस्तुहरूको गाउँपालिकामा नै उत्पादन बढाउनु चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

कृषि, पशुपंक्षी, वन, जडीबुटी एवम् पर्यटन क्षेत्रलाई उद्योगसँग आबद्ध गरी विस्तार गर्ने प्रचुर सम्भावना हुनु, स्थिर सरकार हुनु, राजनीतिक स्थिरता, खाद्यान्नमा आत्मनिर्भरताका लागि स्थानीय स्तरमा उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने प्रयासको निरन्तरता हुनु र खनदहमा व्यापारिक केन्द्र विस्तार हुनुले व्यापारमा सहज हुनु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

साना तथा मझौला उद्योगको विकासमार्फत रोजगार सृजना ।

### ४.२ लक्ष्य

गुणस्तरीय वस्तु तथा सेवा सर्वसुलभ र नियमित रूपमा आपूर्ति हुने व्यवस्था मिलाई उपभोक्ता हकहितको संरक्षण गर्नु ।

### ४.३ उद्देश्य

- औद्योगिक लगानी आकर्षित गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।
- स्थानीय स्रोत, साधन र सिपमा आधारित घरेलु तथा साना उद्योगको विकास एवम् प्रवर्द्धन गर्नु ।

## ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ●उद्योग, वाणिज्य र खानी तथा खनिज सम्पदाको लागि आवश्यक नीति र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा जोड दिने । | ●निजी क्षेत्रको प्रभावकारी नियमन गर्न कानुनी एवम् संस्थागत सुधारमा जोड दिइने छ ।<br>●पारदर्शी व्यवसाय सञ्चालनका लागि व्यावसायीलाई अभिमुखीकरण तालिम प्रदान गरिने छ ।<br>●सबै वडामाा हाटबजार स्थापना र आधुनिकीकरण गरी व्यवस्थित गरिने छ<br>●एक वडा एक सहकारीलाई सुपथ मूल्यका पसल खोल्न बिउपूँजीमार्फत प्रोत्साहन गरिने छ ।<br>●गाउँपालिकाभित्र रहेका सबै प्रकारका खनिज सम्पदाहरूको सम्भाव्यत अध्ययन, अनुसन्धान गरिने छ ।<br>●गाउँपालिकाभित्रका उपलब्ध ढुङ्गालाई सिप प्राप्त कालिगढमार्फत तयार गरी बिक्रीवितरण गर्ने उद्योगलाईअनुदानको व्यवस्था गरिने छ । |
| ●स्थानीय स्रोत, साधन र सिपमा आधारित उद्योग स्थापनाका लागि स्थानीय लगानीकर्तालाई आकर्षित गर्ने । | ●गाउँपालिकामा औद्योगिक ग्राम स्थापना गरिने छ ।<br>●सर्वसाधारण जनताले उपभोग गर्ने दैनिक आवश्यकताका वस्तुहरू उत्पादन गर्ने उद्योगहरूको स्थापनामा विशेष जोडदिई कृषि र पशुपंक्षी उद्योगको विकास गरिने छ ।<br>●गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई कार्यान्वयन गर्ने निकाय तथा सहयोगी निकायहरूको समन्वय र क्षमता विकास गर्दै लगिने छ ।<br>● स्थानीय कच्चा पदार्थ र सिपमा आधारित घरेलु, साना तथा मझौला उद्योगको विकास गरिने छ । |

## ५. अपेक्षित उपलब्धि

सार्वजनिक कार्यालयमा स्थानीय उत्पादनका वस्तुहरूको उपयोगमा वृद्धि भएको हुने छ । गाउँपालिकामा व्यापारिक गतिविधि बढेको हुने छ । अत्यावश्यक वस्तुहरूको पर्याप्त भण्डार गरी खाद्य सुरक्षाको वातावरण सिर्जना भएको हुने छ । बजार अनुगमन र नियमन गर्ने संयन्त्र प्रभावकारी भएको हुने छ । साना लघु तथा घरेलु उद्योगको उत्पादनमा वृद्धि भएको हुने छ । स्वरोजगार उन्मुख र सिपयुक्त जनशक्तिको सङ्ख्यामा वृद्धि भएको हुने छ ।

# परिच्छेद पाँच
# सामाजिक विकास क्षेत्र

## ५.१ शिक्षा

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ३ को धारा ३१ ले शिक्षा प्राप्त गर्ने नागरिकको मौलिक अधिकारलाई मानव अधिकारको रूपमा मान्यता दिँदै आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था गरेको छ । उच्च शिक्षालाई सहुलियतपूर्ण बनाउने व्यवस्था गरेको छ। संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ । गाउँपालिकामा २७ प्रा.वि., ६ मा.वि. र ६ उच्च मा.वि., ३ वटा क्याम्पस रहेका छन् । गाउँपालिकाको जम्मा बजेटको १५ प्रतिशत शिक्षामा विनियोजन भएको छ । गाउँपालिकाले शिक्षा ऐन, २०७५ र आधारभूत तथा माध्यमिक शिक्षा नियमावली, २०७५ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।  छ। अन्य वडाहरूको तुलनामा ३ ,४नं. वडामाा साधारण शिक्षा अध्ययन गर्न जनशक्तिका सङ्ख्या उल्लेख्य रहेको छ।

### २. समस्या

विषयगत शिक्षक दरवन्दीको माग र आपूर्तिबिच सन्तुलन नहुनु, प्राविधिक तथा व्यावसायिक धारका विद्यालय र जनशक्ति न्यून हुनु, शिक्षण सिकाइ खासगरी विज्ञान, गणित र अङ्ग्रेजी जस्ता विषयमा कमजोर हुनु, प्रतिभाहरूको पलाईन हुनु र प्राविधिक धारका विद्यालय पर्याप्त नहुनु समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

सार्वजनिक शिक्षा तथा व्यावसायिक शिक्षा गुणस्तरीय बनाउनु, बालविकास/पूर्व प्राथमिक शिक्षामा सहभागिता वृद्धि गर्नु र यसको गुणस्तरमा सुधार ल्याउनु, सामुदायिक विद्यालयमा मुख्य गरी दलित, जनजाति, विपन्न र फरक क्षमता भएका बालबालिकाको सिकाइ उपलब्धिमा सुधार ल्याउनु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, दक्ष शिक्षकको व्यवस्था गर्नु, विद्यालय छाड्ने दरमा कमी ल्याउनु, समकालीन सूचना सञ्चार तथा शैक्षिणिक प्रविधिको प्रयोग सुधार र विकास गर्नु चुनौतीका रूपमा रहेका छन् ।

#### ३.२ अवसर

आधारभूत र माध्यमिक विद्यालयको अधिकार स्थानीय तहमा रहनु, संविधानले शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्नु, विद्यालय क्षेत्र विकास योजना (२०१६- २०२२) जस्ता कानुनी ढाँचा एवम् सुस्पष्ट मार्गचित्र तय हुनु, प्राविधिक तथा व्यावसायिक सिपप्रति युवाको आकर्षण रहनु र स्नातक तहसम्मको अध्ययन गाउँपालिकाभित्र हुनु शिक्षा क्षेत्रका अवसर रहेका छन् ।

### ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

#### ४.१ दीर्घकालीन सोंच

शैक्षिक संस्थाहरूलाई उत्कृष्ट संस्थाका रूपमा विकास ।

#### ४.२ लक्ष्य

शिक्षाको गुणस्तरमा सुधार ल्याउने ।

## ४.३ उद्देश्य

- आधारभूत र माध्यमिक तहमा विद्यालय उमेर समूहका सबै बालबालिकाको पूर्ण पहुँच तथा गुणस्तरको सुनिश्चित गर्नु ।
- दलित, विपन्न, अल्पसङ्ख्यक, सीमान्तकृत, फरक क्षमता र जनजाति समुदायका विद्यार्थीहरूलाई स्नातकोत्तर तहसम्मको शिक्षामा पहुँच पुऱ्याउनु ।

## ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • शिक्षालाई प्राविधिक, व्यावसायिक, सिपमूलक, गुणस्तरीय, जीवनपयोगी र रोजगारमुखी बनाउने । | • ८ ओटै वडामाा कम्तीमा १/१ ओटा नमुना विद्यालय कार्यक्रम सञ्चालन गरिने छ ।<br>• एक घर एक स्नातकलाई अभियानको रूपमा सञ्चालन गरिन<br>• बुहारी छात्रवृति अध्ययन अभियान सञ्चालन गरी पालिकाभित्रै अध्ययन गर्नेलाई स्नातकसम्म निःशुल्क गरिने छ ।<br>• प्रध्यानाध्यापकहरूको पेसागत क्षमता अभिवृद्धिका लागि गोष्ठी, अनुसन्धान एवम् उच्च शिक्षा अध्ययनका लागि व्यवस्था गरिने छ ।<br>• शैक्षिक संस्थाहरूमा विज्ञान प्रयोगात्मक ल्याब र प्रविधिलाई प्राथमिकता दिइनेछ ।<br>• बालिका शिक्षालाई प्रोत्साहन गर्न विद्यालयमा स्यानिटरी प्याडलगायत स्वास्थ्य कार्यक्रम सञ्चालनमा सहयोग र सहजीकरण गरिने छ ।<br>• गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिमा प्राविधिक शिक्षा अध्ययन गराइने छ ।<br>• समयमै निःशुल्क पाठ्यपुस्तक वितरण गरिने छ । |
| • माध्यमिक तहसम्मको शिक्षा सबै बालबालिकाको पहुँचमा पुऱ्याउने । | • सबै विद्यालयमा पुस्तकालयको व्यवस्था गरिने छ ।<br>• गाउँपालिका केन्द्रमा सुविधा सम्पन्न एक ओटा पुस्तकालय स्थापना गरिने छ ।<br>• प्रधाानाध्यापक र शिक्षकको कार्यसम्पादन विद्यार्थीको नतिजामा जोड गरिने छ ।एक वडा, एक पुस्तकालय स्थापना गरिने छ ।<br>• एक वडा एक नमुना बालविकास कार्यक्रम सञ्चालन गरिने छ । भौगोलिक अवस्था र विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय मर्जर गर्दै लगिनेछ ।<br>• विद्यालयमा नैतिक शिक्षा र संस्कृत अध्ययन अध्यापन गराइनेछ ।विद्यालयमा बालमैत्री पूर्वाधार निर्माण गरिने छ ।<br>• शिक्षा विकासको लागि सम्भाव्यता अध्ययन, प्रोफाइल, गुरुयोजना, अध्ययन, अनुसन्धान र पूर्वाधारको लागि डिपिआर तयार गरिने छ । |

## ५. अपेक्षित उपलब्धि

बहुसङ्ख्यक विद्यार्थीले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम हासिल गरेका हुने छन् । प्राविधिक अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या आवधिक योजनाको अन्त्यसम्ममा दोब्बर हुने छ । माध्यमिक तहका सबै विद्यालयमा पुस्तकालय र ल्याब स्थापना भएको हुने छ । आधारभूत र माध्यमिक तहको खुद भर्नादर ९८ प्रतिशत पुगेको हुने छ । सबै शैक्षिक संस्थाहरूमा भौतिक पूर्वाधारको स्तरोन्नति हुने छ ।

## ५.२ स्वास्थ्य तथा पोषण

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ३ को धारा ३५ मा स्वास्थ्यसम्बन्धी हक, प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगर्ने उल्लेख गरेको छ । गाउँपालिकामा अर्थराइटिस, दम, बाथ, कान पाक्ने, छाला, आँखा, ब्लड प्रेसर, पाइल्स पाठेघरको समस्या, महिलामा रक्तअल्पता, बालबालिकामा निमोनिया, झाडापखाला र पानीजन्य रोगहरू बढी मात्रामा रहेका छन् । बहुसङ्ख्यक जनताले प्राथमिक स्वास्थ्य सेवा लिन सफल भएका छन् । अस्पताल नभएता पनि स्थानीय स्वास्थ्य चौकीबाट स्वास्थ्य सेवा प्रदान भइरहेको छ । ठुला किसिमका रोगहरू लागेमा  बुटवल र काठमाडौँ जानु पर्ने अवस्था रहेको छ

### २. समस्या

स्वास्थ्य जनशक्ति र उपयोगबिच सामन्जस्यता हुननसक्नु, स्वास्थ्य संस्थाहरूमा आवश्यकताअनुसारको आधुनिक उपकरण र विशेषज्ञ चिकित्सककोकमी हुनु, सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, दुर्घटना तथा विपद्जन्य स्वास्थ्य समस्याहरू विद्यमानरहनु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवनशैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भारतथा मानसिक समस्याहरू बढ्दै जानु, प्रजनन् उमेरका महिला र पाँच वर्षमुनिकाबालबालिकाहरूको पोषणमा सुधार हुन नसक्नु, जनताले अपेक्षा गरेअनुरूप गुणस्तरसहितको स्वास्थ्य सेवाको पहुँच र एकरूपता कायम गर्न नसक्नु, पाँच वर्ष मुनिकाधेरैजसो बालबालिका रप्रजनन उमेर समूहका महिलामा न्यून पोषण हुनु समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

स्वास्थ्य बिमालाई सबै नागरिकमा पुऱ्याउनु, स्वास्थ्य सेवामा गुणस्तरको सुनिश्चितता गरी समग्र स्वास्थ्य तथा पोषण क्षेत्रमा सुशासन कायम गर्नु, सेवा प्रवाहसँगै सन्तुलन गर्नु, बदलिँदो जीवनशैली तथा आहार-व्यवहार र आम नागरिकमा स्वास्थ्यसम्बन्धी सचेतना जगाउनु, स्वास्थ्य क्षेत्रमा बढ्दो निजी तथा गैरसरकारी स्वास्थ्य सेवाको दायरा, समन्वय र सहकार्य तथा नियमन गर्ने कार्य चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

संविधान प्रदत्त राज्यका सङ्घ, प्रदेश र स्थानीय तहबिच स्वास्थ्य सेवासम्बन्धी अधिकारको सूची बाँडफाँड हुनु, संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवासम्बन्धी नीति तथा कानुनहरू निर्माण हुँदै जानु, १० शैयाको आधारभूत अस्पताल निर्माणाधीन अवस्थामा हुनु, स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सिर्जना हुनु, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै जानु, दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धतामा वृद्धि हुनु र

स्वास्थ्य बिमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार हुँदै जानु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

आम नागरिकको पहुँचमा गुणस्तरीय स्वास्थ्य सेवा र पोषण ।

### ४.२ लक्ष्य

गुणस्तरीय स्वास्थ्य र पोषण सेवा निःशुल्क रूपमा उपलव्ध गराइ नागरिकको स्वास्थ्यमा सुधार गर्ने ।

### ४.३ उद्देश्य

- प्रवर्द्धनात्मक, निरोधात्मक एवम् उपचारात्मक सेवामा जनताको पहुँच पुर्‍याउनु ।
- विज्ञ सेवा सहितको स्तरीय उपचार साथै आयुर्वेद स्वास्थ्य सेवाको प्रवर्द्धन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवामा पहुँच सुनिश्चित गर्ने । | ● सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरकिशोरी तथा प्रजनन स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिने छ ।<br>● ८ ओटै वडामाा वर्षको २ पटक स्वास्थ्य घुम्ती शिविरसञ्चालन गरिने छ ।<br>● बहुक्षेत्रीय पोषण कार्यक्रम (दोस्रो) अर्न्तगत सुनौलो हजार दिन अभियानलाई प्रभावकारीरूपमा सञ्चालन गर्न पोषण माला निर्माण र प्रचार-प्रसार गरिने छ ।<br>● गाउँपालिका, वडा कार्यालय र अन्य सरकारी कार्यालयमा स्तपान कक्षको निर्माण गरिने छ ।<br>● गाउँपालिकालाई संस्थागत प्रसूति घोषणाका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>● गाउँपालिकाको केन्द्रमा १० शैयाको आधारभूत अस्पताल निर्माण सम्पन्न गरी सेवा सञ्चालन गरिने छ ।<br>● गाउँपालिकामा ७ ओटा एम्बुलेन्स खरिद गरी सेवा सञ्चालन गरिने छ ।<br>● आयुर्वेद औषधालयको संरचना, विकास र सबै वडामाा विस्तार तथा स्थानीय आयुर्वेदिक औषधीको प्रचार-प्रसार गरिने छ ।<br>● कोरोना (कोभिड - १९) जस्ता रोगहरू उन्मूलनका कार्यक्रमलाई व्यापक अभियानका रूपमा सञ्चालन गरिनेछ ।<br>● ७ ओटा वडामाा पाँच शैयाको आधारभूत अस्पताल निर्माण गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| • नागरिकको व्यवहार परिवर्तनका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने । | • आधारभूत स्वास्थ्य केन्द्रलाई स्वास्थ्य चौकीमा स्तरोन्नति गरिने छ ।<br>• महिला स्वास्थ्य स्वयम्सेविका नयाँ थप र पुरानाका स्थानमा राख्दा अनमी र सीएमए अध्ययन गरेकालाई प्राथमिकता दिइनेछ ।<br>• स्वास्थ्यको प्रोफाइल तयार गरी गुरुयोजना निर्माण गरिने छ ।<br>• स्वास्थ्य संस्थामा प्रसूति हुने महिलालाई थप दुई हजार गाउँपालिकाबाट उपलब्ध गराइने छ ।<br>• महिला स्वास्थ्य स्वयम् सेविकाबाट दिइने सेवाको पहुँचबाट टाढा रहेको बस्तीमा थप स्वयम् सेविका व्यवस्थापन गरिने छ ।<br>• स्वास्थ्य बिमा कार्यक्रमलाई सबै घरधुरीमा पुऱ्याइ प्रभावकारी बनाइने छ ।<br>• सबै गरिब नागरिकको नि:शुल्क स्वास्थ्य बिमा गरिने छ ।<br>• हाम्रो स्वास्थ्य हाम्रो जिम्मेवारी कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

गाउँपालिका बासीको स्वस्थ, सबल र सक्रिय जीवनसहितको औसत आयु ७२ वर्ष पुगेको हुने छ । प्रोटोकलअनुसार कम्तीमा चार पटक गर्भवती जाँच गराउने महिला ९८ प्रतिशत, दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा जन्मिएका बालबालिका ९८ प्रतिशत, सुपोषित बालबालिका ९८ प्रतिशत र पूर्ण खोप पाउने बालबालिका शत प्रतिशत पुगेका हुने छन् । सबै स्वास्थ्य संस्थाहरू स्वास्थ्य मापदण्डअनुरूप सुदृढीकरण भएका हुने छन् । गाउँपालिकामा आवधिक योजनाको अन्त्यसम्ममा पोषण प्रमुख कार्यक्रमका रूपमा सञ्चालन भएको हुने छ ।

## ५.३ लैङ्गिक समानता तथा महिला सशक्तीकरण

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ को भाग ३, धारा ३८ ले लैङ्गिक विभेदको अन्त्य गरी महिलाका लागि पैतृक सम्पत्तिमा समान हक र प्रजननसम्बन्धी हकको प्रत्याभूत र उनीहरूमाथि हुने सबै प्रकारका हिंसाजन्य क्रियाकलापलाई दण्डनीय मानेको छ ।

गाउँपालिकामा कुल जनसङ्ख्याको ५४.६ प्रतिशत महिलाले ओगटेको हुँदा महिलाहरूको सामाजिक तथा आर्थिक स्तरलाई विकासको महत्वपुर्ण सूचक मानिएको छ । समाजमा व्याप्त अन्धविश्वास तथा रूढीवादी विचारधाराले गर्दा जनसहभागिता परिचालन कार्यमा अवरोध उत्पन्न हुन आएको छ । तसर्थ चौतर्फी विकास प्रक्रियामा देखापरेका समस्या तथा अवरोधहरूको क्रमश: निराकरण गरी विकास कार्यमा महिला सहभागिता बढाउने नीति रहेको छ ।

## २. समस्या

गाउँपालिकामा लैङ्गिकमैत्री ऐन-कानुन निर्माण नहुनु, महिलामाथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, अशिक्षा, हानिकारक, लैङ्गिक विभेद तथा हिंसालाई बढवा दिने सामाजिक संरचना, सोंच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिला तथा बालिकाहरू माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु र सरकारी तथा विकास साझेदार संस्थाहरूबाट हुने कार्यक्रममा समन्वयको कमी हुनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, सम्पत्तिमाथि महिलाको पहुँच स्थापित गर्नु र ग्रामीण महिलासहित समग्र महिलाको जीवन स्तरमा सुधार ल्याउनु, विभिन्न निकायहरूमा लैङ्गिक मूलप्रवाहीकरण गरी लैङ्गिक उत्तरदायी शासन पद्धति संस्थागत गर्नु, पारिवारिक र सामाजिक मूल्य, मान्यता र लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु, महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, धार्मिक संस्कारहरू महिला मैत्री नहुनु, परम्परागत हानिकारक संस्कार तथा अभ्यासहरू विद्यमान रहनु, सम्पत्तिमाथि महिलाको पहुँच स्थापित गर्नु, ग्रामीण महिलासहित समग्र महिलाको जीवन स्तरमा सुधार ल्याउनु र महिला अधिकारका क्षेत्रमा बनेका कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्नु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

संविधानले समानताको हक सुनिश्चित गर्नु, समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमश: सकारात्मक परिवर्तन हुँदै आउनु, स्थानीय तहमा महिलाको राजनैतिक सहभागिता उत्साहजनक रहनु, गाउँपालिकामा उपाध्यक्ष महिला हुनु, सामाजिक सङ्घ-संस्थाहरू क्रियाशील रहनु, नेपाल अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र हुनु, समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमश: सकारात्मक परिवर्तन हुँदै आउनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

महिलाको समान अधिकार सुनिश्चित गर्दै लैङ्गिक रूपले समावेशी र समतामूलक गाउँपालिका ।

### ४.२ लक्ष्य

सामाजिक, आर्थिक र राजनीतिमा समान सहभागिता सुनिश्चित गरी समान अवसरहरू प्रदान गर्ने ।

### ४.३ उद्देश्य

- महिलाको सामाजिक, आर्थिक र राजनीतिक सशक्तीकरण गर्नु ।
- राजनीतिक, आर्थिक र सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरूको सार्थक र समान पहुँचका लागि समान अवसरहरूको सिर्जना गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● महिलाविरूद्ध हुने सबै किसिमका हिंसा, विभेद र बहिष्करण अन्त्यका लागि अभियानको रूपमा कार्यक्रम सञ्चालन गर्ने । | ● आर्थिक, सामाजिक र राजनीतिमा सशक्तीकरण गर्दै गाउँपालिकाको संरचनामा महिला प्रतिनिधित्व ५० प्रतिशत पुर्‍याइने छ ।<br>● महिला सशक्तीकरण, क्षमता अभिवृद्धि, लैङ्गिक मूलप्रवाहीकरण, समावेशीकरण, स्रोत र साधनमा महिलाहरूको पहुँचलाई अभियानका रूपमा अघि बढाइने छ<br>● एकल महिलाको सशक्तीकरणका लागि क्षमता विकास, स्वरोजगारका लागि प्रोत्साहन, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>● महिलाहरूलाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य, स्वरोजगार, उद्यमशीलता विकास गर्न सहुलियत ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाईने छ ।<br>● महिला विरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र् बहिष्करण विरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ । |
| ● लैङ्गिकतामा आधारित हिंसा न्यूनीकरण गर्ने । | ● लैङ्गिक तथा घरेलु हिंसाबाट पीडित महिलाको लागि पालिका स्तरीय पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन गरिने छ ।<br>● लिङ्ग पहिचानको आधारमा गरिने गैरकानुनी गर्भपतनलाई पूर्ण निषेधित गर्न स्वास्थ्य सेवाप्रदायक संस्था र निजी क्लिनिकको अनुगमन गरी त्यस्तो कार्य गर्ने स्वास्थ्य संस्थालाई कारबाहीको दायरामा ल्याइनेछ ।<br>● एकल तथा असहाय महिला सुरक्षा कोष सञ्चालन गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्ममा लैङ्गिकमैत्री कानुन तर्जुमा भई कार्यान्वयन भएको हुने छ । सबै किसिमका विभेद र शोषणमा उल्लेख्य रूपमा कमी आएको हुने छ । सबै विषयगत कार्यालयमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली संस्थागत भएको हुने छ । लैङ्गिक हिंसा विरूद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन भएको हुने छ । गाउँपालिकामा एकल महिला सुरक्षा कोष स्थापना भएको हुने छ । सबै वडामाा मनोविमर्श सेवा कार्यान्वयनमा आएको हुने छ ।

## ५.४ बालबालिका तथा किशोरकिशोरी

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ३ धारा ३९ मा बालबालिकालाई मौलिक हकका रूपमा स्थापित गरेको छ । बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन गर्न गाउँपालिकाको आवश्यक कानुन र नीति तर्जुमा गरी सरोकारवाला निकायको समन्वय, सहयोग, सहजीकरण र सहकार्यमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न आवधिक योजना केन्द्रित रहेको छ । वि.सं. २०८५ सम्ममा सबै वडालाई बालबिवाह मुक्त वडाको रूपमा घोषणा र वि.सं. २०८५ सम्ममा बालमैत्री स्थानीय शासन घोषणा गरी बालअधिकारका कार्यक्रमहरू सञ्चालन भएका हुने छन् ।

## २. समस्या

गाउँपालिकामा बालबालिकाको गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा पर्याप्त पहुँच नहुनु, बालमैत्री वातावरणको कमी हुनु, विद्यालय बाहिर अझै बालबालिका हुनु, कानुनी नियन्त्रणका बाबजुद बालश्रम शोषणको अवस्था विद्यमान रहनु, बालबिवाह, हिंसा, शोषण, यौनदुर्व्यवहार, बलात्कार, हत्या, लिङ्ग पहिचान गरी भ्रूणहत्या अधिक हुनु, बालबालिकालाई सुरक्षित रूपमा हुर्काउने सन्दर्भमा अभिभावकमा चेतना नहुनु र बालबालिकासँग काम गर्ने संस्थागत संरचनाको अभाव हुनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

बालविवाह, बाल यौन, दुर्व्यहार, बलात्कार, लागु औषध दुर्व्यसन निराकरण गर्नु, साथै बालअधिकारबाट बञ्चित बालबालिका तथा किशोरकिशोरीको उचित संरक्षण र व्यवस्थापन गर्नु, जोखिममा रहेका बालबालिकाको संरक्षण गर्नु, बालबालिका तथा किशोरकिशोरी माथि हुने परम्परागत हानिकारक अभ्यास र लैङ्गिक विभेद तथा प्रचलनलाई पूर्णरूपमा नियन्त्रण गरी उनीहरूको भविष्य सुनिश्चित गर्नु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

संविधानमा नै बालबालिकाको हक र अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरिनु, दिगो विकास लक्ष्यले बालबालिकाको संरक्षण र विकासका लागि जोड दिनु, गाउँपालिकामा बालबालिका तथा किशोरकिशोरीहरूको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्न बालक्लब तथा बालअधिकारसम्बन्धी समितिहरूको गठन गरिनु, गाउँपालिकाले बालबालिकाको शिक्षा र स्वास्थ्यमा विशेष जोड दिनु सबै वडामाा बालविवाह विरूद्धमा सचेतना अभियान सञ्चालन हुनु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

बालबालिका र किशोरकिशोरीको अधिकार संरक्षण गर्दै सबल नागरिक बन्ने अनुकुल वातावरण **निर्माण** 

### ४.२ लक्ष्य

बालबालिका र किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा न्यूनीकरण **गर्ने ।**

### ४.३ उद्देश्य

- बालबालिका र किशोरकिशोरीमा हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारको अन्त्य गर्नु ।
- वि.सं. २०८२ सम्ममा गाउँपालिकालाई बालमैत्री घोषणा गर्नु ।

## ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • बालबालिकालाई गर्भावस्थादेखि नै गुणस्तरीय स्वास्थ्य र पोषण सेवा उपलब्ध गराउने । | • बालबालिका र किशोरकिशोरीको लालनपालन, शिक्षा तथा नैतिक विकासको उपयुक्त वातावरण निर्माण गर्न परिवारलाई परामर्श सेवा प्रदान गरिने छ ।<br>• गाउँपालिकामा बाल कोषको स्थापना गरी कार्यान्वयन गरिने छ ।<br>• बालबालिका तथा किशोरकिशोरी पोषण अवस्थामा सुधार ल्याउन बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिने छ । |
| • बालबालिका र किशोरकिशोरीको शारीरिक, मानसिक र बौद्धिक विकासमा जोड दिने । | • बालविवाह विरूद्ध सामाजिक जागरण ल्याउन सचेतनामूलककार्यक्रम गरिने छ ।<br>• विद्यालय, सार्वजनिक स्थल, बाटो, सार्वजनिक भवन,अस्पताल, शौचालय आदि बालबालिका मैत्री बनाइने छ ।<br>• सबै विद्यालयका कक्षा-कोठाहरू धुलोमुक्त बनाइने छ ।<br>• जन्मदर्ता कार्यलाई अभियानको रूपमा कार्यान्वयन गरिने छ ।<br>• बालमैत्री स्थानीय शासनको लागि बालमैत्री वडा रगाउँपालिका घोषणा गरिने छ ।<br>• बालबालिकाको विकासका लागि वडाको सहकार्यमा बाल उद्यान निर्माण गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

बालमैत्री गाउँपालिका घोषणा भएको हुने छ । बालबालिका तथा किशोरकिशोरीहरको सशक्तीकरण कार्यक्रम सञ्चालन भएका हुने छन् । बालबालिकाको शिक्षा, पोषण र स्वास्थ्यसम्बन्धी सेवा सुविधामा पहुँच पुगेको हुने छ । पाँच वर्षमुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुने छ । बाल हेल्पलाईन नं. सुरू भई प्रभावकारी सञ्चालन भएको हुने छ ।

## ५.५ युवा विकास

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ मा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदान गर्न स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न उपयुक्त अवसर प्रदान गर्ने कुरा उल्लेख छ । नेपालमा कुल जनसङ्ख्याको १६ देखि ४० वर्ष उमेर समूहका युवा ४०.३ प्रतिशत रहेका छन् । आवधिक योजनाले युवा सशक्तीकरण, विकास र सहभागिताका लागि पूर्वाधार तयार गर्ने पक्षमा विशेष जोड दिएको छ । युवासँग सम्बन्धित कृषि तथा पशुपंक्षी र पर्यटन क्षेत्रमा लघु उद्यम अथवा लघु व्यवसाय विकास, रोजगारी र स्वरोजगार, एच.आइ.भी एड्स, लैङ्गिक हिंसा, लागुपदार्थ दुर्व्यसन तथा अन्य सामाजिक कुरीतिहरू विरूद्ध सचेतना कार्यक्रम आवधिक योजनाको अवधिमा सञ्चालन गरिने छ ।

## २. समस्या

युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुनु, युवा शक्ति विदेश पलाईन हुनु, सिप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा जानु, गरिबी, विभेद, अन्धविश्वास र कुरीति विद्यमान रहनु, युवा लक्षित विकासका लागि ठोस नीति, योजना र कार्यक्रम बनाई प्रभावकारीरूपमा कार्यान्वयन नहुनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

स्थानीय युवालाई रोजगारी प्रदान गर्नु, युवाहरूलाई रोजगारमूलक र व्यावसायिक शिक्षा तथा तालिम उपलव्ध गराई बेरोजगारी न्यून गर्नु, युवा प्रतिभाहरूको विदेशपलाईन रोक्नु, युवाहरूमा सकारात्मक सोंचको वृद्धि गरी श्रम र संस्कृतिप्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु, युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, युवाको क्षमता अभिवृद्धिसम्बन्धी तालिम सञ्चालन गर्नका लागि तालिम प्रदायक निकायहरूबिच समन्वय गर्नु, युवा लक्षित कार्यक्रमहरूको वृद्धि गर्नु, सामाजिक र आर्थिक क्षेत्रहरूमा युवाहरूको सहभागिता वृद्धि गर्नु युवा विकासका चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

नेपालको संविधानमा युवा विकाससम्बन्धी व्यवस्था हुनु, राष्ट्रिय युवा परिषद्को गठन र परिचालन हुनु, विदेशिने युवाहरूबाट भित्रिने विप्रेषणले राष्ट्रिय अर्थतन्त्रमा सहयोग पुग्नु, युवालाई गाउँपालिका निर्माणमा मूलप्रवाह गर्ने सोंच राजनैतिक पार्टीमा हुनु, रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका लागि गाउँपालिकाको उच्च प्राथमिकता रहनु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

युवामा सामाजिक, आर्थिक उद्यमशीलताको विकास गर्दै रोजगारीको अवसर सृजना ।

### ४.२ लक्ष्य

युवालाई गाउँपालिकाको सर्वाङ्गीण विकासमा सहभागिता गराउने ।

### ४.३ उद्देश्य

- विकास निर्माणको मूलप्रवाहमा समाहित गराइ गाउँपालिकाको सर्वाङ्गीण विकास गर्नु ।
- उद्यमशीलता क्षमताको विकास गर्दै सामाजिक, आर्थिक विकासमा युवा सहभागिता वृद्धि गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● युवाहरूको क्षमता विकास, उद्यमशीलता, आत्मनिर्भर र स्वरोजगारसँग आबद्ध गर्ने । | ● गाउँपालिकामा एकीकृत युवा लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।<br>● स्थानीय युवाहरूलाई स्वयंसेवकको रूपमा विकास कार्यमा लगाइने छ ।<br>● युवाहरूलाई रोजगारी, स्वरोजगार सृजना तथा शिक्षा, क्षमता अभिवृद्धि, उद्यमशीलता वृद्धि गर्न तालिम तथा प्रशिक्षणका कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>● दुर्व्यसन एवम् कुलत जस्ता असामाजिक क्रियाकलापबाट युवाहरूलाई मुक्त गर्न सम्बन्धित निकायहरू र गैरसरकारी संस्थाहरूसँगको सहकार्य तथा समन्वयमा विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>● सबै वडामाा नमूना युवा संसदको अभ्यास र युवा क्लबको गठन तथा परिचालन गरिने छ<br>● सार्वजनिक-निजी साझेदारीको माध्यमबाट युवा लक्षित उद्यम व्यवसायको प्रवर्द्धन गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

युवाहरू उत्पादनमूलक र व्यावसायिक क्षेत्रमा लागेका हुने छन् । युवाहरू स्वरोजगार हुनुका साथै जोखिमपूर्ण काममा विदेशिने युवाको सङ्ख्यामा कमी आएको हुने छ । सामुदायिक विकासमा युवाको सङ्लग्नता बढेको हुने छ । युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरी वैदेशिक रोजगारमा जाने र फर्केका युवाहरू उद्यमशीलता विकासका कार्यक्रमहरूमा सहभागिता भएका हुने छन् । कृषि तथा पशुपंक्षीको व्यावसायिक क्षेत्रमा युवाहरूको संलग्नता बढेको हुने छ ।

## ५.६ खेलकुद विकास

### १. पृष्ठभूमि

खेलकुदको विकासका लागि नीतिगत, संस्थागत तथा भौतिक पूर्वाधारहरूको निर्माण एवम् योजनाबद्ध विकासमा जोडदिनु आवश्यक छ । गौरवका आयोजनाका रूपमा भन्डारथुम र बराहथान खेलमैदान रहेका छन् । गाउँपालिकाबाट हालसम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदमा सहभागी नगन्य छ । व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वप”र्ण भूमिका रहन्छ । खेलकुद मानवका लागि अभिन्न अङ्ग रहेकाले वर्तमान सन्दर्भमा सबैका लागि खेलकुद भन्ने अभियान सञ्चालन गरी समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, युवा, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई गाउँपालिकालाई विकासको पथमा सङ्लग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो ।

## २. समस्या

गाउँपालिकामा खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु, भएका पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, खेलकुदको विकास र लगानीमा युवा क्लबलाई प्रोत्साहन गर्न नसक्नु, खेल संवद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नु र साहसिक खेलकुदमा पर्याप्त ध्यान दिन नसक्नु समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

गाउँपालिकामा सुविधा सम्पन्न खेल पूर्वाधारहरूको निर्माण गर्नु, समुदायस्तरदेखि नै खेलकुदलाई आत्मसात गरी बालबालिका, युवा, विद्यार्थी लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्नु चुनौती रहेका छन् ।

### ३.२ अवसर

नेपालको संविधानले खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनु, स्थानीय तहलाई समेत खेलकुदको जिम्मेवारी प्राप्त हुनु, समुदायस्तरमा योगतथा व्यायामप्रति रूचि तथा महत्व बढ्न गई पूर्वाधारको विकास हुँदै जानु, स्थानीय स्तरमाविभिन्न क्लवहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु र विद्यालय तहमा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

खेलकुदको माध्यमबाट गाउँपालिकाको प्रतिष्ठा बढाउँदै अनुशासित नागरिक तयार ।

### ४.२ लक्ष्य

खेलकुद पूर्वाधारको विकास गरी सक्षम खेलाडी तयार गर्ने ।

### ४.३ उद्देश्य

पूर्वाधारको विकास गरी युवालाई खेलकुदमा अवसर प्रदान गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • खेलकुदको माध्यमबाट युवा, बालबालिका, किशोरकिशोरीको शारीरिक, मानसिक र चारित्रिक विकास गर्ने । | • प्रतिभाशाली खेलाडीहरूको खोजी गरी तिनीहरूको लागि नियमित रूपमा राष्ट्रिय प्रशिक्षणको व्यवस्था गरिने छ ।<br>• विद्यालयमा खेलाडीहरूलाई खेलकुद प्रशिक्षण सञ्चालन गरिने छ ।<br>• रिब्दिकोट ३ नं. वडामाा एक ओटा कर्भडहल र सबै वडामाा फुटसल निर्माण गरिने छ ।<br>• एक वडा एक खेलमैदान निर्माण गरिने छ ।<br>• खेलकुद पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई सहभागिता गराइनेछ । |
| • खेलकुदमार्फत स्वस्थ, सिर्जनशील, अनुशासित र मर्यादित युवाशक्तिको विकास गर्ने । | • परम्परागत खेलकुदलाई विकास र संरक्षण गरिने छ ।<br>• अन्तर जिल्ला र अन्तर पालिकासँग मैत्रीपूर्ण र व्यावसायिक खेलकुद प्रतियोगिता वार्षिकरूपमा आयोजना गरिने छ ।<br>• गाउँपालिकास्तरीय खेलकुद विकास समिति गठन गरिने छ । |

### ५. अपेक्षित उपलब्धि
नियमित रूपमा खेलकुद प्रतियोगिता आयोजना हुने छ । विद्यालयमा खेलकुद विकास, प्रशिक्षण र अभ्यासमा वृद्धि भएको हुने छ । कक्षा ९-१२ सञ्चालन भएका विद्यालयमा एक जना खेल प्रशिक्षकको व्यवस्था भएको हुने छ । जिल्ला, प्रदेश र सङ्घीय स्तरका खेल प्रतियोगिता सञ्चालन भएका हुने छन् ।

## ५.७ ज्येष्ठ नागरिक
### १. पृष्ठभूमि
नेपालको संविधान, २०७२ ले ज्येष्ठ नागरिकहरूको लागि विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक प्रत्याभूत गरेको छ । ज्येष्ठ नागरिकको हकसम्बन्धी व्यवस्थालाई मौलिक हकका रूपमा राखिएको छ । गाउँपालिकामा १ हजार ८ सय ६४ जना ज्येष्ठ नागरिक ७० वर्ष माथिका, ४३२ दलित ज्येष्ठ नागरिक (६० वर्ष), ३३१ एकल महिला ज्येष्ठ नागरिक (६० वर्ष) ले सामाजिक सुरक्षा भत्ता लिने गरेका छन् । ७० वर्ष माथिका ज्येष्ठ नागरिकले रू. ३ हजार, सबै दलित ज्येष्ठ नागरिकले रू. २ हजार र ज्येष्ठ नागरिक एकलले रू. २ हजार सुविधा लिँदै आएका छन् । ज्येष्ठ नागरिकहरूले बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता पाउने गर्दछन् । ८४ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरूलाई घरमै गई स्वास्थ्य परीक्षण हुँदै आएको छ । आगामी दिनमा ज्येष्ठ नागरिकहरूको जीवन सहज, सुरक्षित एवम् सम्मानित बनाई सामाजिक न्याय गर्नुपर्ने आजको आवश्यकता रहेको छ ।

## २. समस्या

ज्येष्ठ नागरिकलाई सेवा सुविधा र सामाजिक सुरक्षा पर्याप्त नहुनु, उनीहरूको ज्ञान, सिप र अनुभव गाउँपालिकाले उपयोग र नयाँ पिँढीमा हस्तान्तरण गर्न नसक्नु, सन्तानले बाबु-आमाप्रति पूरा गर्नुपर्ने दायित्व बहन र हेरचाह क्रमशः ह्रास हुँदै जानु, बुढ्यौलीको कारणले लाग्ने विभिन्न रोगहरूको निदान तथा उपचारको यथोचित व्यवस्था नहुनु र ज्येष्ठ नागरिकप्रतिको श्रद्धा साथै सम्मानमा ह्रास आउनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौति तथा अवसर

### ३.१ चुनौति

ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई समाज विकास र पूर्वाधार निर्माणमा उपयोग गर्नु, ज्येष्ठ नागरिकमाथि हुने हिंसा र दुर्व्यवहारको अन्त्य गर्नु, परिवारलाई जिम्मेवार बनाउनु र उनीहरूको आर्थिक तथा सामाजिक हक अधिकारको संरक्षण गर्नु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित गर्नु, ज्येष्ठ नागरिकको व्यवस्थापन स्थानीय तहको अधिकार क्षेत्रभित्र रहनु र सामाजिक विकास सङ्घसंस्थाहरू परिचालित हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

ज्येष्ठ नागरिकको गुणस्तरीय स्वास्थ्य र सम्मानजनक जीवनयापन ।

### ४.२ लक्ष्य

ज्येष्ठ नागरिकको जीवन गुणस्तरीय बनाउने ।

### ४.३ उद्देश्य

- ज्येष्ठ नागरिकलाई समाजमा सम्मानजनक जीवनयापनको लागि वातावरण तयार गर्नु ।
- ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई सम्मान गर्दै उपयोग गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● ज्येष्ठ नागरिकलाई स्याहार सुसार गरी उनीहरूको अनुभव, सिप र ज्ञानलाई सामाजिक पूँजीको रूपमा उपयोग गर्ने । | ● ज्येष्ठ नागरिकप्रति सम्मान अभिवृद्धि र जनचेतनाका कार्यक्रम सञ्चालन गरिने छ ।<br>● ज्येष्ठ नागरिकहरूको परिचयपत्र वितरण प्रणालीलाई डिजिटलाईज गरिने छ ।<br>● ज्येष्ठ नागरिकको हेरचार तथा पालनपोषण गर्ने परिवारका सदस्यहरू र सङ्घ-संस्थालाई वार्षिकरूपमा सम्मान गरिने छ ।<br>● हिंसा तथा दुर्व्यवहारमा परेका ज्येष्ठ नागरिकलाई संरक्षण, उपचार र मनोविमर्श तथा कानुनी सहायता उपलब्ध गराइने छ । |

### ५. अपेक्षित उपलब्धि

ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवको सामाजिक विकास र पूर्वाधार निर्माणमा उपयोग भएको हुने छ । ज्येष्ठ नागरिक माथि हुने हिंसा तथा दुर्व्यहारमा कमी, ज्येष्ठ नागरिक सुरक्षा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएका हुने छन् ।

## ५.८ फरक क्षमता भएका (अपाङ्गता व्यक्ति)

### १. पृष्ठभूमि

संविधानले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षणका लागि व्यवस्था गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक, राजनैतिक तथा सांस्कृतिक अधिकारसहितको सम्मानजनक जीवनयापनको अधिकारलाई कानुनले संरक्षण र प्रवर्द्धन गरेको छ । दिगो विकास लक्ष्यले अपाङ्गमैत्री विद्यालय लगायत सुरक्षित, समावेशी र पहुँचयोग्य सार्वजनिक खुल्ला ठाँउहरूको विषय समावेश गरेको छ । नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६, एसिया तथा प्रशान्त क्षेत्रको क्षेत्रीय रणनीति (२०१३-२०२२) र दिगो विकासका लक्ष्यहरू (२०१६-२०३०) लगायत अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयन गर्दै आएको छ । गाउँपालिकामा क वर्गका ११७ जना र ख वर्गका १४९ जना अपाङ्गता भएका व्यक्तिहरू रहेकाछन् । क र ख वर्गका अपाङ्गहरूलाई सरकारले क्रमशः रू. ३ हजार र १६ सय सुविधा दिँदै आएको छ ।

### २. समस्या

अपाङ्गता भएका बालबालिका विद्यालयको पहुँचबाट बाहिर रहनु, अपाङ्गता भएका व्यक्तिको लागि रोजगारी उपलब्ध गराउन नसक्नु, सामाजिक सहभागिता र आय-आर्जनका अवसरहरूमा समान पहुँच नहुनु, विभिन्न अवरोध, विभेद, असमान व्यवहारको अवस्था विद्यमान हुनु, भौतिक संरचनाहरू अपाङ्गमैत्री नहुनु र अपाङ्गता भएका व्यक्तिहरूलाई परिवार तथा समाजले हेर्ने दृष्टिकोण सकारात्मक हुन नसक्नु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौति तथा अवसर

### ३.१ चुनौति

सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि पूर्वाधार, आवश्यकताअनुसार सेवा- सुविधा तथा उपकरणको व्यवस्थापन गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि शिक्षा, स्वास्थ्य, तालिम र आवश्यकताअनुसार रोजगारी उपलब्ध गराउनु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

संविधानमा अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था हुनु, दिगो विकासको लक्ष्य आदिमा अपाङ्गता भएका व्यक्तिहरूको लागि विभिन्न प्रावधान रहनु, स्थानीय सरकार साथै सरोकारवाला निकायहरूसँग सहकार्य र साझेदारीमा वृद्धि हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

अपाङ्गता भएका व्यक्तिहरू आत्मनिर्भर र सम्मानित जीवन ।

### ४.२ लक्ष्य

सामाजिक र आर्थिक क्षेत्रमा सशक्तीकरण गर्ने ।

### ४.३ उद्देश्य

- अपाङ्गता भएका नागरिकलाई समाजमा सम्मानजनक जीवनयापनको लागि वातावरण तयार गर्नु ।
- अपाङ्गता व्यक्तिहरूलाई स्नातकोत्तर तहसम्मको निःशुल्क शिक्षाको अवसर प्रदान गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● अशक्त र अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी कार्यक्रमहरू सञ्चालन गर्ने । | ● अपाङ्गता भएका नागरिकप्रति सम्मान अभिवृद्धि गर्न जनचेतनाका कार्यक्रम सञ्चालन गरिने छ ।<br>● अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण प्रणालीलाई डिजिटलाईज गरिने छ ।<br>● अपाङ्गमैत्री सार्वजनिक पूर्वाधार मापदण्ड बनाई कार्यान्वयन गरिने छ ।<br>● अपाङ्गताको प्रकृतिअनुसार विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिको आर्थिक आय-आर्जनका उपायको खोजी गरी सिपमूलक तालिमको व्यवस्था गरिने छ ।<br>● अपाङ्गता भएका व्यक्तिको लागि आवश्यक कानुन र कार्यविधि निर्माण गरी वार्षिक रूपमा तथ्याङ्क अद्यावधिक गरिने छ ।<br>● अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

अपाङ्गता भएका व्यक्तिको लागि आवश्यक पर्ने सेवा-सुविधा सहज रूपमा उपलब्ध भएकोहुने छ । सार्वजनिक भौतिक संरचना अपाङ्गतामैत्री भएको हुने छ । सार्वजनिक संरचना निर्माणअपाङ्गतामैत्री भएका हुने छन् । विभिन्न ज्ञान सिप भएका जनशक्तिको विकास तथा अपाङ्गताभएका व्यक्तिको रोजगारी तथा स्वरोजगारमा पहुँच स्थापित भई सम्मानजनक जीवन जिउनेअवस्थाको सृजना हुने छ ।

## ५.९ सामाजिक – समावेशीकरण तथा सामाजिक न्याय

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम समुदाय, उत्पीडित समुदाय र पिछडिएका क्षेत्र र वर्गका समस्याहरूलाई सम्वोधन गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी समावेशी, लोकतान्त्रिक, सङ्घीय शासन प्रणालीसहितको अग्रगामी पुन:संरचनाको व्यवस्था गरेको छ । वर्गीय, जातीय तथा अन्य सामाजिक भेदभाव हटाई समतामूलक समाज निर्माण गर्ने विषयमा विगतका प्रयासहरू त्यति प्रभावकारी हुन सकेका छैनन् । विभिन्न वर्ग, लिङ्ग र समूहलाई स्रोत, साधन तथा सेवा र सुविधामा समन्यायिक पहुँच सुनिश्चित गर्नलाई समेत आवधिक योजना केन्द्रित रहेको छ ।

### २. समस्या

सामाजिक र आर्थिक क्षेत्रमा विभेद विद्यमान रहनु, बोक्सी, दाइजो, छुवाछुत, गरिबी, अशिक्षा, सामाजिक बहिष्कार जस्ता निषेधित कार्य व्यवहारमा रहनु, स्रोतसाधन तथा सेवासुविधामा यस्ता समुदायको न्यायोचित पहुँच पुग्न नसक्नु, छरिएर रहेका बस्तीहरूमा सेवा सुविधाहरूको प्रवाहमा कठिनाइ हुनु, लक्षित विकासका कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन हुन नसक्नु, समाजमा धनी र गरिबबिचको असमानता कायम रहनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

नकारात्मक सामाजिक मूल्य-मान्यताको व्यापकता हटाउनु, योजना तर्जुमा र कार्यान्वयनमा लक्षित समुदायको समावेशी सहभागिता सुनिश्चित गर्नु, विपन्न समुदायमा गरिबी घटाउनु, उपलब्ध स्रोत साधन तथा सेवा सुविधामा सबै क्षेत्र, वर्ग, लिङ्ग र समुदायको समन्यायिक पहुँच स्थापित गर्नु, सामाजिक, आर्थिक र राजनीतिक जीवनको मूलप्रवाहमा ल्याउन चुनौतीका रूपमा रहेका छन् ।

#### ३.२ अवसर

संविधानमै समावेशीकरणको व्यवस्था रहनु, मुलुकी देवानी (संहिता) ऐन, २०७४ जारी हुनु, समानता तथा समावेशिताको हक संरक्षण र सम्बर्द्धनमा गाउँपालिका प्रतिबद्ध रहनु, नागरिकहरूमा सचेतना वृद्धि हुँदै जानु र परम्परागत तथा रूढीवादी प्रचलनका विरूद्धमा सरकारी तथा गैरसरकारी संस्थाले सञ्चालन गरेका कार्यक्रमका कारण जनचेतना बढ्दै जानु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

साधन र स्रोतमा न्यायोचित, सहमति, सहकार्य र साझेदारीमार्फत समृद्ध गाउँपालिका निर्माण ।

### ४.२ लक्ष्य

समान सहभागिता र समावेशीमार्फत दिगो पूर्वाधार निर्माण गर्ने ।

### ४.३ उद्देश्य

लक्षित वर्गलाई आर्थिक, सामाजिक तथा राजनीतिक अवसर प्रदान गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● लक्षित वर्गको विकासमा अभिवृद्धि गर्ने । | ● महिला, दलित, आदिवासी, जनजाति, पिछडिएको समुदाय, अल्पसङ्ख्यक र विपन्न वर्गका समुदायहरूको सशक्तीकरणका लागि स्नातक तहसम्म निःशुल्क शिक्षा दिने व्यवस्था मिलाईने छ ।<br>● सबै लक्षित वर्गको तथ्याङ्क अध्यावधिक गरिने छ ।<br>● सामाजिक र आर्थिक सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।<br>● सबै लक्षित वर्गको गुरुयोजना र रणनीतिक योजना तयार गरिनेछ । |
| ● सामाजिक सुरक्षा तथा संरक्षणलाई प्रभावकारी बनाउने । | ● जनचेतनामूलक कार्यक्रम गरी वि.सं. २०८२ सम्ममा छुवाछुतमुक्त गाउँपालिका घोषणा गरिने छ ।<br>● निजामती सेवालगायत सरकारका विभिन्न अङ्गमा प्रतिनिधित्व बढाउन विशेष तयारी कक्षाहरू सञ्चालन गरिने छ ।<br>● समाजबाट बहिष्कृत तथा अन्तरजातीय विवाहलाई प्रोत्साहन गरिनेछ ।<br>● अन्तरजातीय विवाह गर्ने महिलालाई एक पटकका लागि मात्र रू. ३ लाख उपलब्ध गराइने छ । |

## ५. अपेक्षित उपलब्धि

उपलब्ध स्रोत साधनमा आदिवासी जनजाति, महिला, दलित, अपाङ्गता भएका व्यक्तिका पहुँच बढेको हुने छ । पछाडि परेका समुदायले क्षमता विकास तालिम पाएका हुने छन् । अन्तरजातीय विवाह गर्नेको सङ्ख्यामा वृद्धि भएको हुने छ । सामाजिक र आर्थिक क्षेत्रमा पछाडि परेका समुदायको सक्रिय सहभागिता बढेको हुने छ ।

## ५.१० सामाजिक सुरक्षा तथा संरक्षण

### १. पृष्ठभूमि

नेपालको संविधानले सामाजिक सुरक्षाको हकलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । गाउँपालिकाको समावेशी विकास गर्न र दिगो विकास लक्ष्यका प्रमुख नतिजालाई सफल बनाउन सामाजिक सुरक्षा तथा संरक्षणले महत्व योगदान गर्दछ । गाउँपालिकामा विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ, वित्तीय रूपले दिगो तथा प्रभावकारी बनाउनु आवश्यक भएको छ । खाद्यान्न, पोषण, स्वास्थ्य, शिक्षा, कृषि, पशुपंक्षी लगायतका क्षेत्रमा सामाजिक सुरक्षा र संरक्षणका लक्षित कार्यक्रम सञ्चालित रहेका छन् । सङ्घीय सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता गाउँपालिकामा पनि वितरण भएको छ । ज्येष्ठ नागरिक (७० वर्ष माथि), ज्येष्ठ नागरिक दलित, ज्येष्ठ नागरिक एकल महिला, विधवा (आर्थिक सहायता भत्ता), क र ख वर्गको अपाङ्गता ( आर्थिक सहायता) र पाँच वर्ष मुनिका दलित बालबालिकालाई (आर्थिक सहायता) वितरण गर्दै आइरहेको छ ।

### २. समस्या

सामाजिक सुरक्षामा भएको लगानी अनुत्पादक हुनु, लगानीको आँकलन र तथ्याङ्कको कमी हुनु, अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा आबद्ध गर्न नसकिनु, गाउँपालिकामा सामाजिक सुरक्षा तथा संरक्षणसम्बन्धी नीतिगत तथा संस्थागत व्यवस्था भई नसक्नु र नागरिकहरूमा सामाजिक सुरक्षासम्बन्धी सचेतनाको कमी हुनु प्रमुख समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

गाउँपालिकामा रोजगारका अवसरहरू सिर्जना गर्नु, जोखिममा रहेका समूहहरूलाई नियमित, प्रत्यक्ष र विश्वासिलो सामाजिक सुरक्षा प्रदान गर्नु, योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा सबैको आबद्धता बढाउनु, गाउँपालिकामा ऐनहरू तर्जुमा तथा कार्यान्वयन गर्नु, एकीकृत तथ्याङ्कको व्यवस्थापन गर्नु, स्रोतको दिगोपना वितरणमा समस्या र सामाजिक सुरक्षा लाभमा दोहोरोपनाको अन्त्य गर्नु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

#### ३.२ अवसर

सामाजिक सुरक्षासम्बन्धी खर्चमा गाउँपालिकाको उल्लेखनीय वृद्धि हुनु, सामाजिक सुरक्षा तथा संरक्षणको विषयलाई स्थानीय सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू गर्नु, संस्थागत र नीतिगत व्यवस्थाका साथै गाउँपालिकाबाट कार्यक्रमहरू सञ्चालनहुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

**दिगो सामाजिक सुरक्षा र संरक्षण ।**

### ४.२ लक्ष्य

सामाजिक सुरक्षाका कार्यक्रमलाई प्रभावकारी बनाउने ।

### ४.३ उद्देश्य

(१) गाउँपालिकाका सबै नागरिकलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्नु ।

(२) सामाजिक सुरक्षा कार्यक्रमहरू विपन्न वर्गको पहुँचमा पुऱ्याउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने । | • सबै विकास कार्यक्रममा सामाजिक सुरक्षालाई मूल प्रवाहीकरण गरिने छ ।<br>• योगदानमा आधारित सामाजिक सुरक्षालाई सबल र दिगो बनाइनेछ ।<br>• अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गराउन लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।<br>• सामाजिक सुरक्षा भत्ता वडाको समन्वयमा सहजै उपलब्ध गराइने छ । |

## ५. अपेक्षित उपलब्धि

सामाजिक सुरक्षाका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको हुने छ । औपचारिक क्षेत्रका सबै श्रमिक योगदानमा आधारित सामाजिक सुरक्षामा आबद्ध भएका हुने छन् । आर्थिक सामाजिक बञ्चितीकरण र जोखिममा परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई सामाजिक संरक्षण प्रदान भएको हुने छ ।

## ५.११ जनसङ्ख्या तथा बसाइँसराइ

### १. पृष्ठभूमि

नेपालको संविधानले जनसङ्ख्या व्यवस्थापनको कार्यलाई सङ्घ, प्रदेश र स्थानीय तहको जिम्मेवारीमा राखेको छ । अनुसूची-८ मा स्थानीय तहको अधिकार सूचीअन्तर्गत तथ्याङ्क र अभिलेख सङ्कलन गर्ने व्यवस्था उल्लेख गरेको छ । सङ्घ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको कार्य विस्तृतीकरणले योजना, परिवार नियोजन र जनसङ्ख्या व्यवस्थापनलाई सङ्घ र प्रदेशको साझा जिम्मेवारीका रूपमा लिएको छ भने व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाइँसराइ) सम्बन्धित तथ्याङ्क व्यवस्थापन गर्ने कार्य सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार राष्ट्रिय कार्यसूचीमा रहेको छ । गाउँपालिकामा छिमेकी जिल्ला गुल्मी, प्युठान र रोल्पाबाट बसाइँसराइ गरेर आउने मानिसको जनसङ्ख्या केही मात्रा रहेको छ । विगत एक दशकदेखि गाउँपालिकाबाट बसाइँसराइ भएर कपिलवस्तु, रूपन्देही र दाङ जानेको सङ्ख्या अधिक मात्रामा बढेको देखिन्छ । केही फाट्टफुट्ट रूपमा मात्र काठमाडौं जाने गर्दछन् ।

वि.सं. २०७८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार र यहाँको कुल जनसख्या १५,७४३ रहेको छ भने महिलाको ८४४७ पुरुषको ७०२६ रहेको छ र यसअनुसार यहाँको औसत जनघनत्व १२४ जनाप्रतिवर्ग कि.मि. रहेको छ । उमेर समूह अनुसारको जनसंख्या अध्ययन गर्दा रिब्दिकोट गाँउपालिका सम्पन्नरहेको देखिन्छ । यहाँ १०-४९ वर्ष उमेर समूहको जनसंख्या कुल जनसंख्याको ६७.४६ प्रतिशत रहेको देखिन्छभने ५०-५९ वर्ष उमेर समूह समेतको जनसंख्या गणना गर्दा यहाँ सक्रिय उमेर समूहको कुलजनसंख्या ७६.५४ प्रतिशत रहेको छ । यसरी कुल जनसंख्याको ठूलो हिस्सा सक्रिय उमेर समूहको जनसंख्या रहेकोले स्थानीय स्तरमा रोजगारीका अवसरहरू सिर्जना गरी आर्थिक वृद्धिलाई तीव्रता दिने लगायतका जनसांख्यिक लाभांश लिन सक्ने अवसर रहेको छ ।

| वडा नं | घर परिवार संख्या | जनसंख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | ५४० | ८८३ | १११८ | २००१ |
| २ | ५५२ | ८२७ | १००१ | १८२८ |
| ३ | ५४१ | ७९९ | १००८ | १८०७ |
| ४ | ५२६ | ८४७ | ९५५ | १८०२ |
| ५ | ३७१ | ६०४ | ७०७ | १३११ |
| ६ | ५६८ | ९०९ | १०९६ | २००५ |
| ७ | ६०२ | ९२२ | ११२६ | २०४८ |
| ८ | ७०२ | १२३५ | १४३६ | २६७१ |
| **जम्मा** | **४४०२** | **७०२६** | **८४४७** | **१५,७४३** |

## २. समस्या

बौद्धिक जनशक्तिको विदेश पलाईन बढ्नु, जनसाङ्ख्यिक लाभांशको रूपमा रहेको उत्पादनशील युवा जनशक्ति विदेशिने क्रम जारी रहनु, ज्येष्ठ नागरिकको जनसङ्ख्या बढ्दो क्रममा हुनु, गरिबी, अशिक्षा, भौगोलिक विकटता, अव्यवस्थित बसोबास, सामाजिक कुरीतिले जनसङ्ख्या र विकासका बिच असन्तुलन हुनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा जनसाङ्ख्यिक सूचक, सामाजिक,आर्थिक र भौतिक विकासका सूचक एवम् बसाइँसराइबिच सन्तुलन कायम गर्नु,स्वास्थ्य, शिक्षा, रोजगारी र खानेपानी जस्ता आधारभूत सुविधासहितको एकीकृतबस्तीको विकास गर्नु, सन्तुलित तथा समानुपातिक विकासमार्फत आन्तरिक बसाइँसराइलाई व्यवस्थित गर्नु तथा स्थानीय तहमा जनसाङ्ख्यिकीय सूचना बैङ्कको निर्माण र विस्तार गर्नु चुनौतीका रूपमा रहेका छन् ।

### ३.२अवसर

गाउँपालिकामा परिवार नियोजन प्रति नागरिकको सचेतना वृद्धि हुनु, सानो तथा गुणस्तरीय परिवारको अवधारणालाई अधिकांश नागरिकले आत्मसात गर्नु, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण एवम् सिपलाई गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्रमा लगानी हुने अनुकुल वातावरण हुनु र सबै वडा केन्द्रहरू प्रशासनिक तथा आर्थिक बिन्दुको रूपमा विकास हुँदै जानु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

जनसङ्ख्या, वातावरण र विकासबीच सन्तुलन ।

### ४.२ लक्ष्य

जनसङ्ख्या तथा बसाइँसराइको प्रभावकारी व्यवस्थापन गर्ने ।

### ४.३ उद्देश्य

(१) जनसङ्ख्या वृद्धि र रोजगारीबिच अन्तरसम्बन्ध कायम गर्नु ।

(२) जनसङ्ख्यासम्बन्धी तथ्याङ्क नियमितरूपमा अद्यावधिक गरी संस्थागत गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • जनसाङ्ख्यिक तथ्याङ्कलाई वार्षिक अद्यावधिक गर्दै पालिका विकास योजनासँग आबद्ध गर्ने । | • एकीकृत बस्ती बसाउन खाली जमिनको सम्भाव्यता अध्ययन गरिने छ<br>• जनसङ्ख्या र बसाइँसराइसम्बन्धी नीति, कानुन, कार्यविधि र योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिने छ ।<br>• सानो परिवार सुखी परिवारका लागि गुणस्तरीय परिवार योजना सेवाको विस्तार गरिने छ ।<br>• नियमित रूपमा जनसाङ्ख्यिक तथ्याङ्क व्यवस्थापन, अध्ययन, सर्वेक्षण र विश्लेषण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइने छ<br>• जनसङ्ख्या तथा बसाइँसराइसम्बन्धी एकीकृत विकास प्याकेज तर्जुमा गरी कार्यान्वयन गरिने छ । |

## ५. अपेक्षित उपलब्धि

पाँच वर्ष मुनिका बालबालिकाको जन्मदर्ता शतप्रतिशत पुगेको हुने छ । नियमित रूपमा जनसङ्ख्याको अद्यावधिक तथ्याङ्क तयार भएको हुने छ । बहुसङ्ख्यक नागरिकले सिप विकास तथा उद्यमशीलता तालिम प्राप्त गरेका हुने छन् । ग्रामीण बसाइँसराइ दर घटेको अवस्थामा हुनेछ ।

# परिच्छेद छ
# भौतिक पूर्वाधार विकास क्षेत्र

## ६.१ सडक, यातायात तथा पूर्वाधार

### १. पृष्ठभूमि

### (क) पूर्वाधार विकास

| (क) . पूर्वाधार विकास | |
|---|---|
| सडक, पुल तथा यातायात | ●गाँउपालिकाभित्रका सवै वडा जोड्ने चक्रपथ आवस्यकता रहेको ।<br>●पालिका बासीहरुलाई यातायात सहज रुपमा नरहेको ।<br>●सडक संजाललाई प्रभावकारी बनाउनका निम्ति ढलान गरिएका पुलहरुको आवस्यकता ।<br>●यातायात क्षेत्रमा फेक - साल्झंडी सडक खण्ड पूर्ण गर्न सकिएको खण्डमा रिब्दिकोट बिकासको कोशेढुंगा साबित गर्न सकिने ।<br>●वार्ड ४ मा भैरबस्थान मन्दिर आसपास उचित र ब्यबस्थित बस स्टप ,मन्दिर क्षेत्रका निम्ति २०० गाडी कम्तिमा अट्ने पार्किंग स्थलको आवस्यकता ।<br>●यातायात क्षेत्रमा सुलभ दर निर्धारण तथा कार्यनयनको आवसयाकता रहेको |
| बस्ती विकास, आवास | ●जनसङ्ख्या, व्यवसायिक तथा प्रशासनिक क्षेत्र आदि सहित वडा नं. ३ यस गाँउपालिकाको शहरी केन्द्र र बाँकी वडा ग्रामीण बसोबास, कृषि तथा पशुपालन, वन क्षेत्र, अन्य प्राकृतिक स्रोत सम्भाव्य क्षेत्रका रुपमा रहेका ।<br>●भू-उपयोग योजनाबाट व्यवस्थित नभएको पालिकाको ग्रामीण भेगका कृषि योग्य क्षेत्र रहेको ।<br>●गाँउपालिकाका कुल घर परिवारमध्य ४.३ परिवार बस्ने घरहरू पक्की, ६.८ प्रतिशत परिवारहरू बस्ने घर अर्धपक्की र ८८.५ प्रतिशत कच्ची घरमा बसोबास गर्ने गरेको । |
| सार्वजनिक निर्माण तथा वजार व्यवस्थापन | ●सार्वजनिक ढलको पहुँच सबै पालिकावासीमा नरहेको । |
| खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र | ●५७.१ प्रतिशत पालिकाबासीको घरमा पाइपबाट खाने पानीको पहुँच रहेको ।<br>●३८.९ प्रतिशत पालिकाबासीको घर बाहिर पाइपबाट खानेपानीको पहुँच रहेको<br>●२.९५प्रतिशत पालिकाबासील मुहान धाएर पानीको व्यबस्था गरिरहेको । |
| सिँचाइ, विद्युत तथा वैकल्पिक उर्जा | ●१०० प्रतिशत परिवारमा जलविद्युत सेवाको पहुँचमा रहेका । (वार्ड ६ मा स्वेच्छाले १ घरले बैकल्पिक उर्जा -सौर्य उर्जा मात्र प्रयोग गरिरहेको) |

| | |
|---|---|
| सूचना तथा सञ्चार प्रविधि | ●८४.१ प्रतिशत भन्दा बढी परिवारमा एक वा सो भन्दा बढी मोबाइल फोन रहेको<br>●५१.८ प्रतिशत भन्दा बढी परिवारमा एक वा सो भन्दा बढी टेलिभिजन रहेको<br>●६३.० प्रतिशत भन्दा बढी परिवारमा एक वा सो भन्दा बढी रेडियो रहेको । |

## २.समस्या

गाउँपालिकामा सडक गुरुयोजना निर्माण नहुनु, सडक निर्माण आवश्यकता नभई पहुँचका आधारमा हुनु, सडकको स्पष्ट वर्गीकरण नहुनु, गाउँपालिकास्तरका सडकको पहिचान नहुनु, टुक्रे योजनाको सङ्ख्या अत्यधिक हुनु, योजना र विनियोजित बजेटको बिचमा तालमेल नहुनु, गुणस्तरीय निर्माण हुन नसक्नु, मापदण्ड बिना योजना पहिचान तथा छनोट हुनु, आवश्यक पूर्वतयारी बिना योजना कार्यान्वयनमा लैजानु, निजी क्षेत्रको व्यावसायिक क्षमतामा समयानुकुल वृद्धि नहुनु, दक्ष श्रमिक तथा अन्य विषयगत जनशक्ति उपलब्धतामा कमी रहनु, सडकप्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, ठेक्का व्यवस्थापनमा कमजोरी रहनु, सम्भाव्यता अध्ययन,लडिपिआर, सर्भे बिना काम गर्नु, उपभोक्ताले आफूखुसी सडक निर्माण गर्दा हाइग्रेड हुनु, सङ्घीय र प्रदेशको लक्ष्यअनुरूप गाउँपालिकाले योजना नबनाउनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

सबै वडा केन्द्रसम्म सर्वयाम चल्ने सडक सुविधा पुऱ्याउनु, सन्तुलित, सुरक्षित, दिगो, वातावरणमैत्री र गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्नु, प्राकृतिक प्रकोपलाई समेत ध्यानमा राखी सडक संरचना निर्माण गर्नु, साना तिना सडक आयोजनाहरूमा बजेट छर्ने प्रवृत्ति अन्त्य गर्नु, रणनीतिक **महत्व** सडक निर्माणमा केन्द्रित हुनु, वातावरणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक निर्माण गर्नु, सडक निर्माणलाई ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्ग मैत्री बनाउनु, पर्यटकीय पदमार्ग र सडक विकास तथा व्यवस्थापन गर्नु, सडक तथा पदमार्गको संरक्षण र मर्मतसम्भार तथा व्यवस्थापन कार्यलाई दिगो बनाउनु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

### ३.२अवसर

गाउँपालिकाले सडकलाई उच्च प्राथमिकतामा राख्नु, तीन ओटा राष्ट्रिय सडक गाउँपालिका भएर जानु, जनसहभागिता जुट्ने अवसर हुनु, सबै राजनीतिक दल र जनप्रतिनिधिको प्राथमिकताको विषय रहनु, झोलुंगे पुल निर्माणबाट बहुउद्देश्यीय फाइदा हुनु जस्तैः आन्तरिक पर्यटक साथै ढुवानीको लागि छोटो र भरपर्दो सुविधा हुनु, गाउँपालिकामा धेरै बेरोजगार युवालाई पूर्वाधार विकासको काममा रोजगारी दिनु,यातायात पहुँचको विस्तारबाट उत्पादनशील क्षेत्रमा लगानी बढ्नु, स्थानीय उत्पादन तथा तुलनात्मक लाभका वस्तुहरूको बजारसम्म सहज पहुँच हुनु, यातायातका साधनमा रोजगारी सृजना हुनु र पर्यटकीय स्थलहरूमा सडकको पहुँच हुनु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

सडक तथा यातायातमार्फत आर्थिक र सामाजिक विकास ।

### ४.२ लक्ष्य

सबै सडकहरूको स्तरउन्नति गर्ने ।

### ४.३ उद्देश्य

- आर्थिक र सामाजिक विकासमा टेवा पुऱ्याउने सडकहरू निर्माण गर्नु ।
- निर्माण सम्पन्न र नयाँ निर्माण हुने भौतिक पूर्वाधारको संरक्षण र संवर्द्धन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● गाउँपालिकामा आर्थिक तथा सामाजिक कार्यक्रमलाई सन्तुलित, समावेशी र गतिशील रूपमा योगदान पुऱ्याउन सक्ने रणनीतिक सडक योजना कार्यान्वयन गर्ने । | ● पाँच लाखभन्दा माथिका सडकहरूको सोही योजनाबाट दुई प्रतिशत रकम कट्टा गरी मर्मत संभारकोषको व्यवस्था गरिनेछ<br>● उपभोक्ता समितिमार्फत् आयोजना कार्यान्वयन गर्दा ठुला उपकरणहरू प्रयोग गर्न निरूत्साहित गरिने छ ।<br>● पूर्वाधार क्षेत्रको विकास निर्माण गर्दा पचास प्रतिशत मानव स्रोतबाट र पचास प्रतिशत यान्त्रिकबाट गरी आवधिक योजना अन्त्यसम्म करिब ४ हजार ५ सय जनालाई प्रत्यक्ष रोजगारी दिइने छ ।<br>● प्रत्येक वडामाा नमुना वनस्पति उद्यान निर्माण गरिने छ ।<br>● व्यक्तिगत, सरकारी र सामुदायिक भवन निर्माण गर्दा नक्सा पासलाई अनिवार्य गरिने छ ।<br>● आगामी एक वर्ष भित्र गाउँपालिकालाई ढुङ्गा र खरको छाना मुक्त बनाइने छ ।<br>● ८ स्थानमा क्रियापुत्री भवन निर्माण गरिने छ ।<br>● पाँच वर्ष भित्रमा २५ प्रतिशत पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनमा कमी ल्याउन विद्युतीय सवारी साधनको लागि नीति ल्याई कम्तीमा २ ओटा चार्जिङ्ग स्टेसन निर्माण गर्न सङ्घीय र प्रदेश सरकारसँग पहल गरिने छ । |
| ●डिजाइन, निर्माण र मर्मत सम्भारमा आधुनिक प्रविधि तथा वातावरण मैत्री पूर्वाधारमा जोड् दिने । | ● सडक यातायात गुरुयोजना तर्जुमा र कार्यान्वयन गरिने छ ।<br>● योजना डिजाइनदेखि सम्पन्न नहुँदासम्मको गुणचक्रमा गुणस्तरको सुनिश्चित गर्दै लगिने छ ।<br>● गाउँपालिकाभित्रका मुख्य सडकलाई ६ मि. को बनाइने छ ।<br>● पूर्वाधारका सबै कार्य वातावरणमैत्री बनाइने छ ।<br>● गाउँपालिकाको केन्द्र र सबै वडा केन्द्र जोड्ने सडक निर्माणलाई कालोपत्रे गरिने छ ।<br>● गाउँपालिकाभित्रका सबै ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको प्रवर्द्धन गर्न पदमार्गहरूको निर्माण गरिनेछ ।<br>● सडकको दायाँबायाँ हरियाली कायम गर्न वृक्षारोपण गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | • सडक सुरक्षाका लागि आवश्यक लाईन, ट्राफिक सङ्केत, मोड सुधार, चोक व्यवस्थापन तथा नाली निर्माण गरी व्यवस्थित गरिने छ ।<br>• सडकको नियमित रूपमा मर्मत सम्भार गर्नका लागि आवश्यक समपुरक कोषको व्यवस्था गरिने छ ।<br>• सडक मर्मत सम्भार कार्यकर्ता राखिनेछ । |

### ५. अपेक्षित उपलब्धि

गाउँपालिकाको केन्द्रबाट सबै वडामाा जोड्ने सडकको स्तरोन्नति गर्ने र कालोपत्रे गर्ने कार्य ५० प्रतिशत सम्पन्न भएको हुने छ । यातायात गुरुयोजना निर्माण भई कार्यान्वयनमा आएको हुने छ । गाउँपालिकाभित्रका सबै सडक सर्वयाम सञ्चालनमा आएका हुने छन् । गाउँपालिकाको केन्द्र खनदहमा एक ओटा बसपार्क निर्माण भएको हुने छ । ७० प्रतिशत ग्राभेल सडक सम्पन्न भएका हुने छन् । शतप्रतिशत सडकको ट्र्याक खोलिएको हुने छ । आवधिक योजनाको अन्तिमसम्ममा वातावरणमैत्री सडक निर्माण भएका हुने छन् ।

## ६.२ खानेपानी तथा सरसफाइ

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ३ धारा ३५ को दफा ४ मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको व्यवस्था गरेको छ । बहुसङ्ख्यक घरधुरीहरू पाइपको खानेपानी प्रयोग गर्दछन् । पूर्ण सरसफाइका कार्यक्रमहरू सञ्चालनका लागि विशेष जोड दिइएको छ । गाउँपालिकामा शौचालयको अवस्था: सेप्टी टङ्की जोडिएको अथवा आफ्नै एकखाल्डे चर्पी बनाएका घरधुरी ८८.३ प्रतिशत , गोबर ग्याँस जडित चर्पी ०.८ प्रतिशत, कच्ची शौचालय ०.७९ प्रतिशत र शौचालय नभएको १.० प्रतिशत । समग्रमा ९८ प्रतिशत घरमा शौचालय निर्माण भएका छन् । २ प्रतिशत घरले कच्ची र बाहिर प्रयोग गर्दछन् ।पूर्ण सरसफाइ: खानेपानी र सरसफाइमा नमुना गाउँपालिका बनाउने लक्ष्यका साथ पूर्ण सरसफाइ कार्यमा प्रवर्द्धनात्मक र क्षमता विकासका कार्यहरू गर्दै आइरहेको छ ।

| | |
|---|---|
| खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र | • ५७.१ प्रतिशत पालिकाबासीको घरमा पाइपबाट खाने पानीको पहुँच<br>• ३८.९ प्रतिशत पालिकाबासीको घर बाहिर पाइपबाट खानेपानीको पहुँच<br>• २.९५प्रतिशत पालिकाबासील मुहान धाएर पानीको व्यबस्था गरिरहेको । |

## २.समस्या

आधारभूत सरसफाइ प्रवर्द्धन मात्र सीमित हुनु र सबैका लागि सरसफाइ नहुनु, गुरुयोजना बनाई खानेपानीको विकास तथा व्यवस्थापन हुन नसक्नु, सरसफाइ तथा स्वच्छ खानेपानीको क्षेत्रमा पर्याप्त लगानी नहुनु, न्यून बजेटका कारण निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्न नसक्नु, खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुनु, खानेपानीका पर्याप्त स्रोत नहुनु र भएका पनि संरक्षण नहुनु, सरसफाइ चेतनाको कमी, गाउँपालिकाको खानेपानीसम्बन्धी ऐन कानुन तथा नीति, नियम तयार भई नसक्नु, खानेपानी मूलसम्बन्धी विवाद रहनु, अधुरा आयोजनाको सङ्ख्या उल्लेखनीय रहनु, ठुला आयोजनाका लागि पर्याप्त बजेट विनियोजन नहुनु र मुहानहरू दर्ता व्यवस्थापनमा समस्या आउनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

खानेपानीको स्रोत बस्तीबाट टाढा हुनु, धेरै आयोजना सीमित जनशक्तिबाट गर्नु, खानेपानीको सुविधा विस्तार गर्नु, योजना मर्मत सम्भार तथा दिगो व्यवस्थापनको लागि उपभोक्ताहरूको क्षमता, दक्षता अभिवृद्धि गर्नु र छरिएर बसेका बस्ती यसक्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

### ३.२अवसर

नेपालको संविधानले खानेपानी तथा सरसफाइलाई नागरिकको मौलिक हकका रूपमा राख्नु, खानेपानी तथा सरसफाइमा नागरिकहरूको चेतना अभिवृद्धि हुनु, खानेपानी तथा सरसफाइ गाउँपालिकाको प्राथमिकतामा पर्नु, विकास साझेदारहरूको सहभागिता रहनु, विद्युत वा सौर्य ऊर्जा प्रयोग गरी खानेपानी सुविधा पुऱ्याउनु र खोला तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामार्फत जनस्वास्थ्यमा सुधार ।

### ४.२ लक्ष्य

खानेपानी तथा सरसफाइ सुविधामा वृद्धि भएको हुने ।

### ४.३ उद्देश्य

- एक घर, एक धारा अभियान सञ्चालन गर्नु ।
- गाउँपालिकालाई वि.सं. २०८२ सम्म पूर्ण सरसफाइ उन्मुख बनाउनु ।

### २.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ●सबै घरमा शुद्ध खानेपानी तथा सरसफाइ सुविधा पुऱ्याउने । | ●एक घर एक धारा कार्यान्वयनमा ल्याइनेछ ।<br>●खानेपानी तथा सरसफाइ गुरुयोजना तयार गरी कार्यान्वयन गरिने छ ।<br>●खानेपानीको गुणस्तर परीक्षण गरी क्रमशः शुद्धीकरण गर्दै लगिनेछ ।<br>●पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत अपाङ्गमैत्री, महिलामैत्री, बालमैत्री शौचालय निर्माण, मर्मत तथा व्यवस्थापन गरिने छ ।<br>●समुदाय, विद्यालय र उपभोक्ता संस्थामा खानेपानी र सरसफाइसम्बन्धी सचेतना गरिने छ ।<br>●विद्यालयका विद्यार्थी तथा समुदाय लक्षित सरसफाइसम्बन्धी तालिमहरू सञ्चालन गरी जागरूकता बढाइनेछ । |
| ●खानेपानी आयोजना निर्माण, मर्मत सम्भार, मुहान संरक्षण र पूर्ण सरसफाइका कार्यक्रम गर्ने । | ●खानेपानी आयोजना सञ्चालन गर्नुअघि विवादरहित बनाइ ठुला योजनाको प्रारम्भिक वातावरणीय परीक्षण गरिने छ ।<br>●सबै वडामाा भएका खानेपानी तथा सरसफाइ योजनाकोप्रोफाइल र डिपिआर तयार गरिने छ<br>●साना तथा मझौला स्तरका निर्माण सम्पन्न आयोजनाहरूवडामाार्फत सञ्चालन गरिने छ ।<br>●सार्वजनिक स्थल, संस्था र मानिसको आवागमन बढी हुने स्थानहरूमा सार्वजनिक शौचालय निर्माण गरिने छ ।<br>●निर्माणाधीन तथा क्रमागत आयोजनालाई प्राथमिकताका साथसम्पन्न गरिने छ ।<br>●वि.सं. २०८६ सम्म गाउँपालिकालाई पूर्ण सरसफाइ उन्मुखबनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

आवधिक योजना अवधिमा शतप्रतिशत घरपरिवारमा आधारभूत खानेपानी सुविधा पुगेको हुने छ । सबैको घरमा फोहोर व्यवस्थापन भएको हुने छ । प्रत्येक घरमा जुठेल्नो निर्माण भएको हुने छ । सबै नागरिकमा व्यक्तिगत सरसफाइ साथै आनीबानीमा परिवर्तन आएको हुने छ ।

## ६.३ सिँचाइ

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ४ दफा ५१ को (छ) अन्तर्गत प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीतिको उपदफा (४) मा जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने कुरा उल्लेख गरेको छ । सिँचाइको लागि गाउँपालिका जिल्लाकै कम सम्भावना भएको गाउँपालिकामा पर्दछ । जम्मा ८२ हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुगेको छ । गाउँपालिकामा सामान्य सिँचाइका योजनाहरूबाहेक उल्लेख्य योजनाहरू कार्यान्वयन भएका छैनन् ।

## २. समस्या

सिँचाइका स्रोतहरू पर्याप्त मात्रामा नहुनु, गाउँपालिकाको सिँचाइमा ध्यान नपुग्नु, प्राथमिकतामा नपर्नु, सिँचाइलाई ठुलो बजेटको आवश्यकता पर्नु, सिँचाइ गुरुयोजना बनाई योजनाबद्ध विकास तथा व्यवस्थापन गर्न नसक्नु, समथर जमिन नहुनु, ठुला आयोजनाको सम्भाव्यता अध्ययन नहुनु, भएका सिँचाइ आयोजनाहरू नियमित मर्मत सम्भार हुन नसक्नु, सिँचाइ शुल्क उठ्न नसक्नु, नयाँ प्रविधिमा आधारित प्लास्टिक पोखरी, थोपा, ड्रिप र स्प्रिङ्कल आदि सिँचाइको विस्तार हुन नसक्नु, पुराना पोखरी नासिँदै जानु र विद्युतीय सिँचाइ प्रणालीको महसुल कृषकले धान्न नसक्नु, अन्य भौतिक पूर्वाधारहरूको तुलनामा सिँचाइ पूर्वाधारप्रति समुदायको चासो कम रहनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

सिँचाइ प्रणालीको लागत उच्च हुनु, सर्वयाम सिँचाइ सुविधा उपलब्ध नहुनु,सामूहिकरूपमा माग नआउनु, जनसहभागिता जुटाई आयोजनाहरूलाई दिगोरूपमा सञ्चालन गर्नु, सिँचाइमा नयाँ प्रविधिहरूको प्रयोग गर्नु र ठुला सिँचाइ आयोजना सञ्चालन गर्नका लागि आवश्यक लगानी जुटाउनु चुनौतीका रूपमा रहेका छन् ।

### ३.२अवसर

सामूहिक सिँचाइ पद्धतिको परम्परा रहनु, सिँचाइका नयाँ प्रविधिहरू उपलब्ध हुँदै जानु, लगानीका लागि विकास साझेदारहरूको रूचि बढ्दै जानु र जनसहभागिताको सम्भावना प्रशस्त हुनु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध ।

### ४.२ लक्ष्य

बहुउद्देश्यीय सिँचाइ प्रणालीद्वारा उत्पादनमा वृद्धि गर्ने ।

### ४.३ उद्देश्य

(१) बहुउद्देश्यीय सिँचाइ योजना सञ्चालन गर्नु ।
(२) सिँचाइका स्रोतहरूको संरक्षण र सम्वर्धन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • छोटो समयमा सम्पन्न हुने सिँचाइ योजनाहरू जनसहभागिताबाट गर्ने । | • एक घर एक प्लास्टिक पोखरी अभियान सञ्चालन गरिने छ ।<br>• परम्परागत कृषक कुलाहरू तथा जीर्ण सिँचाइ आयोजनाहरूको भौतिक पूर्वाधारको स्तरोन्नति वा आधुनिकीकरण गरी बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याइने छ ।<br>• एक टोल एक रिचार्ज पोखरी निर्माण गरिने छ ।<br>• खेत (टार) क्षेत्रमा सिँचाइ सुविधा विस्तार गरिने छ । |
| • सिँचाइ आयोजनाहरूको मुहान, सिंचित क्षेत्र संरक्षण र वैकल्पिक तथा आधुनिक प्रविधिद्वारा निर्माण गर्ने । | • सिँचाइ आयोजना सञ्चालन तथा विकासका लागि कार्यविधि तयार गरी सिँचाइ कोषको स्थापना तथा सञ्चालन गरिन छ ।<br>• सम्भावित योजनाको विवादरहित र डिपिआर निर्माण गरी कार्यान्वयन गरिने छ ।<br>• निर्माणाधीन तथा क्रमागत आयोजनालाई सम्पन्न गर्न प्राथमिकता दिइने छ ।<br>• विद्युत र सोलार जस्ता प्रविधि उपयोग गरी सिँचाइ सुविधा विस्तार गरिने छ ।<br>• गाउँपालिका स्तरीय सिँचाइ गुरुयोजना तयार गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

सिँचाइ आयोजनाहरूका मुहान संरक्षण हुने छन् । सबै वडामाा साना-ठुला सिँचाइ योजनाहरू पक्की भएका हुने छन् । ६० प्रतिशत उत्पादनमा आत्मनिर्भर भएको हुने छ । सिँचाइ गुरुयोजना निर्माण भइ कार्यान्वयन भएको हुने छ ।

## ६.४ विद्युत तथा वैकल्पिक ऊर्जा

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले नवीकरणीय ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभरूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ । गाउँपालिकामा घरायसी ऊर्जाको मुख्य स्रोत दाउरा नै रहेको छ । झिम्रुक प्रसारण लाईनमार्फत बिजुली प्रयोग भएको छ । धुँवाले स्वास्थ्यमा पार्ने नकारात्मक असर तथा वनजङ्गल जोगाउने नीतिले गर्दा यस्ता पदार्थको प्रयोग निरूत्साहित भएको र क्रमशः एलपी ग्याँस र मट्टितेलको प्रयोग बढ्दै गई ऊर्जामा परनिर्भरता बढेको छ ।

### २. समस्या

गाउँपालिकामा वैकल्पिक ऊर्जा प्रविधि प्रवर्द्धन तथा प्रयोग सम्बन्धमा क्षमताको कमी हुनु, विद्युत लाईन भएको स्थानमा रूखहरू नकाटिनु, दुर्घटना बढ्नु र वैकल्पिक ऊर्जा घरायसी आधारभूत आवश्यकता परिपूर्तिमा मात्र केन्द्रित रहनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

विद्युत प्रसारण लाईनमा अत्यधिक समस्या देखिनु, सबै वडामाा एक पोलदेखि अर्कोपोलको दुरी टाढा हुनु, स्थानीयमा कमजोर वाइरिङ्ग साथै, विद्युतमा प्राविधिक ज्ञानको कमी हुनु, गोबर र मानव मलमुत्रबाट बायोग्याँस प्लान्ट निर्माण र त्यसको उपयोगिता प्रति चासो कम हुनु यस क्षेत्रका चुनौती रहेका छन् ।

### ३.२ अवसर

करिब ४० प्रतिशत घरधुरीमा सोलार जडान गर्नु, १० प्रतिशत घरमा गोबर ग्याँस पलान्ट जडान गर्नु, विद्युतप्रति नागरिकको बढ्दो आकर्षण हुनु, अमिले खोला छहरामा १ मेगावाटको सर्भे हुनु, शतप्रतिशत घरमा विद्युत सेवा पुग्नु र विद्युतीय ऊर्जाबाट खाना पकाउने घरपरिवारको सङ्ख्या बढ्नु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

विद्युतको प्रयोगबाट दिगो सामाजिक र आर्थिक विकास ।

### ४.२ लक्ष्य

विद्युतीय ऊर्जाको प्रयोगबाट दाउरामाथिको निर्भरतालाई न्यूनीकरण गर्ने ।

### ४.३ उद्देश्य

भरपर्दो र सुलभ रूपमा सबै घर परिवार र उत्पादनशील क्षेत्रमा विद्युत सेवाको पहुँचमा विस्तार गरी विद्युत खपतमा वृद्धि गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • विद्युत तथा वैकल्पिक ऊर्जाको विस्तार र प्रवर्द्धन गर्ने । | • दाउराको न्यून प्रयोग गर्न सुधारिएको चुलो सबै घरमा निर्माणगरिने छ ।<br>• सार्वजनिक स्थलहरू लगायत विद्यालयमा उज्यालो कार्यक्रममा सौर्य ऊर्जाको उपयोग गरिने छ ।<br>• बायोब्रिकेट उत्पादन तथा प्रवर्द्धन गरिने छ ।<br>• विद्युत नपुगेका सार्वजनिक कार्यालय र घरमा विद्युत सेवापुऱ्याइने छ । |
| • गाउँपालिकाले विद्युत र सौर्य ऊर्जासम्बन्धी नीति र कार्यविधि तर्जुमा गर्ने । | • विद्युत चुहावट रोक्न विद्युत कार्यालयलाई सहयोग गरिने छ ।<br>• सौर्य ऊर्जालाई सिँचाइ, स्वास्थ्य, शिक्षा तथा खानेपानीमाअनुदान दिइने छ ।<br>• विद्युत महसुल बुझाउन अनलाईन प्रणालीको विकास गरिनेछ<br>• एल.पि ग्याँसलाई विद्युत र बायोग्याँसले प्रतिस्थापन गरिने छ |

## ५. अपेक्षित उपलब्धि
सबै घरले बायोग्याँस प्लान्ट जडान गरेका हुने छन् । विद्युत सेवा नपुगेका घरमा विद्युत सेवा विस्तार भएको हुने छ । गाउँपालिका काठको पोलमुक्त भएको हुने छ । साथै, सबै परिवारमा विद्युत उपयोग बढेको हुने छ । खाना पकाउने इन्धनका रूपमा परम्परागत दाउरा र आयातित एलपी ग्याँस दुवैको प्रयोगमा कमी आएको हुने छ ।

## ६.५ सञ्चार तथा सूचना
### १. पृष्ठभूमि
नेपालको संविधान, २०७२ भाग ३ को धारा १९ ले पूर्ण प्रेस स्वतन्त्रता, वाक् तथा प्रकाशन स्वतन्त्रता, सञ्चार र सूचनाको हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ । सबै घरपरिवारमा मोबाइल सेवा पुगेको छ ।

### २.समस्या
सञ्चार माध्यम पूर्णरूपमा मर्यादित, जिम्मेवारी, जवाफदेही, उत्तरदायी र विश्वसनीय हुन नसक्नु, इन्टरनेट सेवामा सबै नागरिकको पहुँच पुग्न नसक्नु, सबै विद्यालयमा द्रूतगतिको इन्टरनेट सेवा पुग्न नसक्नु र मोबाइल सेवा प्रभावकारी नहुनु समस्या रहेका छन् ।

### ३. चुनौती तथा अवसर
#### ३.१ चुनौती
ल्यान्डलाईन टेलिफोन सुचारू हुनु, साइवर सुरक्षाका लागि संस्थागत, प्राविधिक जनशक्तिको अभाव हुनु र सञ्चार तथा सूचना सम्बन्धमा कानुन निर्माण नहुनु चुनौतीका रूपमा रहेका छन् ।

#### ३.२ अवसर
सञ्चार तथा सूचनासम्बन्धी अधिकार संविधानमा नै मौलिक हकका रूपमा लिपिबद्ध हुनु, सबै घरघरसम्म सञ्चार माध्यमहरूको पहुँचमा वृद्धि हुँदै जानु, गाउँपालिकामा इन्टरनेट सेवा प्रदायकहरूको सङ्ख्या बढ्दै जाँदा गुणस्तरमा समेत प्रतिस्पर्धात्मक अवस्था सिर्जना हुँदै जानु, डिजिटल साक्षरता बढ्दै जानु, शिक्षा क्षेत्रमा सञ्चार तथा सूचना प्रविधिको प्रयोग र आकर्षण तीव्र रूपमा बढ्नु, गाउँपालिकामा एक ओटा एफ.एम. रेडियो हुनु र बहुसङ्ख्यक जनताको हातमा मोबाइल सेवा पुग्नु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

### ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति
#### ४.१ दीर्घकालीन सोंच
सञ्चार तथा सूचनाका माध्यमबाट आमनागरिकको जीवनस्तरमा परिवर्तन ।

#### ४.२ लक्ष्य
घर-घरमा इन्टरनेट, सार्वजनिक स्थल र संस्थाहरूमा फ्रि-वाईफाई सेवा पुऱ्याउने ।

#### ४.३ उद्देश्य
(१) सञ्चार र सूचना प्रविधिमा आधारित सामाजिक र आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्नु ।
(२) सबै नागरिकको सूचनामा पहुँच सहज बनाउनु ।

## ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● गाउँपालिकालाई डिजिटल पालिकाको रूपमा विकास गर्ने । | ● वि.सं. २०८६ सम्ममा पेपरलेस बनाइ डिजिटल गाउँपालिका घोषणा गरिने छ ।<br>● डिजिटल गाउँपालिका, ल्यान्डलाईन टेलिफोन र विद्युतीय भुक्तानी सेवा सञ्चालन गरिने छ ।<br>● गाउँपालिका, विषयगत र वडा कार्यालयमा टोल फ्रि नं. कोव्यवस्था गरिने छ ।<br>● शिक्षण संस्था र विविध कार्यक्रममा वैकल्पिक सिकाइ प्रणाली ( अनलाईन माध्यम) लाई प्रवर्द्धन र कार्यान्वयन गरिने छ । |
| ● सूचना प्रविधिको प्रयोगबाट सार्वजनिक सेवालाई सहज एवम् सर्वसुलभ बनाउने । | ● गाउँपालिकामा भएका प्रगतिको मासिक र चौमासिक बुलेटिन प्रकाशन गरिने छ ।<br>● गाउँपालिका, विषयगत शाखा र सबै वडामाा विद्युतीय सूचनापाटीको व्यवस्था गरिने छ<br>● गाउँपालिकाले प्रत्येक महिनामा गरेका कार्यहरू सार्वजनिकीकरण गर्ने पद्धतिको विकास गरिने छ ।<br>● सांस्कृतिक विविधताको संरक्षण र प्रवर्द्धन गर्न डकुमेन्ट्री निर्माण गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यसम्ममा सबैको घरमा इन्टरनेट सेवा र सबै सार्वजनिक स्थल लगायत संस्थाहरूमा फ्रि-वाइफाइ सेवा उपलव्ध भएको हुने छ । सबै सार्वजनिक सेवा विद्युतीय माध्यमबाट प्रवाह भएको हुने छ । सबै सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था भएको हुने छ ।

## ६.६ ग्रामीण विकास

### १. पृष्ठभूमि

गाउँपालिकाको विद्यमान अव्यवस्थित ग्रामीण बस्ती नै समस्याको मूल कारण रहेको छ । गाउँपालिकाका ८ ओटा वडामाा जम्मा १५४७३ जनसङ्ख्या रहेको छ । (बास योजनाका लागि घरधुरी सर्वेक्षण, २०७७) । सहरी क्षेत्रबाट ग्रामीण क्षेत्रतर्फ स्रोतहरू प्रवाह हुनुको सट्टा ग्रामीण क्षेत्रबाट शहरतर्फ स्रोतहरूको प्रवाह हुँदै गएकोले ग्रामीण क्षेत्र उजाड बन्दै जान थालेको छ । यसर्थ, ग्रामीण परिवेशको जीवनशैली संरक्षण गर्दै ग्रामीण पूर्वाधार निर्माण गर्ने र दिगो आय तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सके गरिबी निवारण गर्न र नागरिकको जीवनस्तर उकास्न सबै सरोकारवालाहरूसँग समन्वय गर्दै योजनाबद्ध ग्रामीण विकासको कार्यलाई अगाडि बढाउन आवश्यक छ ।

### २. समस्या

गाउँपालिकामा ग्रामीण पूर्वाधार विकासमा पर्याप्त लगानी हुन नसक्नु, निर्माण भएका पूर्वाधारको दिगो व्यवस्थापन हुन नसक्नु, छरिएर रहेका बस्तीहरूमा आवश्यक सेवा तथा सुविधा पुऱ्याउन

खर्चिलो हुनु, ग्रामीण क्षेत्रमा आय तथा रोजगारको अवसर सिर्जना गरी बसाइँसराइ रोक्न नसक्नु, ग्रामीण क्षेत्रको वातावरण तथा धार्मिक, सांकृतिक पहिचानको उचित जगेर्ना गर्न नसक्नु र ग्रामीण क्षेत्रबाट सहरतर्फ स्रोतहरूको प्रवाह बढ्दै गएर स्रोत विहीन हुनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

ग्रामीण विकास गुरुयोजना निर्माण गरी योजनाबद्ध विकास निर्माण गर्नु, छरिएर रहेका ग्रामीण बस्तीमा आधारभूत पूर्वाधार तथा सेवाहरूको व्यवस्थापन गर्नु, ग्रामीण क्षेत्रमा रहेका सक्रिय जनसङ्ख्यालाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु र ग्रामीण पहिचान तथा वातावरणको जगेर्ना गर्नु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

जनप्रतिनिधिको उपस्थितिले ग्रामीण विकासमा जनसहभागिता र अपनत्व वृद्धि हुनु, ८ ओटा वडा केन्द्रहरू स्थानीय विकास बिन्दुको रूपमा स्थापित हुँदै जानु, स्थानीय पूर्वाधार विकासमा स्थानीय राजनीतिक दलहरूको सक्रियता बढ्नु र योजनाबद्ध पूर्वाधार विकासका लागि प्रयास रहनु, वैदेशिक रोजगारबाट फर्केका युवावर्गलाई आकर्षित गर्ने कार्यक्रम हुनु र स्थानीय सरकार जनताको नजिक रहँदा वास्तविक सूचना प्राप्तिमा सहजता हुनु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

दिगो ग्रामीण विकासका लागि पूर्वाधारमा लगानी ।

### ४.२ लक्ष्य

दिगो सामाजिक र आर्थिक विकास गर्ने ।

### ४.३ उद्देश्य

(१) मौलिक, धार्मिक र सांस्कृतिक पहिचानको संरक्षण गर्नु ।
(२) गुणस्तरीय र व्यवस्थित ग्रामीण वस्ती निर्माण गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • ग्रामीण वस्तीको आय-आर्जनमा वृद्धि गर्ने । | • स्थानीय मौलिक उत्पादन र स्मार्ट वडाको विकास गरिने छ ।<br>• महिला तथा विपन्न वर्गको क्षमता अभिवृद्धि गरी आय तथारोजगारीका अवसरहरू प्रदान गरिने छ ।<br>• समुदायमा आधारित होमस्टेहरू सञ्चालन गरिने छ ।<br>• ग्रामीण पर्यटन पदमार्गहरू पहिचान गरी विकास र प्रचार- प्रसार गरिने छ ।<br>• सबै नागरिकलाई सडक, खानेपानी, स्वास्थ्य, सूचना र वित्तीयसेवामा पहुँच पुऱ्याइने छ । |

## ५. अपेक्षित उपलब्धि

गाउँपालिकाको २, ३, ६ र ७ नं. वडामाा होमस्टे कार्यक्रम सञ्चालन भएको हुने छ । स्थानीय स्रोत-साधन, सिप र प्रविधिमा आधारित उत्पादन भएको हुने छ । योजना छनोट, सञ्चालन र त्यसको दिगो व्यवस्थापनमा जनसहभागिता परिचालन भएको हुने छ । ग्रामीण वस्तीमा पूर्वाधार निर्माण भएको हुने छ ।

# परिच्छेद सात
# वन, वातावरण तथा विपद् व्यवस्थापन विकास क्षेत्र

## ७.१ वन तथा जडीबुटी र जैविक विविधता

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ४, धारा ५१ को (छ) मा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकुल दिगो रूपमा उपयोग गर्ने, स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने रहेको छ । सर्वसाधारण जनताका लागि अत्यावश्यक दाउरा, स्याउला, काठ र पशुपंक्षी आहाराको आपूर्तिको समस्या टड्कारो देखिन थालेको छ । वनमा डढेलो नियन्त्रण तथा व्यवस्थापन गर्न दुई ओटा वन सञ्जाल गठन गरिएको छ । चालु वर्षमा १७ स्थानमा वन क्षेत्रमा डढेलो लागेको अवस्था रहेको छ । आगामी दिनमा डढेलो नियन्त्रण समूहलाई थप सक्रिय बनाउनु पर्ने देखिन्छ । खोटेसल्लो, उत्तिस, लालीगुराँस, कुटमेरो, चिउरी, तिजु, चिलाउने, कोइरालो, रयेच, बाँझ, लाकुरी, फँडेल, पैयुँ र फाट्टफुट्ट रूपमा साल यहाँ पाइने वनस्पति हुन् । घाँसमा अम्रिसो, बाबियो, सालिन र खर आदि पाइने गर्दछ ।जडीबुटीका प्रजातिहरू टिम्मुर, तेजपात, काउलो, चिराइतो, कुट्की, जटामसी, ओखर, श्रीखण्ड, बोझो, अलैंची, झुल, चौतारी, सिम्लीकान, गुर्जो, कुरिलो, मुसलीगन्ध, अमला, आदि पाइने गर्दछन् । टिम्मुरलाई व्यावसायिक खेती विस्तार गर्ने तथा प्राकृतिक अवस्थामा रहेकालाई सङ्कलन गर्नुपर्ने देखिन्छ । ओखर, टिमुर र तेजपात ६, ७, ८ नं. वडामाा बढी सम्भावना रहेको छ । वन्यजन्तुमा चितुवा, बँदेल, बाँदर, ढेँडुवा, दुम्सी आदि पाइने गर्दछन् । एउटा जडीबुटी सङ्कलन फर्म दर्ता भएको छ । २ नं. वडामाा रहेको सव-डिभिजन वन कार्यालयले रिब्दिकोट र छत्रदेव गाउँपालिकाको वन क्षेत्र रेखदेख तथा व्यवस्थापन गरेको छ ।

### २.समस्या

वन संरक्षण र व्यवस्थापनमा गाउँपालिका र वन कार्यालयसँगको समन्वय नहुनु, उपभोक्ता निष्कृय भइ हाम्रो हो भन्ने अपनत्व नहुनु, नियमित लेखापरीक्षण प्रतिवेदन र वार्षिक साधारण सभासमयमै नहुनु, पारदर्शिता नहुनु, गाउँपालिकाको अर्थतन्त्रमा योगदान पुग्ने गरी वन क्षेत्रको व्यवस्थापन र उपयोग गर्न नसक्नु, वन्यजन्तु र मानव द्वन्द्वलाई प्रभावकारी रूपमा नियन्त्रण एवम् व्यवस्थापन गर्न नसक्नु, अव्यवस्थित भौतिक संरचनाका कारण वन क्षेत्रको विनास, खण्डीकरण,वन तथा जलाधार क्षेत्रका स्रोतहरूको क्षयीकरण हुनु, वन तथा जैविक विविधतासम्बन्धी जनचेतनामा कमी हुनु, वन्यजन्तुबाट किसान पीडित हुनु, वनविकास र आय-आर्जन तथा रोजगारबिच सन्तुलन कायम गर्न नसक्नु समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

वनमा उपलब्ध काठजन्य सामग्रीको पूर्ण सदुपयोग गर्नु, उपभोक्ता समूह र निजी क्षेत्रबिच प्रभावकारी समन्वय र सहकार्यको वातावरण निर्माण गर्नु, वन तथा जलाधारक्षेत्रका स्रोतहरूको क्षयीकरण हुनु, माटो र पानीको दिगो तथा एकीकृत संरक्षणबाट मात्र कृषि क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्नु, वन डढेलो रोक्नु, विकास निर्माणबाट हुने वनविनास रोक्नु, मानव र वन्यजन्तुको द्वन्द्व कम गर्नु, वन डढेलो न्यूनीकरण गर्नु, जैविक विविधता संरक्षण गर्नु, खोटेसल्लो र उत्तिसलाई दिगो रूपमा व्यवस्थापन गर्नु र बनमारा व्यवस्थापन गर्नु चुनौतीका रूपमा रहेको छ ।

### ३.२ अवसर

व्यक्तिका बाँझो जग्गालाई कृषि वन प्रणालीमा कार्य गर्न सकिनु, समुदायमा आधारित वन व्यवस्थापनमार्फत संरक्षित भएका वन र सक्षम समूहहरूको बलियो उपस्थिति रहनु, वन, जलाधार, कृषि, पशुपंक्षी, सिँचाइ लगायतका निकायबिच सहकार्य, समन्वय तथा एकीकृत विकासको अवधारणामा योजना बनाई समृद्धिमा टेवा पुऱ्याउन सकिनु, बनमारालाई जैविक मल र ऊर्जासँग प्रयोग गर्नु, वन पैदावारमा आधारित उद्यम गर्नु, सामुदायिक वनको क्षेत्र र यसमा आबद्ध समूहको सङ्ख्या उल्लेखनीय हुनु र जडीबुटीमा टिम्मुर प्रशस्त मात्रामा हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

दिगो वन र जडीबुटी व्यवस्थापनद्वारा समृद्ध रिब्दिकोट निर्माण ।

### ४.२ लक्ष्य

वन, वनस्पति र जडीबुटीको संरक्षण, व्यावसायीकरण प्रशोधन तथा बजारीकरण गरी आर्थिक आय-आर्जन गर्ने ।

### ४.३ उद्देश्य

- वन, जडीबुटी र जैविक विविधता क्षेत्रमा सम्भाव्यता-अध्ययन, अनुसन्धान गरी वनमा आधारित जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्नु ।
- खाली जमिनमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ●वन क्षेत्रको दिगो व्यवस्थापन, उपयोगमा स्थानीय जनताको पहुँच बढाउने । | ●सामुदायिक वन लगायत निजी जग्गामा एक घर वार्षिक २ सय ओटा बिरूवा रोपण अभियान सञ्चालन गरिने छ ।<br>●वन क्षेत्रमा जैविक विविधताको संरक्षण एवम पानी रिचार्ज (जल पुनर्भरणका) लागि पोखरी निर्माण गरिने छ ।<br>●गाउँपालिकामा रहेको वनक्षेत्रलाई पशुचरन क्षेत्रमा वर्गीकरण गरिने छ<br>●निजी तथा सार्वजनिक जग्गाहरूमा गरी वार्षिक करिब १ लाख वृक्षारोपण अभियानका रूपमा सञ्चालन गरिने छ । |
| ●वन क्षेत्रको दिगो व्यवस्थापन र संरक्षणमा समुदायको सहभागिता वृद्धि गर्ने । | ●सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत सुदृढीकरण गर्दै कार्ययोजना निर्माण, लेखापरीक्षण र ८ ओटा नयाँ सामुदायिक वनउपभोक्ता समूह गठन गर्दै लगिनेछ ।<br>●स्थानीय वन ऐनलाई कार्यान्वयन गरिने छ ।<br>●जङ्गली जनावरबाट हुने क्षतिलाई क्षतिको मूल्याङ्कनका आधारमा गाउँपालिकाबाट क्षतिपूर्तिको व्यवस्था गरिने छ ।<br>●दिगो वन व्यवस्थापनका लागि राम्रो कार्य गर्ने समुदायलाईपुरस्कृत गर्ने व्यवस्था गरिने छ ।<br>●वन क्षेत्रको अतिक्रमण नियन्त्रणका लागि नीतिगत र संरचनागत व्यवस्था |

| | |
|---|---|
| | गरी अन्तरनिकाय समन्वय गरिने छ ।<br>● वन डढेलो नियन्त्रण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ । |
| ● वन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी जडीबुटी, आय-आर्जन र रोजगारीसँग आबद्ध गन | ● टिमुर, ओखर र तेजपातलाई आय-आर्जन र रोजगारीसँग आबद्ध गरिने ।<br>● गरिब तथा विपन्न परिवारलाई प्रत्यक्ष लाभ र आय वृद्धिमा योगदान हुने गरी सामुदायिक वन गरिबको धन कार्यक्रम सञ्चालन गरिने छ ।<br>● स्थानीय अनुकुलन कार्ययोजनालाई समुदायमा आधारित वन व्यवस्थापन र सेवाप्रदायकहरूको क्षमता विकास गरिने छ ।<br>● जडीबुटीमा आधारित साना तथा मझौला उद्योग स्थापना गरिने छ । यसका लागि आवश्यकताअनुसार सार्वजनिक, सामुदायिक, सहकारी तथा निजी क्षत्रसँग साझेदारी गरिने छ ।<br>● काठ-दाउरा र गैह्रकाष्ठ वन पैदावारको आपूर्तिबाट स्थानीयमा रोजगारी तथा आय-आर्जनका कार्यक्रम सञ्चालन गरिने छ ।<br>● खोटेसल्लो र उत्तिसलाई ब्लक प्रणालीबाट हटाउँदै जाने र प्राकृतिकरूपमा मात्र हुने लाभदायक बिरूवालाई संरक्षण गर्दै लगिने छ |

### ५. अपेक्षित उपलब्धि

वन अतिक्रमण तथा डढेलो नियन्त्रण भई वन तथा वन्यजन्तुहरूको उचित संरक्षण भएको हुने छ । वन्यजन्तु तथा जैविक विविधताको सर्वेक्षण गरी अवस्था एकीन भएको हुने छ । वृक्षारोपण अभियानका रूपमा सञ्चालन भई हरियाली प्रवर्धन भएको हुने छ । टिमुरको उत्पादनमा वृद्धि गरी व्यावसायीकरण भएको हुने छ ।

## ७.२ जलाधार तथा भू-संरक्षण

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ४ धारा ५१ को (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीतिमा उल्लेख गरेको छ । जलाधार संरक्षणसम्बन्धी अधिकार स्थानीय तहलाई दिइएको छ ।

### २. समस्या

जलाधार तथा भू-संरक्षणसम्बन्धी स्थानीय सरकारको अधिकार स्पष्ट नहुनु, गाउँपालिकामा कार्यविधि तयार भई नसक्नु, जोखिम नक्साङ्कन नहुनु, पहिरो रोकथाममा पहल नहुनु र सडक निर्माणमा बायोइन्जिनियरिङ प्रयोगमा ध्यान नदिनु समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

जलाधार संरक्षण गर्नु, जोखिमयुक्त भू-बनोट, अव्यवस्थित बस्ती, प्रकोप सम्भाव्य क्षेत्रको नक्साङ्कन गर्नु, जोखिम सूचना प्रणालीको व्यवस्था गर्नु, जलाधार क्षेत्रको संरक्षण गर्नु र जोखिमयुक्त क्षेत्रमा बस्ती विकास हुनु चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

संविधानले जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै प्रकोप जोखिमन्यूनीकरण गर्ने नीति अबलम्बन गर्नु, दिगो विकासका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धतामा नेपालको साथ हुनु, जनसहभागिताको सम्भावना रहनु, दिगो विकासका जलाधार तथावातावरण संरक्षणसम्बन्धी लक्ष्य स्थानीयकरण हुनु, वातावरण र प्रकोप व्यवस्थापनसम्बन्धी जनचेतना बढ्नु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

जलाधार क्षेत्रको दिगो उपयोगबाट समृद्ध पालिका निर्माणमा योगदान ।

### ४.२ लक्ष्य

जलाधारको बहुउद्देश्य उपयोगबाट आर्थिक विकास गरी रोजगारी सृजना गर्ने ।

### ४.३ उद्देश्य

जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन गरी बहुआयामिक उपयोगमार्फत आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रको विकास गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● जल र भ-क्षय उत्पन्न प्रकोपबाट हुने जोखिमलाई कम गर्ने । | ● खोला किनार र जोखिमजन्य क्षेत्रको संरक्षणका लागि बायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिने छ ।<br>● अन्तरपालिकाबिच समन्वय गरिने छ ।<br>● प्रकोप जोखिम सचेतना अभियान सञ्चालन गरिने छ ।<br>● जल, जमिन र जङ्गलको समुचित उपयोग गरी जलाधार क्षेत्रको संरक्षण गरिने छ ।<br>● जोखिम नक्सा, रिमोटसेन्सिङ्ग र भौगोलिक सूचना प्रणाली जस्ता विधिहरूको प्रयोग गरी प्रकोप नियन्त्रण कार्यलाई प्रभावकारी बनाइने छ । |

## ५. अपेक्षित उपलब्धि

जलाधार र भू-संरक्षण नियन्त्रणका लागि रणनीति योजना तयार भएको हुने छ । जोखिम क्षेत्र पहिचान भई नक्साङ्कन भएको हुने छ । ५ वर्षमा ८५ ओटा पहिरो रोकथाम भएका हुने छन् । नागरिकहरूको सक्रिय सहभागितामा जलाधार पहिचान, वर्गीकरण र प्राथमिकीकरण भएको हुने छ । गाउँपालिकाभित्रका जलाधारहरूको संरक्षण भएका हुने छन्

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ३ धारा ३० मा स्वच्छ वातावरणमा प्रत्येक नागरिकलाई बाँच्न पाउने मौलिक हकको व्यवस्था गरी यसको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिएको छ ।

### २.समस्या

फोहोर व्यवस्थापनका लागि आर्थिक समस्या हुनु, कर्मचारी र साधनको व्यवस्थापन नहुनु, पूर्वाधार विकास र वातावरणबिच सन्तुलन नहुनु, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत बढ्नु, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वन जङ्गलको अतिक्रमण तथा ह्रास हुनु, विषादीको प्रयोग, वातावरण संरक्षण र दिगो पूर्वाधार विकासबिच सामञ्जस्यता स्थापित हुन नसक्नु समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

वातावरण संरक्षण गर्न आवश्यक संरचनागत र संस्थागत व्यवस्था नहुनु, वातावरणमैत्री विकास संस्थागत हुन नसक्नु, स्थानीय तहमा वातावरण संरक्षणसम्बन्धी सुपरिवेक्षण गर्ने निकायको संरचना प्रभावकारी गराउनु र नागरिक स्तरमा वातावरणसम्बन्धी दायित्वबोध गराउनु चुनौतीका रूपमा रहेका छन् ।

#### ३.२ अवसर

स्वच्छ तथा स्वस्थ वातावरणलाई संविधानमा मौलिक हकका रूपमा व्यवस्था गरिनु, स्वच्छ तथा स्वस्थ वातावरणका लागि जनचेतनामा वृद्धि हुँदै जानु, सबै विकास साझेदारहरूको चासो रहनु, दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकार र गैरसरकारी संस्थालगायत सबै सरोकारवालाको सहयोग प्राप्त हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

### ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

#### ४.१ दीर्घकालीन सोंच

सफा र हरियाली वातावरणको विकास ।

#### ४.२ लक्ष्य

फोहोरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी सफा र स्वस्थ वातावरण निर्माण गर्ने ।

#### ४.३ उद्देश्य

(१) वातावरण स्वच्छता कायम गर्नु ।

(२) फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदायलाई सहयोग र सहजीकरण गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • पूर्वाधार विकास, फोहोरमैला र वातावरणबिच सन्तुलन कायम गर्ने | • जनस्तरमा वातावरणीय सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ।<br>• वातावरणलाई सफा राख्न प्लास्टिक झोलाको प्रयोगमा निषेध गरिने छ।<br>• खाली वनक्षेत्र, सरकारी, सार्वजनिक तथा गुठीको खाली जग्गामा हरियाली प्रवर्द्धन गरिने छ।<br>• भैरवस्थानबजारमा फोहोर सङ्कलनका लागि एक ओटा पावरटिलर/ ट्याक्टर/टिप्पर प्रदान गरिने छ।<br>• वार्षिक योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तरनिकायबिच समन्वय गरिने छ।<br>• वातावरण शिक्षा तथा प्रचार-प्रसार समुदाय र घर-घरसम्म गरिने छ। |
| • वातावरण व्यवस्थापन योजना तयार गर्ने। | • वातावरणमैत्री योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तरनिकाय समन्वय गरिने छ।<br>• कृषिमा प्रयोग गरिने विषादी र पशुपंक्षीमा प्रयोग गरिने ( डाइक्लोफेनिक औषधी) आदिको नियमन र नियन्त्रण गरिने छ।<br>• गाउँपालिकाका मुख्य बजारहरूमा फोहोरमैलालाई कुहिने र नकुहिने अलग अलग गरी  भैरवस्थानबजारभन्दा केही टढा मौलागाडे पोखरा स्थानमा १ ओटा ल्यान्डफिल्ड साइड निर्माण गरिने छ।<br>• सबै घरधुरीलाई कुहिने र नकुहिने फोहोरको वर्गीकरण गर्न सचेतनामूलक तालिम प्रदान गरिने छ।<br>• खुला स्थान, बाल उद्यान, वनस्पति उद्यान लगायतका उद्यानको सबै वडामाा एक-एक ओटा निर्माण गरिने छ। |

## ५. अपेक्षित उपलब्धि

सबै वडामाा वन उद्यान स्थापना भएको हुने छ। सबै किसिमका प्रदूषण रोकथाम र न्यूनीकरण गर्न पर्याप्त नीतिगत व्यवस्था र नियमनकारी संयन्त्रको विकास भएको हुने छ। वृक्षारोपणले हरियाली क्षेत्र बिस्तार भएको हुने छ। १ ओटा ल्यान्डफिल्ड साइड निर्माण भई फोहोरको उचित व्यवस्थापन भएको हुने छ।  भैरवस्थानबजारमा फोहोर सङ्कलनका लागि १ ओटा ट्याक्टर/टिप्पर बजार व्यवस्थापन समितिलाई उपलब्ध भएको हुने छ।

## ७.४ जलवायु परिवर्तन

### १. पृष्ठभूमि

नेपालको संविधान २०७२ भाग ४ धारा ५१ को (छ) मा प्रकृति, वातावरण वा जैविक विविधता माथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने कुरा उल्लेख गरेको छ। वन कार्यालय र सामुदायिक वनमार्फत वृक्षारोपण हुँदै आएको छ। जलवायु परिवर्तनको कारण कृषि तथा पशुपंक्षी, जलस्रोत, वन-जङ्गल तथा जैविक विविधता, मानव स्वास्थ्य, खानेपानी, सिँचाइ, बसोबास साथै पूर्वाधारमा प्रतिकुल प्रभाव पर्न थालेको छ। जल तथा मौसम विज्ञान विभागको अध्ययनले गर्मी हुने दिनको सङ्ख्यामा वृद्धि, जाडो हुने दिनको सङ्ख्यामा कमी र तापको मात्रामा केही परिवर्तन आएको देखाएको छ। गाउँपालिकाका जनताले पनि अति वर्षा, खडेरी, अति गर्मी र अति चिसोका घटनाहरू वृद्धि भएको महसुस गरेका छन्। वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यको सुरुवात भएको छ।

### २. समस्या

जलवायु परिवर्तन विश्वव्यापी रूपमा देखापरेको एक गम्भीर समस्या हुनु, जलवायु परिवर्तनका सम्भावित असर र प्रभाव, जलवायुजन्य प्रकोपबाट हुने क्षति सम्बन्धमा अध्ययन- अनुसन्धान, आधारभूत तथ्याङ्कको कमी हुनु र जलवायु परिवर्तनको विषय समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण हुन नसक्नु समस्याका रूपमा रहेका छन्।

### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

जलवायुको अवस्था सरदरभन्दा बढी परिवर्तन हुनु, तापक्रमको वृद्धिसँगै झिङ्गा तथा लामखुट्टेको पनि वृद्धि भई मलेरिया, पहेँलो ज्वरो, डेङ्गु, इन्सेफलाईटिस जस्ता सरूवा रोगको प्रकोप बढ्नु, कृषि उत्पादन र खाद्य सुरक्षामा थप नकारात्मक प्रभाव देखिँदैजानु, अन्तरनिकाय समन्वय गर्नु र संस्थागत क्षमता अभिवृद्धि गर्नु चुनौतीका रूपमा रहेका छन्।

#### ३.२ अवसर

जलवायु परिवर्तनका असरहरू न्यूनीकरण र अनुकुलनका कार्यक्रम सञ्चालनबाट दिगो विकास लक्ष्य हासिल हुनुका साथै दातृनिकायको सहयोग प्राप्त गर्न सकिने अवसरका रूपमा रहेका छन्।

### ४.दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

#### ४.१ दीर्घकालीन सोंच

जलवायु परिवर्तनबाट सिर्जित प्रतिकुल प्रभावहरूलाई न्यूनीकरण र दिगो विकास।

#### ४.२ लक्ष्य

वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी विकास निर्माणका कार्यक्रम सञ्चालन गर्ने।

#### ४.३ उद्देश्य

- मानवीय क्रियाकलाप र विकास निर्माणबाट वातावरणमा पर्ने प्रभाव न्यूनीकिरण गर्दै अनुकुलित बनाउनु।

- जलवायु परिवर्तन अनुकुलन र वातावरण संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • जलवायु परिवर्तन न्यूनीकरणका लागि अनुकुलन योजना तयार र कार्यान्वयन गर्ने । | • वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी स्थानीय कानुन र कार्यविधि तर्जुमा गरिने छ ।<br>• सबै वडालाई जलवायु अनुकूलित नमुना वडाका रूपमा विकास गरिने छ ।<br>• स्थानीय अनुकुलन कार्ययोजनालाई सबै वडामाा कार्यान्वयन गरिने छ ।<br>• जलवायु परिवर्तनका क्रियाकलापमा दातृनिकाय, गैरसरकारी सङ्घ-संस्था, स्थानीय समुदाय, सामुदायिक संस्था एवम् अन्य निकायहरू बीच समन्वय र साझेदारी गरिने छ ।<br>• गाउँपालिकामा विद्युतीय सवारी साधनलाई प्राथमिकता दिइने छ ।<br>• जल उत्पन्न प्रकोप रोकथाम गर्न बायोइञ्जिनियरिङको प्रयोग गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यसम्ममा करिब ४५ ओटा सामुदायिक अनुकुलन योजना तयार भई कार्यान्वयन भएको हुने छ । वातावरणमैत्री विकास पूर्वाधारहरू निर्माण भएका हुने छन् । कृषि प्रणालीमा वातावरण अनुकूलित आयोजना सञ्चालन भई आम्दानीमा वृद्धि भएको हुने छ ।

## ७.५ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ४ धारा ५१ को (छ) ले प्राकृतिक प्रकोपबाट हुने जोखिमन्यूनीकरण गर्न पूर्व सूचना तयारी, उद्धार, राहत एवम पुनर्स्थापना गर्ने नीति अवलम्बन गर्दै, विपद्व्यवस्थापनसम्बन्धी कार्यलाई स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा उल्लेख गरेको छ । विपद् भन्नाले चट्याङ्ग, असिना, भूकम्प, आगलागी, बाढी पहिरो, अनावृष्टि, अतिवृष्टि, अनिकाल, महामारी, युद्ध र भोकमरी आदिबाट सिर्जित अस्तव्यस्त अवस्थालाई बुझिन्छ । गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण कार्ययोजना निर्माण भएको छ । भूकम्प, बाढी, पहिरो, आगलागी, सडक दुर्घटना, चट्याङ, सुख्खा, खडेरी लगायत विपद्जन्य घटनामा परी वार्षिक रूपमा मानवीय, आर्थिक, सामाजिक, वातावरणीय र भौतिक संरचनामा ठुलो क्षति हुँदै आएको छ ।

### २. समस्या

जनचेतनाको कमी हुनु, आवश्यक स्वयंसेवकको अभाव हुनु, विपद् सम्बन्धमा नागरिक शिक्षाको कमी हुनु, समुदायमा आधारित विपद् व्यवस्थापन बारेमा जानकारीको कमी हुनु, जलवायु परिवर्तन तथा यसको असरबारेमा जानकारीको कमी हुनु, गुणस्तरीय स्वास्थ्य सेवा नहुनु, सरसफाइ तथा खानपानसम्बन्धी चेतनाको कमी हुनु, साना बजार क्षेत्रमा खुला स्थलको कमी र क्षति न्यूनीकरणसम्बन्धी अध्ययन अनुसन्धानमा कमी हुनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

प्रकोप जोखिम क्षेत्रको नक्साङ्कन सहित विपद् जोखिम व्यवस्थापन योजना बनाउनु, प्रकोप व्यवस्थापनमा अन्तरपालिका र सरोकारवालाबिच समन्वय गर्नु, विपदका समयमा उद्धार, राहत तथा जोखिम न्यूनीकरणका लागि स्रोत व्यवस्थापन गर्नु, विकासका नाममा उचित सर्वेक्षण नै नगरी यत्रतत्र डोजर लगाई सडक निर्माण गर्नु, विपद् व्यवस्थापनमा दक्ष जनशक्तिको अभाव हुनु, विपद् व्यवस्थापनको आधुनिकीकरण, प्रविधि तथा उद्धार सामग्रीको अभाव हुनु, उद्धार, राहत र पुनर्स्थापनाको लागि प्रभावकारी संयन्त्रको कमी हुनु चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

विपद् व्यवस्थापन तीनै तहका सरकारको अधिकार सूचीमा रहनु, विपद् गाउँपालिकामा जोखिम कोष सञ्चालन कार्यविधि निर्माण हुनु, नयाँ बन्ने संरचना तथा पूर्वाधारहरू निर्माण गर्दा विपद् व्यवस्थापनलाई ध्यान दिएर निर्माण गर्नु, खुला क्षेत्र संरक्षण गर्नु र विपद् उत्थानशील जस्ता कार्य हुनु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट विपद् सहनशीलबनाइनु ।

### ४.२ लक्ष्य

विपद्बाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय क्षति कम गर्ने ।

### ४.३ उद्देश्य

विपद्बाट हुने सबै प्रकारका क्षतिको न्यूनीकरण गर्दै विपद व्यवस्थापनलाई प्रभावकारी बनाउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • विपद् व्यवस्थापन कार्य सरकारी, गैरसरकारी, निजीक्षेत्र र समुदायको साझेदारीमा गर्ने । | • विपद् व्यवस्थापन गर्न छुट्टै कानुन तथा निर्देशिकाहरूको तर्जुमागरिने छ ।<br>• विद्यालय, अस्पताल, स्वास्थ्य संस्था, सरकारी कार्यालय र सामुदायिक भवन निर्माण गर्दा बहुप्रकोपीय जोखिम न्यूनीकरणका उपायको अनिवार्य अवलम्बन गरिने छ ।<br>• विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी अल्पकालीन र दीर्घकालीन योजना बनाइ लागु गरिने छ ।<br>• विपद् जोखिम क्षेत्रको नक्साङ्कन गरी योजनाबद्ध रूपमा जोखिम न्यूनीकरण गर्दै लगिने छ ।<br>• विपद् जोखिम न्यूनीकरणको विषयमा औपचारिक, अनौपचारिक शिक्षा, तालिम तथा सञ्चारका माध्यमबाट व्यापक जनचेतनामा अभिवृद्धि गरिने छ ।<br>• प्राकृतिक स्रोतको आयबाट प्राप्त रकमलाई प्रयोग गरी विपद् क्षति न्यूनीकरणको लागि विपद् जोखिम न्यूनीकरण कोष स्थापना र कार्यान्वयन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ● विपद् व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गरिने छ ।<br>● विपद् व्यवस्थापनमा अन्तरसरकार र सरोकारवालाबिच प्रभावकारी समन्वय गरिने छ । |

## ५. अपेक्षित उपलब्धि

विपद् सचेतनासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने छ । पाँच वर्षमा कम्तीमा ५ ओटा जोखिममा परेका बस्ती स्थानान्तरण भएका हुने छन् । आवश्यक विपद् उद्धार सामग्रीको खरिद भएको हुने छ । विपद् व्यवस्थापन कार्यमा क्षमता वृद्धि भएको हुने छ ।

# परिच्छेद आठ :
# संस्थागत तथा सुशासन विकास क्षेत्र

## ८.१ प्रशासकीय सुशासन

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख गरेको छ ।

### २. समस्या

नागरिक बडापत्र गाउँकार्यपालिका र सबै वडामाा भए तापनि क्षतिपूर्तिसहितको नागरिक बडापत्र लागु नहुनु, शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै लैजानु, अन्तरपालिका समन्वय नहुनु, संविधानअनुसार सबै कानुन तथा कार्यविधि तर्जुमा भई नसक्नु, जनप्रतिनिधि र कर्मचारीबिच तालमेल हुन नसक्नु र गाउँपालिकामा संरचनागत व्यवस्था नहुनु समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

जनताको बढ्दो अपेक्षा सम्बोधन हुने गरी सेवाप्रवाहमा सुधार गर्नु, कर्मचारीमा सुशासन कायम गर्नु, नियमितता, गतिशीलता र प्रभावकारिता स्थापित गर्नु, कर्मचारीमा सदाचार संस्कृतिको विकास गर्नु, सबै विषयगत र वडा कार्यालयबिच प्रभावकारी प्रशासकीय समन्वय गर्नु चुनौतीका रूपमा रहेका छन् ।

### ३.२अवसर

गाउँपालिकामा मुस्कानसहितको सेवा उपलब्ध हुनु, सिंहदरवारको अधिकार गाउँगाउँमा हुनु, जनप्रतिनिधिको उत्साहजनक उपस्थिति हुनु, सार्वजनिक प्रशासन समावेशी हुँदै जानु, साबिक जिल्ला विकास समितिमा कार्यरत सामाजिक विकास अधिकृत र प्राविधिक कर्मचारी रहनु अवसरका रूपमा रहेका छन् ।

### ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

पारदर्शी, जवाफदेही र जनउत्तरदायी प्रशासन ।

### ४.२ लक्ष्य

विधिको शासन प्रणाली स्थापना गर्ने ।

### ४.३ उद्देश्य

प्रशासनलाई जनमुखी, उत्पादनशील र विकासमूलक बनाउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● प्रशासनलाई जनउत्तरदायी बनाउन क्षमता अभिवृद्धि गर्ने । | ● गाउँपालिकाका सबै काम कारवाहीमा नागरिकको पहुँच पुऱ्याइने छ ।<br>● आयोजना स्थलमा आयोजनासम्बन्धी विवरण खुलेको होर्डिङ्बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य बनाइने छ ।<br>● प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखलगायत सबै कर्मचारीहरूको नतिजामूलक कार्यसम्पादन सूचक सहितको कार्यसम्पादन सम्झौता गरी कार्यान्वयन गरिने छ ।<br>● विकास निर्माणका काममा आइपर्ने समस्याको तत्काल समाधान गर्न गाउँपालिकाको उपाध्यक्षको अध्यक्षतामा संयन्त्र बनाइ समाधान गरिने छ<br>● भ्रष्टाचार विरूद्ध व्यक्त गरिएका प्रतिबद्धता अनुरूप भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको नीतिमार्फत प्रशासनमा सदाचारिता अभिवृद्धि गरिने छ ।<br>● गाउँपालिकामा, विषयगत र वडा कार्यालयमा सेवा ग्राहीलाई डिजिटल टोकन प्रणाली लागु गरिने छ ।<br>● राम्रो कार्य गर्ने जनप्रतिनिधि र कर्मचारीलाई पुरस्कृत गरिने छ । |
| ● राष्ट्रसेवकलाई आफ्नो कार्य जिम्मेवारीप्रति थप परिणाममुखी र जनउत्तरदायी बनाउने । | ● हेलो गाउँपालिका अध्यक्ष र वडा अध्यक्ष गुनासो प्रणालीको विकास गरिने छ ।<br>● प्रत्येक कर्मचारीको कार्य विवरण बनाई लागु गरिने छ ।<br>● क्षतिपूर्ति सहितको नागरिक बडापत्र लागु गरी कार्यान्वयन गर्दै लगिनेछ ।<br>● गाउँपालिका भित्रका कार्यक्रममा हुने अनावश्यक औपचारिक कार्यक्रम कटौती गरी कार्यक्रमलाई प्रभावकारी र परिणाममुखी बनाइने छ ।<br>● निजामती कर्मचारीलाई कार्यालयको समयमा कुनै राजनीतिक दलको सङ्गठनमा भाग लिन रोक लगाइनेछ ।<br>● दैनिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

गाउँपालिकामा मुस्कान सहितको सेवा निरन्तर कार्यान्वयनमा आएको हुने छ । गाउँपालिकाको एकीकृत प्रशासकीय भवन र सबै वडा कार्यालयका आफ्नै भवन निर्माण सम्पन्न भइ सेवाप्रवाह भएको हुने छ । जनप्रतिनिधि र कर्मचारीको आचारसंहिता निर्माण भई लागु भएको हुने छ । कर्मचारीहरूको मनोबल तथा कार्यक्षमतामा उल्लेख्य सुधार भई पूँजीगत बजेट शतप्रतिशत खर्च भएको हुने छ ।

## ८.२ स्थानीय न्यायिक समिति

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ धारा २१७ को उपधारा (१) बमोजिम अधिकार क्षेत्र भित्रका विवाद निरूपण गर्ने व्यवस्था छ । गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने कानुनी व्यवस्था गरेको छ ।

जग्गा विवाद, घरेलु हिंसा, बाटोघाटो विवाद, लेनदेन, कुलाको पानी बाँडफाँड तथा उपयोग, अर्काको बाली नोक्सानी, चरन घाँस, दाउरा, मजदुरी नदिएको, पशुपंक्षी हराएको वा पाएको, ज्येष्ठ

नागरिकको पालनपोषण तथा हेरचाह नगरेको, नाबालक छोराछोरी, पति, पत्नीलाई इज्जतअनुसार खानलाउन वा शिक्षा नदिएको, व्यक्तिको घर जग्गा, सम्पत्तिलाई असर पर्ने गरी रूख लगाएको, पतिपत्नीबिच सम्बन्ध विच्छेद, कुटपिट, गालीबेइज्जती, लुटपिट लगायतका मुद्दा हेर्ने अधिकार दिएको छ । सकेसम्म मौखिक मिलापत्र गराउने, नभएमा सम्बन्धित ठाउँमा जान सिफारिस गरिएको छ । न्यायिक समितिलाई एक ओटा वकिलको आवश्यकता रहेको छ । न्यायिक समितिको क्षमता विकासका लागि बजेट व्यवस्थापनमा न्यून विनियोजन गरेको छ ।

## २. समस्या

गाउँपालिकाबाट मुद्दाको अनुसन्धान र अभियोजन गर्ने विषय स्पष्ट नहुनु, कानुन पालना गर्ने संस्कृतिको पर्याप्त विकास नहुनु, न्यायमा सबैको सरल, सहज र मितव्ययी पहुँच कम हुनु, मुद्दा फछ्र्यौटको अवस्था कमजोर हुनु, पर्याप्त स्रोतसाधन र जनशक्तिको क्षमता विकास हुन नसक्नु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

न्यायिक समितिको भूमिकालाई प्रभावकारी बनाउनु, निःशुल्क कानुनी सहायता सेवा उपलब्ध गराउनु, फौजदारी तथा देवानी संहिताको जानकारीका लागि नागरिक शिक्षा, सचेतना र दक्षता अभिवृद्धि गर्नु, पर्याप्त दक्ष जनशक्तिको व्यवस्था गर्नु, नागरिकलाइ कर्तव्य र अधिकार दुवै पक्षप्रति जानकार र जिम्मेवार बनाउनु चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

नेपालको संविधानले गाउँपालिकामा विवाद निरूपण गर्न न्यायिक समिति रहने व्यवस्था गर्नु, गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा एक न्यायिक समिति रहने संवैधानिक व्यवस्था हुनु, न्याय प्रणाली सूचना प्रविधिमैत्री हुँदै जानु, सरल, सहज, नैतिकवान्, २४ सै घण्टा जनताको सेवामा उपस्थित हुने जनप्रिय उपाध्यक्ष हुनु र गाउँपालिकामा मेलमिलाप गर्ने गराउने महत्वपूर्ण जिम्मेवारी न्यायिक समितिलाई प्रदान गर्नु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

न्यायिक समितिको प्रभावकारी कार्यान्वयनबाट विधिको शासन निर्माण ।

### ४.२ लक्ष्य

स्वतन्त्र, निष्पक्ष एवम् प्रभावकारी न्यायिक समितिमार्फत सबैका लागि समान न्याय दिने ।

### ४.३ उद्देश्य

- न्यायिक समितिलाई संस्थागत गरी न्यायपूर्ण शासन व्यवस्था कायम गर्नु ।
- न्यायिक समितिलाई जनताप्रति उत्तरदायी बनाई न्याय प्रणालीप्रति जनआस्था अभिवृद्धि गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ●न्यायलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने । | ●विद्यमान न्यायिक समितिलाई थप लैङ्गिक मैत्री र समावेशी बनाइने छ ।<br>●गाउँपालिकाका सबै शैक्षिक संस्थाहरूलगायत अन्य निकायहरूमा कानुनी शिक्षा तथा सचेतना अभिवृद्धि सञ्चालन गरिने छ ।<br>●समाजमा अनावश्यक रूपमा मुद्दामामिला गर्ने प्रवृत्तिलाई निरूत्साहित गरी जनतालाई उत्तरदायित्वको बोध गराउन मुद्दामामिलामा लाग्ने खर्चलाई पारदर्शी गराउने र जित्ने पक्षलाई हार्ने पक्षबाट लागेको खर्च भराउने पद्धतिको विकास गरिने छ ।<br>●न्यायिक समितिका पदाधिकारीको लागि तालिम सञ्चालन गरिने छ ।<br>●न्याय निरूपणका लागि स्थानीय इजलास स्थापना गरिने छ ।<br>●न्याय सम्पादनका लागि कानुनी सल्लाहकार र कानुन अधिकृत राखिनेछ ।<br>●न्यायमा सहज पहुँच सुनिश्चित गरिने छ । |
| ●न्यायिक समितिका पदाधिकारीहरूलाई न्याय सम्पादन क्षमता अभिवृद्धि गर्ने । | ●पदाधिकारीहरूलाईन्याय सम्पादन क्षमता अभिवृद्धि गर्ने ।<br>●गाउँपालिकाको एकल अधिकार सूची भित्रका विषयमा कानुन तर्जुमा गर्दा नेपालको संविधानसँग नबाँझिने गरी गरिने छ ।<br>●गाउँपालिकाले तर्जुमा गर्नुपर्ने कानुन र पूर्वाधार निर्माणमा सरोकारवाला समेतको सहभागितामा गरिने छ ।<br>●न्यायिक पद्धतिमा सुधार ल्याई न्यायिक समितिलाई आधुनिकीकरण एवम् प्रविधिमैत्री बनाइने छ ।<br>●न्यायिक समितिमा मुद्दाका अभिलेखहरूको संरक्षणका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गरिने छ ।<br>●सामान्य प्रकृतिका विवाद समाधानका लागि वैकल्पिक उपायहरूको प्रवर्द्धन गर्न वडास्तरमा मेलमिलाप केन्द्रको व्यवस्थापन गरिने छ ।<br>●मेलमिलापकर्ताहरू छनोट गरी तालिम प्रदान गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

गाउँपालिकामा स्वतन्त्र, सक्षम एवम् प्रभावकारी न्याय प्रणाली स्थापना भई कानुनको शासन एवम् नागरिक अधिकार र स्वतन्त्रताको संरक्षण हुने छ । न्यायमा सबैको पहुँच पुगेको हुने छ ।

## ८.३ भ्रष्टाचार नियन्त्रण

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले सुशासनलाई राज्यको दायित्वका रूपमा मनन गरी कानुनी संरचनागत तथा नीतिगत व्यवस्था गरेको छ । सार्वजनिक निकायमा हुने ढिलासुस्ती, अनियमितता तथा अनिर्णयजस्ता विकृति एवम् भ्रष्टाचारजन्य क्रियाकलापको निराकरण गर्न आवश्यक रहेको छ ।भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको विकास गरी सदाचार र सुशासन प्रवर्द्धन गर्न गाउँपालिका प्रतिबद्ध रहेको छ

## २. समस्या

भ्रष्टाचार विरोधी संस्कृतिको विकास नहुनु, सार्वजनिक निकायहरूमा अपेक्षित उत्तरदायित्व र जवाफदेहिता बहन गर्ने संस्कृति नहुनु, भ्रष्टाचार नियन्त्रण गर्न गाउँपालिकामा प्रभावकारी सञ्चार, समन्वय र सहकार्य कायम गर्न नसकिनु समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

विकास निर्माणका कार्यहरू तोकिएको लागत, मापदण्ड र गुणस्तरमा तोकिएको समयमा सम्पन्न गर्नु, गुणस्तरीय एवम् मितव्ययी सेवामा जनताको सरल र सहज पहुँच कायम गर्नु, भ्रष्टाचार नियन्त्रणसम्बन्धी संस्थागत व्यवस्था गर्नु, राष्ट्रसेवक कर्मचारीको न्यून बेतन हुनु र भ्रष्टाचारी सामाजिक बहिष्कार हुनुपर्नेमा सम्मान प्राप्तहुनु चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

स्थानीय सरकारसँग जनताको सकारात्मक अपेक्षा रहनु, भ्रष्टाचार विरूद्ध आम नागरिक, नागरिक समाज, संचारगत तथा सामाजिक सञ्जालहरूको सशक्त सहयोग र सहकार्यले फैलिँदै गएको भ्रष्ट प्रवृत्ति र गतिविधि कम हुने अपेक्षा, नेपाल भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्ष राष्ट्र हुनु, कानुनी संरचनाको निर्माण हुनु र भ्रष्टाचार विरूद्ध सक्रिय नागरिक समाज तथा सञ्चार जगत् हुनु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

भ्रष्टाचारमुक्त गाउँपालिका ।

### ४.२ लक्ष्य

भ्रष्टाचार नियन्त्रण गर्ने ।

### ४.३ उद्देश्य

शून्य सहनशीलताको नीति अवलम्बन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने । | • भ्रष्टाचार विरूद्ध प्रवर्धनात्मक एवम् निरोधात्मक कार्यक्रम गरिने छ ।<br>• निजी तथा गैरसरकारी क्षेत्रलाई समेत भ्रष्टाचार नियन्त्रणको दायरा भित्र ल्याइनेछ ।<br>• सुशासनसम्बन्धी कानुन/कार्यविधिहरू तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>• कानुनी शासनको प्रभावकारी कार्यान्वयन गरिने छ ।<br>• सरकारी, निजी तथा गैरसरकारी सङ्घ-सस्थाबाट हुने अनियमितता तथा अवाञ्छित गतिविधिलाई नियन्त्रण गरिने छ ।<br>• भ्रष्टाचारविरूद्ध नागरिक सचेतना अभिवृद्धि गर्न सरोकारवालाहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिने छ । |

## ५. अपेक्षित उपलब्धि

गाउँपालिकामा भ्रष्टाचार विरूद्ध शून्य सहनशीलता नीति अख्तियार भएको हुने छ । जनस्तरदेखि गाउँपालिकाका हरेक वडामाा भ्रष्टाचार न्यूनीकरण भई सदाचार प्रवर्द्धन भएको हुने छ । भ्रष्टाचारजन्य कार्य नियन्त्रण भई गाउँपालिकाको विकासमा योगदान पुगेको हुने छ ।

# ८.४ सुशासन, पारदर्शिता तथा सूचनाको हक

## १. पृष्ठभूमि

### (क) सुशासन र पारदर्शिता

नेपालको संविधान, २०७२ ले सुशासनलाई स्थानीय तहको दायित्वको रूपमा स्वीकार गरेको छ । संस्थागत अनुगमन र मूल्याङ्कन पद्धतिको विकास भएको छ । बाह्रै महिना अनुगमन समिति सक्रिय रहेको छ । उपाध्यक्ष (प्रमिला क्षेत्री) को संयोजकत्वमा रहेको समितिबाट अनुगमन र मूल्याङ्कन हुँदै आएको छ । जनतासँग जनप्रतिनिधि रेडियो रिब्दिकोट एफ.एम बाट सञ्चालन हुँदै आएको छ । ठुला योजनामा होडिङ्बोर्ड राख्न सुरुवात भएको छ । सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण जस्ता कार्यहरू मासिक, चौमासिक र वार्षिक रूपमा हुने गरेका छन् । रिब्दिकोट बुलेटिनमार्फत खर्च विवरण सार्वजनिक हुँदै आएको छ । बहुआयामिक विकास कार्यको व्यवस्थापनमा पारदर्शिता, जनसहभागिता र जवाफदेहिता अभिवृद्धि भएको छ । सार्वजनिक सेवा प्रभावकारीरूपमा सञ्चालन गर्न जनसाधारणलाई सुशासनको प्रत्याभूति दिनु गाउँपालिकाको दायित्व रहेको छ ।

### (ख) सूचनाको हक

नेपालको संविधान, २०७२ भाग ३ धारा २७ मा सूचनाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था गरेको छ । सूचनाको हकलाई कार्यान्वयनका लागि एकजना सूचना अधिकारीको व्यवस्था गरिएको छ ।गाउँपालिकामा योजना अधिकृत नेत्रप्रसाद खनाललाई सूचना अधिकारी तोकिएको छ । हालसम्म १० जनाले लिखित र ८ जनाले फोनबाट सूचना माग गरेका छन् । स्थानीय जनता, सञ्चार माध्यम, जिल्ला प्रशासन कार्यालय पाल्पा , अख्तियार दुरूपयोग अनुसन्धान आयोग बुटवल र काठमाडौँ, स्थानीय राजनीतिक दल आदिबाट कार्यक्रमको बजेट कहाँ, कसरी, कति खर्च भयो भनेर सूचना माग गरिएको छ ।

## २. समस्या

गाउँपालिकामा आवश्यक पर्ने सबै कानुन तर्जुमा नहुनु, कर्मचारीको न्यून पदपूर्ति, दक्ष जनशक्तिको कमी, अधिकार क्षेत्रको बाँडफाँडमा अन्योल र प्रशासनिक एवम् आर्थिक अनुशासन कायम गर्ने प्रभावकारी प्रणाली विकास एवम् कार्यान्वयन हुन नसक्नु समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

अन्तरपालिका समन्वय प्रभावकारी बनाउनु, कर्मचारीलाई क्षमतावान् एवम् उत्प्रेरित बनाउनु, शासकीय प्रबन्धमा पारदर्शिता, उत्तरदायित्व एवम् जवाफदेहिता प्रवर्द्धन गर्नु, गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्नु, गाउँपालिकाप्रति उत्तरदायी प्रशासनिक प्रणालीको विकास गर्नु,

गुणस्तरीय, भरपर्दो एवम् सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाहको सुनिश्चितता गर्दै गाउँपालिकाप्रतिको विश्वसनीयता अभिवृद्धि गराउनु चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

संवैधानिक रूपमा स्थानीय सरकारलाई अधिकार हुनु, स्थानीय सरकार कानुन निर्माण गरी कानुनी शासन, मानव अधिकार तथा समावेशी अवधारणामा विकासलाई अगाडि बढाउने सम्भावना हुनु, विकास निर्माण एवम् स्रोत साधनको बाँडफाँडमा अन्तरपालिका सहकार्य र साझेदारीको सम्भावना रहनु र सूचना अधिकारीको व्यवस्था हुनु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

आय र खर्च व्यवस्थापनलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउनु ।

### ४.२ लक्ष्य

जनप्रतिनिधि र कर्मचारीलाई जनताप्रति उत्तरदायी र जनसेवामैत्री बनाउने ।

### ४.३ उद्देश्य

- वार्षिक खरिद योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउनु ।
- सूचनाको हकद्वारा सुशासन र पारदर्शी गाउँपालिका निर्माण गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • विद्युतीय शासन प्रणाली र सूचनाको हक पहुँच पुर्‍याउने । | • गर्भनेन्स र एन्टिकरप्सनसम्बन्धी विषयवस्तु मा.वि.तहमा अध्ययन गराउन पहल र प्रशिक्षण गराइने छ ।<br>• सार्वजनिक निकाय र सबै विद्यालयमा अनिवार्य सूचना अधिकारी र सूचना पाटीको व्यवस्था गरिने छ ।<br>• सूचना दिन अटेरी गर्नेलाई दण्ड र जरिवाना गरिने छ । |
| • दैनिक, मासिक र चौमासिक रूपमा आयव्ययको सार्वजनिक सुनुवाई साथै योजनाको सार्वजनिक परीक्षण गर्ने । | • आयोजनासम्बन्धी सम्पूर्ण विवरण खुलेको होर्डिङ्बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य कार्यान्वयन गरिने छ ।<br>• अध्यक्षसँग गुनासो कार्यक्रम नियमित सञ्चालन गर्न टोल फ्रि नं.को व्यवस्था गरिने छ ।<br>• गाउँपालिकामा हुने विकासका कार्यमा शून्य बजेट फ्रिजका लागि कार्य योजना निर्माण गरिने छ ।<br>• सबै योजनाको सार्वजनिक परीक्षण र नियमितरूपमा सामाजिक परीक्षण गरिने छ ।<br>• गाउँपालिकामा सेवा प्रवाहका सम्बन्धमा चौमासिकरूपमा सार्वजनिक सुनुवाई गरिने छ । |

### ५. अपेक्षित उपलब्धि
गाउँपालिकाको कार्य सञ्चालनमा विद्युतीय प्रणालीको अवलम्बन भएको हुने छ । सबै नागरिकको सूचनामा पहुँच भएको हुने छ । गाउँपालिका र वडालगायत सबै विषयगत कार्यालयहरूमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र कार्यान्वयनमा आएको हुने छ ।

## ८.५ शान्ति सुव्यवस्था तथा सुरक्षा
### १. पृष्ठभूमि
नेपालको संविधान, २०७२ भाग ४ धारा ५१ (क) मा स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने, राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति-सुरक्षाको व्यवस्था गर्ने, सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने तथा राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागलगायत सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी एवम् जनउत्तरदायी बनाउने र राष्ट्रिय आवश्यकताअनुरूप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर तथा सक्षम बनाउने नीतिलाई आत्मसात गरेको छ । सर्वसाधारणको जिउधनको सुरक्षा गरी गाउँपालिकाभरि अमनचैन कायम गर्ने कार्य स्थानीय सरकारको प्रमुख दायित्व हुने हुँदा सुरक्षा प्रणाली प्रभावकारी वनाउनु आवश्यक रहेको छ । एक जना सुरक्षा गार्डमार्फत कार्यालयको सुरक्षा हुँदै आएको छ । प्रहरी प्रशासन जनमैत्री भई कार्य गरेको छ । एक जना प्रहरीको भागमा सुरक्षा गर्ने जिम्मा २ सय ३९ घरधुरी र १ हजार २ सय जनसङ्ख्या पर्दछ ।

### २. समस्या
शान्ति सुव्यवस्था कायम राख्ने कार्यमा जनस्तरमा अपेक्षाकृत दायित्वबोध हुन नसक्नु, शान्ति सुरक्षालाई सामाजिक र आर्थिक विकासका क्षेत्रगत क्रियाकलापमा आन्तरीकीकरण गर्न नसकिनु, इलाका प्रहरी चौकीको भवन निर्माण भए पनि पर्याप्त नहुनु र दरबन्दी अनुसारको जनशक्ति नहुनु समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर
#### ३.१ चुनौती
सुरक्षा चौकी भवनहरूको आधुनिकीकरण गर्नु, सूचना सञ्जालको व्यवस्था गर्नु, सरकारी एवम् सार्वजनिक सम्पत्तिको बढ्दो अतिक्रमण रोक्नु र जिम्मेवार निकायबिच समन्वय कायम गर्नु चुनौतीका रूपमा रहेका छन् ।

#### ३.२ अवसर
जनचेतनतामा अभिवृद्धि हुनु र सूचना प्रविधि तथा सञ्चार सुविधाको तीव्र विकास तथा विस्तार हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

विधिको शासनमार्फत शान्त र सुरक्षित गाउँपालिका निर्माण ।

### ४.२ लक्ष्य

गाउँपालिका भित्र बसोबास गर्ने सबै नागरिकको सम्पूर्ण सुरक्षाको व्यवस्था गर्ने ।

### ४.३ उद्देश्य

गाउँपालिकामा शान्ति कायम गरी जनताको जिउधनको सुरक्षा गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • अपराधरहित समाज निर्माण गर्न नैतिक शिक्षा एवम् नागरिक सचेतनाको विस्तार गर्ने | • लागु औषध, अवैध स्थानीय घरेलु मदिरा उत्पादन, अवैध विक्रीवितरण एवम् ओसारपसारलाई कडाइका साथ नियन्त्रण गरी पूर्णरूपमा बन्देज लगाइने छ ।<br>• कानुनको परिपालना, सामाजिक न्याय र द्वन्द्व व्यवस्थापनमार्फतदिगो शान्ति प्रवर्द्धन गरिने छ । |

## ५. अपेक्षित उपलब्धि

गाउँपालिकामा दिगो शान्ति र विश्वसनीय सुरक्षा वातावरण निर्माण भएको हुने छ । सुरक्षा चासोमा जनसहभागिता वृद्धि भई प्रशासन नागरिकमैत्री भएको हुने छ । स्थानीय मदिरा उत्पादन, विक्री-वितरण एवम् प्रयोगमा व्यवस्थित भई स्वस्थ, सभ्य र अपराधमुक्त समाज निर्माण भएको हुने छ ।

## ८.६ मानव अधिकार तथा मानव बेचबिखन

### १. पृष्ठभूमि

### (क) मानव अधिकार

नेपालको संविधान, २०७२ भाग-२५ धारा २४८ ले राष्ट्रिय मानव अधिकार आयोग रहने व्यवस्था गरेको छ । मानव अधिकारको संरक्षण, प्रवर्द्धन र सम्मानका लागि संविधानले आमनागरिकका आधारभूत अधिकारलाई मौलिक हकका रूपमा स्पष्ट व्यवस्था गरेको छ । मानव अधिकार संस्कृतिको विकास गरी सबै जातजाति, भाषा, धर्म, संस्कृति, वर्ण,सम्प्रदाय, लिङ्गका नागरिकको मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गरी समानता र न्यायपूर्ण समाजको विकास गर्नतर्फ गाउँपालिका केन्द्रित रहेको छ । जनचेतनामूलक, अभिमुखीकरण तालिम, मानव अधिकार दिवस जस्ता कार्यक्रमलाईप्रभावकारी रूपमा सञ्चालन गरिने छ । राष्ट्रिय प्रतिबद्धता अनुरूप गाउँपालिकालेमानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्दै आफ्ना कार्यक्रमहरू अगाडिबढाएको छ । तिनै तहका सरकार र अन्तर पालिकाबिच समन्वय तथा सहकार्यमार्फत् मानव अधिकार तथा सामाजिक न्यायसम्बन्धी जनचेतनामूलक कार्यक्रमलाईविकासका मुद्दासँग संरचनागत एवम् कार्यात्मक रूपमा जोडदै लानु आवश्यक छ ।

### (ख) मानव बेचबिखन
नेपालको संविधान, २०७२ भाग ३ धारा २९ ले नागरिक स्वतन्त्रता, मौलिक अधिकार मानव अधिकारको संरक्षण गर्दै प्रत्येक नागरिकलाई शोषणविरूद्धको हकअन्तर्गत: दास वा बाँधा बनाउन र इच्छाविरूद्ध काममा लगाउन नपाइने व्यवस्थाको प्रत्याभूति गरेको छ । मानव बेचबिखन तथा ओसारपसार बहुआयामिक, बहुक्षेत्रगत एवम् अन्तरदेशीय समस्या भएको हुँदा गाउँपालिकाको एक्लो प्रयासबाट मात्र नियन्त्रण र निराकरण असम्भव रहेकाले सबै सरोकारवाला सरकारी तथा गैरसरकारी निकाय, नागरिक समाज, निजी क्षेत्रको ऐक्यबद्धता र प्रयास आवश्यक छ ।

## २.समस्या
गाउँपालिकाका विभिन्न भागमा रहेका भेदभाव, छुवाछुत, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा जस्ता कुप्रथा, आर्थिक, शैक्षिक तथा सामाजिक पछौटेपन, पूर्वाधार एवम् सेवासुविधाको उपलब्धता जस्ता कुराहरू मानव अधिकार र सामाजिक न्यायको प्रत्याभूतिका लागि प्रमुख समस्याका रूपमा रहेका छन् । मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नुपर्ने कुरामा नागरिक र स्थानीय सरकारका सबै निकायमा सचेतना अभिवृद्धि भए तापनि मानव अधिकारसम्बन्धी गाउँपालिकामा संस्थागत र नीतिगत स्पष्ट व्यवस्था नहुनु, राजनीतिक, सामाजिक एवम् मानव अधिकारको आधारभूत ज्ञान, मूल्य, मान्यता र संस्कारको पद्धति स्थापित हुन नसक्नु रंस्थागतरूपमा रहेको सामाजिक विभेदलाई अन्त्य गर्न नसक्नु जस्ता विषय समस्याका रूपमा रहेका छन् ।मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले जोखिम समूह र समुदायको पहिचान हुन नसक्नु, पीडितको पहिचान हुन नसक्नु, नजिकका आफन्त, चिनजानका व्यक्तिहरूबाट बेचबिखनमा पर्नु र घरेलु तथा अन्य वैदेशिक रोजगारमा जाने महिलाहरू यौन शोषणमा पर्नु समस्या रहेका छन् ।

## ३. चुनौती तथा अवसर
### ३.१ चुनौती
संविधान, कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन तथा परिपालना गर्नु र गराउनु, मानव अधिकारमैत्री तथा सामाजिकन्यायसहितको सामाजिक एवम् आर्थिक विकास निर्माण क्रियाकलाप सञ्चालन गर्नु,मानव अधिकार तथा सामाजिक न्याय सम्बन्धमा गाउँपालिका स्तरीय संस्थागत र नीतिगत व्यवस्था नहुनु चुनौतीका रूपमा रहेका छन् ।यौन तथा श्रम शोषणका लागि हुने आन्तरिक तथा बाह्य बेचबिखन नियन्त्रण गर्नु,वैदेशिक रोजगार र मानव बेचबिखन बारे सचेतना वृद्धि गर्नु,अभिभावकहरूलाई बालबालिकाप्रति जवाफदेही वनाउनु र नीतिगत तहमा हिंसा नियन्त्रण गर्ने नीति,कानुन तथा कार्यक्रम सञ्चालन गर्नु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

### ३.२अवसर
मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था हुनु, मानव अधिकारसँग सम्बन्धित क्षेत्रीय, अन्तर्राष्ट्रिय महासन्धि, सन्धि तथा ऐच्छिक प्रोटोकलको पक्ष राष्ट्र हुनु, स्थानीय सरकारको क्षेत्राधिकार संविधानद्वारा नै स्पष्ट गरी नागरिकलेवास्तविकरूपमै मानव अधिकारको उपभोग गर्न सक्ने गरी संरचनात्मक व्यवस्था हुनुर मानव अधिकारको संरक्षण र सम्मान गर्न गाउँपालिका प्रतिबद्ध रहनु मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनको अवसरका रूपमा रहेका छन् ।मानव बेचबिखन तथा ओसारपसार विरूद्ध स्थानीय तहबाट समिति गठन भई तिनकोपरिचालन हुने सम्भावना रहनु र

मानव बेचविखन नियन्त्रण सम्बन्धमा विभिन्ननिकायहरू तथा सामाजिक विकास संस्थाहरूको सहकार्य हुनु अवसरका रूपमा रहेकाछन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

मानव अधिकारको प्रवर्द्धनमार्फत समावेशी, मर्यादित र समतामूलक समाजको विकास ।

### ४.२ लक्ष्य

मानव अधिकार संस्कृतिमा आधारित अधिकार उपभोग गर्न पाउने वातावरण निर्माण गर्ने ।

### ४.३ उद्देश्य

(१) मानव अधिकार उल्लङ्घनका घटनालाई शून्यमा झार्नु ।
(२) मानव अधिकारमैत्री शासन पद्धतिको विस्तार गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • विषयगत निकाय नीति, योजना र कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन एवम् मूल्याङ्कनमा मानव अधिकारका विषयलाई समावेश गर्ने । | • नीति, योजना रकार्यक्रमको तर्जुमा,कार्यान्वयन,अनुगमन एवम्मूल्याङ्कनमा<br>• मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा योगदान गर्नेव्यक्ति तथा सङ्घ-संस्थालाई सम्मान गरिने छ ।<br>• असमर्थ पक्षलाई निःशुल्क कानुनी सहायता र आर्थिक सुविधाप्रदान गरिने छ ।<br>• मानव अधिकारलाई आवधिक विकास योजनासँग सम्बन्धित नीतिहरूमा संरचनात्मक र कार्यात्मक रूपमा समाहित गरिने छ ।<br>• औपचारिक एवम् अनौपचारिक शिक्षामार्फत मानव अधिकारसम्बन्धी शिक्षालाई सबै क्षेत्रमा प्रवर्द्धन गरिने छ ।<br>• मानव अधिकारको संरक्षण गर्दै समाजका कमजोर वर्गको हकहितको संवर्द्धन गरिने छ ।<br>• दलित, जनजाति, विपन्न र सीमान्तीकृत एवम् पिछडिएका वर्गको अधिकारलाई सुनिश्चित गरिने छ । |
| • मानव बेचबिखन कार्यलाई पूर्ण नियन्त्रण गरी सम्मानित मानव समाजको विकास गर्ने । | • मानव बेचविखनमा परेका पीडित व्यक्तिको एकीकृत तथ्याङ्क सङ्कलन गरिने छ ।<br>• मानव बेचबिखन नियन्त्रणका लागि गैरसरकारी निकाय, सुरक्षा निकाय र समुदायको सक्रिय सहभागिता बढाइने छ ।<br>• सञ्चार माध्यमलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध प्रभावकारी रूपमा परिचालन गरिने छ । |

### ५. अपेक्षित उपलब्धि
सम्पादन गरेका सबै क्रियाकलापहरू मानव अधिकारमैत्री भएका हुने छन् । गाउँपालिकाभित्र मानव अधिकारको प्रवर्द्धन, अनुगमन र मूल्याङ्कन भएको हुने छ । शान्ति सुरक्षा र अमनचयन भएको हुने छ । सबै वडामाा कानुनी सहायता तथा मानव अधिकारसम्बन्धी अभिमुखीकरण भएको हुने छ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण संयन्त्रको निर्माण भएको हुने छ ।

## ८.७ स्थानीय तह शासन प्रणाली
### १. पृष्ठभूमि
नेपालको संविधान, २०७२ को भाग १७ मा स्थानीय कार्यपालिकाको व्यवस्था गरेको छ ।धारा २१४ मा स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र कानुनको अधिनमा रही गाउँकार्यपालिकामा रहने उल्लेख छ । कानुन निर्माणमा गाउँपालिका अगाडि रहेको छ । संविधानकोअनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीभित्र २२ ओटा विषयहरू रहेका छन् । जुनकार्यान्वयनका लागि कानुन तर्जुमा गरी अघि वढ्न सक्ने छ । गाउँपालिकाले हालसम्म ४१ ओटाकानुन तर्जुमा गरेको छ । जसमा, ५ ओटा ऐन, ३ ओटा नियमावली, २८ ओटा कार्यविधि, २ ओटामापदण्ड र ३ ओटा निर्देशिका रहेका छन् । अझै केही ऐन, कानुन र कार्यविधि बनाउन आवश्यकरहेको छ ।

### २.समस्या
सङ्घीयता कार्यान्वयनको नयाँ अनुभव हुनु, संविधानले दिएका साझा अधिकारका बुझाइमा अन्योलता सिर्जना हुनु, कतिपय अवस्थामा एउटै कर सबै तहबाट लगाइनु र गाउँपालिकामा भौतिक पूर्वाधार तथा जनशक्ति व्यवस्थापनमा कठिनाइ हुनु समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर
#### ३.१ चुनौती
आफूले तिरेको कर आफ्नै विकासका लागि भन्ने भावना जागृत गराउनु, नागरिकमा अधिक भएको महसुस नहुने गरी राजस्व बढाउने नीति अवलम्बन गर्नु,ाउँपालिकाको सन्तुलित विकास गर्नु र सबै विषयगत शाखामा पर्याप्त कर्मचारीव्यवस्थापन गर्नु चुनौतिका रूपमा रहेका छन् ।

#### ३.२ अवसर
गाउँपालिकामा निर्वाचित स्थिर सरकार हुनु, सबै राजनीतिक दलहरूको विकासमा प्रतिबद्धता हुनु, नागरिकहरूको सकारात्मक सोंच हुनु, गाउँपालिका नै स्थानीय सरकार सुशासन, विकास र समृद्धिको आधार हुनु अवसरका रूपमा रहेको छ ।

### ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति
#### ४.१ दीर्घकालीन सोंच
सहमति, सहकार्य, समन्वय र सहयोगमा आधारित समावेशी स्थानीय शासन प्रणालीको विकास ।
#### ४.२ लक्ष्य
गाउँपालिकामा प्राप्त हुने बजेटमा सबै नागरिकहरूको समता र अवसरको सुनिश्चित गर्ने ।
#### ४.३ उद्देश्य
सङ्घ र प्रदेशबाट प्राप्त हुने बजेटलाई समानुपातिक, समावेशी र न्यायोचित वितरणगर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● सामाजिक, आर्थिक, पूर्वाधार र वातावरणलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने । | ● गाउँपालिकाको संस्थागत संरचनालाई व्यवस्थित गरिने छ ।<br>● संविधानले दिएको अधिकारबमोजिम ऐन, नीति, नियम र कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइने छ ।<br>● सङ्घीय र प्रदेश सरकारले बनाएका कानुन र निर्देशनहरूलाई पालना गर्दै अगाडि बढिनेछ । |

### ५. अपेक्षित उपलब्धि

गाउँपालिका सञ्चालनसम्बन्धी आवश्यक कानुन, नीति र संस्थागत संरचना निर्माण भएको हुने छ । दिगो र सन्तुलित विकासका लागि गाउँपालिकाले राजस्वका क्षेत्रमा दायरा वृद्धि गरी आफैँ धान्न सक्ने खर्च प्रणालीको विकास भएको हुने छ ।

## ८.८ निर्वाचन प्रणाली

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग-२४ धारा २४५ को (१) मा निर्वाचन आयोग रहने व्यवस्था छ। । निर्वाचन शिक्षा प्रशिक्षण निर्वाचनलाई केन्द्रित गरी सञ्चार माध्यमका प्रतिनिधिहरूका लागि कार्यक्रम, निर्वाचन सुरक्षा व्यवस्थापन र मतदाता शिक्षासम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिएको छ। नमुना मतदानमार्फत बदरमतलाई कम गर्नुपर्ने देखिन्छ। सबै बालिग नागरिकलाई शतप्रतिशत मतदाता बनाउने अभियान चलाईनेछ। २. **समस्या**मतदाता सचेत नहुनु, मतदाता नामावली दर्ता समयमा नै अद्यावधिक गर्न नसक्नु, मतदाता नामावलीलाई त्रुटिरहित बनाउन नसकिनु र सरोकारवालाहरूको सहमतिमा विद्युतीय मतदान यन्त्रको प्रयोग गरी मतदान एवम् मतगणना गर्न नसकिनु समस्याका रूपमा रहेका छन्।

### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

निर्वाचनमा सरोकारवाला सबै पक्ष मिली आवधिक निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, मितव्ययीबाट सम्पन्न गराउनु, प्रभावकारी निर्वाचन शिक्षाको माध्यमबाट सु-सूचित मतदाता तयार पार्नु र निर्वाचन आचारसंहिताको पूर्ण परिपालना गर्नु गराउनु चुनौतीका रूपमा रहेका छन्।

#### ३.२अवसर

लोकतन्त्र र निर्वाचनप्रति सबै सरोकारवालाको प्रतिबद्धता रहनु, आमसञ्चार र सामाजिक सञ्जालको विस्तार हुनु अवसरका रूपमा रहेका छन्।

### ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

#### ४.१ दीर्घकालीन सोंच

स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित निर्वाचन सञ्चालन र व्यवस्थापन।

#### ४.२ लक्ष्य

शतप्रतिशत मतदाता मतदानमा सहभागी गराई बदरमत शून्यमा झार्ने।

#### ४.३ उद्देश्य

- समन्वयात्मक, सहयोगात्मकमार्फत निर्वाचनलाई अनुशासित र मर्यादित बनाउनु।
- मतदातालाई सशक्तीकरण गरी निर्वाचनमा बढी भन्दा बढी सहभागिता गराउनु।

## ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● निर्वाचन शिक्षा सञ्चालन गरी मतदाता नामावली अद्यावधिक गर्ने । | ● मतदाता नामावली दर्तालाई अभियानका रूपमा सञ्चालनगरिने छ ।<br>● वदरमतलाई शून्यमा झार्न सचेतना कक्षालगायत नमुना निर्वाचन कार्यक्रम सञ्चालन गरिने छ । |
| ● सबै राजनीतिक दल, सरोकारवाला र सुरक्षा निकायबीचको आपसी समन्वय गर्ने । | ● निर्वाचन सुरक्षा जोखिम विश्लेषण गरी सुरक्षा व्यवस्थालाई मजबुत पारिने छ ।<br>● निर्वाचनको सन्दर्भमा सञ्चार माध्यमको अनुगमनलाई प्रभावकारी बनाइने छ ।<br>● सहकारी, समूह, सङ्घ-संस्था, सामुदायिक वन रविद्यालयमालाई मतदाता शिक्षासम्बन्धी अभियानकारूपमा परिचालन गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

उमेर पुगेका सबै मतदाताको नामावली तयार भएको हुने छ । भयरहित मतदाताको वातावरण सिर्जना भएको हुने तथा निर्वाचन शिक्षामा सबैको पहुँच अभिवृद्धि भएको हुने छ । निर्वाचनमा आधिकारिक मतदाताको सहभागिता भई न्यून प्रतिशत मात्र बदर भएको अवस्था हुने छ । मतदाता नामावली दर्ता, मतदान, मतगणना लगायतका निर्वाचनसम्बन्धी क्रियाकलापहरू प्रविधिमैत्री भएका हुने छन् । निर्वाचन आचार संहिताको पूर्ण परिपालना भई निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय एवम् मितव्ययी भएको हुने छ ।

## ८.९ नेतृत्व निर्माण

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले कानुनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको सिद्धान्तलाई सुदृढ गर्ने उल्लेख गरेको छ ।अध्यक्ष (श्री नारायण बहादुर कार्की ) र उपाध्यक्ष (श्री कान्ता अधिकारी) ले गाउँपालिकामा गरेको नेतृत्वदायी भूमिका सराहनीय रहेको छ । ८ ओटै वडा अध्यक्षहरूबाट प्रदान गरेको नेतृत्व गाउँपालिकाको उल्लेखनीय रहेको छ । दलित, आदिवासी, जनजाति, महिला, युवाले आफ्नो हक, अधिकार र अवसरको बारेमा जानकारी प्राप्त गरेका छन् । समावेशी नेतृत्वको विकास भएको छ । दलित महिला निर्वाचित भई नेतृत्वमा आएका छन् । विकास निर्माणका काम विवादरहित किसिमले भएका छन् । मुद्दामामिला वडामाा बसेर मिल्ने प्रचलनको विकास हुँदै गएको छ । विकास निर्माणका कार्य समावेशी र समानुपातिक ढङ्गबाट भएका छन् । नेतृत्वले विभिन्न ऐन, नियम र वार्षिक योजना निर्माण गरी वैज्ञानिक ढङ्गबाट विकासका कार्यहरू गरेका छन् । नेतृत्व र कर्मचारीबिचको आपसी सम्बन्धबाट दैनिक कार्यहरू प्रभावकारी भएका छन् ।

### २.समस्या

जनमैत्री राजनीतिक तथा प्रशासनिक संस्कारको विकास हुन नसक्नु, नेतृत्व निर्माण तथा नेतृत्व विकासलाई सहयोग पुग्ने सामाजिक वातावरणको अभाव हुनु र विकासमा युवा सहभागिताका लागि अवसर प्रदान गर्न नसक्नु समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

राजनीतिक नेतृत्व क्षमतावान् र नैतिकवान् विकास गर्नु, योग्यता, क्षमता र जनप्रियका आधारमा नेतृत्व चयन प्रणालीको अभ्यास गर्नु चुनौतीका रूपमा रहेका छन् ।

### ३.२अवसर

गाउँपालिकाको विकासमा जनप्रतिनिधिको सक्रिय सहभागिता रहनु, युवाको सहभागिता उल्लेख्य रूपमा बढ्दै जानु, कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली र कार्य सम्पादन करार सम्झौता लागु गर्ने अभ्यास सुरुआत हुनु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

सक्षम, इमानदार र गतिशील नेतृत्वको विकास ।

### ४.२ लक्ष्य

प्रभावकारी, सक्षम, एवम् कुशल युवा नेतृत्वको विकास गर्ने ।

### ४.३ उद्देश्य

आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक र व्यावसायिक क्षेत्रमा सक्षम तथा कुशल युवा नेतृत्व विकास गर्ने

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● सक्षम रप्रभावकारी नेतृत्व विकास गर्ने । | ● पुस्तान्तरण नेतृत्व विकासका लागि उत्तराधिकार योजना बनाइ लागु गरिने छ ।<br>● सफल नेतृत्वलाई आदर्श र अनुकरणीय व्यक्तिको रूपमा सम्मान गर्ने संस्कृतिको विकास गरिने छ ।<br>● युवाको आर्थिक, सामाजिक, राजनीतिक एवम् सांस्कृतिक सशक्तीकरणका लागि सचेतना एवम् अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।<br>● युवालाई नेतृत्व विकाससम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिने छ<br>● जनप्रतिनिधिलाई कार्य सञ्चालन र सकारात्मक सोंचसम्बन्धी तालिम प्रदान गरिने छ । |

## ५. अपेक्षित उपलब्धि

गाउँपालिकाको विकास र शासन व्यवस्था प्रभावकारी रूपमा सञ्चालन गर्न सक्ने क्षमतायुक्त र कुशल नेतृत्व निर्माणका लागि आवश्यक योजना निर्माण भएको हुने छ । सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरिएको हुने छ । सक्षम र सफल नेतृत्वमार्फत गाउँपालिकाले विकासको गति लिएको हुने छ ।

# परिच्छेद नौ

## अन्तरसम्बन्धित विषय

## ९.१ गरिबी निवारण

### १. पृष्ठभूमि

संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा आर्थिक वृद्धिसहित न्यायोचित वितरणको आर्थिक उद्देश्य लिएको छ । गरिबी निवारण गर्ने गाउँपालिकाको प्रमुख दायित्व भए पनि यो एक अन्तरसम्बन्धित विषय भएकाले यसका लागि प्रत्येक अङ्गहरूको भूमिका अपरिहार्य रहन्छ । गरिबी निवारण प्रयासलाई निरन्तरता दिँदै गरिब र धनीबिचको असमानता घटाउनु र आर्थिक समृद्धि प्राप्त गर्नु आजको आवश्यकता हो । आर्थिक र सामाजिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने, स्थानीय तहमा नै रोजगारी अभिवृद्धि गरी गरिबी न्यूनीकरण गर्नु गाउँपालिकाको जिम्मेवारी रहेको छ । गरिब लक्षित कार्यक्रमहरू लक्षित वर्गमा केन्द्रित गर्न गरिब घर-परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अगाडि बढाउन फिल्ड स्तरमा यर्थाथपरक तथ्याङ्क नभएकाले तत्काललाई स्थगर्न गरिएको छ । गरिबी न्यूनीकरणका लागि मुख्यमन्त्री ग्रामीण विकास रोजगार कार्यक्रमबाट ३ सय घरधुरी र साझेदार संस्था हेफरसँग १ हजार ८ सय ५० घरधुरीमा गाउँपालिकाले साझेदारीमा आय-आर्जनका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

### २.समस्या

गाउँपालिकाका कार्यक्रमहरू दिगो विकास भन्दा वितरणमुखी हुनु, वास्तविक गरिबको पहिचान हुन नसक्नु, गाउँपालिकाको स्रोत साधनमा गरिबको पहुँच पुग्न नसक्नु, कृषि क्षेत्र निर्वाहमुखी हुनु, विप्रेषणलाई उत्पादनसँग जोड्न नसक्नु, गरिब लक्षित कार्यक्रम कार्यान्वयनमा समावेशिताको सिद्धान्त आकर्षित हुँदै वास्तविक गरिबसम्म पुग्न नसक्नु, बौद्धिक पलाईन रोक्न नसक्नु, श्रमको सम्मान हुने वातावरण सिर्जना हुन नसक्नु र युवाहरू वेरोजगार हुनु गरिबी निवारणका समस्याका रूपमा रहेका छन् ।

### ३.चुनौतीतथाअवसर

#### ३.१चुनौती

गाउँपालिकाभित्र वास्तविक गरिबहरू पहिचान गरी गरिब लक्षित कार्यक्रमहरू सञ्चालन गर्नु, गाउँपालिकाभित्र प्रचुर सम्भावनाका रूपमा रहेका कृषि, पशुपंक्षी र पर्यटन पूर्वाधार क्षेत्रलाई आधुनिकीकरण र व्यावसायीकरण गर्नु, नयाँ रोजगारीका अवसर सृजना गर्नु, सबै क्षेत्र र समुदायलाई सन्तुलित रूपमा सम्बोधन गर्नु चुनौतीका रूपमा रहेका छन् ।

#### ३.२अवसर

दिगो विकास लक्ष्य नं. १ ले सबै प्रकार र रूपका गरिबीको अन्त्य गर्ने लक्ष्य लिएको र नेपालले त्यसप्रति प्रतिबद्धता जाहेर गर्नु, गाउँपालिकामा नयाँ अवधारणाबाट कार्यक्रम सञ्चालन गर्ने अवसर हुनु र विभिन्न निकायबाट गरिबी निवारणसम्बन्धी कार्यक्रम सञ्चालन भएको अवस्था हुनु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

आय-आर्जनमा वृद्धि गरी गरिबी मुक्त गाउँपालिका ।

### ४.२ लक्ष्य

निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या घटेको हुने ।

### ४.३ उद्देश्य

- दिगो उत्पादनमूलक कार्यक्रमहरू सञ्चालन गर्नु ।
- आय-आर्जन कार्यक्रमका अवसरमा वृद्धि गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ●सबै वर्गलाई आर्थिक र सामाजिक क्षेत्रमा पहुँच बढाई मानव पूँजीको रूपमा विकास गर्ने । | ●लघुवित्त सेवा र सहकारीमार्फत गरिब र विपन्न वर्गको ऋण पहुँचमा वृद्धि गरिने छ ।<br>●गरिबी निवारण क्षेत्रमा काम गर्ने विकास साझेदार निकाय र गैरसरकारी संस्थालाई गरिबी घटेको परिणाम देखिने गरी परिचालन गरिने छ ।<br>●गरिब घरपरिवार पहिचान तथा वर्गीकरण गरी परिचयपत्र उपलब्ध गराइने छ ।<br>●दिगो विकास लक्ष्य (गरिबीसँग सम्बन्धित लक्ष्य) को कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>●स्रोत-साधनको उपयोगमा स्थानीय गरिब परिवारलाई अग्राधिकार दिइने छ ।<br>●गरिबी निवारणका लागि सहुलियत कर्जा उपलब्ध गराइनेछ । |
| ●आय-आर्जन र दिगो पूर्वाधारमार्फत गरिबी निवारण गर्ने । | ●गरिबी परिचयपत्र प्राप्त परिवारको लागि शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, भौतिक पूर्वाधार, रोजगारी, कृषि र पशुपंक्षी जस्ता कार्यक्रममा प्राथमिकता राखिनेछ ।<br>●सघन गरिबी भएका वडा पहिचान गरी गरिबी निवारणका लागि आय-आर्जनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छ । त कार्यक्रमबिच प्रभावकारी समन्वय गरिने छ ।<br>●सबै वडामाा व्यावसायिक कृषि फार्म सञ्चालन गरिने छ । |

## ५. अपेक्षित उपलब्धि

गरिब घरपरिवारको पारिवारिक तथ्याङ्क सङ्कलन भई गरिब परिचयपत्र वितरण भएको हुने छ । गरिब लक्षित कार्यक्रम परिचयपत्रसँग आबद्ध भएको हुने छ । गरिब लक्षित कार्यक्रम एकीकृत रूपमा सञ्चालन भएको हुने छ ।

## ५.२ श्रम तथा रोजगार

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ३ धारा ३४ ले रोजगारी र श्रमको हकलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । त्यस्तै, भाग ४ धारा ५१ (झ) मा दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबिचको सुसम्बन्ध कायम गर्ने वैदेशिक रोजगारबाट आर्जित पूँजी, सिप, प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर सुनिश्चित गर्ने नीति रहेको छ ।गाउँपालिकामा पहिलो समस्याको रूपमा व्याप्त बेरोजगारी र अर्ध-बेरोजगारीलाई हटाउनु हो । दोस्रो समस्या, श्रम शक्तिको गुणस्तरमा विकास गर्नु हो । कृषि, पशुपंक्षी र पर्यटनलाई विशेष जोड दिइएको हुँदा रोजगारका अवसरहरू बढाउनका लागि स्थानीय, निजी र स्वयंसेवी सङ्गठनहरूबाट साधन परिचालन गर्न जरूरी देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत एक जना रोजगार संयोजकमार्फत बेरोजगारहरूको तथ्याङ्क सङ्कलन गर्ने कार्य भइरहेको छ ।

### २. समस्या

श्रमप्रति सम्मानको कमी हुनु, स्वरोजगार प्रवर्द्धन र उत्पादन कमजोर रहनु, गाउँपालिकाभित्रका युवा विदेश पलाईन हुनु, वैदेशिक रोजगार सुरक्षित र भरपर्दो हुन नसक्नु, गाउँपालिकामा रोजगारीको सिर्जना पर्याप्त हुन नसक्नु, वैदेशिक रोजगारीको सिप र पूँजीलाई उत्पादनमा जोड्न नसक्नु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

श्रमलाई सिप, प्रविधि, उत्पादन र बजारसँग जोड्नु, उत्पादनशील क्षेत्रको पहिचान र रोजगारीका अवसरहरू सिर्जना गर्नु, अनौपचारिक क्षेत्रका रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु, शिक्षालाई व्यवहारिक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु, असल श्रम सम्बन्धको विकास र श्रमको उत्पादकत्व वृद्धिमार्फत् आर्थिक विकासका सम्भावनाहरूलाई फराकिलो वनाउनु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

#### ३.२ अवसर

गाउँपालिकामा रोजगार शाखा स्थापना भई कार्य सञ्चालन हुनु, शैक्षिक बेरोजगार तथा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई स्वरोजगार कार्यक्रममार्फत ऋण सुविधा उपलब्ध हुनु र नेपाल श्रम तथा रोजगारका क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका विभिन्न महासन्धिहरूको पक्षराष्ट्र हुनु यस क्षेत्रका अवसर रहेका छन् ।

### ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

#### ४.१ दीर्घकालीन सोंच

एक घर एक स्वरोजगार ।

#### ४.२ लक्ष्य

पाँच वर्षमा ४ हजार ५ सय युवालाई रोजगारीको सृजना गर्ने ।

#### ४.३ उद्देश्य

- सरकारी तथा गैरसरकारी क्षेत्रका आयोजना तथा व्यवसायहरूमा अधिकतम गाउँपालिकाको श्रमशक्ति प्रयोग गर्नु ।

- बालश्रम लगायत सबै प्रकारका श्रमशोषण अन्त्य गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • विकास निर्माणका कार्यमा ५० प्रतिशत श्रमिकबाट र ५० प्रतिशत यान्त्रिकमार्फत गर्ने । | • वि.सं. २०८३सम्ममा गाउँपालिकालाई बेरोजगारमुक्त घोषणा गरिने छ<br>• श्रमिकहरूलाई पञ्जीकृत गरी सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ ।<br>• अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई क्रमश: औपचारिक क्षेत्रमा रूपान्तरण गरिने छ ।<br>• बालश्रमको अन्त्य गर्ने नेपाल सरकारको गुरुयोजनालाइ प्रभावकारी कार्यान्वयन गर्दै बालश्रम अन्त्य गरिने छ । |
| • श्रमिकको कार्य क्षमतामा अभिवृद्धि गर्ने । | • रोजगारीमा महिलाको सुरक्षा सुनिश्चित हुने व्यवस्था गरिने छ ।<br>• न्यूनतम रोजगारीको प्रत्याभूति गरी प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिने छ ।<br>• रोजगार सूचना केन्द्र स्थापना गरी निजी क्षेत्रमा सिर्जना हुने रोजगारीलाई उपलब्ध श्रमशक्तिको मागसँग आबद्ध गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यसम्ममा करिब ४ हजार ५ सय रोजगारी सिर्जना भई बेरोजगार उल्लेख्य रूपमा घटेको हुने छ । श्रमीक र रोजगारदाताबिच सहकार्य र समन्वयमा वृद्धि हुने छ । निजी क्षेत्रका रोजगार दातालाई एकीकृत प्रणालीमा आबद्ध भएको हुने छ ।

## ५.३ अध्ययन, अनुसन्धान तथा परामर्श सेवा

### १. पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद ६ को २४ ले गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीति, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागु गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ । अध्ययन, अनुसन्धान तथा योजना बनाउँदा सङ्घीय सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिइएको छ । गाउँपालिकामा पहिचान नभएका स्रोतसाधन पहिचान गरी तिनीहरूको व्यवस्थित परिचालन गर्ने तौरतरिका पत्ता लगाउन, उपलब्ध स्रोतसाधनको परिचालनको अवस्था आँकलन गरी तिनीहरूको अत्युत्तम उपयोग गर्न र अपर्याप्त स्रोतसाधनको व्यवस्थापनका लागि मार्ग प्रशस्त गर्न समेत अनुसन्धान र विकास महत्वपूर्ण रहन्छ । हालसम्म गाउँपालिकाले विभिन्न क्षेत्रका डिपिआर, प्रारम्भिक वातावरणीय परीक्षण र प्रदेशमार्फत खानेपानी तथा सरसफाइ योजना तयार भएका छन् ।

## २. समस्या

गाउँपालिकामा अध्ययन, अनुसन्धान तथा विकासको क्षेत्रमा दीर्घकालीन सोंच नहुनु, नयाँ सोंच, विचारसहित स्वदेशमा रहेका र विदेशबाट आशा, उमङ्ग र चाहनाहरू बोकेर फर्केका सिर्जनशील युवाशक्तिलाई अनुसन्धान र विकासमा समाहित गराउने विधिको निर्माण नहुनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

अनुसन्धान तथा विकासलाई गाउँपालिकाको अभिन्न अङ्गको रूपमा आत्मसात गर्नु र सबै विकास निर्माणका कार्यहरू अध्ययन-अनुसन्धान विना गर्नु चुनौतीका रूपमा रहेको छ ।

### ३.२ अवसर

अनुसन्धानमा आधारित नीति तथा योजना तर्जुमा र कार्यान्वयनलाई प्राथमिकतामा राखिनु, स्वदेश तथा विदेशमा रहेका युवा वैज्ञानिक र विषयविज्ञलाई गाउँपालिकाको अध्ययन अनुसन्धान कार्यमा परिचालन गरी उनीहरूको सिप र ज्ञानको उपभोग गर्ने सम्भावना रहनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

अध्ययन, अनुसन्धान र परामर्शका माध्यमबाट नीति निर्माण, योजना तर्जुमा र कार्यक्रम कार्यान्वयन गर्ने प्रणालीको विकास ।

### ४.२ लक्ष्य

अध्ययन, अनुसन्धान र परामर्शबाट नतिजामा आधारित योजना निर्माण गर्ने ।

### ४.३ उद्देश्य

- विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्न अध्ययन गर्नु ।
- विषयगत क्षेत्रका रणनीति योजना तथा गुरुयोजना तयार गर्नु ।

## ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● अध्ययन, अनुसन्धान र विकासका क्षेत्रमा सङ्घ, प्रदेश र निजी क्षेत्रसँग सहकार्य साथै साझेदारीता विस्तार गर्ने । | ● अध्ययन, अनुसन्धानका लागि सरकारी तथा गैरसरकारी क्षेत्र रशैक्षिक/प्राज्ञिक क्षेत्रका विषय विज्ञहरूलाई परिचालन गरिने छ ।<br>● अध्ययन, अनुसन्धानात्मक ज्ञान र सिप विकासको लागि अनुसन्धान र विकाससम्बन्धी विषयलाई माध्यमिक स्तरदेखि नै पाठ्यक्रममा समावेश गर्न सुरु गरिने छ ।<br>● अध्ययन, अनुसन्धान तथा परामर्शबाट प्राप्त योजनाहरूलाई गाउँपालिका स्तरीय योजना बैङ्कका रूपमा विकास गरिने छ ।<br>● विकास निर्माण तथा अध्ययन, अनुसन्धान र आन्तरिक कार्यमाप्राविधिक विद्यार्थीलाई परिचालन गरिने छ । |
| ● सबै प्रकारका विषय वस्तुका सम्भाव्यता अध्ययन, अनुसन्धान र परामर्श सेवा जस्ता कार्यलाई प्रोत्साहन गर्ने । | ● वस्तुगत विवरण (प्रोफाइल), मध्यकालीन खर्च संरचना, सडक गुरुयोजना, पर्यटन गुरुयोजना, भू-उपयोग योजना, वातावरण व्यवस्थापन योजना, बालमैत्री स्थानीय शासन योजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण योजना, भौतिक पूर्वाधार विकास योजना, फोहोरमैलाको ल्यान्डफिल्ड साइड अध्ययन, वन तथा जैविक विविधता संरक्षण योजना, मानव विकास योजना, पोषणमैत्री योजना, कृषि तथा पशुपंक्षी रणनीति योजना, आन्तरिक राजस्व सुधार कार्य योजना र खानी तथा खनिज सम्पदाहरूको सम्भाव्यता अध्ययन गाउँपालिकाको आवश्यकता अनुसार गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

अध्ययन अनुसन्धानको क्षेत्रमा वार्षिक बजेट विनियोजन भएको हुने छ । सबै प्रकारका अध्ययन अनुसन्धान कार्यबाट विकासमा गुणस्तरीयता भएको हुने छ ।

## ९.४ सार्वजनिक-निजी साझेदारी (सानिसा)

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ४ धारा ५१ (घ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत अर्थतन्त्र सुदृढ गर्ने उल्लेख गरेको छ । नेपाल सरकारले सार्वजनिक निजी साझेदारी नीति, २०७२ जारी गरी कार्यान्वयनमा ल्याएको छ । समृद्धिको लक्ष्य हासिल गर्न सार्वजनिक-निजी साझेदारी अपरिहार्य हुन्छ । गाउँपालिका एक्लैले लगानी गर्न नसक्ने अवस्थामा सहकारी तथा निजी क्षेत्रको सहकार्य, साझेदारी र सहभागिताका आधारमा लगानीको स्रोत व्यवस्थापन साथै, वातावरण निर्माण गरिने छ । सार्वजनिक निजी साझेदारीको लगानीलाई कृषि तथा पशुपंक्षी, पर्यटन, वन सम्पदा तथा जडीबुटी, सिँचाइलगायत भौतिक पूर्वाधारका क्षेत्रमा प्राथमिकता दिइनेछ । सार्वजनिक-निजी साझेदारीमा ४ ओटा कोल्डस्टोर र १० ओटा कोसेली घरसँग सहकार्य गरिने छ

## २. समस्या

सानिसा कार्यविधि तयार नहुनु, लगानीकर्ताको अभाव र उत्सुकता नहुनु, गाउँपालिकाको विकासका लागि वित्तीय स्रोतको कमी हुनु, सार्वजनिक र निजी क्षेत्रबिचमा आकर्षण हुन नसक्नु, सार्वजनिक निजी साझेदारी सम्बन्धित कानुन एवम् नीतिगत संरचना पर्याप्त नहुनु, गाउँपालिकाको अनुगमनकारी भूमिका प्रभावकारी नहुनु, अपेक्षा अनुसार उत्पादनका क्षेत्रमा लगानी गरी उत्पादन र उत्पादकत्व बढाउन नसक्नु समस्याका रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

सरकारी, निजी, साझेदारीबिचमा समन्वय, सहकार्य गर्ने विषय राम्रो भए पनि व्यवहारमा कार्यान्वयन गर्नु, सार्वजनिक, सहकारी र निजी क्षेत्रलाई प्रतिस्पर्धीभन्दा परिपूरकको रूपमा सहकार्य गर्ने संस्कारको विकास गराउनु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

कोल्डस्टोर, कोसेली घर, होमस्टे, पर्यटन पूर्वाधार क्षेत्र, केवलकार, प्यारागलाईडिङ्ग र बसपार्क आदि विकास निर्माणका क्षेत्रमा सा.नि.सा माध्यमबाट कार्य गर्ने अवसर हुनु, विकासमा निजी क्षेत्रको भूमिका अभिवृद्धि गर्न गाउँपालिका र निजी क्षेत्रबिचको सहकार्यद्वारा सामाजिक आर्थिक रूपान्तरणको अवसर प्राप्त हुनु र विकासका गतिविधिहरूमा निजी क्षेत्रलाई आकर्षण गर्ने लगानीमैत्री वातावरण हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

सा.नि.सा.मार्फत दिगो विकास निर्माण गरी आर्थिक वृद्धि ।

### ४.२ लक्ष्य

आर्थिक, सामाजिक, वन, वातावरण तथा दिगो पूर्वाधार विकासमा सहभागिता वृद्धि गर्ने ।

### ४.३ उद्देश्य

सरकारी, समुदाय/सहकारी र निजी साझेदारी विकास हुने वातावरण सिर्जना गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • सार्वजनिक, निजी, साझेदारी क्षेत्रको लगानीका लागि सम्भावित क्षेत्रको अध्ययन गरी प्राथमिकता निर्धारण गर्ने । | • गाउँपालिकामा आर्थिक, सामाजिक, भौतिक पूर्वाधार कार्यक्रममा नागरिकहरूको भूमिका बारेमा जनचेतना अभिवृद्धि गरिने छ ।<br>• उपभोक्ता समिति र तिनका क्रियाकलापलाई पारदर्शी बनाइने छ ।<br>• निजी तथा साझेदार क्षेत्रकाबिचमा लगानीका लागि विश्वासको वातावरण सिर्जना गरिने छ<br>• सा.नि.सा.नीति, २०७२ लाई कार्यान्वयन गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

सार्वजनिक निजी साझेदारीमा क्षेत्रगत आयोजना कार्यान्वयनमा आएका हुने छन् । सहकारीमार्फत साझेदारीको रूपमा सामाजिक आर्थिक विकास निर्माणका कार्यहरू सञ्चालन भएका हुने छन् ।

## ९.५ गैरसरकारी सङ्घ–संस्था तथा स्वयंसेवक परिचालन

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ४ धारा ५१ (ञ) को १४ मा सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ–संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता सङ्घ-संस्थाहरूलाई सङ्लग्न गराउने उल्लेख छ । बहुक्षेत्रीय पोषण योजना अर्न्तगत सुआहारा (दोस्रो) चरणको कार्यक्रम लुम्बिनी सामाजिक विकास केन्द्रद्वारा सञ्चालनमा आएको छ ।  त्यस्तै, सञ्चालनमा आउन लागेको वन उपभोक्ता महासंघमार्फत वन क्षेत्रमा कार्यक्रम सञ्चालन हुने सम्भावना रहेको छ ।

### (क) स्वयंसेवक परिचालन

गाउँपालिकामा तीन आर्थिक वर्षको अवधिमा सामाजिक परिचालन, आय-आर्जन प्रवर्द्धन, पूर्वाधार निर्माण, जनचेतना अभिवृद्धि, शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपंक्षी पालन जस्ता क्षेत्रहरूमा उपभोक्ता समितिमार्फत जनसहभागितामा आधारित कार्य हुँदै आएको छ । स्वयंसेवी भावनाको प्रवर्द्धन एवम् स्वयंसेवी निकाय र सङ्घ-संस्थाहरूबिचको सञ्जालीकरणमा अभिवृद्धि गरिने छ । स्वयंसेवक भई कार्य गर्न जुनसुकै विषयमा शैक्षिक योग्यता भएका व्यक्तिलाई प्रेरित गरिने छ । विकास निर्माणमा स्वयंसेवकहरूको परिचालन गर्न नीति, नियम र कार्यविधि बनाइ कार्यान्वयन गरिने छ ।

### २.समस्या

गाउँपालिका र गैरसरकारी संस्थाबिचको सहकार्यलाई पारदर्शी र प्रभावकारी बनाउन नसक्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कार्यक्रममा दोहोरोपना हुनु, अनुगमन र मूल्याङ्कन नहुनु, सामुदायिक एवम् गैरसरकारी संस्थामा आन्तरिक सुशासनको कमी हुनु र नियमनकारी निकाय प्रभावकारी नहुनु यस क्षेत्रका समस्यामन रूपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर
### ३.१ चुनौती
जिल्ला, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा सञ्चालित परियोजनालाई एकद्वार प्रणालीमार्फत सहजीकरण तथा परिचालन गर्नु, सामाजिक तथा आर्थिक विकासमा गैरसरकारी क्षेत्रको योगदान मापन गर्ने सूचक तयार गर्नु र प्रभावकारी अनुगमन मूल्याङ्कनका लागि संस्थागत सुदृढीकरण गर्नु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर
नेपालको संविधानमा सङ्घ-संस्थालाई कानुनी रूपमा अधिकार प्रदान गर्नुका साथै, उत्तरदायित्व र जिम्मेवारी व्यवस्था हुनु, स्थानीय तहसम्म गैरसरकारी संस्थाहरूलाई विकास साझेदारका रूपमा परिचालन गर्नु, सामाजिक विकासका विविध क्षेत्रका क्रियाकलापहरूलाई अगाडि बनाउने आधार तयार हुनु र दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग पुग्ने अवस्था सिर्जना हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति
### ४.१ दीर्घकालीन सोंच
गैरसरकारी सङ्घ-संस्थाको परिचालनमार्फत सामाजिक रूपान्तरण ।
### ४.२ लक्ष्य
गैरसरकारी संस्थाहरूलाई प्राथमिकता क्षेत्रमा परिचालन गरी जनताको जीवनस्तरमा सुधार ल्याउने ।
### ४.३ उद्देश्य
- गाउँपालिकाको प्राथमिकता क्षेत्रमा सङ्घ-संस्था परिचालन, व्यवस्थापन रनयमन गर्नु ।
- गैरसरकारी क्षेत्रलाई विकासको साझेदार निकायका रूपमा परिचालन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति
| रणनीति | कार्यनीति |
|---|---|
| • सरकारी कार्यक्रमहरूका अतिरिक्त गैरसरकारी सङ्घ-संस्थाहरूलाई विकास प्रक्रियामा लगाउने । | • समुदायको आर्थिक तथा सामाजिक हित हुने कल्याणकारी कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>• गैरसरकारी संस्थाको अभिलेख व्यवस्थित एवम् अद्यावधिक गरिने छ<br>• गैरसरकारी संस्थाका कार्यक्रम आवधिक योजनाले तय गरेका कार्यक्रम, रणनीति र कार्यनीतिमा आबद्ध गरिने छ । |
| • गैरसरकारी संस्थाहरूको अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रमलाई प्रभावकारी बनाउने । | • गैसस, उपभोक्ता समितिहरूको क्षमता विकास गरी साझेदारी गरिने ।<br>• गैरसरकारी संस्थामा आन्तरिक सुशासन तथा पारदर्शिता अभिवृद्धिमा जोड दिइनेछ<br>• स्वयंसेवाको भावनालाई शैक्षिक संस्था, वडा र समुदायस्तरबाटै अभियानका रूपमा सञ्चालन गरिने छ ।<br>• स्वयंसेवक परिचालन गर्दा योग्यता र समावेशिताको सिद्धान्तलाई कार्यविधि तयार गरी अनुशरण गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

स्वयंसेवकहरू सामाजिक एकता, विश्वास र सहयोगी भावनाकजा रूपमा विकास भएका हुने छन् । गैरसरकारी संस्था परिचालन एवम् नियमनसम्बन्धी नयाँ कानुन कार्यान्वयनमा आएको हुने छ । अनुगमन तथा मूल्याङ्कन प्रभावकारी भएको हुने छ ।

## ९.६ उद्यमशीलता तथा सिप विकास

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ भाग ४ धारा ५१ (घ) को (८) मा साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सिप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने स्पष्ट व्यवस्था गरेको छ । यहाँका बहुसङ्ख्यक समुदाय अहिले पनि निर्वाहमुखी कृषिमा आधारित जीवनयापन गरिरहेका छन् । गाउँपालिकाले स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धनबाट उत्पादन र रोजगारी सिर्जना गर्ने रणनीति लिएको छ । उद्यमशीलता सामान्य जस्तो लागे पनि यसले गाउँपालिकाको अर्थतन्त्रलाई मजबुत बनाउन सहयोग गर्दछ । कृषि, पशुपंक्षी, बाख्रापालन, मुढा बुनाई, बुटिक, ढाका बुनाइ, डल कुसुन, सिलाई-कटाई र ब्युटीपार्लरमा गरी विभिन्न क्षेत्रमा जम्मा १ सय ७५ जना व्यक्ति उद्यमशीलता भएका छन् । कृषि विकास बैङ्क र गाउँपालिकाबिच युवालाई स्वरोजगार बनाउन सहुलियत कर्जा लिनका लागि १ सय ८१ जना सिफारिस भएका छन् ।

### २.समस्या

सार्वजनिक क्षेत्रले सञ्चालन गर्ने तालिम कार्यक्रमलाई उद्यमसँग जोड्न नसक्नु, उद्यमीहरूलाई सुरु गरेको उद्यममा टिकाइ राख्ने वातावरण जस्तै सम्मान र प्रोत्साहनको अभाव हुनु, बजारको सहज पहुँच नहुनु, वित्तीय क्षेत्रबाट गरिने लगानी उद्यम विकास गर्नमा कम हुनु र तालिमलाई उद्यमसँग आबद्ध गर्न नसकिनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

सिपमूलक तथा व्यावसायिक तालिमलाई उद्यमशीलतासँग आबद्ध गर्नु, लघु, घरेलु तथा साना उद्यमीको वित्तीय स्रोतमा पहुँच सुनिश्चित गर्नु, परियोजना प्रस्ताव विश्लेषण र मूल्याङ्कनका आधारमा उत्पादनमूलक उद्योग व्यवसायमा ऋण लगानीका लागि बैङ्क तथा वित्तीय क्षेत्र अग्रसर नहुनु उद्यम विकासका चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

बैङ्क तथा वित्तीय संस्थाका शाखा गाउँपालिकामा हुनु, गाउँपालिका र कृषि विकास बैङ्क बिचमा कृषि तथा पशुपक्षीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवम् रोजगारी अभिवृद्धि गर्न सम्झौता भई कार्यान्वयनमा आउनु, उद्यमशीलता संस्कृति क्रमिकरूपमा विकास हुँदै जानु र व्यक्तिहरू उद्यमशील हुन प्रयत्न गर्नु तथा आकर्षित हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

### ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

उद्यमशीलता र स्वरोजगारबाट गरीबी निवारण ।

### ४.२ लक्ष्य
एक घर एक उद्यमशीलता व्यवसाय प्रवर्द्धन गर्ने ।

### ४.३ उद्देश्य
- उद्यमशीलतासम्बन्धी ज्ञान, सिप र व्यावसायिक योजनाको विकास गर्ने ।

४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • सबै प्रकारका लघु, घरेलु तथा साना उद्यमीहरूलाई लगानीको पूर्ण सुरक्षित वातावरण र कानुन तर्जुमा गर्ने । | • विदेशवाट फर्केका र जान इच्छा गरेका युवालाई आर्थिक अनुदान दिई उद्यमशीलता बनाइने छ ।<br>• विद्यालयस्तरमा व्यावसायिक शिक्षाको पाठ्यक्रम राखी उद्यमशीलता बनाइने छ ।<br>• अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको क्षमता अनुसार उद्यमशीलता बनाइने छ ।<br>• स्थानीयस्तरमा उपलब्ध स्रोत, साधन र सिपको सम्भाव्यता र बजार मागको आधारमा लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन र विकास गरिने छ ।<br>• कोदो र जौ बाट निर्मित स्थानीय रक्सीलाई ब्राण्डका रूपमा विकास गरिने छ ।<br>• सिप विकासको लागि सिप विकास केन्द्र स्थापना गरिने छ । |
| • मेडपा, घरेलु तथा साना उद्योग विकास समिति र विकास साझेदार निकायसँग आवश्यक समन्वय र सहकार्य गर्ने | • न्यून आय भएका व्यक्तिका लागि निःशुल्क सिपमूलक तालिम जस्तैः इलेक्ट्रिसियन ४५, पलम्बिङ्ग ४५, सिकर्मी ४५, डकर्मी ४५, ड्राइभिङ्ग ४५ मोटरसाइकल मर्मत ४५,कम्प्युटर, मोबाइल मर्मत ४५, होटल मेनेजमेन्ट ४५, होमस्टे ४५, कुक तालिम ४५, केयरगिभर ४५, ढाका बुनाइ४५, गलैचा ४५, सिलाईकटाइ ४५, बुटिक ४५ जना गरीजम्मा ६ सय ७५ जनालाई वार्षिकरूपमा उद्यमशीलता तथा सिप विकास तालिम प्रदान गरिने छ ।<br>• परम्परागत ज्ञान र सिपलाई प्रयोग गरी आयमूलक र रोजगार प्रवर्द्धन गरिने छ । |

### ५. अपेक्षित उपलब्धि
युवाहरूमा उद्यमशीलता शिक्षाको विकास भएको हुने छ । एक घर एक उद्यमशीलता भएका हुने छन् । स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि पूर्ण रूपमा कार्यान्वयनमा आएको हुने छ । बैङ्क तथा वित्तीय संस्थाहरूबाट लघु, घरेलु, साना र मझौला उद्यमशीलताको लागि लगानी वृद्धि भएको हुने छ ।

# परिच्छेद दश :
# योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

## १०.१ योजना तर्जुमा तथा तथ्याङ्कीय व्यवस्थापन

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले संघ, प्रदेश र स्थानीय तहको तथ्याङ्कीय अधिकार स्पष्ट गरेको छ। योजना तर्जुमा ७ चरणमा पूरा गर्नुपर्ने कानुनी मान्यता रहेको छ । गाउँपालिकाको विकास नीति तर्जुमा गर्ने काम जति महत्वप”र्ण हुन्छ त्यति नै महत्वपूर्ण विकास कार्यक्रम र आयोजनाहरूको विश्लेषण गर्ने काम हुन्छ । गाउँपालिकाको नीति निर्माण, आवधिक योजना, अध्ययन र अनुसन्धानमा सबै भन्दा पहिला आवश्यक पर्ने कुरा तथ्याङ्क रहेको हुन्छ । सही तथ्याङ्कले राम्रो नीति, नियम र भविष्यको योजना बनाउन ठुलो सहयोग पुर्‍याउँछ । गाउँपालिका स्थापना भएपछि प्राथमिक तथ्याङ्क सङ्कलन भएको छैन । वि.सं. २०६८ को तथ्याङ्कको भरमा योजना निर्माण भइरहेका छन् । गाउँपालिकाको आवधिक योजना पनि वि.सं. २०६८ र प्राथमिक तथा द्वितीय तथ्याङ्कको आधारमा तयार गरिएको छ ।

### २. समस्या

बजेटको अभाव रहनु, योजना तर्जुमालाई मार्गनिर्देश गर्न आवश्यक प्रदेश र स्थानीय तहगत खण्डीकृत तथ्याङ्क उपलब्धता नहुनु, गाउँपालिका अन्तर्गतका संस्थागत संरचनाहरू व्यवस्थित नहुनु, कर्मचारीहरूको स्थायित्व नहुनु, योजना कार्यान्वयन गर्ने निकायको क्षमता कमजोर हुनु, छरिएका तथा टुक्रे आयोजनाहरू अधिक रहनु, विषयगत शाखामा योजना सम्बद्ध जनशक्तिको क्षमता विकासमा पर्याप्त ध्यान पुर्ग नसक्नु र साङ्गठनिक एवम् कार्य प्रणालीगत सुधार नहुनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

### ३.१ चुनौती

आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक बजेटबिच सामान्जस्य कायम गरी स्रोत साधनको सुनिश्चितता गर्नु, सार्वजनिक खरिद प्रक्रियालाई चुस्त बनाउनु, नियमितरूपमा विषयगत तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गरी योजना छनौट गर्ने प्रणालीको आधारशीला तयार गर्नु, योजना कार्यान्वयन गर्ने निकायको क्षमता र दक्षता अभिवृद्धि गरी कार्यान्वयन गर्नु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

### ३.२ अवसर

गाउँपालिकाले पञ्चवर्षीय योजना निर्माण गरी योजनाबद्ध रूपमा विकास निर्माणका कार्यहरू अगाडि बढाउनु, योजना तर्जुमाप्रति सबै समुदायको जनचासो र सहभागिता बढ्दै जानु, आवश्यक तथ्याङ्कीय आधार विस्तार हुनु र दिगो विकास लक्ष्यको कार्यान्वयन तथा सामाजिक आर्थिक रूपान्तरणका लागि दीर्घकालीन सोंचको अवधारणा अगाडि आउनु यस क्षेत्रका अवसरहरू हुन ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

गुणस्तरीय, नतिजामुखी तथ्याङ्क र योजना तर्जुमा प्रणालीको विकास ।

### ४.२ लक्ष्य

योजनालाई गुणस्तर, लागत र समयमा सम्पन्न गर्न सूचना तथा तथ्याङ्कलाई स्तरीय बनाउने ।

### ४.३ उद्देश्य

- वैज्ञानिक तथ्याङ्क प्रणाली तयार गरी योजनालाई वैज्ञानिक र व्यावहारिक बनाउनु ।
- दिगो विकासका लक्ष्यलाई योजना प्रक्रियामा आबद्ध गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● योजना कार्यान्वयनको प्रक्रियागत पक्षमा सुधार गर्ने । | ● गाउँपालिका योजना विकास समिति गठन गरिने छ ।<br>● मध्यकालीन खर्च संरचना तयार गरी वार्षिक कार्यक्रम र बजेट तर्जुमाको आधारको रूपमा विकास गरिने छ ।<br>● सहभागितामूलक र समावेशी योजना तर्जुमा प्रक्रिया अबलम्बन गरिने छ<br>● ठुला पूर्वाधार आयोजनाको विस्तृत आयोजना प्रतिवेदन र विवाद रहित गरेर मात्र कार्यान्वयनमा लगिने छ ।<br>● दिगो विकासका राष्ट्रिय लक्ष्यको स्थानीयकरण गरिने छ र सूचकको प्राप्तिलाई क्षेत्रगत कार्यक्रमसँग आबद्ध गरिने छ ।<br>● राष्ट्रिय योजना र प्रदेश योजनाका लक्ष्यसँग योजना र कार्यक्रमलाई तादम्यता कायम गरिने छ ।<br>● योजना कार्यान्वयन र व्यवस्थापनमा वडा, उपभोक्ता समिति र निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिने छ । |
| ● वार्षिक रूपमा सबै उपक्षेत्रका विषयहरूको प्राथमिक तथ्याङ्क अध्यावधिक गर्ने । | ● तथ्याङ्कीय काम कारवाहीमा आधुनिक सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गरिने छ ।<br>● गाउँपालिकाको वेबसाइटमा तथ्याङ्कीय सामग्री अध्यावधिक गरिने छ ।<br>● दीर्घकालीन सोंचका आधारमा सबै विषयगत शाखाका योजना तर्जुमा गरिने छ ।<br>● दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन गर्न सबै विषयगत शाखाहरूको योजना तर्जुमा गरिने छ ।<br>● व्यक्तिगत घटना दर्ता प्रणालीको व्यवस्थापनमा अनलाईन पद्धति अवलम्बन गरिने छ ।<br>● गाउँपालिकामा आयोजना बैङ्क स्थापना गरी समावेश आयोजनाको प्राथमीकिकरणमार्फत कार्यान्वयनमा सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरिने छ ।<br>● गाउँपालिकामा योजना कार्यान्वयन गर्नका लागि छुट्टै संयन्त्रको व्यवस्था गरिने छ । |

### ५. अपेक्षित उपलब्धि

गाउँपालिकामा संस्थागत र प्रक्रियागत व्यवस्था भएको हुने छ । दीर्घकालीन सोंच र आवधिक योजना तर्जुमा भई गाउँपालिकामा योजना प्रणाली विकास र संस्थागत भएको हुने छ । गाउँपालिकामा मध्यकालीन खर्च संरचना तयार भई संस्थागतरूपमा कार्यान्वयन भएको हुने छ । वस्तुगत विवरण, कृषि विवरण साथै अन्य आवश्यक वस्तुगत विवरणहरू निर्माण र कार्यान्वयन भएका हुने छन् ।

## १०.२ अनुगमन तथा मूल्याङ्कन

### १. पृष्ठभूमि

गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन हुँदै आएको छ । अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जुन आयोजना कार्यान्वयनको चरणमा गरिन्छ । यसको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र ढिलासुस्तीका बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई आयोजनालाई सही बाटोमा हिँडाउनु हो । योजनाबद्ध विकासका लागि आवधिक योजना कार्यान्वयन गरिने छ । योजना कार्यान्वयन पक्ष कमजोर रहनुका विभिन्न कारक महत्वपूर्णमध्ये अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारीरूपमा व्यवहारमा नल्याइनु एक प्रमुख कारकको रूपमा रहेको छ । अनुगमन र मूल्याङ्कन कार्यको प्रगति प्रतिवेदन तयार हुने गरेको छ । गाउँपालिकाले बजार अनुगमन निर्देशिका बनाएको छ । स्थानीय तहको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकासका लागि प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ तयार भएको छ ।

### २. समस्या

गाउँपालिकामा पर्याप्त जनशक्ति र भौतिक संरचना नहुनु, अनुगमन र मूल्याङ्कनको कार्यविधि नहुनु, योजना कार्यान्वयन आ.व.को अन्तिममा हुनु, सीमित बजेट हुनु, तथ्याङ्क कमजोर हुनु, गाउँपालिका अन्तर्गतका संस्थागत संरचनाहरू व्यवस्थित नहुनु, कर्मचारीहरूको स्थायित्व नहुनु, आवश्यक तथ्याङ्क र सूचनाहरू उपलब्ध र व्यवस्थित नहुनु र योजना तर्जुमाको क्रममा अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कार्ययोजनाले प्राथमिकता नपाउनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

#### ३.१ चुनौती

गाउँपालिकामा अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु, मूल्याङ्कनबाट आएका पृष्ठपोषणलाई अनिवार्य कार्यान्वयन गराउनु र अनुगमन तथा मूल्याङ्कन कार्यमा प्रविधिको प्रयोगलाई व्यवहारमा लागु गर्नु, वडा तहसम्म अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्नु, सफलतापूर्वक अनुगमन तथा मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु, नतिजामूलक तथ्यहरूको पहिचान गरी आयोजनामा समावेश गर्नु यस क्षेत्रका चुनौती रहेका छन् ।

### ३.२ अवसर

गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कनबारे संस्थागत धारणा बन्नु, अनुगमन तथा मूल्याङ्कन कार्यका लागि संगठन संरचना निर्माण गर्दा महत्व दिनु, अनुगमन तथा मूल्याङ्कनका निर्देशिकाहरू तयार हुनु, अनुगमन तथा मूल्याङ्कनलाई सबैले आत्मसात गर्नु अवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई नतिजामूलक बनाउने ।

### ४.२ लक्ष्य

नतिजामूलक अनुगमन तथा मूल्याङ्कन व्यवस्थामार्फत दिगो पूर्वाधारको विकास गर्ने ।

### ४.३ उद्देश्य

- आयोजना तर्जुमा र कार्यान्वयनका क्रममा विगतमा भएका कमीकमजोरीहरूको पत्ता लगाइ तिनलाई पुनः दोहोरिन नदिनु ।
- नतिजामुखी अनुगमन र मूल्याङ्कनका लागि संस्थागत संयन्त्रको व्यवस्था गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ● विकास आयोजनाहरूको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउने । | ● अनुगमन मूल्याङ्कनसँग सम्बन्धित कर्मचारीको क्षमता विकास गरिने छ ।<br>● योजना सम्पन्नपश्चात छानिएका आयोजनाको तेस्रो पक्षद्वारा प्रभाव मूल्याङ्कन गराइनेछ र त्यसको पृष्ठपोषणलाई आगामी योजनाको आधारको रूपमा लिइनेछ ।<br>● दिगो विकास लक्ष्यका सूचकहरूको प्रगतिलाई अनुगमन तथा मूल्याङ्नमा एकीकृत गरिने छ । |
| ● कानुनी र नीतिगत व्यवस्था गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सबल र सुदृढ बनाउने । | ● अनुगमन तथा मूल्याङ्कन ऐन, नियम र कार्यविधि निर्माण गरी कार्यान्वयन गरिने छ ।<br>● अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी प्रभावकारी परिचालन गरिने छ<br>● विकास कार्यक्रम तथा आयोजनाको समस्याहरू समयमै समाधान गर्ने संयन्त्र निर्माण गरिने छ ।<br>● आयोजनाका निम्ति परामर्शदाता लगायत जनशक्तिको नियुक्ति, ठेक्कापट्टा आदिको समयबद्ध कार्यतालिका तयार गरी लागु गरिने छ ।<br>● गाउँपालिकामा सञ्चालित विकास आयोजनाहरूको परिचयसहितको वडागत सूची तयार गरी कम्प्युटराइज सिष्टममा राखिनेछ ।<br>● दोश्रो आवधिक बिकाश योजना  विकास योजनामा भएको नतिजा खाकालाई प्रत्येक नीति, कार्यक्रम, योजना तथा आयोजना मूल्याङ्कनको आधार मानिनेछ । |

### ५. अपेक्षित उपलब्धि
गाउँपालिकामा अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास भएको हुने छ । गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन क्षमतामा वृद्धि भएको हुने छ । अनुगमन मूल्याङ्नसम्बन्धी नीतिगत रद कार्यगत स्पष्टता आई विकास आयोजनाले अपेक्षित उपलब्धि प्राप्त गर्न सहयोग पुगेको हुने छ ।

## १०.३ योजना बैङ्क
### १. पृष्ठभूमि
नेपालमा योजना बैङ्कको सुरुवात राष्ट्रिय योजना आयोगबाट वि.सं. २०७५ मा भएको छ । सन्तुलित विकासका लागि आवश्यक लगानीका अवसर पहिचान गरी परिचालन गर्न र परिपक्व रूपमा योजना पहिचान तथा छनौटका कार्यहरू गर्न र गराउन आयोजना बैङ्कको स्थापना भएको हो । कुनै निश्चित मापदण्डबिना आयोजनाको पहिचान तथा छनौट गर्ने र आवश्यक पूर्व तयारीविना कार्यान्वयनमा लैजाने वर्तमान परिपाटिले अधिकांश आयोजनाहरू समस्याग्रस्त छन् । विवादैविवादमा समय व्यतित भएको छ । पूँजीगत खर्चको प्रभावकारिता निकै नै दयनीय अवस्थामा रहेको छ । योजना बैङ्कले गाउँपालिकाको वित्तीय अनुशासन कायम गर्न र लगानीका थप अवसर जुटाउन एवम् आयोजना कार्यान्वयनमा कुशलता हासिल गर्न  महत्वप”र्ण योगदान गर्नेछ । कम्तीमा पाँच लाख भन्दा माथिका योजनाको लागि डिपिआर तयारमार्फत कार्यान्वयन गरिने परिपाटीको थालनी गरिने छ । सङ्घीय, प्रदेश, विकास साझेदार निकायहरू र स्थानीय उपभोक्ताले योजना बैङ्कमा भएका आयोजनालाई कार्यान्वयनमा लैजादाँ पारदर्शिता र समानुपातिक हुने विश्वास लिएका छौँ । सहकारी तथा वैदेशिक लगानी आकर्षित गर्न आयोजना बैङ्क बनाउने कार्यलाई उच्च प्राथमिकतामा राखी निरन्तर कार्य गर्नु पर्ने आवश्यकता छ ।

### २. समस्या
आयोजनाको पहिचान, छनोट, मूल्याङ्कन जस्ता पूर्वतयारीका प्रक्रिया बिना कार्यान्वयन गर्ने प्रचलन रहनु, आवश्यकता, लागत र लाभ विश्लेषण गरी आयोजनाहरूको बैङ्क बनाउने परिपाटी विकास हुनु पर्नेमा राजनीतिक र प्रशासनिक पहुँच हाबी हुनु, संस्थागत संरचना र प्रयाप्त जनशक्ति नहुँदा आयोजना बैङ्क बनाउने कार्यहरू अगाडि बढ्न नसक्नु, अध्ययन र अनुसन्धानको आधारमा आयोजनाहरूको लागत र मुनाफाबारे स्पष्ट हुन नसक्दा अन्तरिक लगानी व्यवस्थापन र लगानी आकर्षित गर्नमा कठिनाई हुन यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

### ३. चुनोती तथा अवसर
### ३.१ चुनौती
आन्तरिक र बाह्य स्रोत-साधनको परिचालन, आयोजना बैङ्कको सिद्धान्त र मान्यतालाई अनुसरण तथा कार्यान्वयन गर्ने, गराउने कार्य चुनौतीपूर्ण छ । आयोजना बैङ्क बनाउनको लागि संस्थागत संरचना निर्माण गर्नु, वडा तहमा आयोजनाहरूको छनौट प्रक्रिया वैज्ञानिक बनाउनु, लागत र मुनाफा हेरी सरकारी आयोजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको विकास गर्न, गाउँपालिका स्रोतले मात्र विकास गर्न नसकिनु र गाउँपालिका गौरवका आयोजनाहरूको विकासको लागि निजी क्षेत्र तथा वैदेशिक लगानीकर्ता आकर्षित गर्न सहयोगी हुने गरी आयोजना बैङ्क बनाउनु चुनौतीका रूपमा रहेको छ ।

### ३.२ अवसर

गाउँपालिकाले आयोजना बैङ्क बनाउने कार्यलाई प्राथमिकतामा राख्नु, आयोजना बैङ्क बनाएर मात्र बजेट विनियोजन गर्नु, योजना तर्जुमालाई भरपर्दो बनाउन आयोजनाको सूची तयार गर्ने अभ्यासहरूको प्रारम्भ हुनु र सम्भाव्यता अध्ययनका आधारमा स्थानीय स्तरको आयोजना बैङ्क बनाउने अभ्यास प्रारम्भ गर्नु यस क्षेत्रकाअवसरका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ दीर्घकालीन सोंच

सन्तुलित, पारदर्शिता र गुणस्तरीयता अभिवृद्धि गरी दिगो विकास ।

### ४.२ लक्ष्य

योजना कार्यान्वयनका लागि विवादहित वनाउनु र विकास साझेदारहरूलाई प्रभावकारी परिचालन गर्ने

### ४.३ उद्देश्य

- स्थानीय आवश्यकतामा आधारित योजना विवाद रहित, पहिचान, छनौट तथा
- मूल्याङ्कन प्रक्रिया तथा प्राथमिकीकरण गर्ने प्रणालीको विकास र कार्यान्वयन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • आयोजना पहिचान, मूल्याङ्कन, छनौट र प्राथमिकीकरण गरी गाउँपालिकामा योजना बैङ्कको स्थापना गर्ने । | • आयोजना बैङ्कमा भएका योजनाहरूको प्राथमिकीकरण गर्नका लागि आवश्यक कानुन, कार्यविधि तथा संस्थागत संरचना तयार गरिने छ<br>• सबै प्रकारले मापदण्ड पूरा भएका, सम्भाव्यता अध्ययन, विवादरहित र डिपिआर तयार भएका योजनालाई मात्र कार्यान्वयन गरिने छ ।<br>• गाउँपालिका स्तरमा आयोजना बैङ्क तयार गर्न आवश्यक समन्वय, क्षमता अभिवृद्धि र सहजीकरण गरिने छ ।<br>• आवधिक योजनामा भएका योजनाहरूका आधारमा मध्यकालीन खर्च संरचनामा समावेश गरिने छ ।<br>• योजना बैङ्कमा समावेश भएका आयोजनालाई सङ्घ, प्रदेश सरकार र विकास साझेदार निकायहरूको लगानी र सहायता परिचालन गरिने छ । |

## ५. अपेक्षित उपलब्धि

गाउँपालिका योजना बैङ्क स्थापना भई पूर्णरूपमा सञ्चालन भएको हुने छ । वित्तीय स्रोतको पहिचान गरी प्रभावकारी ढङ्गबाट परिचालन भएको हुने छ । गाउँपालिकाको वार्षिक नीति तथा योजनामा आयोजना बैङ्कका योजनाहरू समावेश भएको हुने छ । समपूरक र विशेष अनुदानकाद आयोजनाले गाउँपालिका विकासमा सफलता मिलेको हुने छ ।

# परिच्छेद एघार
# विषयगत क्षेत्रको तर्कबद्ध ढाँचा

समग्र विकासका लागि आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत तथा सुशासन विकासका बारेमा विस्तृत अध्ययन गरी योजना तर्जुमा हुन जरूरी छ । अध्ययनको आधारमा उक्त स्थानको वर्तमान अवस्थाको जानकारी प्राप्त हुन्छ भने चुनौतीहरू रहेका छन् ? भन्ने कुराको पनि निर्क्यौल गर्न सकिन्छ । गाउँपालिकाले विकासको लागि कस्तो लक्ष्य निर्धारण गरेको छ ? उक्त लक्ष्यको उद्देश्य कसरी र कहिले प्राप्त गर्न सकिन्छ ? नतिजाहरू कस्ता हुने छन् ? र उक्त नतिजा प्राप्त गर्नको लागि कस्ता-कस्ता आयोजना सञ्चालन र कार्यान्वयन गर्नु पर्छ ? आयोजनाबाट को-को लाभान्वित हुन्छन् ? आयोजना सञ्चालनमा कस्ता प्रकारका चुनौतीहरू आउन सक्छन् ? समस्याहरू के-के हुन्छन् ? आयोजना कुन निकाय र संस्थाले कसरी कार्यान्वयन गर्ने ? भन्ने प्रष्ट ढाँचा प्रदान गर्दछ ।

## ११.१ आर्थिक विकास क्षेत्रको तर्कबद्ध ढाँचा

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणीकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| **१) कृषि विकास** | | | |
| ● ६ र ८ नं. वडामाा सुन्तला र कागतीका बिरूवा रोपण अभियान व्यावसायिकरूपमा परिणत भएको हुने छ<br>● एक वडा एक हाट बजार अभियान साकार भएको हुने छ ।<br>● आवधिक योजनाको अन्तिमसम्म तरकारी र फलफूल (सुन्तला र कागती) उत्पादनमा आत्मनिर्भर भएका हुने छ ।<br>● स्थानीय प्रजातिका बालीनालीको संरक्षण तथा उत्पादन भई स्थानीय पहिचान कायम भएको हुने छ । | ● करिब १ हजार ८ सय जनाले कृषि व्यवसाय सञ्चालन गरी स्वरोजगार हुने छन् ।<br>● प्रत्येक वडामाा कृषि बाली बिमा गर्ने कृषकहरू २५ प्रतिशत पुग्नेछन् ।<br>● एक वडा एक हाट बजार स्थापना भई हालका प्रमुख बजार केन्द्रहरू कृषि उत्पादन सङ्कलन केन्द्रको रूपमा विकास हुने छन्<br>● ६ र ८ नं. वडामाा वार्षिक एक घर १ सय ओटा ( सुन्तला र कागति) का बिरूवा रोपण हुने छन् ।<br>● ४ ओटा कोल्डस्टोर | ● गाउँपालिका स्थित विषयगत शाखामा उपलब्ध तथ्याङ्कहरू ।<br>● स्थलगत अवलोकन ।<br>● कृषि ज्ञान केन्द्रको अभिलेख ।<br>● सङ्घ तथा प्रदेश सरकार मन्त्रालय, निर्देशनालय, महाशाखाबाट प्राप्त प्रतिवेदन ।<br>● गाउँपालिका बासीको जीवनस्तरमा आएको परिवर्तन ।<br>● सञ्चार माध्यम ।<br>● विकास साझेदार निकाय ।<br>● शोधपत्र ।<br>● अध्ययन तथा | ● मौसम अनुकुल भएमा<br>● सिँचाइको पर्याप्त व्यवस्थापन भएमा ।<br>● आवधिक योजनाले तय गरेका नीति सफल कार्यान्वयन भएमा ।<br>● आवधिक योजनाले प्रक्षेपण गरेअनुसार पर्याप्त बजेट उपलब्ध भएमा ।<br>● सिँचाइ र कृषि सडकलगायत आवश्यक पूर्वाधार विकास भएमा ।<br>● राजनैतिक स्थिरता भएमा ।<br>● रोगकिरा नियन्त्रण भएमा । |

| | | | |
|---|---|---|---|
| ● कृषि बाली बिमा कार्यक्रम प्रभावकारी रूपमा लागु भएको हुने छ ।<br>● कृषि उत्पादन र उत्पादकत्व साथै खाद्य सुरक्षामा सुधार भएको हुने छ ।<br>● तरकारीका बिउ र फलफूलका वेर्ना (सुन्तला र कागती) व्यावसायिक रूपमा उत्पादन भएका हुने छन् ।<br>● कृषि क्षेत्रबाट रोजगारी सिर्जना भएको हुने छ । | सञ्चालन हुने छन् | अनुसन्धान । | |
| **२) पशुपंक्षी विकास** | | | |
| ● बाखापालन कार्यक्रम मिसन आयोजनाका रूपमा सञ्चालन भएको हुने छ ।<br>● डाले र भुइँ घाँस लगाउने क्षेत्रफल र उत्पादनमा वृद्धि भएको हुने छ ।<br>● ६ नं. वडामाा भेडा पालन व्यावसायिक रूपमा सञ्चालनमा आएको हुने छ ।<br>● पशुपंक्षीमा कृत्रिम गर्भाधान र खोप सेवा अभियानको रूपमा सञ्चालन भएको हुने छ ।<br>● सबै वडामाा बाखा र अन्य पशुपंक्षी सङ्कलन केन्द्र लगायत मासिक बाखा तथा अन्य | ● ४५ सय जना पशुपंक्षी (बाखापालन) बाट प्रत्यक्ष स्वरोजगार हुने छन् ।<br>● करिब वार्षिक ३५ हजार पशुपंक्षीमा खोप सेवा, ३० हजार पशुपंक्षीमा पशु चिकित्सक सेवा र करिब ५ सय ओटा पशुहरूमा कृत्रिम गर्भाधान हुने छ ।<br>● ८ ओटा वडामाा स्वच्छता प्राप्त गरेका करिब २४ ओटा मासु पसल सञ्चालन हुने छन् ।<br>● डाले र भुई घाँस करिब १ हजार हेक्टरमा लगाउनुका साथै, उत्पादनमा वृद्धि हुने छ । | ● गाउँपालिका स्थित विषयगत शाखामा उपलब्ध तथ्याङ्क ।<br>● स्थलगत अवलोकन<br>● भेटेरीनरी अस्पताल तथ पशुसेवा विज्ञ केन्द्रको अभिलेख ।<br>● सङ्घ तथा प्रदेश सरकार मन्त्रालय, निर्देशनालय, महाशाखाबाट प्राप्त प्रतिवेदन ।<br>● गाउँपालिका बासीको जीवनस्तरमा आएको परिवर्तन । | ● दुध, मासु र अण्डा उत्पादन गर्ने पशुपंक्षीमा रोगको अस्वाभाविक प्रकोप नदेखिएमा ।<br>● गाउँपालिकाले पशुपंक्षी विकासमा पर्याप्त बजेट विनियोजन गरेमा ।<br>● पशुबधशाला स्थापना भई स्वस्थ मासुसम्बन्धी जनचेतनामा वृद्धि भएमा ।<br>● बाखा मिसन आयोजनामा सबै सरोकारवाला पक्षको व्यापक सहभागिता र समर्थन भएमा । |

| | | | |
|---|---|---|---|
| पशुपंक्षी हाटबजारको पूर्वाधार निर्माण भई सञ्चालनमा आएको हुने छ ।<br>● पशुपंक्षी व्यवसायबाट रोजगारी सिर्जना भएको हुने छ<br>● गाउँपालिका स्तरीय एक ओटा मासुको लागि कोल्डस्टोर निर्माण भई कार्यान्वयनमा आएको हुने छ । | ● ८ ओटा वडामाा साना र १ ओटा गाउँपालिका स्तरीय पशुबधशाला स्थापना हुने छन् ।<br>● बाख्रापालन व्यवसायबाट मासुमा आत्मनिर्भर भई आवधिक योजनाको अन्तसम्ममा वार्षिक ४२ हजार ओटा खसी-बोका निर्यातको सुरुवात हुने छ । | | |
| **३) खाद्य सुरक्षा तथा पोषण** | | | |
| ● गाउँपालिका स्तरीय खाद्य भण्डारण स्थापना भएको हुनेछ ।<br>● समुदायले पोषण युक्त खाद्यान्न उत्पादन गरेका हुने छन् ।<br>● जङ्क फुडलाई निरूत्साहित गरी स्थानीय रैथानेबालीको उत्पादन र उपभेगमा वृद्धि भएको हुने छ । | • खाद्य भण्डारमा खाद्यान्न करिब ५ हजार क्विन्टल जम्मा हुने छ ।<br>• वार्षिक करिब ४ सय ५० घरपरिवारले पोषण युक्त खाद्यान्न र तरकारी उत्पादन साथै, उपयोग गर्नेछन् ।<br>• वि.सं. २०८५सम्ममा जङ्कफूड मुक्त साथै, पोषणमैत्री गाउँपालिका उन्मुख हुने छ । | • गाउँपालिका । | • बाह्य वातावरणीय प्रभाव खाद्यान्न भण्डारमा नपरेमा ।<br>• मौसम प्रतिकुल नभएमा ।<br>• पर्याप्त बजेट विनियोजन भएमा । |
| **४) भूमि व्यवस्थापन** | | | |
| • नक्सा तथा श्रेस्ता डिजिटलाईज भई अनलाईन प्रणालीबाट सरल तथा प्रभावकारी सेवा उपलब्ध | • नागरिकले अनलाईन सेवा प्राप्त गर्नेछन् ।<br>• भू-उपयोग योजना कार्यान्वयन हुने छ । | • नापी कार्यालय ।<br>• मालपोत कार्यालय ।<br>• गाउँपालिका । | • गाउँपालिका सक्रिय भएमा ।<br>• सबै सरोकारवाला सक्रिय सहभागिता र समर्थन |

| | | | |
|---|---|---|---|
| भएको हुने छ ।<br>• भू-उपयोग योजना तयार भएको हुने छ ।<br>• भूमि बैङ्क स्थापना भएको हुने छ । | • भूमि बैङ्कले आफ्नो कार्य अगाडि बढाउने छ । | | भएमा । |
| **५) पर्यटन तथा संस्कृति** | | | |
| • आवधिक योजनाले पर्यटन क्षेत्रलाई दीर्घकालीन सोंचमा प्राथमिकतामा राखिएको हुँदा पर्यटन प्रवर्द्धन भएको हुनेछ ।<br>• पर्यटकीय स्थलका पूर्वाधार निर्माण भएका हुने छन् ।<br>• होमस्टे सञ्चालन, रीतिरिवाज संरक्षण र रैथाने खाद्य पदार्थ उपयोगमा वृद्धि भएको हुने छ । | • करिब ६० ओटा होमस्टे सञ्चालन हुने छन् ।<br>• करिब ८ ओटा पर्यटकीय स्थलहरूको स्तरोन्नति तथा पूर्वाधार निर्माण सम्पन्न हुने छन् ।<br>• पर्यटकहरूको गाउँपालिकामा २ दिन बसाइ र दैनिक २ हजार खर्च हुने छ ।<br>• आन्तरिक र बाह्य गरी वार्षिक करिब १ लाख पर्यटकले गाउँपालिका क्षेत्र भित्र भ्रमण | • गाउँपालिका बाट उपलब्ध पर्यटक अभिलेख तथ्याङ्क ।<br>• स्थलगत अवलोकन ।<br>• सङ्घ तथा प्रदेश सरकार मन्त्रालय, निर्देशनालय, महाशाखाबाट प्राप्त प्रतिवेदन । | • होमस्टे सञ्चालनमा स्थानीय समुदाय सहभागिता भएमा ।<br>• पर्यटकीय स्थलहरूको दिगो पूर्वाधार विकास भएमा ।<br>• पर्यटकको आवगमन र बसाइँ भएमा । |
| **६) सहकारी तथा वित्तीय संस्था** | | | |
| • एक व्यक्ति एक बैङ्क खाता अभियानका रूपमा थालनी भएको हुने छ ।<br>• सबै सेवा ग्राही र उपभोक्ता समितिको भुक्तानी बैकिङ्ग प्रणालीमार्फत भएको हुने छ ।<br>• एक वडा एक बचत सहकारीमार्फत व्यक्ति-व्यक्तिमा बचत अभियान साकार भएको हुने छ ।<br>• कृषि र पशुपंक्षीमा सहकारीमार्फत सामूहिक फर्म सञ्चालन भएका | • ५ वर्षको अवधिमा सत प्रतिशत व्यक्तिको बैङ्क खाता हुने छ ।<br>• सहकारीमा सत प्रतिशत सदस्यहरू प्रत्यक्ष बचत सङ्कलन र परिचालनमा सहभागि हुने छन् ।<br>• ओटा वडामाा ८ ओटा कृषि र ८ ओटा बचत तथा ऋण सहकारी संस्था कायम हुने छन् ।<br>• ८ओटा साझा | • गाउँपालिका ।<br>• बैङ्क ।<br>• सहकारी संस्थाको प्रतिवेदन । | • वित्त संस्थाहरूले शाखा विस्तार गरेमा<br>• गाउँपालिका सहकारी शाखा सक्रिय भई सबै पक्षको सहमत भएमा। |

| | | | |
|---|---|---|---|
| हुनेछन् । | बाखा फर्म कृषि सहकारीमार्फत सामूहिक रूपमा कार्यान्वयन हुने छ । | | |
| **७) उद्योग, वाणिज्य, आपूर्ति, खानी तथा खनिज सम्पदा** | | | |
| • घरेलु तथा साना उद्योगहरूको स्थापना भई बजार सम्बन्धको विस्तार भएको हुने छ ।<br>• एक घर एक व्यावसायिक फार्म दर्ता अभियान सञ्चालन भएको हुने छ ।<br>• कृषि र पशुपंक्षी तथा स्थानीय स्रोत र साधनमा आधारित उद्योगहरूको विकास भएको हुने छ । | • करिब १ सय ८० ओटा लघु उद्यमी व्यवसाय सञ्चालन हुने छन् ।<br>• साना तथा लघु उद्योग क्षेत्रमा करिब १ हजार ८ सय जनाले रोजगारीको अवसर प्राप्त गर्ने छन् ।<br>• ५ वर्षमा कृषि, पशुपंक्षी उद्यमशीलता र अन्य गरी व्यावसायिक फार्म करिब ५ हजार दर्ता हुने छन् । | • गाउँपालिकाबाट उपलब्ध तथ्याङ्क ।<br>• स्थलगत अवलोकन ।<br>• सङ्घ तथा प्रदेश सरकार मन्त्रालय, निर्देशनालय, महाशाखाबाट प्राप्त प्रतिवेदन । | • कानुन समयमै स्वीकृत भएमा ।<br>• स्थानीय तहमा शान्ति, सुरक्षा साथै लगानी मैत्री वातावरण सिर्जना भएमा । |

## ११.२ सामाजिक विकास क्षेत्रको तर्कबद्ध ढाँचा

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणीकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| **१) शिक्षा** | | | |
| • प्रारम्भिक बाल विकास, आधारभूत र माध्यमिक तहमा गुणस्तरीय र बालमैत्री शिक्षा सुरुवात भएको हुने छ ।<br>• सबै विद्यालयमा शुद्ध खानेपानी तथा सरसफाइ सुविधा सहित स्मार्ट शौचालय निर्माण भएका हुने छन् ।<br>• सबै विद्यालयमा इन्टरनेट सुविधा पुगेको हुने छ ।<br>• अङ्ग्रेजी माध्यमबाट अध्ययन अध्यापनले निरन्तरता पाएको हुने छ ।<br>• आधारभूत तहदेखि स्नातक तहसम्मको शिक्षा गाउँपालिकाभित्रै उपलब्ध भएको हुने छ ।<br>• प्राविधिक शिक्षाअध्ययन गरेका जनशक्ति उत्पादन भएका हुने छन् । | • कक्षा एकमा बाल विकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाको दर ९८ प्रतिशत हुने छ<br>• प्रारम्भिक बालविकासमा खुद भर्ना दर शत प्रतिशत हुने छ ।<br>• आधारभूत र माध्यमिक तहसम्मको टिकाउदर ९८ प्रतिशत हुने छ ।<br>• वार्षिक २ सय जनाले उच्च शिक्षा अध्ययन गर्नेछन् ।<br>• २७ ओटा विद्यालयमा पूर्ण रूपमा अङ्ग्रेजी माध्यमबाट अध्ययन हुने छ ।<br>• सिभिल र कम्प्युटर क्षेत्रमा अध्ययन गरेका करिब ८० जना जनशक्ति वार्षिक रूपमा तयार हुने छन् ।<br>• ८ ओटै वडामाा एक-एक ओटा नमुना विद्यालय हुने छन् । | • शिक्षा विकास तथा समन्वय एकाइका शैक्षिक तथ्याङ्क<br>• गाउँपालिका शिक्षा शाखा । | • नियमित तथ्याङ्क उपलब्ध भएमा ।<br>• अभिभावकको चेतना अभिवृद्धि र निरन्तर सहयोग भएमा ।<br>• विकासका साझेदारहरूको सहयोग निरन्तर रहेमा । |

| **२) स्वास्थ्य तथा पोषण** | | | |
|---|---|---|---|
| • शिशु, बाल तथा सुरक्षित मातृत्व स्वास्थ्य सेवामा पहुँच वृद्धि भएको हुने छ ।<br>• स्वास्थ्य संस्थामा औषधि, औजार तथा उपकरण व्यवस्था भएको हुने छ ।<br>• पोषणसम्बन्धीकार्यक्रम अभियानको रूपमा सञ्चालन भएको हुने छ ।<br>• महामारीजन्य रोगको उपचार साथै आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गरेका हुने छन् ।<br>• गाउँपालिकामा १० शैयाको सुविधा सम्पन्न आधारभूत अस्पताल निर्माण सम्पन्न र सेवा सञ्चालनमा आएको हुने छ ।<br>• आकस्मिक स्वास्थ्य कोषको स्थापना भएको हुने छ ।<br>• स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको हुने छ ।<br>• आयुर्वेद सेवामा स्थानीयको चेतनास्तर वृद्धि भएको हुने छ ।<br>• ३ ओटा आधारभूत स्वास्थ्य केन्द्र स्तरोन्नति भई स्वास्थ्य चौकी भएका हुने छन् । | • एक वडा एक एम्बुलेन्स सेवा सञ्चालन हुने छ ।<br>• परिवार नियोजनको आधुनिक साधन प्रयोग दर ९८ प्रतिशत हुने छ ।<br>• स्वास्थ्य संस्थामा प्रसूति हुने सङ्ख्या शत प्रतिशत हुने छ ।<br>• चार पटकसम्म गर्भवती जाँच गर्ने महिला शत प्रतिशत र उत्तर प्रसूति जाँच गर्ने ८० प्रतिशत हुने छन् ।<br>• भिटामिन ए, आइरन र पोषण प्राप्त गर्ने गर्भवती महिला शत प्रतिशत हुने छन् ।<br>• सबै प्रकारका खोप सेवा प्राप्त गरेको बालबालिका शत प्रतिशत हुने छ ।<br>• २ ओटा आयुर्वेद औषधालय स्थापना भई सेवा सुचारू हुने छ ।<br>• २, ७ र ८ का आधारभूत स्वास्थ्य केन्द्रलाई स्वास्थ्य चौकीमा स्तरोन्नति भई सेवा प्रवाह हुने छ । | • गाउँपालिका स्वास्थ्य शाखा ।<br>• स्वास्थ्य कार्यालयको प्रतिवेदन तथा अभिलेख ।<br>• गैससका प्रतिवेदन । | • विकास साझेदार निकायहरूको सहयोग रहेमा ।<br>• बजेटको सुनिश्चितता रहेमा ।<br>• नियमित तथ्याङ्क उपलब्ध भएमा ।<br>• नियमित निःशुल्क औषधि प्राप्त भइरहेमा<br>• स्थानीय जडीबुटीको प्रशोधन र प्रयोग भएमा । |

| | | | |
|---|---|---|---|
| **३) लैङ्गिक समानता तथा महिला सशक्तीकरण** | | | |
| • गाउँपालिकाको हरेक संयन्त्रमा महिला प्रतिनिधित्व न्यूनतम ५० प्रतिशत पुगेको हुनेछ<br>• सबै प्रकारका विभेद र शोषणमा प्रभावकारी रूपमा न्यूनीकरण भएको हुने छ । | • लैङ्गिक हिंसा निवारण गरी शून्यमा झारिनेछ ।<br>• लैङ्गिक उत्तरदायी बजेट विनियोजन १० प्रतिशत हुने छ । | • गाउँपालिका, महिला तथा बालबालिका शाखा । | • बजेटको सुनिश्चितता भएमा ।<br>• विकासका साझेदारहरूको सहयोग र समन्वय भएमा । |
| **४) बालबालिका तथा किसोरकिशोरी** | | | |
| • बाल अधिकार संरक्षण तथा सम्बर्द्धनसम्बन्धी नीति, नियम, कार्यविधि, रणनीति योजना र कार्यक्रम तयार भई कार्यान्वयन भएकाहुने छ ।<br>• बालबालिका विरूद्ध हुने सबै प्रकारका शारीरिक र मानसिक शोषण, हिंसा, द्वन्द्व र दुर्व्यवहार पुर्णरूपमा न्यूनीकरण भएको हुने छ ।<br>• बालबालिकाको विकासका लागि गाउँपालिकामा बालमन्दिरको स्थापना भई सञ्चालन भएको हुने छ । | • वि.सं. २०८५सम्ममा बालमैत्री गाउँपालिका घोषणा हुने छ ।<br>• वि.सं. २०८५ सम्ममा बालविवाह मुक्त गाउँपालिका हुने छ<br>• पोषणमैत्री गाउँपालिका घोषणा भई कार्यान्वयन हुने छ<br>• बालमन्दिरमा बालबालिकाले अध्ययन गर्नेछन् । | • गाउँपालिका, महिला तथा बालबालिका शाखा ।<br>• विकास साझेदार निकायहरूकाप्रतिवेदन । | • बालबालिकाको क्षेत्रमा प्र्याप्त लगानी भएमा ।<br>• अर्थपूर्ण बालसहभागिता भएमा । |

| | | | |
|---|---|---|---|
| **५) युवा विकास** | | | |
| • युवाहरूको क्षमता अभिवृद्धि भई स्वरोजगार र उद्यमशीलता भएका हुने छन् ।<br>• विदेशिने युवाको सङ्ख्यामा उल्लेखनीय रूपमा कमी आएको हुने छ । | • करिब ९ सय ५ जना युवा व्यावसायिक उद्यमशीलता हुने छन् ।<br>• युवा सिप तथा नेतृत्व विकास तालिम करिब ९ सय जनाले प्राप्त गर्ने छन् । | • गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा । | • तालिम प्रदायक सङ्घ–संस्थाहरू को उपलब्धता भएमा ।<br>• गाउँपालिकामा रोजगारीका अवसर सिर्जना भएमा । |
| **६) खेलकुद विकास** | | | |
| • खेलकुद विकास १ ओटा कर्भडहल निर्माण भएको हुने छ ।<br>• सबै वडामाा खेलकुद मैदान निर्माण भएको हुनेछ<br>• खेलकुद प्रतियोगिता सञ्चालन साथै सहभागिता वृद्धि भएको हुने छ । | • कर्भडहल निर्माण भई खेलकुद कार्यान्वयनको अवस्था हुने छ ।<br>• ८ ओटा खेलकुद मैदान निर्माण भई खेल सञ्चालन हुनछन्<br>• अध्यक्षकप खेलकुद प्रतियोगिता वार्षिक रूपमा सम्पन्न हुने छ । | • गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा ।<br>• जिल्ला खेलकुद विकास समितिकाप्रतिवेदन तथा अभिलेख । | • १ ओटा कर्भडहल निर्माण भएमा<br>• सबै वडामाा खेलकुद मैदान निर्माण भएमा ।<br>• खेलकुदप्रतियोगिताको सञ्चालन साथै, सहभागिता वृद्धि भएमा ।<br>• पर्याप्त बजेट उपलब्ध भएमा । |
| **७) ज्येष्ठ नागरिक** | | | |
| • ज्येष्ठ नागरिकमा सुरक्षित एवम् सम्मानित भएको अनुभूती भएको हुने छ ।<br>• ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवको सामाजिक विकास र पूर्वाधार निर्माणमा प्रयोग भएको हुने छ ।<br>• ज्येष्ठ नागरिक समाज गठन भएको हुने छ । | • ज्येष्ठ नागरिक व्यक्तिहरूको तथ्याङ्क अध्यावधिक भई प्रतिवेदन प्रकाशन हुने छ ।<br>• ज्येष्ठ नागरिक माथि हुने हिंसा तथा दुर्व्यवहार शून्यमा झर्नेछ ।<br>• ९८ओटा ज्येष्ठ नागरिक समाज र १ ओटा गाउँपालिका स्तरीय गठन भई कार्यान्वयन हुने छ | • गाउँपालिका, महिला तथा बालबालिका शाखा । | • लक्षित वर्गको कार्यक्रममा बजेट विनियोजन भएमा ।<br>• नियमित तथ्याङ्क उपलब्ध भएमा । |

| ट) फरक क्षमता भएका (अपाङ्गता व्यक्ति) | | | |
|---|---|---|---|
| • अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सहयोगी सामग्रीहरू तथ्याङ्कको आधारमा वितरण भएको हुने छ ।<br>• दलित, आदिवासी, जनजाति र सीमान्तीकृत वर्गको भाषा तथा संस्कृतिको संरक्षण एवम् सम्वर्द्धनमा सहभागिता र पहुँचमा वृद्धि भएको हुने छ<br>• संविधान अनुसार समावेशी बजेट विनियोजन भएको हुने छ । | • अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क अध्यावधिक भई प्रतिवेदन प्रकाशन हुने छ । विभेद तथा छुवाछुतका घटना शून्यमा झर्नेछन् ।<br>• गाउँपालिकामा बजेट समावेशी सिद्धान्त अनुसार कार्यान्वयन हुने छ । | • गाउँपालिका, महिला तथा बालबालिका शाखा<br>• गाउँपालिका, महिला तथा बालबालिका शाखा ।<br>• सङ्घ- संस्थाहरू । | • लक्षित वर्गको कार्यक्रममा बजेट विनियोजन भएमा ।<br>• नियमित तथ्याङ्क उपलब्ध भएमा ।<br>• लक्षित वर्गका कार्यक्रमका लागि बजेट विनियोजन भई सञ्चालन भएमा । |

## ११.३ भौतिक पूर्वाधार विकास क्षेत्रको तर्कबद्ध ढाँचा

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणीकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| **१) सडक, यातायात तथा पूर्वाधार** | | | |
| ● सडक सुविधामा विस्तार भई सडकको स्तर वृद्धि भएको हुने छ ।<br>● झोलुङ्गे तथा पक्की पुल निर्माण भएका हुने छन् ।<br>● सडक यातायात गुरुयोजना तयार भएको हुने छ ।<br>● सभाहल निर्माण भइकार्यान्वयनमा आएको हुने छ ।<br>● एकीकृत वस्ती विकासको सम्भाव्यता अध्ययन भएको हुने छ ।<br>● पाँच वर्षमा सबै वडा केन्द्र जोड्ने सडक कालोपत्रे भएको हुने छ ।<br>● गाउँपालिका खरका छानामुक्त भएको हुने छ | ● सबै वडा केन्द्र जोड्ने सडक कालोपत्रे भई सञ्चालन हुने छ<br>● सडक यातायात गुरुयोजनाले तय गरेका सडकहरू सम्पन्न हुने छन् ।<br>● करिब ५ ओटा झोलुङ्गे र १० ओटा पक्की पुल निर्माण हुने छन् ।<br>● १ ओटा बसपार्क निर्माणभई सञ्चालन हुने छ<br>● प्रकोप जोखिममा रहेका कम्तिमा ९ ओटा बस्तीलाई व्यवस्थित गरिने छ ।<br>● पाँच वर्षमा करिब १ सय कि.मि सडक कालोपत्रे हुने छ । | ● गाउँपालिका कार्यालय ।<br>● सडक कार्यालयको अभिलेख ।<br>● स्थलगत अवलोकन ।<br>● प्राविधिक शाखाको प्रतिवेदन । | ● बजेट व्यवस्था अपेक्षाकृत भएमा ।<br>● निजी क्षेत्रको सहभागिता निरन्तर रहेमा ।<br>● दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता भएमा ।<br>● कार्यविधि तथा मोडालिटी स्वीकृति समयमै भएमा<br>● भवन निर्माणका लागि पर्याप्त रउपयुक्त जग्गा उपलब्ध भएमा । |

| | | | |
|---|---|---|---|
| **२) खानेपानी तथा सरसफाइ** | | | |
| ● एक घर एक धारा अभियानका रूपमा सञ्चालन भएको हुने छ ।<br>● खानेपानीका स्रोतहरूको प्रोफाइल र डि.पि.आर तयार भएको हुने छ ।<br>● गाउँपालिका पूर्ण सरसफाइ उन्मुख घोषणाभएको हुने छ । | ● खानेपानीका स्रोतहरूको प्रोफाइल तयार भई शत प्रतिशत स्रोतहरूको संरक्षण हुने छ ।<br>● एक घर एक धारा अभियान सम्पन्न भई सबै घरधुरीले सुरक्षित पानी प्रयोग गर्नेछन् ।<br>● ५ वर्षमा कम्तिमा २० ओटा वृहत नयाँ खानेपानी र २० ओटा मर्मतआयोजना सम्पन्न हुने छन् ।<br>● वि.सं. २०८५सम्ममा गाउँपालिका पूर्ण सरसफाइ उन्मुख हुने छ । | ● गाउँपाालिकाको अभिलेख तथा प्रतिवेदन<br>● सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना<br>● खानेपानी तथा सरसफाइ डिभिजन साइट कार्यालय<br>● वास शाखा ।<br>● विकास साझेदार निकायको प्रतिवेदन । | ● पूर्ण सरसफाइ अभियान कार्यक्रम निरन्तर रहेमा ।<br>● भूमिगत मुहान, जग्गा विवाद साथै विवाद रहित भएमा ।<br>● बजेटको सुनिश्चितता भएमा । |
| **३) सिँचाइ** | | | |
| ● ५ वर्षमा कार्यान्वयन गर्ने सिँचाइ आयोजनाहरूको डि.पि.आर तर्जुमा भएको हुने छ<br>● गाउँपालिकामा भएका खोलाको पानीलाई लिफ्ट मार्फत सिँचाइसुविधा पुगेको हुने छ<br>● सिँचाइ उपभोक्ता संस्था गठन तथादर्ता भई कार्यान्वयनमा आएका हुने छन्<br>● गाउँपालिकामा भएका सबै पोखरीहरूको संरक्षण भएका हुने छन् । | ● करिब ५० प्रतिशत खेती योग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध हुने छ ।<br>● बृहत् सिँचाइ आयोजनाहरू करिब ८ ओटा र साना, मझौला ४५ ओटा निर्माण भई सञ्चालन हुने छन्<br>● ४५ ओटा पोखरी सिँचाइका लागि संरक्षित र व्यवस्थित भई करिब ९ हेक्टर क्षेत्रफलमा सिँचाइ हुने छ । | ● गाउँपालिका प्राविधिक शाखा<br>● जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय<br>● सिँचाइ उपभोक्ता समितिको प्रतिवेदन । | ● आवश्यक बजेट र किसानको जनसहभागिता भएमा ।<br>● आयोजनाहरू विवादरहित भएमा ।<br>● सिँचाइ आयोजनाहरूको डिपिआर समयमै तयार भएमा । |

| | | | |
|---|---|---|---|
| **४) विद्युत तथा वैकल्पिक ऊर्जा** | | | |
| • सुधारिएको चुलाजडान शत प्रतिशत घरमा निर्माण भएकोहुने छ<br>• सबैको घरमा विद्युतीकरण भएको हुने छ<br>• सौर्य ऊर्जाको प्रयोगबाट सिँचाइ भएको हुने छ । | • शत प्रतिशतघरमा विद्युत सेवाको पहुँच हुने छ ।<br>• वि.सं. २०८५सम्ममा गाउँपालिका धुवाँरहित बन्ने छ ।<br>• वि.सं. २०८६ सम्ममा काठका पोलमुक्त घोषणा हुने छ । | • गाउँपालिकाकार्यालय<br>• विद्युत प्राधिकरण शाखा कार्यालयको अभिलेख ।<br>• निजी व्यावसायीहरू | • आवश्यकबजेट उपलब्ध भएमा ।<br>• जनसहभागिता र सरोकारवालाहरू सक्रिय भएमा । |
| **५) सञ्चार तथा सूचना** | | | |
| • सञ्चार सेवा प्रयोग कर्ताको सङ्ख्या वृद्धि भएको हुने छ<br>• खस्यौली बजार क्षेत्रमा ल्यान्डलाईन टेलिफोन सेवा पुगेको हुनेछ ।<br>• विद्युतीय सुशासन लागु भई सेवा प्रवाहमा सुधार भएको हुने छ | • इन्टरनेट प्रयोगकर्ता शत प्रतिशत साथै, सार्वजनिक स्थलमा फ्री-वाइफाई हुने छ ।<br>• मोबाइल प्रयोगकर्ता शत प्रतिशत हुने छन् ।<br>• गाउँपालिका लगायत खनदह बजारमा ल्यान्डलाईन टेलिफोन सेवा सञ्चालनमा आइ प्रयोग हुने छ । | • गाउँपालिका कार्यालय ।<br>• दूर सञ्चार शाखा कार्यालयको अभिलेख<br>• सूचना शाख | • निजी क्षेत्रको सहभागिता निरन्तर रहेमा । |

## ११.४ वन, वातावरण र विपद् व्यवस्थापन विकास क्षेत्रको तर्कबद्ध ढाँचा

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणीकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| **१) वन, जडीबुटी र जैविक विविधता** | | | |
| ● वन डढेलो, वन पैदावारको अवैध सङ्कलन तथा ओसारपसार र अतिक्रमण, रोकथाम र नियन्त्रण भएको हुने छ<br>● सामुदायिक वन उपभोक्ता समितिहरू सक्षम र सक्रिय भएका हुने छन् ।<br>● खाली जमिनमा वृक्षारोपण भएको हुने छ । | ● प्रत्येक सामुदायिक वनको खाली क्षेत्रमा कम्तीमा २०प्रतिशत क्षेत्रफलमा फलफूल र जडीबुटीका बिरूवाहरू वृक्षारोपण हुने छ ।<br>● सामुदायिक वन उपभोक्ता समूहले नियमित कार्ययोजना र लेखापरीक्षण अध्यावधिक गर्ने छन् । | ● गाउँपालिका सूचना केन्द्रको अभिलेख ।<br>● डिभिजन/सव डिभिजन वन कार्यालयको वार्षिक प्रतिवेदन । | ● गाउँपालिकाले वन संरक्षण गर्न सक्रियता देखाएमा<br>● वृक्षारोपणमा व्यापक जनसहभागिता, संरक्षण र समर्थन भएमा ।<br>● सबै निकायबिच समन्वय भएमा । |
| **२) जलाधार तथा भू-संरक्षण** | | | |
| ● एकीकृत खोला जलाधार संरक्षण र व्यवस्थापनमार्फत सबै जलाधारहरूको अवस्थामा सुधार भएको हुने छ ।<br>● प्रत्येक जलाधार क्षेत्रमा संरक्षणकार्यक्रमहरू लागु भई नियमित वृक्षारोपण, तार, जाली, बाँध निर्माण, पोखरी निर्माण, क्षयीकरण रोक्ने परम्परागत विधिको प्रयोग र बायोइन्जिनियरिङ जस्ता क्रियाकलापहरू सूचारू भएका हुने छन् ।<br>● सबै खोलाहरूमा तटबन्धनका कार्यक्रम सञ्चालन | ● खोला तथा जलाधार क्षेत्रमा आवश्यकता हेरी वृक्षारोपण तथा तटबन्धन कार्यक्रमहरू लागु भई खेती योग्य जमिन संरक्षण हुने छ ।<br>● खोला कटान क्षेत्रको नक्साङ्कन भईसंरक्षणका कार्यक्रम लागु हुने छ ।<br>● ५ वर्षमा करिब १५ कि. मि. क्षेत्रफलमा तटबन्धन हुने छ । | ● गाउँपालिकामा प्राकृतिक स्रोतसम्बन्धी अभिलेख ।<br>● डिभिजन/सव डिभिजन वन कार्यालयको वार्षिक प्रतिवेदन । | ● आवश्यक बजेटको व्यवस्था भएमा<br>● जनसहभागिता भएमा । |

| | | | |
|---|---|---|---|
| **३) वातावरण तथा फोहोरमैला व्यवस्थापन** | | | |
| • वातावरणीय शिक्षा र सचेतना अभिवृद्धि भएको हुने छ<br>• ठुला विकास आयोजनाहरू कार्यान्वयन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरण प्रभाव मूल्याङ्कन अध्ययन भएको हुने छ ।<br>• प्लास्टिककाप्रयोगलाई रोक्न जनचेतनामूलक अभिवृद्धि भएको हुने छ ।<br>• हाटबजारलगायत अन्य साना बजारहरूमा बजार व्यवस्थापन समिति गठन भई फोहोर व्यवस्थापन भएको हुने छ । | • वार्षिक करिब ५ ओटा विकास आयोजनाको प्रारम्भिक वातावरणीय परक्षण र वातावरण प्रभाव मूल्याङ्कन हुने छन् ।<br>• वार्षिक रूपमा एक घर १ सय बिरूवा रोपण अभियान सफल हुने छ<br>• १ ओटा स्यानिटरी ल्यान्डफिल साइट निर्माण र एक ओटा टयाक्ट्र/टिप्पर व्यवस्थापन हुने छ ।<br>• २४ ओटा साना बजार व्यवस्थापन समिति गठन भई क्रियाशील हुने छन् । | • गाउँपालिका सूचना केन्द्रको प्राकृतिक स्रोतसम्बन्धी अभिलेख ।<br>• स्थलगत अवलोकन । | • आवश्यक बजेटको व्यवस्था भएमा ।<br>• सक्रिय जनसहभागिता भएमा । |
| **४) जलवायु परिवर्तन** | | | |
| • स्थानीय अनुकुलन योजना तयार भएको हुने छ ।<br>• जलवायुसम्बन्धी कार्यक्रम सञ्चालन गरी नमुना पालिका बनाइने छ । | • २७ ओटा सामुदायिक अनुकुलन योजना तयार भई कार्यान्वयन हुने छ ।<br>• सबै मा.वि.मा जलवायु परिवर्तनसम्बन्धी शिक्षा सचेतना हुनेछ । | • गाउँपालिका सूचना केन्द्रको अभिलेख ।<br>• विकास साझेदारको प्रतिवेदन । | • स्थानीय अनुकुलन योजना तयार भई कार्यान्वयन भएमा । |

| ५) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | | | |
| --- | --- | --- | --- |
| • जोखिमपूर्ण बस्ती उपयुक्त स्थानमा स्थानान्तरण भएको हुने छ ।<br>• सबै वडाहरूको प्रकोप नक्सा तयार भएको हुने छ ।<br>• गाउँपालिकमा दमकल लगायत अन्य उद्धार सामग्रीहरूकाप्रबन्ध भैसकेको हुने छ ।<br>• विपद् जोखिम न्यूनीकरणका लागि कोष निर्माण भएको हुने छ । | • एकीकृत बस्ती विकासका लागि सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार हुने छ<br>• गाउँपालिकाको प्राकृतिक स्रोत नक्साङ्कन तयार भई कार्यान्वयन हुने छ ।<br>• ५ वर्षमा एक ओटा दमकल खरिद भई सञ्चालन हुने छ ।<br>• विपद् जोखिमन्यूनीकरण कोषमावार्षिक रू. १० लाख जम्मा हुने छ । | • गाउँपालिका सूचना केन्द्रको अभिलेख ।<br>• स्थानीय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन समितिको प्रतिवेदन । | • विपद् व्यवस्थापन योजना तयार गरी लागु भएमा ।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोषमा वार्षिक रूपमा रकम जम्मा भएमा । |

## ११.५ संस्थागत तथा सुशासन विकास क्षेत्रको तर्कबद्ध ढाँचा

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणीकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| **१) प्रशासकीय सुशासन** | | | |
| • गाउँपालिका सञ्चालनार्थ आवश्यक ऐन, नियम र कार्यविधि तर्जुमा भई कार्यान्वयन भएका हुने छन् ।<br>• कर्मचारीहरूको क्षमता अभिवृद्धि भई सेवाप्रवाह प्रभावकारी भएको हुने छ ।<br>• हेलो गाउँपालिकाको सुरुवात भएको हुने छ । | • कर्मचारीहरूले कार्ययोजना अनुसार परिमाणमुखी र उत्तरदायी भई सेवा प्रवाह हुने छ ।<br>• वार्षिक रूपमा १ जना कर्मचारी र जनप्रतिनिधिलाई उत्कृष्ट कार्य गरेकोमा पुरस्कृत गरिने छ ।<br>• हेलो गाउँपालिकामा परेका उजुरीको फछ्र्यौट शतप्रतिशत हुने छ । | • गाउँपालिका सूचना केन्द्र संस्थागत विकाससम्बन्धी अभिलेख । | • योजनाबद्ध कार्यान्वयनका लागि गाउँपालिका प्रतिबद्ध भएमा ।<br>• जनप्रतिनिधि र कर्मचारीको आचारसहिंता तयार भई प्रभावकारी कार्यान्वयन भएमा । |
| **२) स्थानीय न्यायिक समिति** | | | |
| • स्थानीय इजलास न्याय सम्पादन र मेलमिलाप कार्यान्वयनमा सक्षम र प्रभावकारी भएको हुने छ ।<br>• मेलमिलाप केन्द्र स्थापना भई सक्रिय भएको हुने छ । | • ८ ओटै वडामाा ४५ जना मेलमिलाप कर्ताहरू तयार हुनेछन् । | • स्थानीय न्यायिक समितिको अभिलेख । | • स्थानीय उजुरीकर्ता न्यायिक समितिमा उजुरी गरेमा ।<br>• मेलमिलापकर्ता सक्रिय भएमा । |
| **३) भ्रष्टाचार नियन्त्रण** | | | |
| • निरोधात्मक र प्रवर्द्धनात्मक उपायका लागि पहल भई कार्यान्वयनमा आएको हुने छ ।<br>• आन्तरिक नियन्त्रण प्रणाली लागु भएको हुने छ ।<br>• विद्यालयमा गुड गभर्नेन्स र एन्टीकरप्सन विषयको वार्षिक प्रशिक्षण भएको हुनेछ । | • आवधिक योजनाको अन्त्यमा भ्रष्टाचार शून्यमा झर्नेछ ।<br>• शून्य सहनसिलताको नीति अवलम्वन भई कार्यान्वयन हुने छ । | • गाउँपालिका<br>• विकास साझेदार निकाय । | • भ्रष्टाचार विरूद्धको अभियानले व्यापकता पाएमा । |

| | | | |
|---|---|---|---|
| **४) सुशासन, पारदर्शिता तथा सूचनाको हक** | | | |
